उच्चस्तरीय भूमि सुधार (बडाल) आयोग २०५१ को

# प्रतिवेदन

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रकाशक
भूमिसुधार तथा व्यवस्था मन्त्रालय
सिंहदरबार, काठमाडौं

प्रकाशन सहयोग
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र**
धापासी, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६/४३५७००५
Email: landrights@csrcnepal.org

प्रकाशन प्रति : ५००

प्रकाशन मिति : पुस, २०७३

डिजाइन
बिक्रम चन्द्र मजुमदार
bmajumdar33@gmail.com

सम्मानीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय,
सिंहदरबार, काठमाण्डौ ।

**विषयः उच्चस्तरीय भूमि सुधार आयोगको प्रतिवेदन पेश गरेको ।**

महोदय,

श्री ५ को सरकारले सामाजिक न्याय र उत्पादन वृद्धिका लागि नेपालको भूमि व्यवस्था र कृषि-विकासका लागि सुझाव प्राप्त गर्ने उद्देश्यले गठन भएको उच्चस्तरीय भूमि सुधार आयोगले तोकिएको समयमा आफ्नो प्रतिवेदन तयार गर्ने काम सम्पन्न गरेको छ ।

प्रस्तुत प्रतिवेदनमा भूमिको हदबन्दी निर्धारण, जमिनमा रहेको दोहोरो नियन्त्रणको अन्त्य गर्ने व्यवस्था, चक्लाबन्दीका उपायहरू, भूमिको उत्पादकत्व वृद्धि गर्ने संस्थागत व्यवस्था र तरिकाहरू तथा कृषि श्रमिकको सामाजिक एवम आर्थिक उन्नतिका लागि गर्नुपर्ने कामहरूका साथै प्रतिवेदन कार्यान्वयन गर्ने प्रक्रियाका बारेमा सुझाव प्रस्तुत गरिएका छन् ।

राष्ट्रको उत्थानको लागि अत्यन्तै महत्वपूर्ण कार्यहरूको जिम्मेवारी यस आयोगलाई विश्वासपुर्वक सुम्पिएकोमा आयोगका हामी सम्पूर्ण सदस्यहरू श्री ५ को सरकारप्रति कृतज्ञतासहित हार्दिक धन्यवाद दिन चाहन्छौ ।

प्रस्तुत सुझावहरू यथाशीघ्र कार्यान्वयन हुनेछन् भन्ने विश्वासका साथ यो प्रतिवेदन श्री ५ को सरकारसमक्ष प्रस्तुत गर्दछु ।

**केशव बडाल**
अध्यक्ष
उच्चस्तरीय भूमि सुधार आयोग, २०५१
२०५२/५/८

## आयोगका सदस्यहरू

| क्र.सं. | नाम |
|---|---|
| १. | श्री धर्मदत्त देवकोटा |
| २. | श्री शत्रुघनप्रसाद उपाध्याय |
| ३. | श्री गंगादेवी कसजू |
| ४. | श्री विश्वमान श्रेष्ठ |
| ५. | श्री घनेन्द्र बस्नेत |
| ६. | डा. दुर्गादत्त ढकाल |
| ७. | डा. शिवप्रसाद शर्मा |

| क्र.सं. | नाम |
|---|---|
| ८. | श्री मोहनबहादुर बम |
| ९. | श्री हेममेहर श्रेष्ठ |
| १०. | डा. कैलाशनाथ प्याकुरेल |
| ११. | श्री वेदव्यास क्षेत्री |
| १२. | डा. भोलानाथ चालिसे |
| १३. | श्री विष्णुप्रसाद खत्री |
| १४. | श्री दानबहादुर शाही |

**माननीय बिक्रम पाण्डे**
मन्त्री
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

नेपाल सरकार

फोनः ०१-४२११७६०
फ्याक्सः ०१-४२११६४५

**निजी सचिवालय**
सिंहदरवार, काठमाडौं।


प.सं. : ०७३/७४
च.नं. : ४८

नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था
मन्त्रीको निजी सचिवालय
सिंहदरवार, काठमाडौं

**मिति** :- २०७३/०८/१०

**विषय :-** मेरो भनाई।

भूमि सर्वसाधारणको घर आँगनदेखि अन्तरार्ष्ट्रिय सीमासम्म समान चासो राखिने विषय हो । राज्यको सीमित स्रोतको रुपमा रहेको भूमिको समुचित उपयोग गरी यसबाट प्राप्त लाभलाई न्यायिक वितरण गर्ने अवस्था सिर्जना गर्न नेपालमा विभिन्न समयमा भूमिसुधार सम्वन्धी आयोगहरु गठन भएको देखिन्छ । ती आयोगहरुले राज्यको ठूलो पूँजी र अथक परिश्रम खर्च गरेर भूमिमा गर्नुपर्ने सुधारको लागि विभिन्न महत्वपूर्ण सिफारिस गरेका छन ।आयोगका ती सिफारिसलाई राज्यको अमूल्य सम्पत्तिको रुपमा जगेर्ना गर्नु भूमिसुधार तथा व्यवस्था मन्त्रालयको दायित्व हो ।

यसै सन्दर्भमा २०५१ पौषमा श्री केशव बडालको अध्यक्षतामा गठन भएको उच्च स्तरीय भूमिसुधार आयोगले बि.सं.२०५२ भाद्रमा पेश गरेको प्रतिवेदनको सान्दर्भिकता आज पनि घटेको छैन । बडाल आयोगको प्रतिवेदनका नामले चर्चित यो प्रतिवेदन २०४६ को परिवर्तन पश्चात गठन भएको भूमिसुधार सम्वन्धी पहिलो आयोगको प्रतिवेदन भएकोले पनि यो आफैमा महत्वपूर्ण छ । राष्ट्रिय पूँजीको रुपमा रहनुपर्ने यस्ता महत्वपूर्ण दस्तावेजलाई संग्रह गर्ने प्रवृति र प्रणाली नभएका कारण विगतका प्रतिवेदनहरु खोजेको समयमा पाउन सक्ने स्थिति छैन । अभावको यस अवस्थालाई सम्वोधन गर्न सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले वडाल आयोगको प्रतिवेदन छपाई गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई उपलव्ध गराएको छ । विगत देखि नै भूमि सम्वन्धी विभिन्न कार्यक्रममा सहकार्यमा रहेको संस्थाको यस सहयोग प्रति धन्यवाद ज्ञापन गर्दछु ।साथै, आयोगको प्रतिवेदनको उपलव्धताबाट हाल महशुस भैरहेको अभाव हटेर जाने विश्वास व्यक्त गर्दछु ।

बिक्रमपाण्डे

**विक्रम पाण्डे**
**मन्त्री**
**भूमिसुधार तथा व्यवस्था**
**मा. विक्रम पाण्डे**
**मन्त्री**

# विषय-सूची


परिच्छेद- १

भूमिका ........ १०

परिच्छेद- २

नेपालको भूमि व्यवस्थासम्बन्धी

ऐतिहासिक पृष्ठभूमि ........ २०

परिच्छेद- ३

भूमिमाथिको दोहोरो नियन्त्रण व्यवस्था ........ ३२

परिच्छेद- ४

गुठी व्यवस्था ........ ६८

परिच्छेद- ५

हदबन्दी व्यवस्था ........ ८८

परिच्छेद- ६

चक्लाबन्दी ........ १०६

परिच्छेद- ७

भू-उपयोग नीति ........ ११४

परिच्छेद- ८

नेपालमा कृषि विकासको समस्या र समाधान ........ १२०

परिच्छेद- ९

कृषि श्रमिक ........ १५८

परिच्छेद- १०

कार्यान्वयन व्यवस्था ........ १७४

अनुसूची ... १९३

# कृतज्ञता-ज्ञापन

देश र जनताको आर्थिक उन्नति र प्रगतिको बाधक विद्यमान भू-स्वामित्व प्रणालीको अन्त्य गरी भूमिको वस्तुपरक सीमा-निर्धारण, जग्गामा रहको द्वैध नियन्त्रण, जमिनको अधिकतम सदूपयोग तथा कृषि उत्पादकत्वमा वृद्धि गराई मुलुकको विकास गर्ने अभिप्रायले श्री ५ को सरकारलाई सुझाव उपलब्ध गराउने उद्देश्यले बनाइएको यस उच्चस्तरीय भूमि सुधार आयोगलाई आफ्नो कार्य सम्पन्न गराउन सहयोग गर्नुहुने विभिन्न व्यक्ति तथा निकायप्रति धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्नु यस आयोगको प्रथम कर्तव्य हुन आउँछ।

आफ्नो पार्टी तथा व्यक्तिका तर्फबाट यस आयोगमा आई सुझाव दिनुहुने भूतपूर्व प्रधानमन्त्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता श्री लोकेन्द्रबहादुर चन्द, नेपाली काङ्ग्रेसका नेता तथा भूतपूर्व भूमि सुधार तथा व्यवस्था मन्त्री जगन्नाथ आचार्य, भूतपूर्व सांसद् तथा नेपाली काङ्ग्रेसका नेता श्री दीपकुमार उपाध्याय, तत्कालीन नेपाल सद्भावना पार्टी तथा वर्तमान समाजवादी दलका नेता तथा भूतपूर्व सांसद्श्री रामेश्वर राय, नेपाल मजदुर किसान पार्टीका अध्यक्ष तथा भूतपूर्व सांसद् श्री नारायणमान बिजुक्छे "रोहित", राष्ट्रिय योजना आयोगका भूतपूर्व उपाध्यक्षहरू डा. मोहनमान सैंजु तथा डा. बद्रीप्रसाद श्रेष्ठ, अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधि चार्लस कोलिन्स, एशियाली विकास बैंकका रोन पियर्सनज्यहरूहरू प्रति उहाँहरूका अमुल्य सुझावहरूका लागि यो आयोग विशेष धन्यवाद दिंदै कृतज्ञता ज्ञापन गर्दछ।

विदेशी राष्ट्रहरूको अनुभव लिने सिलसिलामा भारतको केरला र पश्चिम बंगाल भ्रमणमा गएको यस आयोगको कार्यदललाई त्यहाँ भूमि सुधार लागू गर्नु पूर्व र लागू गरिएपछिका अनुभवहरू उपलब्ध गराउने कार्यमा सहयोग प्रदान गर्नुहुने भारत पश्चिम बंगालका भूमि सुधार मन्त्री श्री विनय जिल्ला मजिष्ट्रेट, जिल्ला परिषद्का पदाधिकारीहरू, किसान प्रतिनिधिहरू डा. रामचन्दन, डा. सत्यवर्त सेन, समिदेव गुप्ता, विनय कोनारलगायत केरलाका भूतपूर्व मुख्यमन्त्री एन. एम. एस. नम्बोदरीपाद, प्रतिपक्षी दलका नेता श्री चन्द्र नायर, पशुविज्ञानसम्बन्धी त्यहाँका भूतपूर्व श्री एफ. एम. श्री सरासन, कृषि प्रविधि तथा अनुसन्धान विशेषज्ञ प्रा. थोमस इसाक, प्रा. थर्कन, डा. प्यारेलाल, प्रा. के.एन. राज, प्रा. गुलाती र मद्रासका डा. एस. एम. स्वामिनाथन र एन. राम आदि महानुभावहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछ। त्यसरी नै भारतको हिसार कृषि विद्यालयका विशेषज्ञहरू, हरियाणा र हिमाञ्चल प्रदेशका राज्य

सरकारहरू तथा उच्चस्तरीय पदाधिकारीहरूलाई आयोगको टोलीलाई प्राप्त आतिथ्य तथा सहयोगका लागि कृतज्ञता ज्ञापन गर्दछ ।

यसैगरी चीन र दक्षिण कोरियाको भ्रमणको सिलसिलामा सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूले सामूहिक खेती प्रणाली, जग्गाको उपयोग अनुसारको वर्गीकरण, भूमि सुधार तथा कृषिको चौतर्फी विकास आदिका सम्बन्धमा आ-आफ्ना अनुभवहरू यस आयोगलाई उपलब्ध गराउनु भएकोमा (विस्तृत विवरण अनुसूची-४, पृष्ठ १९४ मा) यो आयोग उहाँहरूप्रति कृतज्ञता ज्ञापन गर्दछ ।

नेपालको प्रमुख राजनीतिक पार्टीहरू तथा पार्टी प्रतिनिधिहरू, सुकुमबासी समस्या समाधान आयोग तथा श्री ५ को सरकारका विविध मन्त्रालय, विभाग तथा सरकारी र गैरसरकारी संघसंस्थाहरू, जनवर्गीय सङ्गठनका प्रतिनिधिहरू, समाजसेवी संस्थाहरू आदिले यस आयोगको प्रतिवेदन तयार गर्ने कार्यमा महत्वपूर्ण सुझाव तथा सल्लाह दिनु भएको हुँदा उहाँहरूप्रति हार्दिक धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्न चाहन्छौ ।

यसै सन्दर्भमा विभिन्न गोष्ठीहरू आयोजना गरी भूमि सुधारसम्बन्धी विविध विषयमा महत्वपूर्ण सहयोग प्रदान गर्न गोष्ठीका आयोजकहरू(ग्रामीण पुनर्निर्माण संस्था, नेपाल कानुन समाज, इकार्डस तथा इन्सेक तथा कार्यपत्र प्रस्तोताज्यूहरू समसामयिक विविध सवालमा अन्तरक्रिया तथा भेटघाट आदिमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने योजनाविद्, अर्थशास्त्री, कानुन व्यवसायी, पत्रकार लब्धप्रतिष्ठित विभिन्न क्षेत्रका महानुभावहरू, कृषि, वन, अनुसन्धान, प्रविधि विशेषज्ञहरू, शिक्षक, प्राध्यापक तथा स्वतन्त्र बुद्धिजीवीहरू, उद्योगपति, व्यापारी, किसान, मजदूर प्रतिनिधिहरू आदिबाट यस आयोगलाई महत्वपूर्ण सुझाव तथा सहयोग प्राप्त भएको छ। उहाँहरूप्रति पनि हामी सधन्यवाद् कृतज्ञता ज्ञापन गर्दछौ । यस आयोगले नेपाल अधिराज्यका विभिन्न जिल्लामा गोष्ठी, भेटघाट आदिको आयोजना गरी सुझाव सङ्कलन गर्ने कायम गरेको थियो । ती सम्पूर्ण जिल्लाका जनसमुदायमा यो आयोग हार्दिक धन्यवाद् तथा कृतज्ञता ज्ञापन गर्दछ। महत्वपूर्ण सन्दर्भ सामग्री उपलब्ध गराउनु भएकोमा दीर्घकालीन कृषि योजनाका जिम्मेवार व्यक्तित्वहरूका साथै राष्ट्रिय योजना आयोग, बैंङ्किङ्ग संघसंस्थाहरू जसले यस आयोगलाई महत्वपूर्ण सहयोग प्रदान गर्नुभएको छ, उहाँहरूप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छौं ।

यस आयोगलाई आवश्यक सवारी साधन, कम्प्युटर, फोटोकपि मेसिनलगायत अन्य उपकरणहरू, भूमि सुधार सम्बन्धमा प्रकाशित रिपोर्टका प्रतिलिपिहरू, भूमि सुधारसम्बन्धी यसअघि तर्जुमा गरिएका कानुनका प्रतिलिपिहरू उपलब्ध गराउनुको साथै आवश्यक कर्मचारीहरूको व्यवस्था गरी आयोगको काममा सहयोग पुऱ्याइदिएकोमा भूमि सुधार तथा व्यवस्था मन्त्रालय, मालपोत विभाग, भूमि सुधार विभाग तथा नापी विभागलाई पनि धन्यवाद् दिन चाहन्छौं ।

कृषि आयोजना सेवा केन्द्र जसले यस आयोगको कार्यालय सञ्चालनमा महत्वपूर्ण सहयोग पुऱ्याएको छ उक्त संस्थाका प्रमुख तथा सम्बन्धित सबैमा यो आयोग विशेष धन्यवाद् दिन चाहन्छ।

यस आयोगका सम्पूर्ण कर्मचारीहरू (जसको पूर्ण विवरण अनुसूची ट मा सङ्लग्न छ), विशेष गरी आयोगको सुरु अवधिदेखि विशेष परिश्रमकासाथ लगनशील भई आयोगको काममा विशेष योगदान पुऱ्याएकोमा प्रमुख मालपोत अधिकृत श्री नेत्रप्रसाद न्यौपाने, तथा मा.अ. रेवतीप्रसाद ढकाल, ना.सु. श्री गोपालप्रसाद गौतम, ना.सु. श्री ध्रुवप्रसाद बराल, ना.सु. श्री बाबुराम श्रेष्ठ तथा परिचर दशराम चौधरीलाई यो आयोग धन्यवाद दिन चाहन्छ।

यसैगरी आयोगको रिपोर्टको भाषा सम्पादन कार्यमा महत्वपूर्ण सहयोग प्रदान गर्नुहुने सरस्वती क्याम्पसका उपप्राध्यापक श्री लेखनाथ गुरागाईं, कम्प्युटर प्रविधि, डाटा विश्लेषण तथा डिजाइनिङ् आदिका सम्बन्धमा महत्वपूर्ण सहयोग गरी प्रतिवेदन तयार गर्ने कार्यमा सहयोग गर्नुहुने श्री कृष्णप्रसाद सापकोटा तथा कम्प्युटर टाइप गरी सहयोग गर्नुहुने सुश्री उमा बडालप्रति पनि यो आयोग विशेष ध्यान दिन चाहन्छु।

उच्चस्तरीय भूमि सुधार आयोग, २०५१

# परिच्छेद- १

## भूमिका

### १.१ आयोग गठनसम्बन्धी पृष्ठभूमि

भु-स्वामित्वको असमान वितरण, सामन्ती शोषण र उत्पीडन व्याप्त रहेको हुनाले जग्गामा आफ्नै हातले परिश्रम गर्ने नेपाली कृषक वर्गको आर्थिक अवस्था ज्यादै नाजूक छ। देशको कूल जनसङ्ख्याको ४९ प्रतिशत जनता निरपेक्ष गरिबीको रेखामुनी रहेका छन्। नेपालका ८१ प्रतिशत जनता कृषिमा आश्रित छन्। कूल राष्ट्रिय आयमा कृषि क्षेत्रको योगदान करिब ४२ प्रतिशत रहेको छ। कूल क्षेत्रफल मध्ये २५ लाख हेक्टर कृषियोग्य भूमिको रूपमा रहेको छ। राष्ट्रिय कृषिगणना २०४८ अनुसार करिब २७ लाख कृषि परिवारमध्ये ७० प्रतिशत कृषक परिवारको हातमा ३० प्रतिशत मात्र कृषियोग्य भूमि रहेको छ भने १.५ प्रतिशत कृषक परिवारको हातमा १४ प्रतिशत कृषियोग्य भूमि रहेको छ। देशमा विद्यमान सामन्ती भू-स्वामित्व प्रणाली, भूमिको असमान वितरण, जमिनमाथिको दोहोरो नियन्त्रण, सिँचाईको अभाव अवैज्ञानिक कृषिप्रणाली, उत्पादनमा प्रतिकूल असर पर्ने गरी भएको खण्डिकरण, कृषि पैदावरको समुचित बजार र वितरण व्यवस्थाको अभाव आदि कारणले गर्दा उत्पादन कम भई बढ्दो जनसङ्ख्याको आवश्यकतालाई पूर्ति गर्ने खाद्यान्नको अभाव हुनजानाले कुनै बेला खाद्यान्न निर्यात गर्नसक्ने अवस्थामा रहेको हाम्रो देश केही वर्षयतादेखि खाद्यान्न आयात गर्न बाध्य भएको छ।

सामन्ती भूमि-व्यवस्थाको अन्त्य गर्न भूमिदारी अधिकार प्राप्त कानुन-२००८ (मस्यौदा), भूमि जाँच कमिसनको गठन-२००८, जग्गा र जग्गा कमाउनेको लगत खडा गर्ने ऐन-२०१३, भूमिसम्बन्धी ऐन- २०१४, बिर्ता उन्मूलन ऐन-२०१६, कृषिसम्बन्धी (नयाँ व्यवस्था) ऐन-२०१९, जग्गा नापजाँच ऐन- २०१९, भूमिसम्बन्धी ऐन-२०२१, गुठी सङ्स्थान ऐन-२०२१ आदि लागु गरिएपछि भूमि र कृषि व्यवस्थामा रहेका समस्याहरूमा केही सकारात्मक असर देखापरे तापनि ठोस रूपमा त्यसको समाधान हुन सकेको छैन। भूमिसम्बन्धी ऐन, २०२१ लागु भएपछि भूमिको हदबन्दीको सिमा निर्धारण, मोहियानी हकको सुरक्षा, कुत निर्धारण जस्ता विषयमा केही कार्य भएका छन् तापनि समग्र भूमि व्यवस्थापनमा सुधार तथा सामन्ती भ-स्वामित्वको अन्त्य गरी वैज्ञानिक खेती प्रणालीको विकास, जमिनको अधिकतम सदूपयोग,

कृषि उत्पादनमा वृद्धि, कृषि रोजगारीका अवसरमा वृद्धि र कृषि-श्रमिकहरूको आर्थिक उत्थान गरी सामाजिक न्याय प्रदान गर्ने दिशामा खास प्रगति हुने सकेको छैन।

देशका सबैजसो राजनीतिक पार्टीहरूले भूमि व्यवस्थामा सुधार ल्याउन कुनै न कुनै रूपमा आफ्नो प्रतिवद्धता दर्शाएका छन्। सबैजसो राजनीतिक पार्टीहरूका चुनावी घोषणापत्रमा कृषि र भूमि सुधारसम्बन्धी विषयमा आ-आफ्नै किसिमका कार्यक्रमहरूको माध्यमबाट सुधार ल्याइने कुराको उल्लेख गरेका छन्। जुनसुकै राजनीतिक पार्टीको सरकारक स्थापना भएपनि कृषि र भूमि सुधारको क्षेत्रमा महत्वपूर्ण सुधारहरू हुनुपर्छ भन्ने विषयले राष्ट्रिय सहमति प्राप्त गरिसकेको छ।

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ४, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू शीर्षकअन्तर्गत धारा २६ को उपधारा (५) मा "राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाको सिर्जना गर्ने र भूमि सुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ भन्ने उल्लेख छ। मुलुकको आवश्यकता तथा यसै सम्वैधानिक निर्देशन अनुरूप पनि कृषि र भूमि सुधारका सम्बन्धमा नीति तथा कार्यक्रम तर्जुमा गर्न कृषिलाई उद्योगको रूपमा विकास गरी जनताको आर्थिक उन्नातिको बाधकको रूपमा रहिआएको विद्यमान सामन्ती भू-स्वामित्व प्रणालीको अन्त्य गरी सामाजिक न्याय र उत्पादन वृद्धि गराउने उद्देश्य अनुरूप श्री ५ को सरकारबाट यस आयोगको गठन भएको हो।

## १.२ आयोग गठनको उद्देश्य

जमिनको अधिकतम सदूपयोग, रोजगारीको अवसर र कृषि उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याई सामाजिक न्याय प्राप्तिमा सहायक हुने गरी विद्यमान सामन्तवादी र अवैज्ञानिक भूमि प्रणालीको अन्त्य तथा भूमिको वस्तुपरक सिमा निर्धारण र जग्गामा रहेको द्वैध नियन्त्रण प्रथाको समाप्तिका निमित्त अपनाउनुपर्ने नीतिगत तथा अन्य उपायहरूको सुझाव प्रस्तुत गर्नु उच्चयस्तरीय भूमि सुधार आयोगको उद्देश्य रहेको छ।

## १.३ आयोगको गठन

उपर्युक्त उद्देश्य अनुरूप सुझाव प्रस्तुत गर्न श्री ५ को सरकार (मं.प.) को मिति २०५१/९/२६ को निर्णयानुसार यस आयोगमा निम्नलिखित व्यक्तिहरू रहनु भएको छ।

## आयोगको पदाधिकारी तथा सदस्यहरू

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | - | माननीय श्री केशव बडाल |
| २. | सदस्य | - | अ.ने.कि.सं. प्रतिनिधि श्री धर्मदत्त देवकोटा |
| ३. | सदस | - | श्री शत्रुघनप्रसाद उपाध्याय |
| ४. | सदस्य | - | श्री गंगादेवी कसजू |
| ५. | सदस्य | - | श्री विश्वकमान श्रेष्ठ |
| ६. | सदस्य | - | श्री घनेन्द्र बस्नेत |
| ७. | सदस्य | - | डा. दुर्गादत्त ढकाल |
| ८. | सदस्य | - | डा. शिवप्रसाद शर्मा |
| ९. | सदस्य | - | श्री मोहनबहादुर बम |
| १०. | सदस्य | - | डा. कैलाशनाथ प्याकुरेल |
| ११. | सदस्य | - | श्री वेदव्यास क्षेत्री |
| १२. | सदस्य | - | डा. भोलानाथ चालिसे |
| १३. | सदस्य | - | श्री विष्णुप्रसाद खत्री |
| १४. | सदस्य | - | श्री दानबहादुर शाही |
| १५. | सदस्य सचिव | - | श्री हेममेहर श्रेष्ठ (सहसचिव भूमि सुधार तथा व्यवस्था मन्त्रालय) |

## पदेन सदस्यहरू

१. राष्ट्रिय योजना आयोगका कृषि र भूमि सुधार हेर्ने माननीय सदस्य ।

२. कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका सचिव ।

३. उद्योग मन्त्रालयका सचिव ।

४. भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव ।

५. कृषि मन्त्रालयका सचिव ।

## १.४ आयोगको कार्यक्षेत्र

श्री ५ को सरकारले सामाजिक न्याय र उत्पादन- वृद्धिका लागि यस आयोगलाई निर्धारण गरिदिएको कार्यक्षेत्र निम्नानुसार छ -

१. मुलुकको भौगोलिक स्थिति, जनसङ्ख्या र उपलब्ध भूमि एवम् आर्थिक दृष्ट्रिकोणबाट न्यूनतम रूपमा कायम हुनसक्ने भूमिको हदबन्दी निर्धारणसम्बन्धी सुझावहरू प्रस्तुत गर्ने ।

२. जमिनमा रहेको दोहोरो नियन्त्रण प्रणालीलाई अन्त्य गर्ने उपायहरू प्रस्तुत गर्ने ।

३. खण्डिकरणबाट उत्पादनमा परेको प्रतिकूल असर हटाउने उपायहरू प्रस्तुत गर्ने ।

४ भूमिको उत्पादकत्व वृद्धिमा सहायक हुने संस्थाहरूको पहिचान र विकास गर्ने तरिकाहरूको सुझाव प्रस्तुत गर्ने ।

५. कृषि-श्रमिकहरूको आर्थिक एवम् सामाजिक उत्थानका तरिकाहरूको सुझाव प्रस्तुत गर्ने ।

६. आयोगको प्रतिवेदन कार्यान्वयन गर्न अपनाउनुपर्ने प्रक्रिया र संस्थागत व्यवस्था प्रस्तुत गर्ने ।

## १.५ आयोगको अवधि

श्री ५ सरकार (मं.प.) को २०५१/९/२६ को निर्णयानुसार काम सुरु गरेको मितिदेखि ३ महिनाको अवधि तोकिएकोमा श्री ५ को सरकारको निर्णयानुसार पुनः थप भई २०५२ साल, भाद्र ८ गतेसम्म यसको कार्यावधि रहेको छ।

## १.६ आयोगको सम्पर्क मन्त्रालय

भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको सम्पर्क कार्यालय रहेको छ।

## १.७ आयोगको कार्यालय स्थापना र कार्यारम्भ

कृषि आयोजना सेवा केन्द्र भवन, रामशाहपथ, काठमाडौंमा कार्यालय स्थापना भई मिति २०५१/१०/९ गते माननीय भूमि सुधार तथा व्यवस्था मन्त्रीज्यूबाट समुद्घाटन भएपछि यस आयोगले आफ्नो कामको प्रारम्भ गरेको हो ।

## १.८ आयोगको कार्यप्रक्रिया

यस आयोगले आफ्नो कार्य सम्पन्न गर्न निम्नअनुसारको कार्य प्रक्रिया अवलम्बन गऱ्यो-

### १.८.१ आम सञ्चारका माध्यमबाट सुझावका लागि अनुरोध

आयोगको कार्यालय स्थापना भएपछि आम जनसमुदायबाट सुझाव प्राप्त गर्न श्री ५ को सरकारले आयोगलाई तोकिदिएको ६ बुँदे कार्यक्षेत्रसहितको सूचना विभिन्न राष्ट्रियस्तरका दैनिक, साप्ताहिक पत्रपत्रिका, रेडियो तथा टेलिभिजनसमेतबाट पटकपटक प्रचार-प्रसार गरियो। आयोगले प्रयोग गरेको टेलिफोन, टेलिफ्याक्स, पोष्टबक्स, सुझाव-पेटिकाको माध्यमबाट र सुझाव प्रस्तुतकर्ता स्वयम् आयोगमा उपस्थित भई सुझाव दिन सकिने व्यवस्था पनि मिलाइयो । आयोगको कार्य अवधिलाई ध्यानमा राखी २०५१ फागुन मसान्तसम्ममा सुझाव उपलब्ध गराउन आह्वान गरिएकोमा आयोगको अवधि थप भएपछि २०५१ चैत्र १५ गते सम्म सुझाव दिन पुनः प्रचार-प्रसार गरियो । सुझाव दिन चाहने व्यक्ति वा संस्थाहरूको लागि जिल्लास्थित मालपोत र भूमि सुधार कार्यालयहरूलाई सम्पर्क कार्यालयको रूपमा तोकी सुझाव प्राप्त गर्ने समेत व्यवस्था मिलाइएको थियो । साथै तोकिएको अवधिपछि प्राप्त सुझावहरूलाई पनि आयोगले महत्वका साथ ग्रहण गऱ्यो ।

### १.८.२ पत्राचार

प्रमुख प्रतिपक्षी दलका नेता, प्रतिनिधि सभा र राष्ट्रिय सभाका सबै माननीय सांसद्ज्यूहरूलाई २०५१/१०/१३ मा पत्र पठाई सुझाव दिनुहुन अनुरोध गरियो । यसैगरी सबै राजनीतिक पार्टीहरू, किसान संघ, सङ्गठन, धार्मिक तथा सामाजिक संघसंस्था, शिक्षक र प्राध्यापक संघ, सङ्गठन, नेपाल बार एसोसियसन समेतलाई सुझाव दिन २०५१/१०/१३ मा अनुरोध पत्र पठाइएको थियो ।

यसैगरी २०५१/१०/१७ र २०५१/१०/१३ मा विभिन्नर पेशागत सरकारी तथा गैर सरकारी संघ सङ्गठनहरू, कृषि विकास तथा अनुसन्धानसँग र भूमि तथा वातावरणसँग सम्बन्धित संघसंस्थाहरू, सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, शाही नेपाली जङ्गी अड्डा र प्रहरी प्रधान कार्यालयलाई पनि सुझाव पठाई सहयोग गरिदिन हुन अनुरोध पत्र पठाइयो भने संसद्मा प्रतिपक्षी दलका नेता तथा सबै राजनीतिक दलहरूलाई २०५१/११/२४ मा पुनः पत्र पठाई सुझावका लागि अनुरोध गरिएको थियो ।

## १.८.३ आयोगमा भेटघाट तथा विचार आदान-प्रदान

आयोगले मिति २०५१/१०/९ देखि २०५१/१०/२७ सम्म नियमित रूपले र त्यसपछि पनि विभिन्न राजनीतिक पार्टी प्रतिनिधि, जिम्मेवार राजनीतिक व्यक्तित्वहरू, लब्धप्रतिष्ठित बौद्धिक महानुभावहरू, विभिन्न कार्यालय तथा संघ-संस्थाका प्रतिनिधिहरू, जग्गावाला, मोही, उद्योगपति तथा सर्वसाधारण जनसमुदायसँग भेटघाट गरी विचारको आदान-प्रदान र लिखित तथा मौखिक सुझावसमेत सङ्कलन गर्ने कार्य सम्पन्न भयो। यसको विवरण अनुसूची (१) मा प्रस्तुत छ।

## १.८.४ छलफल एवम् अन्तरक्रिया

आयोगलाई तोकिएको कार्यक्षेत्रका विषयमा देशका ३५ जिल्लाहरूमा गई विचार र रायसुझाव सङ्कलन गर्न आयोगका अध्यक्ष, र सदस्यहरूको दुईवटा टोलीले छलफल र अन्तरक्रिया गऱ्यो। यस्ता कार्यक्रममा ठूला जग्गाधनी, मोही, कृषि-श्रमिक, किसान संघ सङ्गठन, महिला संघ सङ्गठन, बुद्धिजीवी, शिक्षक, प्राध्यापक, कानुन व्यवसायी, कार्यालय प्रमुख, जिल्ला विकास समितिका उपाध्यक्षहरू, नेपाल बार एसोसियसनका प्रतिनिधिहरू, गैरसरकारी संघसंस्थाका प्रतिनिधिहरू, कमैया प्रतिनिधिहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, गैरसरकारी संघसंस्था प्रतिनिधिहरू, उद्योग वाणिज्य संघका प्रतिनिधिहरू, घरेलु तथा साना उद्योग संघका प्रतिनिधिहरू, औद्योगिक खेतीमा सङ्लग्न किसान प्रतिनिधिहरू, पत्रकारहरू आदिले खुलस्त रूपमा आ-आफ्नो सुझाव मौखिक एवम् लिखितरूपमा प्रस्तुत गर्नुभएको थियो। यस्ता छलफल एवम् अन्तरक्रिया कार्यक्रममा सहभागी सङ्ख्या अनुसार ५ घण्टा देखि ९ घण्टासम्म सञ्चातन भएका थिए। यस्ता कार्यक्रममा आमन्त्रित गरिएका संस्था तथा व्यक्तिहरूका अतिरिक्त इच्छुक सहभागीहरूको उपस्थिति उत्साहवर्द्धक थियो। प्रत्येक कार्यक्रममा १२५ देखि ४०० जनसम्मको सहभागितामा प्रतिनिधिमूलक एवम् व्यक्तिगत धारणा र सुझावहरू प्राप्त भए।

छलफल तथा अन्तरक्रिया सम्पन्न गरिएका स्थानहरूको अनुसूची (२) मा उल्लेख गरिएको छ।

## १.८.५ समूह विभाजन

प्रतिवेदन तयार पार्ने कामलाई व्यवस्थित तथा प्रभावकारी बनाउन सदस्यहरूको अनुभव, रुची र विशिष्टताको आधारमा सर्वप्रथम यस आयोगका सदस्यहरूलाई (१) हदबन्दी तथा चक्लाबन्दी (२) दोहोरो नियन्त्रण तथा कृषि-श्रमिक (३) कृषि विकास यी तीन समूहमा विभाजित गराई आधारपत्र तयार गर्ने प्रक्रिया अपनाइएको थियो। यसरी प्रस्तुत आधारपत्रमा छलफल गरी प्रतिवेदनलाई अन्तिम रूप दिने काम सम्पन्न भयो।

## १.८.६ कार्यशाला गोष्ठी

भूमि व्यवस्था सम्बन्धी विभिन्न पक्षबारे राष्ट्रियस्तरमा विद्वत् वर्गहरूबाट सुझाव लिने दृष्टिले राष्ट्रियस्तरमा ४ वटा गोष्ठीहरू काठमाडौंमा गर्ने व्यवस्था गरियो। त्यस्ता गोष्ठीहरू आयोग आफैंले आयोजना नगरी गैर सरकारी संस्थाहरूबाट हुन सकेमा स्वतन्त्र र खुलस्त रूपमा विचारहरूको प्रवाह भई विविध कोणबाट सुझाव प्राप्त हुनसक्ने ठानी आयोगले अनुरोध गरेअनुसार ग्रामीण पुनर्निर्माण संस्थाले "जग्गाको हदबन्दी" का सम्बन्धमा, नेपाल कानुन समाजले "दोहोरो नियन्त्रण" का सम्बन्धमा, इकाईसले "खण्डिकरण र चक्लाबन्दी" का सम्बन्धमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले "कृषि-श्रमिकको उत्थान" का गोष्ठीको आयोजना गरी यस आयोगलाई सहयोग पुर्‍याएको थियो। ती गोष्ठीहरूमा विद्वानहरूबाट प्रस्तुत भएका विविध विषयका कार्यपत्रहरूमा छलफल भई प्राप्त सुझावहरूले आयोगलाई निकै मद्दत पुगेको छ। त्यसैगरी नेपाल बुद्धिजीवी परिषद्द्वारा आयोजित "नेपालमा भूमि सुधारः समस्या र समाधान" तथा मुल्याङ्कन मासिक पत्रिकाको आयोजनामा भएको "भूमि सुधार किन र कसरी" विषयक गोष्ठीहरूबाट पनि यस आयोगलाई महत्वपूर्ण सुझाव प्राप्त भयो। गोष्ठीसम्बन्धी मोटामोटी विवरण अनुसूची (३) मा सङ्लग्न छ।

## १.८.७ अन्तर्राष्ट्रिय अनुभवको सङ्कलन

आयोगले श्री ५ को सरकारसमक्ष प्रस्तुत गर्ने सुझावलाई अझ बढी प्रभावकारी बनाई यथार्थ एवम् व्यवहारिक बनाउन केही मित्रराष्ट्रहरूमा सञ्चालित भूमि सुधार एवम् कृषिसम्बन्धी अनुसन्धान, प्रयोग र नीतिसमेतको अध्ययन गरी ती देशहरूमा सञ्चालित भूमि सुधार कार्यक्रमको सफलता र असफलताका कारणहरूको जानकारी प्राप्त गर्ने सिलसिलामा भारत, जनवादी गणतन्त्र चीन र गणतन्त्र कोरियाको अध्ययन भ्रमणसमेत गरेको छ। भारतको केरला, पश्चिम बंगाल, हिमाञ्चल प्रदेश, हरियाणा तथा चीन र दक्षिण कोरियाको भ्रमण ३ समूहमा विभाजित भई यस आयोगले सम्पन्न गरी थुप्रै अनुभवहरू हासिल गरेको छ। यसको विवरण अनुसूची (४) मा उल्लेख गरिएको छ।

## १.८.८ सामग्री सङ्कलन

आयोगको कामलाई आवश्यक पर्ने अध्ययन सामग्री-तथ्याङ्कहरू, सन्दर्भ सामग्रीहरू-सङ्कलन गर्ने सिलसिलामा भूमि सुधार तथा व्यवस्था मन्त्रालय र सो अन्तर्गतका भूमि सुधार विभाग, मालपोत विभाग, नापी विभाग, गुठी संस्थान आदिका साथै राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग, कृषि आयोजना सेवा केन्द्र आदिबाट महत्वपूर्ण सहयोग प्राप्त भयो। यस अतिरिक्त अन्य संघ संस्था तथा व्यक्तिहरूबाट पनि आवश्यक सामग्री उपलब्ध भई आयोगलाई सहयोग प्राप्त भयो।

## १.९ आयोगलाई प्राप्त सुझाव र त्यसको सार

यस आयोगलाई विभिन्न राजनीतिक पार्टीहरू, सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, कार्यालयहरू, गोष्ठी, अन्तरक्रिया कार्यक्रम तथा विभिन्न व्यक्ति तथा निकायबाट प्रशस्त सुझावहरू प्राप्त भएका छन्। यसको विवरण अनुसूची (५) मा दिइएको छ। प्राप्त सुझावहरूको सारांशलाई निम्न बुँदामा केन्द्रित गरिएको छ।

### १.९.१ हदबन्दी

अधिकांश सुझावकर्ताले भूमिमा हालको हदबन्दी सिमा घटाउनु पर्छ भनेका छन्। हदबन्दी सिमा निर्धारण गर्दा सिँचाइ सुविधा, जमिनको उत्पादकत्व, भौगोलिक क्षेत्र, जमिनको प्रचलित मुल्य, यातायात र अन्य पूर्वाधारहरूको विकास, भूमिहीन कृषकहरूको सङ्ख्या, उपलब्ध भूमि, बढ्दो जनसङ्ख्या तथा सामाजिक न्यायको आधारमा हदबन्दी सिमा निर्धारण हुनुपर्छ भन्नेमा जोड दिएको पाइन्छ। त्यसैगरी सहरी क्षेत्रको लागि छुट्टै हदबन्दी कायम हुनुपर्ने सुझाव पनि प्राप्त भएका छन्।

### १.९.२ दोहोरो नियन्त्रण

यस आयोगमा प्राप्त सुझावअनुसार दोहोरो नियन्त्रणको अन्त्य हुनुपर्छ, जग्गाको स्वामित्व वास्तविक जोताहाको हातमा हुनुपर्छ, दोहोरो स्वामित्व अन्त्य भएमा कृषि उत्पादनमा वृद्धि गर्न सकिन्छ। मोहियानी प्रथाले मुद्धामामिला बढाएको हुनाले यसलाई कानुनी तवरले सदाका लागि समाप्त गरिदिनुपर्छ, भनिएको छ। यसैगरी मोहियानी हकलाई अन्य सम्पत्तिसरह हक कायम गरी अंशियारहरूमा सार्न पाउने किसिमले कानुनले संशोधन हुनुपर्छ, दोहोरो नियन्त्रण अन्त्य गर्दा जोताहाका पक्षमा हक प्राप्त हुनेगरी हुनुपर्दछ। साना जग्गावालालाई मर्का पर्न नपाउने गरी दोहोरो नियन्त्रणको अन्त्य गर्नुपर्दछ, एक व्यक्ति एक रोजगारीको व्यवस्था हुनुपर्दछ, आदि कुरामा जोड दिइएको पाइयो।

### १.९.३ जमिनको चक्लाबन्दी

प्राप्त सुझावअनुसार-जमिनको खण्डिकरण रोक्न कृषि क्षेत्र र आवास क्षेत्रको न्यूनतम क्षेत्रफल अलग-अलग तोकिनु पर्छ। त्यस्तै, चक्लाबन्दी गर्न सहकारी खेती गरिनुपर्छ, जग्गा सट्टापट्टा गरी चक्लाबन्दी गर्ने कार्यलाई प्रोत्साहन गर्न रजिष्ट्रेशन शुल्क र अन्य दस्तुरसमेत मिनाहा गरी सरल प्रक्रियाबाट चक्लाबन्दी गर्न प्रोत्साहित गर्नुपर्छ, जग्गा प्राप्त गरी सिँचाइ, बाटोघाटोको विकास गरी चक्लाको क्षेत्रफल निश्चित गरी जग्गावालालाई वितरण गरिनुपर्छ, जग्गा ज्यादै टुक्रिन गई आर्थिक दृष्टिकोणले अनुपयोगी भई उत्पादनमा असर परेको हुनाले वैकल्पिक

रोजगारको माध्यमबाट जमिन टुक्रिने क्रमलाई नियन्त्रण गरी उत्पादनवृद्धि गर्न सकिन्छ। अंशवण्डासम्बन्धी कानुनी व्यवस्थामा पुनरावलोकन गरी खण्डिकरण रोक्नुपर्दछ, भू-उपयोग नीतिको आधारमा जग्गाको उपयोग गरी खण्डिकरणको असर कम गर्न सकिन्छ भन्ने जस्ता कुराहरूमा जोड दिएको पाइन्छ।

## १.९.४ कृषि उत्पादकत्व वृद्धिमा सहायक हुने संस्थाहरूको पहिचान र विकास

यस आयोगलाई प्राप्त सुझावअनुसार- कृषिको अनुसन्धान कार्यलाई व्यापकरूपमा विस्तार गरी त्यसलाई प्रतिफलमूखी बनाउनु पर्दछ। कृषि विश्वविद्यालयको स्थापना हुनुपर्छ। युद्धस्तरमा सिँचाइको विकास हुनुपर्छ। क्षेत्रगत अनुसन्धानको आधारमा बढी उत्पादन हुने बाली (जुन क्षेत्रमा जे बढी लाभदायी हुन्छ त्यही बाली) लगाउने गर्नुपर्छ, भूमिहीन र गरिब कृषकलाई आफ्नै श्रममा खेती गर्नसक्ने जमिन उपलब्ध गराउनुपर्छ, प्रत्येक गाउँ विकास समितिमा जे.टि.ए.(कृषि प्राविधिक) सेवा उपलब्ध गराउनु पर्छ, कृषकको आफ्नै प्रयासमा स्वायत्तरूपमा सञ्चालन हुने सहकारी संस्थाहरूलाई प्रभावकारी बनाई मल, बीउहरूको आपूर्ति व्यवस्था नियमित गरिनुपर्छ। पहाडी क्षेत्रमा स्प्रिङ्कल सिँचाइ प्रणाली अनुरूप सिँचाई प्रणाली लागु गर्नुपर्छ। तराई तथा भित्री मधेसहरूमा भूमिगत जल परियोजनाको माध्यमबाट सिँचाइ गरी ८/१० वर्षभित्रमा सम्पूर्ण जमिनमा सिँचाइ पुऱ्याउनुपर्छ। कृषि बाटो निर्माण गरिनुपर्छ। कृषि-कर्जाको ब्याजदर घटाउनुपर्छ, बजारको उपर्युक्त व्यवस्था, वास्तविक किसानलाई स्वदेश तथा विदेशमा प्रशिक्षण र अध्ययन भ्रमण गराउने व्यवस्था मिलाउनुपर्छ। कुटिर उद्योगको विकास हुनुपर्छ। वित्तीय संस्थाहरूबाट प्राथमिकता तोकी कृषिजन्य उद्योगमा लगानी गर्ने कृषकलाई नै तालिम दिने व्यवस्था गरिनुपर्दछ। पशुपालन, मत्स्यपालन, कुखुरापालन जस्ता व्यवसायलाई व्यापक बनाउन सङ्गठनात्मक विकास हुनुपर्दछ आदि कुरामा जोड दिइएको पाइन्छ।

## १.९.५ कृषि-श्रमिक

प्राप्त सुझावअनुसार- चिया मजदूरको जस्तै गरी विभिन्न कृषि पेशामा सङ्लग्न रहेका, कृषि मजदूरको न्यूनतम ज्याला तोक्ने तथा संरक्षण गर्ने कानुनको तर्जुमा हुनुपर्दछ, औद्योगिक मजदूरको जस्तै कृषि मजदूरको हकहित संरक्षण गर्न जिल्ला जिल्लामा कृषि-श्रमिक सम्बन्धी उत्थानका कार्यक्रम सञ्चालन गर्ने गरी सङ्गठनात्मक व्यवस्था गरिनु पर्दछ, समाजमा व्याप्त शोषण र उत्पीडनको अन्त्य गरिनुपर्दछ। सामाजिक व्यवहारमा सुधार ल्याई बचत गर्ने परिपाटी बसाल्न कृषि-श्रमिकहरूको लागि कृषि-श्रमिक कल्याण कोषको व्यवस्था गरी बचत परिचालन गर्ने गरी वित्तीय संस्थाहरू ग्रामीणस्तरमा खोलिनु पर्दछ, कृषि-श्रमिकलाई

वैकल्पिक रोजगारको व्यवस्था गरी बाह्रै महिना रोजगार उपलब्ध गराउन पशुपालन, फलफूल खेती, नगदेबाली, मत्स्यपालन आदिमा युद्धस्तरमा कार्यक्रम ल्याइनु पर्दछ भन्नेर कुरामा जोड दिइएको पाइन्छ।

## १.९.६ आयोगको प्रतिवेदन कार्यान्वयन गर्न अपनाउनुपर्ने प्रक्रिया र संस्थागत व्यवस्था

उक्त विषयमा विभिन्न संघ संस्था, गोष्ठीहरू तथा व्यक्तिहरूबाट प्राप्त भएका सुझावहरू छोटकरीमा देहाय बमोजिम रहेका थिए।

भूमि व्यवस्था तथा कृषि विकास सम्बन्धमा आयोगले दिने सुझाव राम्रो किसिमले कार्यान्वयन हुन सक्ने किसिमको हुनुपर्दछ। भूमि सुधार जस्तो कार्यक्रम कार्यान्वयन गर्न वर्तमान बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुरूप सरकारको राजनीतिक कटिवद्धताको साथै केन्द्रीयस्तरदेखि गाउँस्तरसम्म प्रभावकारी संयन्त्रको व्यवस्था गरी विभिन्न स्तरमा राजनीतिक स्तरबाट सहयोग लिन जनप्रतिनिधिहरूको पनि सङ्लग्नता गराउने व्यवस्था हुनुपर्दछ। जग्गा तथा जग्गावाला तथा मोहीहरूको लगत स्रेस्ता व्यवस्थित र अद्यावधिक नभएमा यस्तो कार्यक्रम कार्यान्वयन हुन कठिनाई पर्ने हुँदा त्यसलाई पनि विशेष रूपले ध्यान दिनुपर्दछ।

# परिच्छेद- २

# नेपालको भूमि व्यवस्थासम्बन्धी ऐतिहासिक पृष्ठभूमि

यस परिच्छेदमा नेपालको विभन्न प्रकारको भूमि-व्यवस्था तथा भूमि सुधार सम्बन्धमा भएका प्रयासहरूको ऐतिहासिक विकासक्रम तथा भूमिसम्बन्धी वर्तमान व्यवस्था आदिको चर्चा गरिने छ।

## २.१ नेपालको भूमि व्यवस्था

नेपालमा भूमिमाथिको स्वामित्व परम्परागतरूपमा राज्य (सरकार) मा नै निहित हुँदै आएको पाइन्छ। राजश्व सङ्कलनको प्रमुख स्रोत भूमि नै भएकोले राजश्व असूल गर्ने प्रक्रियाहरू पनि विभिन्न समयमा फरक फरक देखिन्छन्। राजश्व असुलीका प्रक्रिया अनुरूप नै भूमि व्यवस्था कायम भएको पाइन्छ। सत्तासीन व्यक्ति वा सरकारी निकायबाट कसैलाई निश्चित काम गरिदिए वापत बिर्ताको रूपमा जग्गाको स्वामित्व दिने, कुनै धार्मिक, सांस्कृतिक तथा सामाजिक कार्य सञ्चाालन गर्न गुठीलाई जग्गा राखिदिने, कतिपय सरकारी कर्मचारीलाई तलबको रूपमा जग्गाको आयस्ता खान दिने, जस्ता जग्गासम्बन्धी व्यवस्थाहरू विक्रम् सम्वत् २००७ सालसम्म रहेका देखिन्छन्। तिनीहरूलाई सङ्क्षेपमा तल उल्लेख गरिएको छ-

### २.१.१ रैकर

रैकर जग्गामाथिको अन्तिम स्वामित्व राज्यमा नै रहने भए तापनि त्यस्तो जग्गाहरू व्यक्तिहरूलाई भोग गर्न दिई, भोग गरेवापत राज्यले वार्षिक कुत, तिरो वा मालपोत लिने व्यवस्था गरेको थियो। ती व्यक्तिहरूबाट सरकारी तिरो वा मालपोत असुल गर्ने काम जमिनदार, तालुकदार, जिम्मावाल, मुखियाहरूले असुल गरी निश्चित रकम आफैंले लिई बाँकी रकम सरकारी कोषमा जम्मा गर्ने व्यवस्था रहेको पाइन्छ। यसरी जग्गा भोग गर्न पाउने व्यक्तिहरूले सो जग्गा बिक्री गर्ने, तथा हकवालामा पनि जानसक्ने हुँदा एक प्रकारले उनीहरूमा नै जग्गामा स्वामित्व रहेको देखिन्छ। सबैभन्दा बढी जग्गा नेपाल अधिराज्यमा रैकर नै रहेको र त्यस्तो जग्गा २००७ सालसम्म कूल आवादी जग्गाको करिब ५० प्रतिशत भएको अनुमान गरिएको छ।

## २.१.२ बिर्ता

सरकारले कुनै व्यक्तिलाई वीरतापूर्वक काम गरेको वा आफूप्रति वफादार रहेको कारणले समयसमयमा सरकारी निर्णयबाट जग्गाको स्वामित्व दिई त्यस्तो जग्गाबाट प्राप्त हुने राजस्व (मालपोत) सरकारको बदलामा बिर्ता पाउने व्यक्तिले सरकारलाई केही रकम बुझाउने वा बुझाउनु नपर्ने गरी दिइएको जग्गालाई बिर्ता जग्गा भनिन्छ। कुनै बिर्ता जग्गा पाउने व्यक्तिले जीवनभर मात्र भोग गर्न पाउने गरी दिने गरिए तापनि प्रचलनमा भने पाउने व्यक्तिको मृत्युपछि निजको हकवालाले पुनः भोग गर्न दिने गरेको पनि देखिन्छ तर त्यस्तो बिर्ता जग्गा बेचबिखन गर्ने अधिकार भने पाउने व्यक्तिको हुँदैन थियो। जीवनभर मात्र भोग गर्न पाउने बिर्ताबाहेक अन्य बिर्ता जग्गा भने बिर्तावालाले बिक्री, दान-दातव्य गर्न सक्ने तथा हकवालामा सर्ने व्यवस्था रहेको देखिन्छ। तत्कालीन अवस्थामा बिर्ता जग्गा कूल आवादी जग्गाको करिब ३६ प्रतिशत रहेको अनुमान छ। बिर्ता जग्गा २०१६ सालमा उन्मुलन भई त्यस्ता सबै जग्गाको स्वामित्व सरकारमा सरी सबै बिर्ता जग्गा रैकरमा परिणत हुने व्यवस्था रहेको छ।

## २.१.३ गुठी

निश्चित धार्मिक, साँस्कृतिक तथा सामाजिक कार्य सञ्चालन गर्न चाहिने खर्च व्यहोर्नको लागि दिइने जग्गालाई गुठी जग्गा भनिन्छ। सरकारीस्तरबाट नै गुठी सञ्चालनको लागि जग्गा दिई वा व्यक्ति विशेषले आफ्नो जग्गा दिई स्वीकृति लिएर तथा मालपोत छुट गराई दर्ता गराएका जग्गाहरू राजगुठीअन्तर्गत पर्दछन्। साथै त्यस्ता राजगुठीमध्ये पनि सरकारीस्तरबाट सञ्चाालन नगरी सन्त-महन्त वा अन्य व्यक्तिहरूबाट सञ्चालन हुने गरेका जग्गालाई भने छुट गुठी जग्गा भनिने व्यवस्था छ। त्यस्ता राजगुठीअन्तर्गतका सबै जग्गाको स्वामित्व गुठीको नै कायम हुने र सोको सञ्चाालन तथा जग्गा प्रशासन पहिले छुट्टै सरकारी कार्यालयबाट नै हुने गरेकोमा पछि गुठी संस्थानबाट हुने गरेको छ। यस्ता सबै राजगुठीअन्तर्गतका जग्गा भोग गर्ने मोहीहरूले आफ्ना हक हस्तान्तरण गर्नसक्ने तथा हकवालामा सर्ने व्यवस्था रहेको छ। यस्तो जग्गा कूल आवादी जग्गाको करिब २ प्रतिशत रहेको अनुमान छ।

## २.१.४ किपट जग्गा

नेपालको पूर्वी पहाडको लिम्बुवान क्षेत्रमा लिम्बु समुदायको सामूहिक स्वामित्वमा रहेको जग्गालाई किपट जग्गा भनिन्छ। यस व्यवस्था अन्तर्गत लिम्बु समुदायका व्यक्तिहरूले व्यक्तिगत रूपले भोगचलन गरेको जग्गा त्यही समुदायभित्र नै हक हस्तान्तरण हुने भए तापनि अन्य समुदायका व्यक्तिहरूलाई किपट जग्गा बिक्री गरी स्वामित्व हस्तान्तरण गर्न नपाइने व्यवस्था रहेको थियो। यस्तो जग्गा कूल आवादी जग्गाको करिब ४ प्रतिशत रहेको अनुमान

छ। उक्त भूमिव्यवस्था विक्रम् सम्वत् २०२३ सालमा समाप्त भई किपट जग्गालाई पनि रैकरसरह कायम गरी सरकारलाई रैकर जग्गासरह नै मालपोत बुझाउने र अरूलाई पनि बिक्री गर्न सकिने व्यवस्था भइसकेको छ।

## २.१.५ जागिर, राज्य तथा रकम व्यवस्था

जागिर, राज्य तथा भूमि व्यवस्था अन्तर्गत करिब ७.७ प्रतिशत जग्गा रहेको अनुमान गरिएको छ। यिनीहरूको चर्चा तल गरिन्छ-

**जागिर व्यवस्था:-** यस अन्तर्गत सरकारी काम गर्ने विभिन्न कर्मचारीहरूले नगदमा तलब पाउनुको बदलामा तोकिएको निश्चित अवधिको लागि निश्चित जग्गाबाट प्राप्त हुने कुत वा आयस्ता पाउने गर्दथ्यो। नगदमा कुत पाउनेलाई "खुवा" र "जिन्सी" मा पाउने व्यवस्थालाई खान्गी भनिने प्रचलन थियो। जागिरदारले पाएको त्यस्तो जग्गा बेचबिखन गर्न, टुक्रयाउन वा हकवालालाई दिन पाउने व्यवस्था थिएन, जबकि त्यस्तो जग्गा कमाउने व्यक्तिले (जग्गावाल वा मोहीले) आफ्नो हक हस्तान्तरण गर्न पाउँथ्यो। यस्तो जागिर प्रथाको अन्त्य विक्रम् सम्वत् २००९ सालमा गरियो र त्यस्तो जग्गालाई पनि रैकरमा नै परिणत गर्नुका साथै सम्बन्धित मोहीको नाममा रैकरमा दर्ता हुने व्यवस्था गरी जागिरदारलाई नगदमा नै तलब दिने व्यवस्था भयो।

**राज्य भूमि-व्यवस्था:-** खास गरी नेपाल अधिराज्यको एकीकरण भएपछि यो भूमि व्यवस्था सुरु भएको देखिन्छ। यस व्यवस्था अन्तर्गत सबै जग्गा रैकर सरह नै रहे तापनि केवल जग्गावाला र राज्यको बिचमा मध्यस्थकर्ताको रूपमा राजारजौटाहरू रहने व्यवस्था कायम गरिएको थियो। मुख्यरूपले यसमा निम्न ३ किसिमको व्यवस्था रहेको थियो।

क. राजारजौटाहरूले निश्चित क्षेत्र भित्रको जग्गाको मालपोत आफैंले असुली गरी आफैंले खर्च समेत गर्न पाउँथे। यस वापत कुनै काम गर्नु नै पर्ने भन्ने दायित्व वा जिम्मेवारी भने हुँदैन थियो।

ख. सरकारलाई तोकिए बमोजिमको निश्च्ति रकम बुझाई मालपोत वापत असूल भएको मध्ये बाँकी रकम राजा रजौटाको आफ्नै आम्दानीको रूपमा रहने अर्को व्यवस्था थियो।

ग. राजा रजौटाहरूले लगतअनुसार तोकिएको दरमा मालपोत असुल गरी सो मध्ये निश्चिोत प्रतिशत रकम काम गरे वापत कमिसनको रूपमा आफैंले लिई बाँकी रकम सरकारलाई बुझाउनुपर्ने जस्ता व्यवस्थाहरू थिए।

राजाहरूको अधिकार वंशानुक्रमअनुसार जाने भए तापनि जग्गालाई बिक्री गर्ने वा बाँडफाँड गर्ने जस्तो अधिकार भने थिएन। जग्गावालालाई भने त्यस्तो सबै अधिकार रैकर जग्गा सरह नै थियो। राज्य भूमि व्यवस्था विक्रम् सम्वत् २०१८ सालमा समाप्त भई त्यस्ता सबै जग्गाको मालपोत सोझै सरकारबाट नै असुल हुने व्यवस्था सुरु भयो।

**रकम व्यवस्थाः-** जग्गा जोतभोग गर्ने मोहीहरूले जग्गावालाहरूका विभिन्न कामहरू गरिदिनुपर्ने व्यवस्थालाई रकम व्यवस्था भनिन्छ। यो व्यवस्था पनि विक्रम् सम्वत् २०२० सालमा समाप्त भई मोहीले अन्य कुनै बेठबेगारी गर्न नपर्ने गरियो।

## २.१.६ जिमिदारि जग्गा

सरकारी मालपोत असुल गर्ने काम खासगरी तराईतर्फ जमिनदारहरूको जिम्मामा दिई असुल भएको मालपोतको निश्चित प्रतिशत जमिनदारले लिई बाँकी रकम सरकारी ढुकुटीमा जम्मा गर्नुपर्ने व्यवस्थाको साथै जमिनदारहरूलाई केही जग्गा सिर, जिरायतको रूपमा भोग गर्न दिने प्रचलन रहेको हुँदा त्यस्तो जग्गालाई जिमिदारी जग्गा भनिन्छ। जिमिदारी सिर,जिरायत जग्गा भूमिसम्बन्धी ऐन २०२१ को व्यवस्थाले सम्बन्धित जमिनदारको स्वामित्वमा कायम रहने व्यवस्था भयो।

## २.१.७ उखडा जग्गा

लुम्बिनी अञ्चलको तराई भागमा पर्ने कपिलवस्तु, रूपन्देही र नवलपरासी ३ जिल्लामा मात्र उखडा व्यवस्था रहेको थियो। सो क्षेत्रका जमिनदारहरू अन्तर्गत पर्ने जग्गा मध्ये कसैको नाममा दर्ता नभएको र सिर, जिरायतको रूपमा रहेको जग्गा जमिनदारले अरू मोही (व्यक्ति) लाई कमाउन दिई भोग गर्ने व्यक्तिसँग मालपोतभन्दा बढी रकम वा मालपोतको करिब प्रायः दुई गुना रकम लिने गरेको र जमिनदारले सरकारलाई मालपोतसम्म बुझाउने गरेको जग्गा उखडा व्यवस्था अन्तर्गत पर्दछ। पछि विक्रम् सम्वत् २०२१ सालमा उखडा ऐन बनेपछि जग्गा जोतभोग गर्ने व्यक्ति नेपाली नागरिक भए निजकै नाममा त्यस्तो जग्गा दर्ता गर्ने व्यवस्था भई उखडा भूमि व्यवस्थाको अन्त्य गरी जग्गा कमाउने मोहीलाई नै जग्गावाला बनाइयो।

माथि उल्लेख भए अनुसार नेपालमा रहेका विभिन्न प्रकारका भूमि व्यवस्थाहरूलाई विक्रम् सम्वत् २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि भूमि व्यवस्थामा एकरूपता ल्याउने दृष्टिले विभिन्न समयमा जागिर, बिर्ता, किपट, जमिनदारी, उखडा भूमि व्यवस्थाहरूलाई खारेज गरी सबै जग्गालाई रैकरकै रूपमा कायम गर्दै लगिएको पाइन्छ। हाल नेपालमा रैकर र गुठी दुई प्रकारको भूमि व्यवस्था मात्र कायम रहेको छ।

## २.२ भूमि सुधारको ऐतिहासिक विकासक्रम (२००७ देखि २०21 सम्म)

२००७ सालको राजनीतिक परिवर्तनसँगसँगै भूमि व्यवस्थामा सुधार गर्ने तथा किसानहरूको हक हित संरक्षण गरी उनीहरूलाई सामाजिक न्याय प्रदान गर्ने उद्देश्यले चालिएका उल्लेखनीय कार्यहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः-

### २.२.१ भूमिधारी अधिकार प्राप्ति कानुन (मस्यौदा) २००८

उक्त कानुन जनताको राय लिन तयार गरिएको कानुनी मस्यौदाको रूपमा रहे तापनि मोहीसम्बन्धी विषयलाई लिएर एकीकृत कानुनको निर्माण गर्न गरिएको पहिलो प्रयास मान्न सकिन्छ। मोहियानी हकलाई भूमिदारी अधिकार भनी उल्लेख गरी मस्यौदा गरिएको यस ऐनले मोहियानीसम्बन्धी तत्कालीन धारणालाई बुझ्न मद्दत पुग्ने हुँदा यसको ऐतिहासिक महत्व रहेको छ।

उक्त मस्यौदा तयार हुँदा बिर्ता जग्गा कमाउने मोहीहरूले मोहियानी हक पाइरहेका तर बटैया, मनखप, हुण्डा, कुत (जिन्सी वा नगदी) आदि शर्तमा रैकर जग्गा कमाइरहेका व्यक्तिहरूले भने मोहियानी हक नपाई जग्गावालाको स्वेच्छामा निर्भर रहने गरेको कुरा उक्त मस्यौदा ऐन प्रकाशित हुँदा खाद्य तथा भूमि व्यवस्था मन्त्रालयको विज्ञप्तीअनुसार देखिन्छ। साथै मस्यौदाले अरूको जग्गा कमाउने व्यक्तिलाई मोहियानी हक प्राप्त हुने र कबुलियतको व्यवस्था गरी शर्त पुरा गरुन्जेल जग्गावालाले खोसमोस गर्न नपाउने स्पष्ट व्यवस्था गरिएको थियो। बिर्ता जग्गाको मोहीले आफ्नो हक बेच-बिखन गर्न सक्ने भए तापनि रैकर जग्गाको मोहीले भने भूमिदारी अधिकार (मोहियानी हक) बेच-बिखन गर्न नपाइने व्यवस्था गरेको देखिन्छ। उक्त मस्यौदाले ऐनको रूप नलिए तापनि मोहियानी हकको सुरक्षा गर्ने मनसाय सो समयदेखि सुरु भएको देखिन्छ।

### २.२.२ भूमि जाँच कमिसनको गठन, २००८

तराईमा ठाउँठाउँमा जग्गावाला र मोही किसानको सङ्घर्षले गर्दा विक्रम् सम्वत् २००८ सालमा कैलाली, कञ्चनपुर, बुटवल, खजहनी, शिवराज (हालको रूपन्देही र कपिलवस्तु जिल्ला) र सुर्खेतका लागि भूमि जाँच कमिसन पठाइयो र ती कमिसनहरूले मोहीलाई अर्को सर्भे नहुञ्जेल बेदखल गर्न नपाइने, जग्गा कमाउन गरेको शर्तको जग्गावाला र मोहीले फारम भर्नुपर्ने र जग्गावालाले मोहीबाट कुत बुझेपछि रसिद दिनुपर्ने जस्ता कुराहरूको सिफारिस गरे। तर यसलाई कार्यान्वयन गर्नेतर्फ सरकारबाट कुनै कार्यवाही गरेको देखिंदैंन।

## २.२.३ भूमि सुधार कमिसनको गठन, २००९

विक्रम् सम्वत् २००९ सालमा नारदमुनि थुलुङको अध्यक्षतामा १४ जना सदस्य भएको शाही भूमि सुधार कमिसन गठन भयो। सो कमिसनले मोहियानी हक सुरक्षित गर्ने, मोहीको लगत तथा कमाउने सर्तहरू समेत उल्लेख गरी पटवारीहरूबाट राख्न लगाउने, कुत निश्चित गर्ने, जग्गाको अधिकतम हदबन्दी कायम गरी बढी जग्गाको क्षतिपूर्ति मालपोतको केही गुना दिई जग्गा प्राप्त गरी वितरण गर्ने, विना क्षतिपूर्ति बिर्ता उन्मूलन गर्ने, गुठी जग्गाको मालपोत नगदमा लिने, जग्गाजमिनको लगत स्रेस्ता व्यवस्थित गर्ने जस्ता विभिन्न सिफारिसहरूसहित प्रतिवेदन पेश गरेको देखिन्छ। सो कमिसनको प्रतिवेदनमा धेरै राम्रा कुराहरू समावेश भए तापनि तत्कालीन सरकारले त्यस्ता कुराहरूमा सहमति देखाई किसान हितका कुराहरू गरे तापनि निश्च्ति नीति तय गरी कार्यान्वयन गर्ने काम भने भएको देखिंदैन। साथै उक्त कमिसनले भूमि सुधार कार्यान्वयन गर्ने माध्यमको रूपमा जमिनदार, तालुकदार, पटवारी आदि बनाउन सिफारिस गरेको कुरो त्यति युक्तिसङ्गत थिएन।

## २.२.४ १३ सुत्रीय योजना, २०१२

विक्रम् सम्वत् २०१२ सालमा श्री ५ महेन्द्रबाट भूमि सुधार तथा किसानको बारेमा १३ सुत्रीय योजना घोषणा भयो। सो घोषणामा जग्गाधनीलाई मोहीले दिने कुतबालीको निर्धारण, ऋणको ब्याज सयकडा १० भन्दा बढी लिन नपाउने, सलामी तथा अन्य दस्तुर लिन नपाइने, जग्गाधनी र मोहीबाट एउटा कोष खडा गर्ने, सहकारी बैङ्कको स्थापना गर्ने, मोहियानी हकको सुरक्षा, पर्ति जग्गा सुकुबमासीहरूलाई दिलाउने, जग्गाधनी र जोताहाको लगत तयार गर्ने, बिर्ता जग्गाबाट हुने आम्दानीमा कर लगाउने, मोहीले २ वर्षदेखि जग्गा कमाएको भए मोहियानी हक दिने आदि कुराहरू मुख्य रूपमा उल्लेख गरिएका छन्।

## २.२.५ जग्गा र जग्गा कमाउने लगत खडा गर्ने ऐन, २०१३

विक्रम् सम्वत् २०१३ सालमा बनेको यो ऐनमा गाउँ समितिहरू गठन गरी उनीहरूको सहयोगमा पटवारीले जग्गा कमाउने, मोहीहरूको लगत खडा गर्न फारम भरी सोमा कुत तथा अन्य दायित्व पनि उल्लेख गरी मालअड्डाहरूमा त्यस्तो लगत दिने व्यवस्था गरिएको थियो। बुटवल र सप्तरी जिल्लामा केही काम सुरु गरिएतापनि पछि यो सम्बन्धी कार्य अघि बढेन।

## २.२.६ भूमिसम्बन्धी ऐन, २०१४

यो ऐन लागु हुँदा खास जग्गा जोत्ने व्यक्तिलाई मोही मान्ने र त्यसपछि एक वर्षसम्म जग्गा कमाउनेलाई मोही मान्ने, मोहियानी हक र उनीहरूको सुरक्षा तथा उक्त हक हकवालाहरूमा जान पाउने तर अन्य व्यक्तिलाई मोहीको हक हस्तान्तरण गर्दा जग्गावालाको स्वीकृति चाहिने, जग्गावालले मोहीबाट कुतको रूपमा वार्षिक उब्जनीको आधाभन्दा बढी लिन नपाउने, साविकमा आधाभन्दा कम कुत लाग्ने गरेकोमा सो भन्दा बढाउन नपाइने, सयकडा १० भन्दा बढी ब्याज लिन नपाइने र झारा, सलामी, बेठबेगारी आदि लिन नपाइने जस्ता व्यवस्थाहरू गरेको थियो ।

उक्त ऐनमा विक्रम् सम्वत् २०१६ सालमा पहिलो संशोधन, विक्रम् सम्वत्२०१८ साल मार्ग ९ गते दोस्रो संशोधन भएकोमा केही समयपछि पुनः माघ १४, २०१८ सालमा तेस्रो संशोधन र पुनःव्यवस्थापन ऐन, विक्रम् सम्वत् २०२० द्वारा पुनःसंशोधन भयो ।

विक्रम् सम्वत् २०१६ मा भएको संशोधनबाट मोहियानी हक बेचबिखन तथा दान-दातव्य गर्न पाउने गराइएको देखिन्छ। साथै सरकारी नोकरी भई वा विधवा नाबालक वा कडा रोगी वा विदेश जानु परी, पछि फिर्ता लिने व्यहोरा जनाई कमाउन दिएको जग्गा तोकिएको हदसम्म (तराई भित्री मधेसमा २५ बिघा, काठमाडौं उपत्यकामा २५ रोपनी र पहाडमा ५० रोपनीसम्म) मोही वा सुरक्षित किसानले आफैं जोत्न जग्गा फिर्ता लिनसक्ने व्यवस्था पनि गरिएको थियो ।

उक्त ऐनको व्यवस्थाअनुसार मोहीले कमाएको जग्गाबाट वार्षिक एक मुख्य बालीको अधिँया मात्र लिने प्रचलन रहेको थियो। त्यसपछि अन्य बालीबाट पनि अधिँया लिने प्रयास जग्गाधनीहरूबाट हुनथाल्यो र मोहीहरूलाई प्रतिकूल असर पनि पर्न गयो। सुरक्षित किसान (मोही) को लगत राख्ने काम तराईमा पटवारी र पहाडमा जिम्मावाल मुखियाबाट राख्ने तथा भूमि प्रशासनसम्बन्धी अन्य कार्य पनि उनीहरूबाट नै गराउने व्यवस्था र मोही किसानको हित हुने किसिमको नयाँ कार्यान्वयन संयन्त्र नहुँदा त्यति व्यवस्थित तथा प्रभावकारी हुने सकेन। साथै सो समयमा खास जग्गा जोत्ने व्यक्ति (मगनिवाला) ले दर्तावाला मोहीसँग जग्गा कमाउन लिने गरेको हुँदा खास जोत्ने मोहीको सुरक्षा तथा तिर्नुपर्ने कुतका सम्बन्धमा कुनै व्यवस्था नभएकोले त्यो वर्ग आफूले पाउने सुविधाबाट वञ्चित नै रहेको देखिन्छ।

भूमिसम्बन्धी ऐन, २०१४ काठमाडौं उपत्यकामा केही मात्रामा प्रभावकारी रहे तापनि देशका अन्य भागमा भने सोबाट किसानको हित हुने काममा त्यति प्रभावकारी हुने सकेन। साथै मोहियानी हक खरिद बिक्री हुनसक्ने व्यवस्थाले गर्दा खेतीमा लगानी बढाउने क्षमता नभएका र खेती गर्न वा अन्य सामाजिक कार्यलाई ऋण लिनुपर्ने बाध्यतामा परेका मोहीहरूले जग्गावाला वा साहू महाजनकै हातमा जग्गा दिन बाध्य हुने स्थिति पनि देखापर्‍यो ।

## २.२.७ बिर्ता उन्मूलन ऐन, २०१६

विभिन्न वर्गका जनतामा समानताको भावना उत्पन्न गराई, आर्थिक हित कायम गराउने उद्देश्यले राज्यकर नतिरी जग्गा-जमिन भोग गर्ने सामन्ती प्रथा अन्त्य गर्ने अभिप्रायबाट विक्रम् सम्वत् २०१६ सालमा बिर्ता उन्मूलन गरियो। राज्यले कुनै व्यक्तिलाई निश्चित जग्गा दिई सो जग्गामा सबै मालपोत माफी गरी वा मालपोतभन्दा केही कम रकम मात्र बुझाउनुपर्ने गरी त्यस्तो जग्गाको मालपोत वा आयस्ता जग्गामा पाउने व्यक्तिले (बिर्तावाला) भोग गर्न पाउने बिर्ता जग्गालाई 'क र ख' गरी दुई समूहमा विभाजित गरी निम्न व्यवस्था गरिएको छ।

"क" बिर्ता जग्गा भन्नाले मालपोतसम्म उठाई खान पाउने र सरकारलाई केही तिर्नुपर्ने वा नपर्ने आवादी, आवाद नभएको पर्ति जग्गा तथा जङ्गल समेतलाई जनाउँछ। साथै "ख" श्रेणीको बिर्ता जग्गा भन्नाले "क"श्रेणीको बिर्ता जग्गाबाहेक अरू सबै जग्गा सम्झनुपर्छ भन्ने कुरा ऐनले परिभाषित गरेको छ।

यस बमोजिम सबै प्रकारको बिर्ता जग्गा रैकरमा परिणत भई श्री ५ को सरकारमा भू-स्वामित्व सर्ने व्यवस्था गरी बिर्तावालाको सबै हक अधिकार समाप्त गरियो। "क"श्रेणीको बिर्ता जग्गा साविकमा बिर्तावालालाई मालपोत वा सो सरहको रकम बुझाउने दर्तावाला व्यक्ति (मोही) कै नाममा रैकरमा दर्ता गरी निजले सोझै सरकारलाई मालपोत बुझाउने व्यवस्था गरियो। आवादी जग्गाबाहेक अन्य पर्ति, जङ्गल आदि श्री ५ को सरकारमा रहने व्यवस्था भयो। "ख" श्रेणीको बिर्ता जग्गा (बिर्तावालाले मालपोत भन्दा बढी रकम तथा अन्य आयस्ता समेत दर्तावाला मोहीबाट लिने गरेको हुँदा) सम्बन्धित बिर्तावालाकै नाममा रैकरमा दर्ता गरी निजले सरकारलाई मालपोत बुझाउनुपर्ने व्यवस्था गरियो। साथै खास जग्गा जोत्ने व्यक्तिहरूले मोहियानी हक पाउने व्यवस्था पनि ऐनले गरेको भए तापनि यस ऐनको व्यवस्थाले दर्तावाला मोही (जग्गा नजोत्ने व्यक्ति) को हित गरेको देखिन्छ। बिर्ता उन्मूलन भएको करिब ३५ वर्ष भइसक्दा पनि त्यस्तो जग्गा अझै रैकरमा परिणत गरी दर्ता गर्ने काम विभिन्न कारणहरूले पूर्णरूपले सम्पन्न हुने सकेको छैन।

## २.२.८ कृषिसम्बन्धी (नयाँ व्यवस्था) ऐन, २०१९

नेपालको आर्थिक विकासमा द्रुततर गति ल्याउन, कृषिबाट पूँजी र श्रम झिकी गैरकृषि क्षेत्रको विकासमा लगाउन, कृषिको उत्पादन अत्याधिक वृद्धि गराएर र कृषकहरूको जीवनस्तरमा सुधार ल्याउन, वास्तविक किसानहरूले आवश्यक ज्ञान, साधन र प्रोत्साहन पाउने गरी कृषि सम्बन्धमा नयाँ व्यवस्था गर्ने उद्देश्य राखी उक्त ऐन ल्याइएको देखिन्छ।

यो ऐनले कुनै किसिमले एक वर्ष अरूको जग्गा जोतेको भए मोहियानी हक कायम हुने र आफूले बुझाउनुपर्ने कुत बुझाई रहेसम्म मोहीलाई निकाल्न नपाइने गरी मोहियानी हकको

संरक्षण गरेको थियो। कुत वार्षिक उब्जनीको आधाभन्दा बढी नहुने र सोभन्दा कम नै पहिलेदेखि तिरिरहेको भए सोमा बढाउन नपाइने व्यवस्था पनि गरिएको देखिन्छ। त्यस्तै जग्गाको अधिकतम हदबन्दी कायम गरी तराईमा २५ बिघा, काठमाडौं उपत्यकामा ५० रोपनी, अन्य पहाडी जिल्लाहरूमा ८० रोपनी तोकिएको पाइन्छ। यसरी तोकिएको हदबन्दीभन्दा बढी जग्गाको तोकिएको मुआब्जा दिने र सैकडा १० नगदमा, बाँकी १० वर्षे अवधिको ऋणपत्र दिने, बढी भएको जग्गा मोही वा अरू जग्गा नभएका व्यक्तिहरूलाई वितरण गरी सोको मुल्य वार्षिक किस्ताबन्दीमा लिने जस्ता व्यवस्थाहरू गरिएका थिए।

यो ऐन तोकिएको क्षेत्रमा तोकिएको मितिदेखि लागु हुने गरी व्यवस्था भएअनुसार प्रयोगात्मक रूपमा झापा, चितवन र पाल्पाको एकएक गाउँ पञ्चाएयतमा लागु गरिएको थियो। झापाको बुधबारेमा यसको कार्यान्वयनमा बढी ध्यान दिइएको थियो। सो ऐनको कार्यान्वयनको अनुभवलाई समेत ध्यानमा राखी भूमिसम्बन्धी ऐन, २०२१ बनेको देखिन्छ।

माथि उल्लेख भए अनुसार विक्रम् सम्वत् २००७ सालमा भएको राजनीतिक परिवर्तनपछि भूमि व्यवस्थामा सुधार गरी जग्गा जोत्ने खास किसानहरूको हित गर्ने दृष्टिले विभिन्न प्रयासहरू भएको देखिन्छ। तर मुख्यरूपले कार्यान्वयन यन्त्रको संस्थागत (प्रभावकारी) व्यवस्था नहुनु, मोहीहरूको लगत कायम हुन नसक्नु र सुधारप्रति कटिवद्धता र दृढताको कमी जस्ता कारणहरूले थालिएका विभिन्न कदमहरूले सफलता हासिल गर्न सकेनन्।

## २.३ भूमिसम्बन्धी विद्यमान व्यवस्था (भूमिसम्बन्धी ऐन, २०२१)

देशको भूमिसम्बन्धी वर्तमान व्यवस्था भूमिसम्बन्धी ऐन, २०२१ ले निर्दिष्ट गरेको छ। अधिराज्यभर व्यवस्थित तथा चरणबद्ध रूपमा उक्त भूमि सुधार कार्यक्रम लागु गर्ने उद्देश्य अनुरूप विक्रम् सम्वत्२०२१ सालमा यो बनेको देखिन्छ। उक्त ऐनको प्रस्तावनामा यसका मूल उद्देश्यहरू निम्नानुसार उल्लेख भएका छन् -

१. देशको आर्थिक विकासमा द्रुततर गति ल्याउन भूमिबाट निष्क्रिय पूँजी र जनसङ्ख्याको भार झिकी अर्थव्यवस्थाका अन्य क्षेत्रमा लगाउन,

२. कृषियोग्य भूमिको न्यायोचित वितरण गर्न,

३. कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन र

४. कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गर्न

भूमिसम्बन्धी ऐन, २०२१ तथा नियमहरू गरिएका मुख्य व्यवस्थाहरू निम्न बमोजिम रहेका छन् -

## २.३.१ जग्गामा अधिकतम हदबन्दी व्यवस्था

जग्गामा अधिकतम हदबन्दी निर्धारण गरी प्रत्येक परिवारलाई तराई र भित्री मधेसमा २५ बिघा, पहाडी क्षेत्रमा ८० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनी तोकिनुको साथै घरबारीको लागि थप तराई, पहाड र काठमाडौं उपत्यकामा क्रमशः ३ बिघा, १६ रोपनी र ८ रोपनी तोकिएको छ। जनसङ्ख्या र आवादी जग्गाको अनुपातमा उक्त बमोजिमको हदबन्दी तोकिएको देखिन्छ। तोकिएको हदबन्दीभन्दा बढी जग्गा प्राप्त गरी मोही, मोहियानीको हदबन्दीभन्दा कम जग्गा हुने सँधियार जग्गावालालाई सो हदसम्म पुऱ्याउन तथा जग्गा नै नहुने व्यक्तिहरूलाई वितरण गरी सोको क्षतिपूर्ति वापत आवादी जग्गा भए मालपोतको १० देखि ३० गुणा, बाँसबारी खरबारी जग्गा मालपोतको ५ देखि १० गुणा र पर्ति जग्गा भए १ वर्षको मालपोत बराबरको रकम जग्गा पाउने व्यक्तिबाट किस्ताबन्दीमा लिई सम्बन्धित जग्गावालालाई क्षतिपूर्ति दिने व्यवस्था गरिएको छ। कसैले जग्गाको फाँटबारी, झुठो, अधुरो विवरण पेश गरेमा वा लुकाएको भनी कसैको उजुरी परी ठहर भएमा त्यस्तो जग्गा जफत गरी त्यसको क्षतिपूर्ति पनि नपाउने कानुनी व्यवस्था रहेको छ। औद्योगिक काम, कृषि उद्योग, शिक्षण तथा स्वास्थ्य संस्थाहरू तथा सहकारी खेती जस्ता निश्चित उद्देश्यका लागि प्रयोग भएका जग्गाहरूमा हदबन्दीमा छुट दिन सकिने व्यवस्था पनि छ।

## २.३.२ मोहीसम्बन्धी व्यवस्था

आफ्नो परिवारको श्रमले मुख्य एक बाली कमाउने व्यक्तिले मोहियानी हक पाउने भई निजले आफूले बुझाउनुपर्ने कुत बुझाउन्जेल वा आफ्नो कर्तव्य पूरा गरुन्जेल मोहियानी हकबाट वञ्चित नहुने गरी सुरक्षित रहने व्यवस्था उक्त ऐनले गरेको छ। मोहीको हैसियतले कमाउने जग्गाको पनि हदबन्दी तोकी तराईमा ४ बिघा, पहाडमा २० रोपनी र काठमाडौं उपत्यकामा १० रोपनी कायम गरिएको छ। मोहियानी हक-हस्तान्तरण गर्न नपाइने तर हकवालामा नामसारी भने हुने व्यवस्था रहे तापनि जग्गावालाले पत्याएको मोहीको पति-पत्नी वा छोराहरूमध्येका एक व्यक्तिले मात्र पाउने व्यवस्था रहेको छ। मोही लागेको जग्गा विशेष अवस्थामा मात्र जग्गावालाले झिक्न पाउने व्यवस्था पनि रहेको छ। यसअनुसार जग्गावालाले बसोबास गर्न तथा घर बनाउनको लागि निश्चित जग्गा (तराई भित्री मधेसको गाविसमा आधा बिघा र नगरपालिकामा ४ कट्ठा, काठमाडौं उपत्यकामा ५ रोपनी, अन्य पहाडी क्षेत्रका गाविसमा १० रोपनी र नगरपालिकामा ५ रोपनीसम्म) मोहीलाई जग्गाको मोलको २५ प्रतिशत क्षतिपूर्ति दिएर मात्र झिक्न पाउनेछ। त्यस्तै सैनिक सेवामा रहेको व्यक्ति वा नाबालक वा कडा रोग लागेको वा मगज

बिग्रेको व्यक्तिले मोहीलाई कमाउन दिएकोमा निज जग्गावालाहरूले आफैंले जग्गा कमाउन सक्ने भएमा त्यस्तो जग्गा झिक्न पाइने व्यवस्था रहेको छ।

मोहीले जग्गावालालाई बुझाउनुपर्ने कुत पनि वार्षिक उब्जनीको ५० प्रतिशतभन्दा बढी बुझाउन नपर्ने व्यवस्था सुरुमा भए तापनि पछि २०२५ सालमा मुख्य बालीको आधा मात्र कुत बुझाउनुपर्ने व्यवस्था भएको देखिन्छ। तर काठमाडौ उपत्यकाभित्र भने विक्रम् सम्वत् २०२१ सालमा नै जग्गाको किसिमअनुसार निश्चित अङ्कमा नै कुत तोकिएको थियो।

त्यसपछि विक्रम् सम्वत् २०२८ सालमा नारायणी अञ्चलका तराईका ४ जिल्ला, विक्रम् सम्वत् २०३० सालमा पूर्वी तराईका बाँकी ८ जिल्लासमेत गरी जम्मा १२ जिल्लामा निश्चित अङ्कमा कुत तोकियो। जग्गाको किसिमअनुसार ६ वटा वर्गीकरणअनुसार छुट्टा-छुट्टै दर कायम गरिएको पाइन्छ। पुनः २०४० सालमा पश्चिम तराईका ८ जिल्ला र भित्री मधेसका ४ जिल्लासमेत १२ जिल्लामा प्रत्येक कित्ताअनुसार उब्जनीको आधारमा स्थानीय समितिबाट उब्जनीको ३ खण्डको १ खण्ड हुने गरी कुत तोक्ने व्यवस्था गरिएको छ।

## २.३.३ अनिवार्य बचत सङ्कलन गर्ने व्यवस्था

अनिवार्य बचत सङ्कलन गर्ने व्यवस्था पनि उक्त भूमि सुधार कार्यक्रमसँगै सुरु भई सबै जग्गावाला र मोहीले आफ्नो उब्जनीको केही हिस्सा प्रत्येक वडास्तरमा गठन गरिएको वडा समितिमा जम्मा गरेपछि सयकडा ५ प्रतिशत ब्याज सहित ५ वर्षपछि फिर्ता पाउने र त्यसरी जम्मा भएको रकमबाट किसानहरूलाई कृषि ऋण उपलब्ध गराउने एउटा मौलिक कार्यक्रमको रूपमा सुरु भएको थियो। यस व्यवस्थाअनुसार सुरुमा तराईतर्फ प्रति बिघा आफ्नो जग्गा आफै कमाउने जग्गावालाबाट साढे १ मन, अरूलाई कमाउन दिने जग्गावालाबाट १ मन, मोहीबाट आधी मन र पहाडतर्फ प्रतिरोपनी क्रमशः ६ माना, ४ माना र २ मानाका दरले जिन्सीमा नै असुल गर्ने गरिएकोमा पछि सो दर घटाउनुको साथै जिन्सीको बदलामा नगदीमा नै लिने व्यवस्था गरियो। सुरुका वर्षहरूमा अनिवार्य बचत सङ्कलन गर्ने तथा सोबाट ऋण उपलब्ध गराउने काम राम्रोसँग सञ्चालन भए तापनि पछि त्यसमा केही कमजोरीहरू आई स्थगित नै गरियो र सङ्कलित बचत फिर्ता दिने काम सुरु भई धेरै जसो रकम हाल फिर्ता पनि भइसकेको छ।

## २.३.४ कृषि ऋण निश्चित गर्ने व्यवस्था

कृषि ऋण निश्चित गर्ने व्यवस्थाअन्तर्गत किसानसँग असुल गर्न बाँकी कृषिऋणको फाँटवारी, ऋण दिने व्यक्तिहरूसँग लिनुको साथै ऋण लिने किसानहरूले पनि आफूले लिएको ऋण तथा तिरेको रकमसम्बन्धी विवरण उल्लेख गराई, फारम भराई सयकडा १० भन्दा बढी ब्याज वा

आयस्ता लिने गरेको भए सो भन्दा बढी रकम सावाँमा कट्टा हुने गरी कृषि ऋण निश्चित गर्ने कार्यक्रमबाट निकै व्यक्तिहरू लाभान्वित भएका थिए। सोही व्यवस्थाअन्तर्गत भोगबन्धकीमा दिएको जग्गा पनि यस व्यवस्थाअनुसार धेरै आसामी किसानहरूले फिर्ता पाएका छन्।

## २.३.५ जिमिदारी उन्मूलनसम्बन्धी व्यवस्था

जग्गाको स्वामित्व वापत सरकारलाई बुझाउनुपर्ने मालपोत सरकारबाट सोझै असुल नगरी जिमिदार, पटवारी, जिम्मवाल, मुखिया आदिको रूपमा रहेका मध्यस्थहरूबाट असुल गर्ने तथा भूमि प्रशासनसम्बन्धी कार्य पनि उनीहरूबाट नै हुने गरेबाट विभिन्न शोषण तथा अनुचित कार्य पनि हुने गरेकोले सरकार र जनताको प्रत्यक्ष सम्बन्ध कायम गर्ने दृष्टिले भूमिसम्बन्धी ऐन, विक्रम् सम्वत् २०२१ बाट जिमिदारी प्रथा उन्मूलन गरिने कानुनी व्यवस्था गरियो। तर सो उन्मूलन गर्ने काम भने जग्गाको कित्ता नापीको काम समाप्त भएका जिल्लाहरूमा क्रमिक रूपले लागु गरिएको छ। जसअनुसार हालसम्म अधिराज्यका ७५ जिल्ला मध्ये ६४ जिल्लामा मालपोत ऐन लागू भई जिमिदारी तथा तालुकदारी प्रथाको अन्त्य भइसकेको छ।

## २.३.६ खेती गर्ने सम्बन्धमा निर्देशन दिन सक्ने व्यवस्था

खेती गर्ने सम्बन्धमा निर्देशन दिन सक्ने व्यवस्था पनि भूमिसम्बन्धी ऐनमा गरिएको छ। निर्धारित तरिकाले एकभन्दा बढी बाली लगाई खेती गर्न निर्देशन श्री ५ को सरकारले दिन सक्ने र सोअनुसार जग्गावाला र मोहीले गर्नुपर्ने कर्तव्य हुने व्यवस्था गरिए तापनि सो कार्यान्वयन भएको भने देखिँदैन।

विक्रम् सम्वत् २०२१ सालमा सुरु गरिएको भूमि सुधार कार्यक्रम पहिलो वर्ष १६ जिल्लामा, दोस्रो वर्ष (२०२२ साल) मा २५ जिल्ला र तेस्रो वर्ष (२०२३ साल) मा बाँकी ३४ जिल्लामा लागु भएको थियो।

# परिच्छेद- ३

## भूमिमाथिको दोहोरो नियन्त्रण व्यवस्था

यस परिच्छेदमा मोहियानी व्यवस्थाको ऐतिहासिक पृष्ठभूमि, मोहियानीसम्बन्धी विद्यमान व्यवस्था तथा विविध पक्षहरूको विवेचना, दोहोरो नियन्त्रण प्रथाको अन्त्य गर्नुको औचित्य, विभिन्न राजनीतिक दलहरूले यससम्बन्धी व्यक्त गरेको प्रतिवद्धता, दोहोरो नियन्त्रणका सम्बन्धमा विभिन्न, योजनाहरूमा उल्लेख गरिंदै आएका विचार आदिको उल्लेख गर्नुका साथै दोहोरो नियन्त्रण व्यवस्थाको अन्त्य कसरी गर्ने भन्ने सम्बन्धमा सुझाव दिइएको छ।

### ३.१ ऐतिहासिक पृष्ठभूमि

भूमि प्रकृतिप्रदत्त वस्तु भए तापनि मानव जातिको जीवन निर्वाहका लागि आवश्यक वस्तुको उत्पादन गर्ने प्रमुख साधनको रूपमा यसको विकास हुँदै गएर राम्रो उब्जनी हुने जग्गा पहिले उपयोग भई क्रमिक रूपमा मानव जातिको सङ्ख्या बढ्दै जाँदा क्रमशः नराम्रो जग्गासमेत उपयोग हुँदै आएको देखिन्छ। फलस्वरूप भूमिको सीमितताले भोग गर्ने व्यक्तिको स्वामित्व कायम हुने प्रचलन सुरु भयो। यसरी राज्य वा सरकारको स्वामित्वको जग्गा व्यक्ति विशेषलाई भोग गर्न दिए वापत सरकारी खर्च चलाउन उत्पादनको केही हिस्सा कुत वा तिरो, मालपोतको रूपमा लिने प्रथा सुरु भयो। कुनै जग्गा व्यक्तिको स्वामित्वमा रहे पनि आफैंले नकमाई अरूलाई कमाउन दिने र उसबाट उत्पादनको निश्चित हिस्सा लिने व्यवस्था परापूर्वकालदेखि नै चलिआएको देखिन्छ। यसरी एउटा जग्गामा एक व्यक्तिको स्वामित्व रहेको र सो जग्गा अर्को व्यक्तिबाट जोत-कमोत गर्ने व्यवस्था रही आएको छ। यसैलाई नै मोहियानी व्यवस्था वा भूमिमा रहेको द्वैध स्वामित्व भन्ने गरिएको छ।

मनुस्मृति तथा कौटिल्यको अर्थशास्त्रमा पनि भूमिमा एउटाको स्वामित्व र अर्को कमाउने व्यक्ति हुने विभिन्न व्यवस्थाहरूको उल्लेख भएको पाइन्छ। नेपालमा पनि लिच्छवीकालदेखि नै कुत तोक्ने प्रथाको विकास भई राजा राम शाह तथा श्री ५ वडा महाराजधिराज पृथ्वीनारायण शाहको समयमा पनि मोही र जग्गावालाको सम्बन्धमा गरिएका विभिन्न व्यवस्थाहरू ऐतिहासिक तथ्यहरूबाट देखिन्छन्। श्री ५ सुरेन्द्रको शासनकालमा तत्कालीन प्रधानमन्त्री जंगबहादुर राणाको पालामा विक्रम सम्वत् १९१० सालमा एकीकृतरूपमा बनेको मुलुकी

ऐनका विभिन्न महलहरूमा मोहियानी व्यवस्था, कुतसम्बन्धी कुरा, जग्गा कमाउन दिने तथा झिक्न पाउने विभिन्नि व्यवस्था आदि रहेका देखिन्छन्। नेपालमा धेरै लामो अवधिसम्म विक्रम् सम्वत् १९९० सालको मुलुकी ऐनमा समयसमयमा केही संशोधन तथा परिमार्जन भए तापनि मूल रूपमा सोही ऐनको व्यवस्थानुसार भूमि तथा जग्गावाला र मोहीसम्बन्धी व्यवस्थाहरू नै कायम रहेका थिए। विक्रम् सम्वत् २००६ सालभन्दा पहिलेसम्म नेपालमा कूल आवादी जग्गाको करिब ६० प्रतिशत जग्गा मोहीहरूले कमाउने गरेको अनुमान छ। विभिन्न प्रकारका भूमिव्यवस्थाअन्तर्गतका जग्गा कमाउने मोहीहरूले मध्यस्थको रूपमा रहेका जग्गावालाहरूलाई कुतको रूपमा मुख्यरूपले (क) उब्जनीको आधा (ख) निश्चित अङ्कमा कुत (ग) विभिन्न किसिमका सेवा वा कामहरू गरिदिने व्यवस्था प्रचलनमा रहेका देखिन्छन्।

अधिँया व्यवस्थाअन्तर्गत मोहीले जग्गावालालाई मुख्य बालीको उब्जनीको आधा दिने भए तापनि कतैकतै (खास गरी तराई क्षेत्रमा) अरू बालीको पनि आधा दिने व्यवस्था रहेको देखिन्छ। यस्तो अधिँया व्यवस्था नै सबैभन्दा बढी (कूल मोही लागेको जग्गाको ६८ प्रतिशत) चलनमा रहेको कुरा भूमि सुधारको मुल्याङ्कनसम्बन्धी विश्वर खाद्य कृषि सङ्गठनका विशेषज्ञ जमानको १९७३ को रिपोर्टमा उल्लेख छ। त्यस्तै निश्चित अङ्कमा कुत दिने व्यवस्था करिब २९ प्रतिशत जग्गामा रहेको र कुतको बदलामा विभिन्न काम वा सेवा गरिदिने व्यवस्था करिब ३ प्रतिशत मोहियानी लागेको जग्गामा रहेको कुरा पनि उक्त प्रतिवेदनबाट देखिन्छ।

नेपालमा विक्रम् सम्वत् २००७ सालभन्दा पहिले आधाभन्दा बढी जग्गा मोहीले नै कमाउने गरेको भए पनि उनीहरूको हकहितको सुरक्षा हुने किसिमले कुनै ऐन कानुन तथा नीतिहरू नभएको हुँदा मोहीले जग्गावालाको स्वेच्छाचारी शोषणमा रहनु पर्ने अवस्था थियो।

विक्रम् सम्वत् २००७ सालको राजनीतिक परिवर्तनपछि किसानहरूको हकहित संरक्षण गर्न विभिन्न आयोगहरू गठन भएका तथा ऐन कानुनहरू पनि बनेका भए तापनि (जसको उल्लेख परिच्छेद-२ को २.२ मा भइसकेको छ) त्यसको कार्यान्वयन व्यवस्था प्रभावकारी नभएको र सुधारप्रति राजनीतिक कटिबद्धता र दृढताको कमीको कारणले सन्तोषजनक उपलब्धि हुन सकेको देखिंदैन।

## ३.२ मोहियानीसम्बन्धी विद्यमान कानुनी व्यवस्था

भूमि सुधारको क्षेत्रमा कार्यान्वयनस्तरमा आएको पहिलो ऐन नै भूमिसम्बन्धी ऐन, २०२१ हो। २०२१ सालमा बनेको भूमिसम्बन्धी ऐन तथा नियमावलीमा समय-समयमा भएका संशोधनहरू अनुसार नै मोहियानी सम्बन्धमा हालसम्म कानुनी व्यवस्थाहरू प्रचलनमा रहेका छन्। सो सम्बन्धी व्यवस्थालाई छोटकरीमा देहाय बमोजिम उल्लेख गर्न सकिन्छः-

१. आफू वा आफ्नो परिवारको श्रमले एक मुख्य बाली कमाउने व्यक्तिको मोहियानी हक पाउने भई, निजले जग्गावालालाई बुझाउनुपर्ने कुत बुझाउञ्जेल वा आफ्तो

कर्तव्य पुरा नगरुञ्जेलल मोहियानी हकबाट वञ्चित नहुने गरी सुरक्षित रहने व्यवस्था छ।

२. मोहीको हैसियतले कमाउन पाउने जग्गाका हदबन्दी तोकी तराईमा ४ बिघा, पहाडमा २० रोपनी र काठमाडौं उपत्यकामा १० रोपनी कायम गरिएको छ।

३. मोहियानी हक हस्तान्तरण (बिक्री) गर्न नपाइने तर हकवालामा नामसारी हुने व्यवस्था रहे तापनि जग्गावालाले पत्याएको मोहीका पति-पत्नी वा छोराहरू मध्येका एक व्यक्तिले मात्र पाउने व्यवस्था रहेको छ।

४. मोही लागेको जग्गा विशेष अवस्थामा मात्र जग्गावालाले झिक्न पाउने व्यवस्था पनि गरेको छ। जसअनुसार जग्गावालाले बसोबास गर्न तथा घर बनाउनको लागि निश्चित जग्गा (तराई र भित्री मधेसको गाविस क्षेत्रको लागि आधा बिघा र नगरपालिका क्षेत्रमा ४ कठ्ठा, काठमाडौं उपत्यकामा ५ रोपनी, नगरपालिका इलाकामा ५ रोपनीसम्म) मोहीलाई जग्गाको मोलको २५ प्रतिशत क्षतिपूर्ति दिई झिक्न पाइनेछ। सैनिक सेवामा रहेका व्यक्ति वा नाबालक कडा रोग लागेको वा मगज बिग्रेको भई मोहीलाई कमाउन दिएको जग्गा झिक्न पाउने व्यवस्था रहेको छ।

५. जग्गावालाबाट कुनै सर्तमा कमाउन लिएको जग्गा आफैं वा आफ्नो परिवारको श्रमले नकमाई अरूलाई कमाउन दिएको भए खास जग्गा कमाउने व्यक्तिलाई मोहियानी हक दिई जग्गावाला र खास जोताहाको बीचमा रही जग्गा नकमाउने व्यक्ति (दर्तावाला मोही) को सबै अधिकार समाप्त हुने पनि व्यवस्था रहेकोमा विक्रम् सम्वत् २०२५ सालमा भएको संशोधनले उक्त व्यवस्थालाई खारेज गरेको देखिन्छ।

६. मोहियानी हक प्राप्त नहुने अवस्था निम्न बमोजिम तोकिएको छः

   क. घरबारीको जग्गा कमाउने व्यक्ति

   ख. गैह्र नेपाली नागरिक

   ग. श्री ५ को सरकारको स्वामित्व भएको जग्गा कमाउने व्यक्ति

   घ. औद्योगिक व्यवसायको निमित्त श्री ५ को सरकारले तोकिदिएको जग्गा कमाउने व्यक्ति

विक्रम् सम्वत् २०२१ सालमा सुरुमा ऐन बन्दा माथिको (क) र (ख) को साथै गुठी संस्थानअन्तर्गतको जग्गामा पनि मोहियानी हक नलाग्ने व्यवस्था रहेकोमा विक्रम् सम्वत् २०२५ सालमा संशोधन भई गुठी जग्गामा पनि मोहियानी हक कायम हुने गरियो र माथि उल्लेखित (ग) र (घ) को व्यवस्था थप गरिएको थियो ।

७. मोहीले निर्धारित समयभित्र कुत नबुझाएमा, जानीबुझी जग्गाको मोल वा उब्जा घट्ने काम गरेमा वा १ वर्षसम्म खेती नगरेमा मोहीलाई निष्कासन गर्नसक्ने कानुनी प्रावधान रहेको छ।

८ मोहीहरूको लगत लिन टोली गठन गरी लिइएको लगतअनुसार सूचना प्रकाशित गरी सोमा कसैको उजुरी परेमा छानवीन गरी यकिन भएपछि मोही कायम भएको अस्थायी निस्सा दिने र पछि स्थायी प्रमाण दिने व्यवस्था पनि ऐन नियममा गरिएको छ।

९ भूमिसम्बन्धी ऐन, विक्रम् सम्वत् २०२१ लागु भएको सुरुको अवस्थामा मात्र मोहीको लगत लिई मोही कायम गर्न सकिने, त्यसपछि एक मुख्य बाली कमाए पनि मोहियानी हक पाउनको लागि कुत बुझाएको रसिद र कबुलियत हुनुपर्ने कानुनी व्यवस्था रहेको कुरा सर्वोच्च अदालतबाट सिद्वान्त प्रतिपादित भएपछि नयाँ मोही कायम गर्न कठिनाई हुने भएकोले २०३८ सालमा ऐनमा संशोधन भई छुट्टै समिति गठन गरी उजुरीको आधारमा छानवीन गरी मोही कायम गर्नसक्ने व्यवस्था पनि भएको देखिन्छ। तर सो व्यवस्था दाङ जिल्लामा मात्र लागु भई अरू जिल्लामा लागु गरिएको छैन।

## ३.३ मोहियानीसम्बन्धी वर्तमान अवस्थाको विवेचना

भूमिव्यवस्थापन सुधार गर्ने दृष्टिले विक्रम् सम्वत् २०२१ सालमा सुरु गरिएको भूमि सुधार कार्यक्रमले मोहियानी व्यवस्थाका सम्बन्धमा निकै महत्वपूर्ण कदम चालेको देखिन्छ। विक्रम् सम्वत् २०१४ सालमा बनेको भूमिसम्बन्धी ऐनमा पनि मोहियानी सम्बन्धमा निकै व्यवस्थाहरू गरिएको भए तापनि सो राम्रोसँग कार्यान्वयन हुन नसकेको हुँदा सो अनुभवलाई पनि ध्यानमा राखी विक्रम् सम्वत् २०२१ सालमा भूमि सुधार कार्यक्रम कार्यान्वयन गर्न छुट्टै प्रशासकीय निकायको स्थापना गरियो। यसले ऐनमा विभिन्न व्यवस्था गरी मोहीहरूको लगत लिने, उनीहरूको हक सुरक्षित गर्ने तथा जनचेतना अभिवृद्धि गर्ने जस्ता कामहरू गरेको छ। कार्यक्रम कार्यान्वयन गर्दा सुरुका वर्षहरूमा उत्साह देखिए तापनि पछि आएर सो कम हुँदै गयो। राजनीतिक कटिबद्धता तथा उपर्युक्त कदमको अभावमा यसले आफ्नो उद्देश्य प्राप्त गर्न सकेन।

### ३.३.१ मोही कायम गरी मोहियानी हक सुरक्षित गर्ने

हालको कानुनी व्यवस्थाअनुसार निम्न ३ वटा प्रक्रियाबाट मोहियानी हक कायम हुने व्यवस्था रहेको छ।

भूमि सम्बन्धी ऐन, २०२१ लागु हुँदा अरूको जग्गा कुनै सर्तमा कमाई रहेका व्यक्तिहरूको लगत लिई सोको आधारमा सूचना प्रकाशित गरी, अस्थायी निस्सा र नापी भएपछि स्थायी प्रमाणपत्र पाउने व्यक्तिलाई मोहियानी हक प्राप्त हुन्छ। यस व्यवस्थाअन्तर्गत लिएको लगतअनुसार अधिराज्यभरको जग्गाको जोतसम्बन्धी अवस्था निम्न बमोजिम कायम हुन आएको देखिन्छ।

### भूमि सुधार कार्यक्रम लागु हुँदा (२०२१ देखि २०२३ सम्म) लिइएको लगतअनुसार जोतसम्बन्धी स्थिति

## तालिका ३.१

| जोतको प्रकार | कृषक परिवार सङ्ख्या | | जग्गाको क्षेत्रफल | |
|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | बिघामा | प्रतिशत |
| १. आफ्नो जग्गा आफै कमाउने जग्गावाला | १३,४७,३२२१ | ७४.१४ | १३५६६६५ | ६३.९५ |
| २. आफ्नो र अरूको जग्गा समेत कमाउने मोही | २,७१,२०२ | १४.९२ | आफ्नो २,५२,५१६<br>अरूको २,०८,२५९<br>जम्मा ४,६०,७७५ | ११.९०<br>९.८२<br>२१.७२ |
| ३. अरूको मात्र जग्गा कमाउने मोही | १,९८,७३३ | १०.९४ | ३,३०,९५५ | १४.३३ |
| **जम्मा** | **१८,१७,२४६** | **१००** | **२१,२१,३९५** | **१००** |

उक्त तालिकाअनुसार नेपालको जम्मा कृषक परिवारमध्ये आफ्नो जग्गा आफैं कमाउने परिवार सङ्ख्या७४.१४ प्रतिशतले जम्मा ७५.८५ प्रतिशत जग्गा कमाएको देखियो भने मोहियानीको जग्गा कमाउने परिवार सङ्ख्या २५.८६ प्रतिशतले २४.१४ प्रतिशत कमाएको देखिन्छ। त्यस्तै भौगोलिक क्षेत्रअनुसार मोहीको सङ्ख्या र कमाएको जग्गाको स्थिति निम्न तालिकाबाट देखिन्छ।

## भौगोलिक क्षेत्रअनुसार मोहीको सङ्ख्या र कमाएको जग्गाको स्थिति

## तालिका ३.२

| क्षेत्र | जिल्ला सङ्ख्या | मोहीको परिवार | | जग्गा क्षेत्रफल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | बिघा | प्रतिशत |
| उच्च पहाडी | १६ | २८,२४९ | ६.०१ | ६,६८६ | १.३१ |
| पहाडी | ३६ | १,१४,३४४ | २४.३३ | ५९,६०९ | ११.६४ |
| काठमाडौं उपत्यका | ३ | ५८,२४५ | १२.४० | २८,६९८ | ५.६० |
| तराई | २० | २,६९,०९७ | ५७.२६ | ४१७२२१ | ८१.४५ |
| जम्मा | ७५ | ४,६९,९३५ | १०० | ५१२२९४ | १०० |

माथिको तालिकाअनुसार मोहियानीमा कमाएको जग्गा ८१.४५ प्रतिशत तराई क्षेत्रका २० जिल्लामा र बाँकी ५५ जिल्लामा १८.५५ प्रतिशत मात्र रहेको छ भने मोहीको सङ्ख्या मध्ये पनि ५७.२६ प्रतिशत तराईमा नै केन्द्रित रहेको देखिन्छ।

क. भूमि सुधार कार्यक्रम लागु भई मोहीको लगत लिने काम काठमाडौं उपत्यकामा करिब ७० प्रतिशत मोही कायम गरिएको अनुमान छ भने तराईका जिल्लाहरूमा करिब ५० देखि ७० प्रतिशतसम्म मोही कायम भएको अनुमान गरिएको कुरा सन् १९७० अक्टोबर मा भूमि सुधारसम्बन्धी राष्ट्रिय गोष्ठीको प्रतिवेदनमा उल्लेख छ। अनुपस्थित जग्गावाला र जग्गा रहेको ठाउँमा बसोबास गर्ने जग्गावालामध्ये आफ्नो सबै जग्गा अरूलाई नै कमाउन दिएका जग्गाका मोहीहरूले भने आफ्नो मोहियानी हक कायम गराउन सकेका थिए। तर केही जग्गा आफै कमाउने र कोही जग्गा अरूलाई कमाउन दिने जग्गावालाले आफ्नो हक सबै जग्गामा आफूले लेखाई मोहीलाई प्रायशः लेखाउन दिएनन्। साथै आफ्नो जग्गा आफै कमाउने र अरूको जग्गासमेत कमाउने मोहीहरूको आर्थिक अवस्था केही राम्रो हुने र केही जान्ने-बुझ्ने पनि भएका हुँदा तिनीहरू आफ्नो लिन बढी सफल भएका देखिन्छन्। शुद्ध मोही (अरूको जग्गा मात्र कमाउने मोही) को आर्थिक अवस्था नराम्रो हुने कारणले र असचेतताले तथा जग्गावालाको प्रभावले गर्दा आफ्नो मोहियानी हक कायम गराउन त्यति सफल हुन नसकेको पनि देखिन्छ। उक्त तथ्याङ्कअनुसार अधिराज्यभर कायम भएका जम्मा ४,६९,९३५ मोही मध्ये २,७१,२०२ (५७.२९ प्रतिशत) मात्र कायम भएको देखिन्छ।

ख. मोही कायम हुने अर्को प्रक्रियाको रूपमा भूमि ऐन, २०२१ लागु भइसकेपछि एक मुख्य वार्षिक बाली कमाउने मोहीले मोहियानी हक पाउने व्यवस्था रहेको छ। ऐन नियमका अन्य व्यवस्थाले सर्वोच्च अदालतबाट प्रतिपादित सिद्वान्तको आधारमा जग्गावाला र मोहीबीच लिखित कबुलियत एवम् कुत बुझेको भरपाईबिना जग्गा जोतेको भए पनि मोहियानी हक दिन वा कायम हुन नसक्ने अवस्था रहेको छ। व्यवहारमा जग्गावाला कसैले पनि कबुलियत वा भरपाई नगर्ने हुँदा ऐनको उक्त व्यवस्था प्रभावहीन नै रहेको छ। भूमि सुधार कार्यक्रम लागु भएका सुरुका वर्षहरूमा लगतको आधारमा मोहियानी कायम भइसकेपछि पनि कसैको लगत लिन छुटेको भए पुनः लगत लिने वा निवेदन उजुरीको आधारमा मोहियानी हक कायम गरिदिने गरेको देखिए तापनि पछि सर्वोच्चन अदालतबाट उक्त सिद्वान्त प्रतिपादित भएपछि कबुलियत तथा भरपाईबिना मोहियानी हक कायम हुन नसक्ने अवस्था छ।

नयाँ मोही कायम गरिपाऊँ भन्ने किसिमका ४५,४३३ वटा उजुरी निवेदन अधिराज्यभरमा परेकोमा सुरुका वर्षहरूमा केहीले मोहियानी हक पाए तापनि पछि भने पाउन सकेनन्। त्यस्ता उजुरी हुने मध्ये ७२.३८ प्रतिशत तराईका २० जिल्लामा, १४.३६ प्रतिशत काठमाडौंमा र बाँकी पहाडी जिल्लामा जम्मा १३.२७ प्रतिशत रहेका देखिन्छन्। उजुरीको सङ्ख्याबाट पनि मोही कायम हुन निकै बाँकी छ र त्यस्तो समस्या बढी तराई र उपत्यकामा रहेको छ।

ग. मोही कायम हुने तेस्रो प्रक्रियामा २०३८ सालमा, भूमिसम्बन्धी ऐन, २०२१ मा संशोधन भएपछि तोकिएका जिल्लामा तोकिएको समितिले उजुरीको आधारमा सरजमिन बुझी (कबुलियत, भरपाई नभए पनि) मोहियानी हक कायम गर्न सक्ने कानुनी व्यवस्था गरियो। तर यो व्यवस्था हालसम्म केवल एउटा दाङ जिल्लामा मात्र लागु गरिएको छ। दाङ जिल्लामा मोहीको लगत लिँदा व्यापक रूपले छुट हुन आएकोले विक्रम् सम्वत् २०३४ सालदेखि नै नयाँ मोही कायम गर्ने कार्य सुरु भई हालसम्म १७ वर्षको अवधिमा विभिन्न आयोग तथा समितिमा जम्मा ६,४९२थान उजुरी परेकोमा २,२९६ मोहीलाई ३,३६८ बिघा जग्गामा मोहियानी हक दिने कार्य भएको छ। सोबाहेक ऐनको उक्त व्यवस्था अधिराज्यका अन्य कुनै पनि क्षेत्रमा लागु भएको छैन। जग्गा जोतिरहेका तर मोहियानी हक भने पाउन नसकेका केसहरू देशका अन्य भागमा पनि छन् भन्ने कुरा उक्त तथ्यबाट स्पष्ट हुँदाहुँदै तथा नयाँ मोही कायम गर्नसक्ने कानुनी व्यवस्था रहे तापनि राजनीतिक कटिबद्धताको कमीको साथै जग्गावालाको बोलवाला आदि विविध कारणले यसको पूर्ण कार्यान्वयन हुनसकेको छैन।

## ३.३.२ मोहीबाट जग्गा झिक्न पाउने व्यवस्था

भूमिसम्बन्धी ऐन, २०२१ ले मोही लागेको जग्गा मध्ये जग्गावालाले निम्न २ वटा अवस्थामा आफ्नो जग्गा झिक्न पाउने व्यवस्था गरेको छ।

### क. घरबारीको लागि मोहीबाट जग्गा झिक्न पाउने व्यवस्था

जग्गावालाले बसोबास गर्न तथा घरबारीको लागि मोहीले कमाएको जग्गा मध्ये विभिन्न क्षेत्रभित्र खास क्षेत्रफलसम्मको जग्गा झिक्न पाउने र यसरी झिक्दा जग्गाको मोलको २५ प्रतिशत रकम मोहीलाई क्षतिपूर्ति दिनुपर्ने कानुनी व्यवस्था रहेको छ। यस व्यवस्थाबाट निम्न कुराहरू लेखिएका छन् :-

१. उक्त व्यवस्थाअन्तर्गत जग्गावालाले कतिवटा घरको लागि कति पटक वा कति वटा मोहीसँग त्यसरी जग्गा झिक्न पाउने भन्ने स्पष्ट कानुनी व्यवस्था नरहेकोले जति पटक पनि त्यसरी झिक्न सक्नेहुँदा मोही लागेको जग्गाको क्षेत्रफल घटिरहेको छ।

२. जग्गावालाले त्यसरी घरबारीको लागि भनी मोहीबाट झिकेको जग्गा सो काममा प्रयोग नभएको भनी उजुरी परी ठहर भएमा पुनः मोहीको हक कायम हुने कानुनी व्यवस्था रहेतापनि व्यवहारमा भने त्यस्ता मोहीलाई फिर्ता भएका केसहरू देखिँदैनन्। त्यसकारण एक पटक झिकिसकेपछि पुनः मोहीमा फिर्ता जाने अवस्था छैन।

३. घर नभएका व्यक्तिलाई घर बनाउने प्रयोजनको लागि त्यसरी जग्गा उपलब्ध हुनु न्यायसँगत कुरा हो। तर यस व्यवस्थाबाट अन्य सबै प्रयोजनको लागि मोहीलाई निकाल्ने र मोहीको जग्गामाथिको हक एक चौथाई हिस्सा कायम रहकै हो भन्ने ठानी मोही र जग्गावाला मिली एक चौथाई जग्गा वा मोल मोहीलाई दिई तीन चौथाई जग्गा जग्गावालाले नै लिई जोतपोत बनाउने प्रचलन व्यापक रूपमा रहेको छ। जग्गाको महत्व र मुल्य बढ्दै गएको अवस्था हुँदा मोही कमजोर भएको ठाउँमा एक चौथाई हिस्सा मात्र र मोही बढी सक्षम भएको ठाउँमा (जस्तै काठमाडौं उपत्यकामा) सोभन्दा बढी ४० तथा ५० प्रतिशत सम्मको हिस्सा लिएर मात्र मोहीले छोड्ने गरेको अवस्था पनि छ।

४. घरबारीको लागि मोहियानी लागेको जग्गा झिक्नको लागि निश्चित अवधि तोकी आफूले बसोबास गर्ने एउटा घर मात्र बनाउन मात्र झिक्नसक्ने व्यवस्था भए बढी व्यवहारिक र उपर्युक्त हुने थियो।

### ख. मोही लागेको जग्गा झिक्न पाउने अन्य व्यवस्था

जग्गावाला सैनिक सेवामा रहेको वा नाबालक वा लामो अवधिसम्म कडा रोग लागेका वा मगज बिग्रेको कारणले अरूलाई कमाउन दिएको भए, पछि आफैंले कमाउन सक्ने भई त्यस्तो मोही लागेको जग्गा झिक्न पाऊँ भन्ने निवेदन दिएमा मोहीबाट जग्गा झिक्न पाउने कानुनी व्यवस्था रहेको छ। यस सम्बन्धमा निम्न कुराहरूलाई अघि सार्न सकिन्छः-

१. विशेष किसिमको अवस्थामा त्यसरी मोहीबाट जग्गा झिक्न पाउने व्यवस्था गर्नु तत्कालीन समयमा सान्दर्भिक रहे तापनि त्यस्तो व्यवस्था सधैंको लागि गर्न भने उपर्युक्त देखिंदैन। निश्चित अवधिको लागि त्यस्तो मोही जग्गाको लगत छुट्टै कायम गराई सोको निश्चित अवधिभित्र कार्यान्वयन हुन नसकेमा स्वतः मोहीलाई झिक्न नपाउने व्यवस्था भए बढी व्यवहारिक हुने थियो।

२. अरूको जग्गा कमाउने सबै व्यक्तिले मोहियानी हक पाउने कानुनी व्यवस्था भएपछि सैनिक सेवामा रहेको वा नाबालक वा कडा रोग लागेको व्यक्ति जग्गावाला भएको कारणले जग्गा कमाउने मोहीले हक नपाउने गर्नु न्यायोचित देखिंदैन। त्यसरी मोहीलाई झिक्दा केही क्षतिपूर्ति दिइने व्यवस्था बढी न्यायसङ्गत हुने थियो।

३. यस सम्बन्धमा एउटा अर्को के कुरा पनि विचारणीय छ भने जग्गामा मोही नलगाउने दृष्टिले पनि अरू व्यक्तिको जग्गा सैनिक सेवामा रहेको व्यक्ति वा नाबालकको नाममा राखिदिएपछि मोहीबाट झिक्न सकिने हुँदा त्यस्तो प्रचलन पनि बढ्नसक्ने सम्भावना रहन्छ।

जे भए तापनि यस व्यवस्थाबाट पनि मोहीको हितभन्दा जग्गावालाको पक्षलाई बढी ध्यान दिइएको आभास हुन्छ।

## ३.३.३ मोहियानी हक छाड्न पाउने व्यवस्था

आफ्नो हक स्थानीय पञ्चायतमार्फत लिखित सूचना दिई छोड्न पाउने व्यवस्था रहेको कारणबाट पनि मोहीलाई विभिन्न लोभलालच तथा प्रलोभन दिई मोही छोडाउन लगाएको देखिन्छ। सुरुमा स्थानीय पञ्चायतमा त्यस्तो सूचना दिई स्वतः छोड्ने व्यवस्था रहेको समयमा निकै मात्रामा मोहीको सङ्ख्या घटेको अनुमान गरिन्छ। तर पछि विक्रम् सम्वृत २०२५ सालमा भूमिसम्बन्धी ऐनमा दोस्रो संशोधन हुँदा त्यस्तो लिखित सूचना भूमि सुधार अधिकारी तथा जग्गावालालाई दिई सोमा अधिकारीले जाँचबुझ तथा छानवीन गरेर मात्र सो छोडपत्रलाई

मान्यता दिने व्यवस्था गरिएपछि केही मात्रामा कम भए तापनि जग्गावालाको प्रभाव तथा निम्न कारणहरूबाट मोहीहरूले छोडपत्र गर्ने गरेको देखिन्छः-

१. कुनै मोही लागेको जग्गा मोहीले छोडेमा सो जग्गामा अर्को मोही राख्ने सक्ने कानुनी व्यवस्था नभएकोले स्वतः सो जग्गा कमाउने व्यवस्था जग्गावाला आफैंले गर्न पाउने हुँदा मोहीहरूलाई छोडपत्र गराई निकाली आफ्नै जोतपोतमा जग्गा कायम गराउनेतर्फ जग्गावालाहरू बढी अग्रसर भएका देखिन्छन्।

२. मोहीहरूले आफैं छोडपत्र गर्ने अवस्था पनि विभिन्न कारणले सिर्जना भएको देखिन्छ। धेरै वर्षसम्म कुत निश्चित अङ्कमा नतोकिएकोले भूमि सुधार कार्यक्रमबाट खास राहत पाउन नसकेका मोहीहरूलाई खेती गर्न आवश्यक पर्ने ऋण तथा अन्य साधन सुविधा प्रभावकारी रूपले उपलब्ध हुन नसकेको हुनाले अन्य सामाजिक कार्यका लागि ऋण लिने जग्गावालालाई चिढ्याउन उपर्युक्त नहुने ठानी कायम भएको मोहियानी हक पनि केहीले छोडेका छन्। मोहीलाई जग्गा कमाउँदा जीवन निर्वाह नहुने हुँदा अन्य पेशा तथा व्यवसायमा जाने गरेकोले पनि केही मात्रामा मोहियानी हकको छोडपत्र हुने गरेको देखिन्छ।

३. जहाँ मोहीहरू आफ्ना हकप्रति बढी सचेत छन् त्यस्ता ठाउँहरूमा मोही र जग्गाधनीले आपसको समझदारीअनुसार केही मुल्य लिई वा जग्गाको केही हिस्सा लिई दुवै पक्षको निश्चितता हुने दृष्टिले छोडपत्र गरेका पनि छन्।

४. मोहियानी छोडपत्रसम्बन्धी निवेदनको सङ्ख्या हेर्दा अधिराज्यभर जम्मा ३१ हजार ९ सय ९३ थान निवेदन परेका मध्ये ३१ हजार २ सय ३३ को फर्छ्यौट भएको देखिन्छ। छोडपत्रसम्बन्धी उजुरी मध्ये तराईका २० जिल्लामा ७१.६५ प्रतिशत, काठमाडौं उपत्यकाका ३ जिल्लामा २२.५६ प्रतिशत र बाँकी पहाडी जिल्लामा भने केवल ५.७९ प्रतिशत निवेदनको सङ्ख्या देखिन्छ। यसबाट पनि यस्तो समस्या तराई र उपत्यकामा नै बढी मात्रामा रहेको देखिन्छ।

## ३.३.४ मोहियानी हकको नामसारी

भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ को उपदफा (१) को व्यवस्थाअनुसार मोहीसम्बन्धी हक निज (मोही) पछिका निजका पति-पत्नी वा छोराहरूमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई मात्र प्राप्त हुने व्यवस्थाले पनि मोहियानी पक्षलाई केही कमजोर बनाएको छ। यस सम्बन्धमा निम्न कुराहरू देखिन्छन् :-

१. मोहीको जग्गा जोत्ने हक मात्र भएकोले निजको मृत्युपछि हकवालाको हैसियतले मोही हक पाउने नभई जग्गावालाले पत्याएका मोहीका पति वा पत्नी वा छोराहरू मध्ये एक जनाले मात्र पाउने हुँदा जुन व्यक्ति आफूले भनेको मान्ने वा छोडाउन सजिलो हुने वा जग्गावालालाई केही दिन्छ,त्यस्तो व्यक्तिले मात्र मोहियानी हक पाउने हुँदा जग्गावालाको कृपामा मोहियानी नामसारी निर्भर रहने स्थिति रहेकोले वास्तविक हकको रूपमा मोहियानी कायम रहन सकेन ।

२. ऐनमा उल्लेख भएका ३ वटा नाताबाहेक एकाघरमै छोरी, छोरा, बुहारी, नातिहरू, भाइ भतिजाहरू वा धर्मपुत्र आदि कसैले पनिमोहियानी हक नपाउने हुँदा उक्त ३ वटा नाताको व्यक्ति नभएमा स्वतः जग्गावालामा नै मोहियानी हक जाने किसिमको अवस्था पनि त्रुटिपूर्ण देखियो ।

३. जग्गावालाले पत्याएको व्यक्ति मात्र मोही कायम हुने व्यवस्थाले एक जना छोरालाई मोही बनाई निजबाट छोडपत्र गराई कार्यालयको मोहीको लगतमा मोही नै नरहेको तर वास्तवमा अरू भाइहरूले जग्गा जोती नै रहे पनि जोत्नेको भाइको मोहियानी कायम हुन नसकी मुद्दा चलिरहेको अवस्था देखिन्छ।

४. मोहियानी नामसारीसम्बन्धी वर्तमान व्यवस्थाबाट पनि मोही लागेको जग्गा मोहीबाट जग्गावालामा नै जानसक्ने अवस्था रहेको छ। मोहीको हकदार नभएको कारणले मोहीले कमाएको जग्गा पुनः जग्गावालामा जाने अवस्थाको पुष्टि त्यससम्बन्धी परेका उजुरीबाट पनि हुन्छ। जसअनुसार अधिराज्यभर मोहीको हकदार नभएको सम्बन्धी उजुरी जम्मा ३५ हजार ८ सय ५३ थान परेको देखिन्छ। सो मध्ये तराईको २० जिल्लामा र काठमाडौं उपत्यकामा १५.२१ प्रतिशत छन् ।

## ३.३.५ मोही निष्कासनसम्बन्धी व्यवस्था

देहायको अवस्थामा मोही निष्कासन हुने व्यवस्था रहेको छः-

१. मोहीले कुत बुझाएन भनी जग्गावालाले उजुरी गरेमा भूमि सुधार अधिकारीले मोहीलाई निष्कासन गर्न सक्ने अवस्था देखिन्छ।

२. जिल्ला अदालतबाट पनि मोहीले जग्गाको मोल वा उब्जनी घट्ने काम गरेमा वा मनासिव रेखदेख नपुऱ्याएको कारणले त्यस्तो भएमा तथा एक वर्षसम्म खेती

नगरी हेलचक्र्याँई गरेमा जग्गावालाको निवेदनको आधारमा मोही निष्कासन गर्नसक्ने कानुनी व्यवस्था छ।

क. मोहीले कुत नबुझाएको कारणले मोही निष्कासन गर्ने निवेदन भूमि सुधार कार्यालयमा पर्ने हुँदा धेरै जसो केसहरूमा भूमि सुधार अधिकारीबाट बाली भराइदिने र मोही निष्कासन नगर्ने किसिमले निर्णय गर्ने गरेको देखिन्छ। यस्ता निर्णयहरू उपर जग्गावालाहरूले चित्त नबुझी माथिल्लो अदालतमा उजुरी गरेकोमा न्यायिक मन नलगाई वा तर्कसङ्गत आधार नदेखाई निर्णय गरेको भनी भूमि सुधार अधिकारीका त्यस्ता निर्णयहरू सर्वोच्चर अदालतबाट बदर पनि भएका छन्। कानुनी व्यवस्था हुँदाहुँदै मोहीले आफ्नो कर्तव्य पालना नगर्दा पनि उनीहरूको पक्षमा निर्णय हुँदा जग्गावालाबाट निकै विरोध हुने र अर्कोतर्फ मोहीले एक बाली मात्र नबुझाउँदैमा मोहियानी हकबाट वञ्चित हुने अवस्था पनि उपर्युक्त नहुने हुँदा निश्चित वर्षसम्म कुत नबुझाएमा निश्चित प्रतिशत रकम थप दिनुपर्ने र त्यसपछि पनि कुत नबुझाएमा मात्र निष्कासन हुने किसिमको व्यवहारिक व्यवस्था भए बढी उपर्युक्त हुने थियो। बाली भराई मोही निष्कासन गरी पाऊँ भन्ने जम्मा परेका उजुरीको सङ्ख्या ८० हजार ७ सय १९ देखिन्छ जसमध्ये तराईका २० जिल्लामा ७३.४४प्रतिशत, काठमाडौं उपत्यकामा २१.८५ प्रतिशत र अन्य पहाडी ४३ जिल्लामा ४.७१ प्रतिशत मात्र छन्। सङ्ख्यामा ठूलो देखिए तापनि निर्णय हुँदा मोही निष्कासन भने धेरै कम भएका छन्। यसबाट मोहीको कुत नबुझाउने प्रवृत्ति रहेको र जग्गावालाहरूको मोही निष्कासन गर्ने प्रवृत्ति रहेको स्पष्ट हुन्छ।

ख. मोही निष्कासन गर्न अदालतमा विभिन्न कानुनी रित पुऱ्याएर मात्र उजुरी दिनुपर्ने हुँदा उजुरकोसङ्ख्या भने ९ हजार ९ सय ५३ थान देखिन्छ। ती मध्ये जम्मा ९ हजार ७ सय ३७ थान उजुरीमाथि निर्णय भई मोही निष्कासन भई लगत कट्टा नै भएको छ। त्यस्ता परेका उजुरीमध्ये ९ हजार ७ सय ६४ थान (१८.१२ प्रतिशत) तराईका २० जिल्लाका रहेका देखिन्छन्।

## मोही निष्कासनका मुख्य कारणहरू

जग्गावालाले मोही निष्कासन गर्ने वा छोडाउन लगाउने मुख्य कारणहरू निम्नानुसार देखिन्छः-

क. जग्गावालाहरूले आफ्नो कानुन बमोजिम पाउनुपर्ने कुत नपाएपछि स्वभावतः मोहीलाई निकाल्न कानुन बमोजिम माग गर्नु स्वभाविकै हो । आफ्नो आम्दानीको स्रोतको रूपमा रहेको जग्गाबाट प्राप्त हुने आय नपाएपछि मर्कापर्ने हुँदा मोहीले बाली नबुझाएमा जग्गावालाहरूले मोहीलाई निष्कासन गर्ने दाबी गर्ने कार्यलाई अनुचित भन्नल मिल्दैन ।

ख. मोहीले बुझाउनुपर्ने कुत निश्चित अङ्कमा तोकिएपछि जग्गावालाले पाउने रकम कम हुने भई जग्गावालाको आयमा कमी हुने हुँदा आफ्नो जग्गाको मोहीलाई जसरी भए पनि निकाल्ने प्रयास जग्गावालाहरूबाट झन् बढ्दै गयो ।

ग. श्री ५ को सरकारका विभिन्न पञ्चवर्षिय योजनाहरूमा जग्गामा रहेको द्वैध स्वामित्व अन्त्य गर्ने किसिमका नीतिहरू समावेश भएकोले त्यस्तो नीतिको कार्यान्वयन मोहीको पक्षमा हुने सम्भावनालाई दृष्टिगत गरी जग्गावालाहरूबाट मोहीलाई प्रलोभन दिई वा डर-धाक देखाई निकाल्ने प्रयासहरू पनि भएका दखिन्छन् ।

घ. जग्गा बिक्री गर्दा मोही लागेको जग्गा भए सोको मुल्यमा धेरै कमी हुने हुँदा जग्गावालाको मोहीलाई निकाल्ने वा छोडपत्र गराउने प्रयास पनि यथावत् नै रह्यो। यदि मोही लागेको जग्गा बेच्दा पहिलो प्राथमिकता मोहीलाई दिने किसिमको कानुनी व्यवस्था गरी उपर्युक्त मुल्यमा मोहीलाई जग्गाको स्वामित्व दिने व्यवस्था गरी उपर्युक्तमुल्यमा मोहीलाई जग्गाको स्वामित्व दिने व्यवस्था भएको भए पनि मोही निकाल्ने प्रयासहरूमा निकै कमी हुने सम्भावना हुने थियो ।

ङ. खेती व्यवस्थापनमा नयाँ प्रविधिहरूको प्रयोग सुरु भई सिँचाइ सुविधाहरू पनि क्रमशः वृद्धि हुँदै गएपछि जग्गावालाहरू पनि खेतीबाट बढी आम्दानी प्राप्त गर्ने अभिप्रायले आफ्नो मोही लागेको भए उनीहरूलाई निकाली वा छोड्न लगाई आफैंले खेती गर्ने प्रयास पनि सुरु भएको अनुभव गरिएको छ।

च. मोही निकाल्ने वा छोड्न लगाउन प्रयास हुनाको मुख्य कारणमा मोही लागेको जग्गाबाट मोहीलाई निकालेपछि सो जग्गा जग्गाधनीमा नै फिर्ता गई उसैको

जोतपोत कायम हुने व्यवस्थाले गर्दा पनि हो भन्न सकिन्छ। यदि एक पटक मोहियानी लागेको जग्गाबाट मोही निकालिएमा अर्को व्यक्तिलाई मोहीको रूपमा राख्ने किसिमको कानुनी व्यवस्था भएको भए जग्गावालाबाट मोही निकाल्ने वा छोडपत्र गराउन लगाउने अवस्था हुँदैन थियो।

छ. मोही लागेको जग्गाबाट एक पटक मोही निकालेपछि जग्गावालामा जग्गाको जोतपोत आउने भएपछि जग्गाको मुल्यमा हुने गरेको अप्रत्याशित वृद्धिबाट एकलौटी फाइदा लिने दृष्टिमा त्यस्तो फिर्ता लिएको जग्गामा जग्गावाला आफैंले खेती गर्न नसक्ने र नगर्ने पनि हुँदा अरूलाई पनि कुनै शर्तमा कमाउन पनि नदिई जग्गा बाँझै राखी राष्ट्रिय उत्पादनमा समेत कमी हुने किसिमको अवस्था पनि भइरहेको छ।

### ३.३.६ मोहियानी सम्बन्धमा परेका निवेदन तथा उजुरीहरूको स्थिति

अधिराज्यभर भूमि सुधार कार्यक्रम लागु भएपछि मोहियानीसम्बन्धी व्यवस्थाले निकै मात्रामा मुद्दा-मामिलाहरू बढेका देखिन्छन्। यस्ता मुद्दा-मामिलाहरूले एकातिर मोहीहरू आफ्नो हकप्रति बढी सचेत भएको देखाउँछ भने अर्कोतर्फ जग्गाधनीहरूले मोहीलाई निकाल्ने प्रयास पनि भइरहेको छ। यसले गर्दा आपसी सामाजिक-सम्बन्धहरू बिग्रिरहेको छ। साथै जग्गाधनी र मोही विभिन्न मुद्दाहरूमा अलमलिइरहँदा प्रशस्त समय, साधन तथा स्रोतको समेत दुरूपयोग भई राष्ट्रिय श्रम समेत खेर गइरहेको छ।

भूमि सुधार विभागबाट उपलब्ध भएको अधिराज्यभरको मोहियानीसम्बन्धी उजुरी निवेदनहरूको विवरण तालिका ३.३ र ३.४ मा उल्लेख गरिएको छ।

## अधिराज्यभरको मोहियानीसम्बन्धी परेका उजुरी तथा फर्छ्यौटको विवरण

## तालिका ३.३

| क्र.सं. | विवरण | परेका उजुरी | फर्छ्यौट | बाँकी |
|---|---|---|---|---|
| १ | मोही कायम गरिपाऊँ | ४५,४३३ | ४२,०२९ | ३,४०४ |
| २ | मोही बेदखलीसम्बन्धी | १३,७६४ | १२,९४० | ८२४ |
| ३ | बाली भराई मोही निष्कासन | ८०,७१९ | ७४,१४० | ६,५७९ |
| ४ | अदालतमा परेका मोही निष्कासन | ९,९५३ | ९,७३७ | २१६ |
| ५ | मोही छोडपत्र | ३१,९९३ | ३१,२३३ | ७६० |
| ६ | हकदार नभएको सम्बन्धी | ३५,८५३ | २९,३२० | ६,५३३ |
| ७ | मोही नामसारी | ३३,०८७ | ३०,४२१ | २,६६६ |
| ८ | एकापरिवार लगत कट्टा | ७,२२२ | ६,९६९ | २४३ |
| ९ | मोही सम्बन्धी अन्य मुद्दाहरू | १९,९२२ | १९,३०६ | ६१६ |
| १० | जम्मा | २,७७,९४६ | २५६,१०५ | २१,८४१ |
| | **प्रतिशत** | **१००** | **९२.१४** | **७.८६** |

## भौगोलिक क्षेत्रअनुसार मोहियानी सम्बन्धमा परेका उजुरीहरूको विवरण

## तालिका ३.४

| विवरण | तराई (२० जिल्ला) | | उपत्यका (३ जिल्ला) | | पहाड (५१ जिल्ला) | | जम्मा (७४ जिल्ला) | |
|---|---|---|---|---|---|---|---|---|
| | उजुरी सङ्ख्या | प्रतिशत | उजुरी सङ्ख्या | प्रतिशत | उजुरी सङ्ख्या | प्रतिशत | उजुरी सङ्ख्या | प्रतिशत |
| मोही कायम गरिपाऊँ | ३२,८८४ | ७२.३८ | ६,५२२ | १४.३६ | ६,०२७ | १३.२६ | ४५,४३३ | १०० |
| मोही बेदखली सम्बन्धी | १०,५३९ | ७६.५७ | ५५१ | ४.०० | २,६७४ | १९.४३ | १३.७६४ | १०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| बाली भराई मोही निष्कासन | ५९,२८२ | ७३.४४ | १७,६३६ | २१.८५ | ३,८०१ | ४.७१ | ८०,७१९ | १०० |
| अदालमा परेका मोही निष्कासन | ९७६४ | ९८.१० | ९० | ०.९० | ९९ | ०.९९ | ९,९५३ | १०० |
| मोही छोडपत्र | २२,९२४ | ७१.६५ | ७,२१८ | २२.५६ | १,८५१ | ५.७९ | ३१,९९३ | १०० |
| हकदार नभएको सम्बन्धी | ३०,३७३ | ८४.७२ | ५४५२ | १५.२१ | २८ | ०.०८ | ३५,८५३ | १०० |
| मोही नामसारी | १४,८६८ | ४४.९४ | १७,०२८ | ५१.४६ | १,१९१ | ३.६० | ३३,०८७ | १०० |
| एकापरिवार लगतका | ६३३८ | ८७.७६ | ८५० | ११.७७ | ३४ | ०.४७ | ७२२२ | १०० |
| मोही सम्बन्धी अन्य मुद्दाहरू | १२,९५५ | ६५.०३ | ३,९५९ | १९.८७ | ३,००८ | १५.१० | १९,९२२ | १०० |
| **जम्मा** | **१,९९,९२७** | **७१.९३** | **५९,३०६** | **२१.३४** | **१८,७१३** | **६.७३** | **२,७७,९४६** | **१००** |

उक्त विवरणअनुसार अधिराज्यभर जम्मा २ लाख ७७ हजार ९ सय ४६ थान उजुरी परेका मध्ये २ लाख ५६ हजार १ सय ५ थान ९२.१४ (प्रतिशत) फर्छ्यौट भइसकेका र २१ हजार ८ सय ४१ थान (७.८६ प्रतिशत) बाँकी रहेका देखिन्छन् । परेका जम्मा उजुरी मध्ये तराईका २० जिल्लामा ७१.९३ प्रतिशत, काठमाडौं उपत्यकाका ३ जिल्लामा २१.३४ प्रतिशत र पहाडी ५३ जिल्लामा ६.७३ प्रतिशत छन् । मोहियानीसम्बन्धी परेका उजुरीहरू मध्ये मोही निष्कासन वा बेदखली, छोडपत्र, हकदार नभएका उजुरीहरूको सङ्ख्या १ लाख ७२ हजार २ सय ८२ अर्थात् ६१.९८ प्रतिशत रहेको हुँदा दर्ता भएका मोहीलाई निकाल्ने किसिमका मुद्दा नै बढी रहेको स्पष्ट देखिन्छ ।

मोहियानीसम्बन्धी मुद्दाहरूको उक्त सङ्ख्या भूमि सुधार कार्यालय र जिल्ला अदालतमा परेका मुद्दाहरूबाट लिइएको हो । सो बाहेक पुनरावेदन अदालत तथा सर्वोच्च अदालतमा समेत परेका मुद्दाहरू समावेश गर्दा अझ यसको सङ्ख्या बढ्ने हुन्छ । उक्त २ लाख ७७ हजार ९ सय ४६ थान उजुरीमा एउटा पक्ष र अर्को विपक्ष गरी २ जना मात्र समावेश रहेको मान्ने हो भने पनि

५ लाख ५५ हजार ८ सय ९२ व्यक्तिहरू एउट उजुरीमा कम्तीमा ३ वटा तारेखको दर मात्र हिसाब गर्दा १६ लाख ६७ हजार ६ सय ७६ व्यक्तिका दिनहरू मुद्दामा बित्न गई अनुत्पादक काममा खर्च भएको छ भन्न सकिन्छ।

## ३.३.७ मोही सङ्ख्या तथा मोहियानीमा कमाएको जग्गाको क्षेत्रफल सम्बन्धी अवस्था

मोहियानी व्यवस्थाअन्तर्गत प्रभाव पर्ने मोहीको (परिवारको) सङ्ख्या र मोहियानीमा रहेको जग्गा कति छ भन्ने कुराले समस्या कुन मात्राको छ भन्ने बुझ्न सरल हुने हुँदा सो सम्बन्धी विवरण तल उल्लेख गरिएको छ।

१. मोहीको सङ्ख्या तथा मोहियानी जग्गाको क्षेत्रफलसम्बन्धी तथ्याङ्क तथा स्थिति विक्रम् सम्वत् २००७ सालभन्दा पहिले मोहियानीमा कमाएको जग्गा करिब ५० प्रतिशत रहेको अनुमान भएको कुरा माथि नै उल्लेख भइसकेको छ। मोहियानी हक सुरक्षित गर्ने सम्बन्धी विभिन्न नीति ऐन कानुन बने तापनि मोहीको लगत लिई मोहियानी हक सुरक्षित गर्नेतर्फ प्रभावकारी रूपले कार्यान्वयन हुन सकेको देखिंदैंन। मोहीको सङ्ख्या र मोहीले कमाएको जग्गाको क्षेत्रफलसम्बन्धी उपलब्ध तथ्याङ्कअनुसारको स्थिति निम्न तालिकाबाट स्पष्ट हुन्छ

### मोहीको सङ्ख्या र जग्गाको क्षेत्रफल

### तालिका ३.५

| अवधि | जम्मा कृषक परिवार मध्ये अरूको जग्गा मात्र कमाउने र आफ्नो तथा अरूको समेत जग्गा कमाउने मोही परिवार सङ्ख्याको प्रतिशत | कूल जग्गा मध्ये मोहीले कमाएको जग्गाको क्षेत्रफलको प्रतिशत |
|---|---|---|
| २०१८ सालको कृषि गणना अनुसार | ४०.३७ | २५.४८ |
| २०२१ सालदेखि ०२३ सालसम्म भूमि सुधार कार्यक्रम लागु हुंदाको प्रगतिअनुसार | २५.८६ | २४.१५ |

| | | |
|---|---|---|
| २०२८ सालको कृषि गणना अनुसार | १८.९४ | १५.७६ |
| २०३८ सालको कृषि गणना अनुसार | ९.५२ | ५.९१ |
| २०४८ सालको कृषि गणना अनुसार | १६.४५ | ८.७८ |

उक्त तालिकामा मोहीको सङ्ख्या तथा कमाएको जग्गाको क्षेत्रफल प्रतिशत (२०४८ को बाहेक) क्रमशः घटिरहेको देखिन्छ। यसरी घट्नुका प्रमुख कारणहरू निम्न बमोजिम रहेका देखिन्छन् :-

## क. जनसङ्ख्या र आवादी जग्गाको वृद्धि :-

अधिराज्यको जनसङ्ख्या र आवादी जग्गाको क्षेत्रफल क्रमिक रूपले बढ्दै गएको हुँदा मोहीको सङ्ख्या र मोहियानीमा कमाएको जग्गाको क्षेत्रफलको प्रतिशत पनि घट्दै गएको छ।

## ख. मोही आफैं जग्गावाला हुनु :-

देहायका व्यवस्थाहरूबाट मोही पनि जग्गावाला भएको हुँदा मोहीको सङ्ख्या तथा क्षेत्रफलमा कमी भएको छः-

१. भूमि सुधार कार्यक्रम अन्तर्गत हदबन्दीभन्दा बढी जग्गा २५ हजार ५६५ मोहीहरूलाई ३६ हजार ८३ बिघा जग्गा बिक्रीवितरण भई जग्गावाला भएका छन्।

२. पुनर्वास, बसोबास तथा सुकुमबासी समस्या समाधानसबन्धी कार्यक्रम अन्तर्गत मोहीहरूले जग्गा प्राप्त गरी जग्गावाला बने पछि मोहियानी छाडिएको छ।

३. उखडा, बिर्ता, गुठी जग्गा जोत्न मोहीहरू पनि जग्गावाला भएका हुँदा मोहीको सङ्ख्या र क्षेत्रफल घटेको छ।

४. जग्गावाला र मोही आपसमा मिली आपसी कारोवारबाट मोहीले पनि केही जग्गा पाई जग्गावाला भएको हुँदा पनि मोहीको सङ्ख्या र मोही लागेको जग्गाको क्षेत्रफल घटेको छ।

## ग. मोही निष्कासन तथा मोही आफैंले जग्गा छोड्नु तथा लगत लिन छुट हुनुः-

भूमिसम्बन्धी ऐन, २०२१ लागु भएपछि निम्न अवस्था तथा कारणहरूले मोहीको सङ्ख्या र क्षेत्रफल घटेको देखिन्छ :-

१. भूमि सुधार कार्यक्रम सुरु हुँदा जग्गाधनीको प्रभाव तथा मोहीहरूको सचेतताको कमीले पूर्ण रूपले अरूको जग्गा जोत्ने सबै मोहीहरूको लगत लिने काम हुन नसकी मोहीको लगत लिन छुटेको छ।

२. जग्गावालाको आर्थिक स्वार्थमा धक्का लागि, मोही छुटाएपछि आफ्नो जोतपोत हुने हुँदा मोहीलाई जसरी भएपनि निकाल्ने प्रयास जग्गाधनीबाट भएको हुनाले पनि मोहीको सङ्ख्या घटेको छ। प्राप्त तथ्याङ्क अनुसार जग्गावालाको उजूरीको आधारमा अदालतको निर्णयबाट ९७३७ मोहीहरूको लगतकट्टा भएको छ। मोही निष्कासन गरी पाऊँ भनी जग्गावालाबाट भूमि सुधार कार्यक्रममा ८०,७१९ वटा उजूर परेको देखिन्छ। जग्गावालाले बेदखली गर्‍यो भन्ने मोहीको १३,७६४ थान उजुरी परेको र त्यस्तै मोहीको हकदार नभएको हुँदा मोहीको लगत कट्टा गरी जग्गावालाकै जोतपोत कायम होस् भन्ने उजुरी पनि ३५,८५३ समेत जम्मा १,३४,२७३ वटा परेका हुँदा मोही निकाल्ने प्रयास कतिको प्रबल रहेछ भन्नेछ कुरा स्पष्ट हुन्छ।

३. **मोहीहरू आफैंले छाड्नेः-**

जग्गावालाको दबाब तथा विभिन्न प्रलोभनमा परी मोहीले छोडपत्र गर्ने तथा मोहीले जग्गावालासँग केही रकम लिई वा थोरै जग्गा लिई मोहियानी हक छोड्ने गरेकोले पनि सङ्ख्या घटेको छ। मोहीले छोडपत्र गरिपाऊँ भनी दिएको उजुरीसङ्ख्या ३१ हजार ९ सय ९३ रहेकोले पनि यो कुरा पुष्टि हुन्छ।

४. **नापी हुँदा मोहीको सङ्ख्या घटेकोः-**

भूमि सुधार कार्यक्रमको साथसाथै नापीको कार्य सुरु भए तापनि नापी गर्ने काम भने धेरै पछि समाप्त हुने गरेकोले नापी हुँदा मोहीको सङ्ख्या धेरै कम मात्र कायम हुनसकेको छ। माथि उल्लेख भएअनुसार मोही निष्कासन भई वा स्वेच्छाले छोडेका वा मोही नै जग्गावाला भएका जस्ता कारणहरूबाट पनि नापीमा मोहीको

सङ्ख्या कम भएको देखिन्छ। जसअनुसार भूमि सुधार कार्यक्रम लागु हुँदाको अवस्थामा अधिराज्यभर जम्मा ४ लाख ६९ हजार ९ सय ३५ मोही परिवारले मोहियानीमा कमाएको जग्गाको क्षेत्रफल बिघा ५ लाख १२ हजार २ सय १४ रहेकोमा नापीबाट तयार भएको मोठ स्रेस्ताअनुसार मोहीको सङ्ख्या ३ लाख ७० हजार २ सय १७ र उनीहरूले कमाएको जग्गाको क्षेत्रफल जम्मा बिघा २ लाख ७५ हजार ३ सय ९९ मात्र रहेको देखिन्छ। यस प्रकार मोहीको सङ्ख्यामा २१.१२ प्रतिशत र जग्गाको क्षेत्रफल ४६.२४ प्रतिशतले घटेको देखिएको छ। मोठअनुसार मोहीसम्बन्धी विवरण निम्न तालिकाबाट स्पष्ट हुन्छ।

### मोहीको सङ्ख्या र क्षेत्रफल

## तालिका ३.६

| जिल्ला | मोहीको सङ्ख्या | | जग्गाको क्षेत्रफल | |
|---|---|---|---|---|
| | मोहीको सङ्ख्या | प्रतिशत | क्षेत्रफल बिघामा | प्रतिशत |
| १. तराईका २० जिल्ला | २,९५,४५४ | ७१.७० | २,५०,३०६ | ९०.८९ |
| २. काठमाडौं उपत्यकाका ३ जिल्ला | ८८७३९ | २३.९७ | १६,९७७ | ६.१६ |
| ३. बाँकी सबै पहाडी जिल्ला | १६०२४ | ४.३३ | ८,११६ | २.९५ |
| ४. देशभर | ३,७०,२१७ | १०० | २,७५,३९९ | १०० |

### घ. नयाँ मोही कायम हुन नसक्नु

भूमिसम्बन्धी ऐन, २०२१ को व्यवस्थाअनुसार एक मुख्य बाली कमाएमा मोहियानी हक कायम हुने व्यवस्था रहे तापनि सुरुमा एक पटक लगत लिई मोही कायम गर्ने काम समाप्त भएपछि पुनः लगत लिन नमिल्ने र नयाँ मोही कायम गर्न जग्गा कमाएको प्रमाणको रूपमा कुतको कबुलियत र भर्पाई भएमा मात्र कायम हुनसक्ने भन्ने सर्वोच्च अदालतबाट सिद्धान्त प्रतिपादित भएको हुँदा जग्गावालाले कुतको कबुलियत र भर्पाई नगरिदिने हुँदा प्रमाणको अभावमा नयाँ मोही कायम गरी पाऊँ भन्ने ४५ हजार ४ सय ३३ थान उजुरी परे तापनि सुरु केही मोहीहरूलाई हक दिइए तापनि पछि आएर भूमि सुधार कार्यालयबाट हक कायम हुने गरी भएका निर्णयहरू प्रमाणको अभावमा माथिल्लो तहको अदालत तथा सर्वोच्च अदालतबाट

समेत बदर भएका छन् । फलस्वरूप उक्त व्यवस्थाअन्तर्गत नयाँ मोही कायम गर्ने काम भने हुन सकेको देखिँदैंन ।

### ङ. समिति गठन व्यवस्था पनि प्रभावकारी हुन नसकेको

भूमिसम्बन्धी ऐन, २०२१ मा २०३८ सालमा संशोधन भए अनुसार वास्तविक जग्गा जोत्ने व्यक्तिलाई कुत कबुलियत वा भरपाई नभए पनि सरजमिनको आधारमा समिति गठन गरी मोहियानी हक दिनसक्ने भन्ने व्यवस्था भयो । सो व्यवस्था दाङ जिल्लामा मात्र लागु भई अरू जिल्लामा लागु नै नभएकोले पनि नयाँ मोही कायम गर्ने काम हुनसकेन ।

यसरी पहिले कायम भएका मोहीहरू क्रमशः घटिरहेका छन् भने नयाँ मोही कायम हुन नसकेका अवस्थामा खास दर्तावाला मोहीको सङ्ख्या र उनीहरूले कमाएको जग्गाको क्षेत्रफल कम हुनु स्वभाविकै देखिन्छ ।

## २. वास्तविक मोहीको सङ्ख्या र मोहीले कमाएको जग्गाको क्षेत्रफल बढी भएको अनुमान

उल्लिखत तथ्याङ्क अनुसार मोहीको सङ्ख्या र उनीहरूले कमाएको जग्गाको क्षेत्रफलको प्रतिशतलाई वास्तविक मान्न सकिने अवस्था छैन। नेपालका धेरैजसो ठाउँमा जग्गावाला आफूले जग्गा नकमाई अरूबाट नै कमाउन लगाउने प्रचलन रहेको कुरा कसैबाट छिपेको छैन । वास्तवमा जग्गा जोतिरहेका तर मोहीमा दर्ता हुन नसकेका केसहरू निकै मात्रामा रहेको अनुभव गरिन्छ। यस सम्बन्धमा करिब १० वर्ष पहिले २०४१ सालमा विश्वु बैंकको लागि आइडिएसले नेपालको भूमि व्यवस्थासम्बन्धी अध्ययन प्रतिवेदनमा उल्लेख गरे अनुसार मोहीको सङ्ख्या मध्ये १०.८ प्रतिशत दर्ता भएका र दर्ता नभएकाहरू (मोही हक नपाएकाहरू) २२.३ प्रतिशत गरी कूल कृषक परिवारको ३१ प्रतिशत वास्तविक मोही छन् भने दर्ता भएका मोहीहरूले कमाएको जग्गाको क्षेत्रफल १२.५ प्रतिशत र दर्ता नभएका मोहीहरूले कमाएको जग्गा १२.८ प्रतिशत समेत जम्मा २५.३ प्रतिशत जग्गा अरूले कमाउने गरेको देखिन्छ ।

अन्य विभिन्न निकायबाट निश्चित गाउँ वा जिल्लाको मोहियानी स्थितिबारे गरिएको सर्भेक्षणबाट पनि दर्ता नभएका मोहीको सङ्ख्या निकै छ भन्ने कुरा देखिएको छ । आयोगबाट विभिन्ने जिल्लाहरूको अध्ययन भ्रमणको क्रममा पनि निकै सङ्ख्यामा मोहीहरू दर्ता हुन बाँकी नै रहेका छन् भन्ने कुरा पनि बुझिएको छ । त्यसकारण वास्तविक मोहीको सङ्ख्या कूल कृषक परिवारको करिब २० प्रतिशत (५ लाख ६० हजार मोही सङ्ख्या) र जोतेको जग्गाको क्षेत्रफल कूल आवादी जग्गाको करिब १२ प्रतिशत (३ लाख १२ हजारहेक्टर जग्गा) रहेको अनुमान छ ।

## ३.४ कुतसम्बन्धी व्यवस्था

मोहियानी व्यवस्थाअन्तर्गत मोहीको हक सुरक्षित भएपछि उसलाई उत्पादनवृद्धि गर्न प्रोत्साहन दिन अङ्कमा कुत निश्चित नभएसम्म कुनै सहुलियत वा फाइदा नपुग्ने हुन्छ। मोहीले मेहनत गरी तथा बढी मलजल लगानी गरी बढी उब्जनी भएको मध्ये जग्गावालालाई पनि सोको हिस्सा दिनुपर्ने भएमा त्यस्तो काम गर्न मोही प्रोत्साहित हुँदैन। त्यसकारण मोहियानी व्यवस्थाअन्तर्गत अङ्कमा कुन निश्चित गरी सोको दर नघटाइएमा उत्पादनवृद्धि गरी मोहीको आर्थिक अवस्था सुधार गर्ने कार्यमा योगदान गर्न सक्दैन।

विक्रम् सम्वत् २०२१ सालमा भूमि सुधार कार्यक्रम सुरु हुँदा काठमाडौं उपत्यकाका ३ जिल्लामा जग्गाको किसिमअनुसार निश्चित अङ्कमा नै मोहीले जग्गावालालाई बुझाउनुपर्ने कुत तोकिएको तर अधिराज्यका बाँकी सम्पूर्ण भागमा वार्षिक उब्जनीको आधा कुत बाली बुझाउनुपर्ने कानुनी व्यवस्था रहेको थियो। मोहीले खेतीको खर्च सबै आफूले व्यहोरी सबै बालीको आधा बाली जग्गावालालाई कुतको रूपमा बुझाउनुपर्दा मोहीलाई फाइदा नै नहुने अवस्थालाई ध्यानमा राखी विक्रम् सम्वत् २०२५ सालमा भूमिसम्बन्धी ऐनमा भएको दोस्रो संशोधनअनुसार वार्षिक उब्जनीको बदलामा मुख्य वार्षिक उब्जनीको मात्र आधा कुत दिनुपर्ने व्यवस्था गरियो। यस व्यवस्थाअन्तर्गत पनि मोहीले मल, जल, बीउ, श्रम आदि सबै खर्च आफूले व्यहोरी उत्पादन बढेमा सोको आधा हिस्सा (मुख्य बालीको मात्र भए पनि) जग्गावालाले कुतको रूपमा पाउने भएपछि निश्चित अङ्कमा नै कुत नतोकी मोहीलाई उब्जनी बढाउन प्रोत्साहन नहुने हुँदा निश्चित अङ्कमा नै कुत तोक्नेतर्फ कारवाही भई अन्य जिल्लाहरू मध्य नारायणी अञ्चनलको तराईका ४ जिल्लामा पहिलो पटक विक्रम् सम्वत् २०२८ सालमा मात्र जग्गाको किसिम अनुसार निश्चित अङ्कमा कुत तोकियो।

यसरी कुत तोक्दा मुख्य बालीको जम्मा उब्जनी मध्ये तीन खण्डको १ खण्ड खेती गर्न लाग्ने अनुमानमा सो कटाई बाँकीमा मात्र जग्गावालाले सधैंका लागि निश्चित अङ्कमा आधा कुत पाउने गरी जग्गाको किसिम अनुसार ६ प्रकारको जग्गामा छुट्टाछुट्टै दरमा कुत तोकियो। त्यसपछि विक्रम् सम्वत् २०३० सालमा सोही अनुसार पूर्वी तराईका सबै जिल्लामा पनि निश्चित कुत व्यवस्था लागु गरियो। पुनः २०४० सालमा पश्चिम तराईका सबै ८ जिल्ला र भित्री मधेसका ४ जिल्ला (उदयपुर, सिन्धुली, मकवानपुर र सुर्खेत) समेत जम्मा १२ जिल्लामा प्रत्येक कित्ता जग्गाको उब्जनीको आधारमा ३ खण्डको १ खण्ड हुने गरी स्थानीय समितिहरूबाट अङ्कमा कुत तोक्ने व्यवस्था गरिएको थियो। त्यस्तो गर्नुपर्ने कारणको सम्बन्धमा मुख्य रूपले नापीबाट कायम गरिएको जग्गाको किसिम ठीक तरिकाले कायम नभएको भन्न व्यापक गुनासो भएको हुँदा स्थानीयस्तरमा उब्जनीको आधारमा कुत तोक्ने व्यवस्था गरिएको बुझिन्छ।

निश्चित कुतको व्यवस्था व्यवहारमा भने त्यति प्रभावकारी हुन नसकी जग्गावाला र मोहीबीच

आपसी समझदारीअनुसार तोकिएको कुतभन्दा बढी नै लिने-दिने गरेको कुरा बढी मात्रामा देखिन्छ। निश्चित कुतको व्यवस्था काठमाडौं उपत्यकामा बढी प्रभावकारी भएको छ भने पूर्वी तराईका केही जिल्लाको केही भागमा कार्यान्वयन भए तापनि अन्य क्षेत्रमा यो व्यवस्था त्यति प्रभावकारी हुनसकेको छैन।

विक्रम् सम्वत् २०४८ सालको कृषि गणनाअनुसार मोहीले जग्गावालालाई बुझाउने गरेको कुतसम्बन्धी तथ्याङ्कबाट निम्न बमोजिमको अवस्था देखिएको छ।

## कुतको प्रकार, परिवार सङ्ख्या र जग्गाको क्षेत्रफल

## तालिका ३.७

| कुतको प्रकार | परिवार सङ्ख्याको प्रतिशत | | जग्गाको क्षेत्रफलको प्रतिशत | |
|---|---|---|---|---|
| निश्चित अङ्कमा कुत लिनेदिने गरेको | - | ४२.१२ | - | ३४.९५६ |
| नगदीमा<br>जिन्सीमा | ७.३९<br>३४.७३ | | ६.२७<br>२८.६८ | ६५.०५ |
| उब्जनीको हिस्सा लिने वा कुतको रूपमा काम गर्ने | - | ५७.८८ | - | - |
| उब्जनीको हिस्सा लिने | ५३.३५ | - | ६३.२० | - |
| कुतको बदलामा काम वा सेवा गर्ने | ४.५३ | - | १.८५ | - |
| **जम्मा** | | १०० | | १०० |

नापीको मोठअनुसार अधिराज्यभर एकीकृत गरिएको मोहीको सङ्ख्या र उनीहरूले कमाएको जग्गा मध्ये तराईका २० जिल्ला र काठमाडौं उपत्यकाका ३ जिल्लामा मात्र कूल मोही सङ्ख्याको ९५.६७ प्रतिशत र मोहियानी जग्गाको क्षेत्रफल ९७.०२ प्रतिशत रहेको र कुत अङ्कमा तोक्ने काम पनि उक्त क्षेत्रमा मात्र भए तापनि वास्तवमा सोको कार्यान्वयनको अवस्था उपर्युक्त तथ्याङ्कबाट स्पष्ट हुन्छ। अङ्कमा कुतको कार्यान्वयन केवल ४२.१२ प्रतिशत मोहीहरूमा र ३४.९५ प्रतिशत जग्गामा मात्र भएको छ जबकि ५७.८८ प्रतिशत मोहीहरूले ६५.०५ प्रतिशत जग्गाको कुत भने तोकिएको कुतभन्दा बढी उब्जनीमा नै बाँडफाँड गर्ने वा मोहीले कुतको रूपमा काम गरिदिने व्यवस्था कायम रहेको देखिन्छ।

निश्चित अङ्कमा उपर्युक्त कुत तोक्ने कुरा समस्या समाधानको एक पक्ष हो भने सो व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्नु अर्को महत्वपूर्ण र कठिन पक्ष हो। जग्गावालाहरूले कुत व्यवस्थालाई सजिलो किसिमले ग्रहण गर्न सक्दैनन् किनकि आफूले खाइपाई आएको मात्रा घट्न जाँदा र आफ्नो आर्थिक स्वार्थमा धक्का लाग्ने हुँदा त्यतिबेला नै जग्गावालाहरू बढी आक्रामक भई मोहीहरूलाई बेदखली गर्ने प्रयास निकै मात्रा बढेको अनुभव गरिएको छ।

## ३.५ मोहियानी व्यवस्थामा उत्पादनसम्बन्धी स्थिति

भूमि व्यवस्थामा कुनै पनि सुधार गर्नुको मुख्य उद्देश्यमा भूमिबाट सामाजिक न्याय र उत्पादनवृद्धि गर्नु हो। वर्तमान मोहियानी व्यवस्थाले उत्पादनवृद्धि गर्ने दिशामा के कस्तो प्रभाव पारेको छ भन्ने कुराको पनि विवेचना हुनु आवश्यक हुन्छ। यस सम्बन्धमा जोतसम्बन्धी विभिन्न अवस्थामा जग्गाको उत्पादकत्वको स्थितिबारे आईडिएसले विक्रम् सम्वत् २०४१ मा गरेको नेपालको भूमि व्यवस्थासम्बन्धी अध्ययन प्रतिवेदनअनुसार केही गाउँको नमूना सर्भेक्षणको आधारमा देहाय बमोजिमको अवस्था देखिएको छ।

खेत जग्गाबाट हुने धानको उब्जनीमा सबभन्दा बढी आफ्नो जग्गा आफैं कमाउने किसानको जग्गाबाट (प्रति हेक्टर ३.२१ मे.ट.) हुने गरेको र त्यस्तै आफ्नो र अरूको जग्गासमेत कमाउने मोहीको जग्गामध्ये अरूबाट लिएको जग्गामा (प्रति हेक्टर २.२५ मे.ट.) भन्दा आफ्नै जग्गामा (प्रति हेक्टर २.७५ मे.ट.) केही बढी उब्जनी हुने गरेको कुरा सर्भेक्षणबाट देखिएको छ। अरूको जग्गा कमाउनेहरू मध्ये दर्तावाला मोहीको जग्गाबाट (प्रति हेक्टर १.९५ मे.ट.) भन्दा दर्ता नभएका मोहीको जग्गाबाट (प्रति हेक्टर २.५६ मे.ट.) बढी उब्जनी हुने गरेको छ। साथै अरूको जग्गा मात्र कमाउने शुद्ध मोहीहरूले कमाएको जग्गा मध्ये मोहियानी दर्ता नभएको जग्गाबाट (प्रति हेक्टर २.१६ मे.ट.) भन्दा दर्ता भएको मोहियानी जग्गाबाट (प्रति हेक्टर २.२६ मे.ट.) केही बढी उब्जनी भएको देखिन्छ। यस प्रकार समष्टिगत रूपमा सबैभन्दा बढी उब्जनी आफ्नो जग्गा आफैं कमाउने किसानहरूको जग्गाबाट हुने गरेको र दोस्रो स्थानमा आफ्नो र अरूको समेत जग्गा कमाउने मध्ये आफ्नो जग्गाबाट बढी उब्जनी हुने गरेको देखिन्छ। त्यसपछि अरूको जग्गा कमाउने मोहीहरू मध्ये दर्ता भएका भन्दा दर्ता नभएका मोहीले कमाउने जग्गाबाट बढी उब्जनी हुने गरेको देखिन्छ। अरूको मात्र जग्गा कमाउने मोहीहरू मध्ये दर्तावाला मोहीले बदर्ताका मोहीभन्दा केही बढी उब्जनी गर्ने गरेको देखिन्छ।

गहुँको उत्पादमा पहाडी क्षेत्रमा सबभन्दा बढी आफ्नो जग्गा आफैं कमाउने किसानको जग्गाबाट हुने गरेको र आफ्नो र अरूको जग्गा समेत कमाउनेहरू मध्ये पनि आफ्नै जग्गामा बढी उब्जनी हुनेगरेको देखिन्छ साथै मोहियानीमा कमाएको जग्गा मध्ये दर्ता भएको भन्दा दर्ता नभएको मोहीहरूको जग्गाबाट बढी उब्जनी हुने गरेको देखिएको छ। तराईतर्फको गहुँ खेतीमा आफ्नो र अरूको जग्गा कमाउने मोहीहरूको जग्गाबाट सबैभन्दा बढी र त्यसपछि आफ्नो जग्गा आफै कमाउनेको जग्गाबाट उब्जनी हुने गरेको देखिन्छ।

भूमिको क्षय भएको पोषण तत्व (न्यूट्रेन्ट) परिपूर्तिको लागि आवश्यक पर्ने रासायनिक मलको प्रयोगमा सबैभन्दा बढी आफ्नो र अरूको जग्गा कमाउने मोहीहरूले पनि मोहियानीमा कमाएको जग्गामाभन्दा बढी मलखादको प्रयोग गर्ने गरेको देखिन्छ। त्यस्तै मोहियानीमा कमाएको जग्गा मध्ये मोहियानी दर्ता भएको जग्गाभन्दा दर्ता नभएको जग्गामा बढी मलखाद् प्रयोग भएको देखिएको छ।साथै मलखाद्को राम्रो प्रयोग भएको जग्गाबाट उब्जनी बढी हुने गरेको कुरा उक्त अध्ययनबाट देखिएको छ।

उक्त अध्ययनको क्रममा गरिएको सर्भेक्षणअनुसार आफ्नो जग्गा आफै कमाउने किसानहरूको जग्गामा मात्र कमाउने शुद्ध मोही मध्ये पनि दर्ता नभएको मोहीको जग्गामा बाली सघनता २०९ देखिएको छ आफ्नो र अरूको जग्गा समेत कमाउनहरूमा आफ्नो १६६ र अरूको जग्गामा १५३ बाली सघनता रहेको देखिएको छ।

माथिको अध्ययनबाट मोहियानीमा कमाएको जग्गा मध्ये दर्ता भएकाभन्दा दर्ता नभएका मोही बढी दक्ष र सक्षम देखिन्छ। त्यस्तो हुनाको कारणमा मोही र जग्गाधनी दुवै उब्जनी बढाउने बन्दोबस्तमा लाग्दछन्। दर्तावाला मोहीलाई जग्गावालाले कुनै किसिमको मद्दत गर्दैन र जग्गाधनी निष्कृय रहन्छ। अरूको जग्गा मात्र कमाउने मोहीमा साधन स्रोतको अभाव रहे तापनि आफ्नो परिवारको श्रमले तुलनात्मकरूपमा सन्तोषजनक उब्जनी भएको देखिन्छ। तर बेदर्तावाला मोहीले भने आफूलाई कुनै पनि समयमा जग्गावालाले निकाल्न सक्ने डरले पनि मेहनत तथा मलजल गरी बढी उब्जाउ गर्नमा प्रयत्नशील रहको पनि हुनसक्छ।

## ३.६ दोहोरो नियन्त्रणप्रथा अन्त्य गर्नुको औचित्य

नेपालमा बहुसङ्ख्यक (८०.२०प्रतिशत) व्यक्तिहरूको जीवन निर्वाह गर्ने माध्यम कृषि व्यवसाय हो। कृषि व्यवसायको प्रमुख साधन भूमि नै रहेको छ। भूमिमाथिको स्वामित्वको स्थिति हेर्दा करिब ७० (६९.८) प्रतिशत कृषक परिवारको स्वामित्वमा कूल आवादी जग्गाको केवल ३० प्रतिशत जग्गा रहेको छ र त्यस्ता प्रत्येक परिवारको स्वामित्वमा सरदर ०.४२ हेक्टर (८.४ रोपनी वा १३ कट्ठा) जग्गा मात्र रहेको अवस्थाले गर्दा ४९ प्रतिशत नेपाली जनता (विश्व बैंकको तथ्याङ्क अनुसार ७१ प्रतिशत) गरिबीको रेखामुनि रहेकोले २ छाक पेटभरी खान पाउने अवस्थामा छैनन्। सीमित आवादी जग्गा र जनसङ्ख्याको उच्च वृद्धिदर तथा अन्य गैह्रकृषि क्षेत्रमा रोजगारीका अवसरको कमीले गर्दा समेत समयमा नै उपर्युक्त कदम नचालिएमा भविष्यमा देशले ठूलो आर्थिक, सामाजिक तथा राजनीतिक समस्याको सामना गर्नुपर्ने निश्चित छ। त्यसकारण बहुसङ्ख्यक नेपालीको आर्थिक अवस्था सुधार गर्न देशमा विद्यमान रहेको भूमि व्यवस्था तथा कृषि क्षेत्रमा रहेका अवरोधहरू हटाउन संस्थागत तथा सङ्गठनात्मक सुधार गरी भूमिमाथिको स्वामित्वसम्बन्धी पहुँच बढाई सोको उचित उपयोग तथा विकासको साथै कृषिको उत्पादकत्व बढाउन उपर्युक्त सघन खेती प्रणालीको लागि

आवश्यक पर्ने ऋण, कृषि सामग्री, प्रविधि, सिँचाइ सुविधा तथा बजार व्यवस्था आदि एकीकृत र समन्वयात्मक रूपले उपलब्ध हुने व्यवस्था गर्नु नै देशको आजको आवश्यकता हो ।

भूमि व्यवस्थामा संस्थागत सुधार गर्न चालिनु पर्ने विभिन्नकदमहरू मध्ये भूमिमा एक व्यक्तिको स्वामित्व र जोत-कमोद गर्ने अर्को व्यक्ति रहने गरेको वर्तमान मोहियानी व्यवस्थाले मोही किसानको हित पनि हुन नसकेको र उत्पादनको वृद्धिमा पनि योगदान गर्न नसकेको तथा विभिन्न समस्यासमेत उत्पन्न भएको देखिन्छ। भूमिमा रहेको दोहोरो नियन्त्रण व्यवस्था अन्त्य गर्नुपर्ने कारणहरूको चर्चा तल गरिएको छः-

## ३.६.१ मोहीको हक संरक्षण हुन नसकेको

वर्तमान मोहियानी व्यवस्थाअन्तर्गत जमिनमा खास मेहनत गर्ने किसानहरूको हकहितको उपर्युक्त किसिमले संरक्षण हुन नसकी पहिले कायम भएका मोहीहरूलाई विभिन्नि उपायहरूद्वारा निष्कासन गर्ने, तथा मोहीहरू आफैंले पनि छोड्ने गरेको हुँदा दर्तावाला मोहीहरूको सङ्ख्या निकै मात्रामा घटिरहेको छ। साथै अरूको जग्गा जोतिरहेका तर उनीहरूको हक कायम हुन नसकेको हुँदा व्यवहारमा बेदर्ताका मोहीहरूको सङ्ख्या पनि निकै रहेको छ। यसप्रकार, जसको हितको लागि ऐन बनाई कार्यक्रम सञ्चालित गरियो उनीहरू नै त्यस्तो हकबाट वञ्चित हुने अवस्था हुने भएपछि त्यस्तो व्यवस्थाको उपादेयता नै देखिंदैन ।

## ३.६.२ मोहियानी लागेको जग्गामा उत्पादन बढ्न नसकेको

भूमि व्यवस्थामा सुधार गर्नुको मूल उद्देश्य नै खेतीको जग्गाबाट उत्पादनवृद्धि गरी मोहीको आर्थिक अवस्थामा सुधार गर्नु हो। तर निम्न कारणहरूले सो उद्देश्य पनि प्राप्त हुने सकेको छैनः-

### क. निश्चित कुतको व्यवस्था प्रभावकारी नहुँदा उत्पादन वृद्धि गर्न प्रोत्साहन नभएको

मोहियानी व्यवस्थामा मोहीले जग्गावालालाई बुझाउने कुत अङ्कमा निश्चित भएपछि बढी मेहनत तथा लगानी गरी बढेको उब्जनी मोहीले नै पाउने हुँदा उत्पादन वृद्धि गर्न प्रोत्साहन हुन्छ। त्यस्तो निश्चित कुत व्यवस्था प्रभावकारी भएको ठाउँमा जस्तै (काठमाडौं उपत्यकामा) अनुकूल असर परे तापनि अधिराज्यका अन्य भाग मध्ये पहाडी क्षेत्रमा सो व्यवस्था लागु नै गरिएको छैन भने लागु भएका तराईका जिल्लाहरूमा पनि पूर्वी तराईका केही भागबाहेक अन्य क्षेत्रमा राम्रोसँग कार्यान्वयन हुन नसकेकोले अझै पनि करिब ५८ प्रतिशत मोहीहरूले ६५ प्रतिशत मोही लागेको जग्गाको कुत कूल उब्जनीको आधा वा सोभन्दा बढी नै दिइरहेको अवस्था विद्यमान हुँदा मोही लागेको जग्गाबाट उत्पादनवृद्धि हुन सकेको छैन ।

### ख. मोही लागेको जग्गाबाट कम उब्जनी हुने गरेको

विभिन्न अध्ययनअनुसार आफ्नो जग्गा आफैं कमाउने अवस्थामा जग्गावालाले बढी लगानी गर्ने, ऋण प्राप्त गरी नयाँ प्रविधिसमेतको प्रयोगबाट बढी उब्जनी हुने गरेकोमा तुलनात्मकरूपले मोही लागेको (त्यसमा पनि दर्तावाला मोहीको) जग्गाबाट कम उब्जनी हुने गरेको देखिएको छ।

### ग. खेती कार्यमा लगानी गर्ने स्रोत साधनको कमी भएको

मोहियानी हकलाई सम्पत्तिसरहको हक नमानिएको हुँदा आफ्नो स्वामित्वको जग्गा नभएपछि खेतीको कामलाई आवश्यक सामग्रीको संस्थागत स्रोतबाट ऋणको व्यवस्थाका लागि समुचित व्यवस्था पनि नहुने र आफ्नो स्रोतले पनि नभ्याउने हुँदा उत्पादनवृद्धि हुन नसकेको देखिन्छ। परम्परागत स्रोतबाट ऋण लिएमा चर्को ब्याजदरबाट ऋणमा डुब्दै गई मोहियानी पनि छोडी उनीहरूको सुकुमबासी हुने अवस्था रहेको छ।

## ३.६.३ भूमिको स्थायी विकास हुन नसकेको

भूमिलाई उत्पादनको साधनको रूपमा स्थायीरूपले विकसित गर्न काममा वर्तमान मोहियानी व्यवस्थाले योगदान गर्न नसक्ने देखिन्छ। जमिनको स्थायीरूपले भू-क्षय रोक्न आली, कान्ला बनाउने, जग्गालाई खेर जान नदिन पर्खाल बनाउने, रुख लगाउने जस्ता भू-संरक्षणका कार्यका साथै आफ्नै मेहनतले सिँचाइ सुविधा उपलब्ध गराउने, नाश भएका पोषण तत्वको पुनर्स्थापनाको प्रयास गर्ने जस्ता दीर्घकालीन काम आफ्नो जग्गा आफैं कमाउने जग्गावालाहरूबाट बढी मात्रामा हुने र मोहीहरूको आफ्नो सम्पत्ति नभएकोले उनीहरूको त्यस्तो काममा ध्यान कम जाने हुँदा भूमिको स्थायी विकास गर्ने काममा विद्यमान यस व्यवस्थाले योगदान गर्नसक्ने देखिँदैन।

## ३.६.४ सक्षम व्यक्ति निष्कृय रहेको

मोही लागेको जग्गाका कतिपय जग्गावालाहरू केवल कुत मात्र लिने र अरू कुनै काम पनि नगरी निष्कृय रहने हुन्छन्। जग्गावाला वर्ग अधिकांश सम्पन्न तथा पढे-लेखेको पनि हुने हुँदा त्यस्ता बढी जोखिम लिन सक्ने तथा केही लगानी गर्न सक्ने क्षमता पनि भएका व्यक्तिहरू नै निष्कृय रहँदा देशको आर्थिक तथा अन्य गतिविधिको विकासमा हुनसक्ने योगदान पनि हुन सकेको देखिँदैन।

## ३.६.५ बचत परिचालन गर्न नसिकएको

कूल राष्ट्रिय उत्पादमा कृषिक्षेत्रको ठूलो योगदान रहे तापनि उत्पादन बढाई, त्यसरी बढेको उत्पादनबाट केही बचत सङ्कलन तथा परिचालन गर्ने दिशातर्फ पनि विद्यमान मोहियानी व्यवस्थाले योगदान गर्न नसक्ने अवस्था देखिन्छ।

## ३.६.६ मुद्दा मामिलाको वृद्धिले सामाजिक सम्बन्ध पनि बिग्रने अवस्था रहेको

एउटै सम्पत्तिमा दुई व्यक्तिको आर्थिक स्वार्थ गाँसिएको विद्यमान मोहियानी व्यवस्थाले दुवै पक्षमा जहिले पनि अनिश्चितताको अवस्था रहने हुँदा त्यस्तो मानसिकतामा उत्पादन वृद्धि गर्ने प्रक्रियामा प्रतिकूल प्रभाव पर्ने हुन्छ। साथै जग्गावाला र मोही बीच आपसी मनोमालिन्य तथा झैझगडा भई मुद्दामामिला बढी आपसी सामाजिक सम्बन्धहरू समेत बिग्रनुका साथै अनावश्यकरूपमा साधन स्रोत तथा श्रम समेत खेर गइरहेको छ।

## ३.६.७ जग्गा बाँझो भई राष्ट्रिय कृषि उत्पादनमा ह्रास देखिएको

मोहियानी व्यवस्था कायम रहँदा जग्गावालाले आफैं जग्गा कमाउन नसक्ने अवस्थामा अरूलाई कमाउन दिंदा मोहियानी हक लाग्ने डरले अरूलाई कमाउन नदिई त्यसै बाँझो राख्ने वा २/३ बाली हुने जग्गामा केवल १ बाली मात्र लगाउने किसिमका प्रचलन पनि देखिएका छन्। यसले गर्दा कृषि क्षेत्रबाट हुने उत्पादन घटी राष्ट्रिय दृष्टिले पनि अर्बौं रुपियाँ नोक्सान भइरहेको छ।

## ३.६.८ गैह्र नेपाली नागरिकलाई रोजगारी दिने अवस्थाको सिर्जना भएको

विद्यमान मोहियानी व्यवस्थामा जग्गावालाले नेपाली नागरिकलाई जग्गा कमाउन दिँदा मोहियानी हक लाग्ने डरले नेपालीलाई कमाउन नदिई गैह्रनेपाली नागरिकलाई कमाउन दिने प्रथा बढ्न जाँदा राष्ट्रिय अर्थतन्त्रमा प्रतिकूल असर पारिरहेको छ।

## ३.६.९ विभिन्न् पञ्च वर्षिय योजनाहरूमा दोहोरो नियन्त्रण प्रणाली अन्त्य गर्ने नीति रहेको

भूमिमा रहेको दोहोरो नियन्त्रण (स्वामित्व) प्रथाको अन्त्य गर्ने सम्बन्धमा श्री ५ को सरकारबाट तेस्रो योजनाकाल (२०२२) देखि नै बारम्बार यस सम्बन्धमा आफ्नो नीति अघि सार्दै आएको छ। विभिन्न योजना कालमा यस सम्बन्धमा उल्लेख गरिएका कुराहरू निम्नानुसार छन् :-

क. **तेस्रो पञ्चवर्षिय योजना** (२०२२-२०२७):- भूमि सुधार कार्यक्रमको अन्तिम उद्देश्य मोहियानी हकको सुरक्षा, कुत तथा ब्याज निर्धारण, जग्गाको हदबन्दी आदिमा मात्र सीमित नभई किसानलाई नै भू-स्वामित्व प्रदान गरी किसानको आर्थिकस्तर उन्नत पार्न आवश्यक स्थिति तयार गर्नु हो। यस दृष्टिकोणबाट वर्तमान भूमि सुधार कार्यक्रम पनि अपर्याप्त नै छ।

ख. **चौथो पञ्चवर्षिय योजना** (२०२७-२०३२):- वास्तविक जोताहाको हातमा जग्गा हस्तान्तरण गर्ने काममा मद्दत पुऱ्याउन भूमिबाट उद्योगतर्फ पूँजी सारी निजी क्षेत्रमा लगानी वृद्धि गर्न मौजुदा वित्तीय संस्थाको माध्यमद्वारा आवश्यक वित्तीय व्यवस्था मिलाई आफैं खेती नगर्ने जग्गावालाको आफ्नो जग्गा जोताहालाई बेच्न चाहेमा यसरी बेची प्राप्त हुने रकम पनि खास औद्योगिक कार्यमा लगानी गर्ने भएमा आवश्यक ऋण दिने व्यवस्था मिलाइनेछ। यसरी जग्गावालाले जमिन जोताहालाई बिक्री गर्ने शर्तमा ऋण दिइनेछ र जग्गा बिक्री भएपछि मात्र यसरी बेचिएको जग्गालाई धितो मानी ऋण प्रदान गरिनेछ। मोहीले निश्चित अवधिभित्र किस्ताबन्दीमा जमिनको मोल चुक्ता गर्दै गएपछि सम्बन्धित वित्तीय संस्थाप्रतिको दायित्व पनि क्रमशः घट्दै जानेछ।

ग. **पाँचौ पञ्चवर्षिय योजना** (२०३२-२०३७):- हाम्रो जस्तो कृषिप्रधान अर्थव्यवस्थामा उत्पादन अधिकतम् वृद्धि गर्न अधिकतम् उत्पादनलाई जनपयोगी तुल्याउन र कृषि क्षेत्रबाट उत्पादन बढाई बढी साधन विकासको लागि परिचालन गर्न वास्तविक किसानको आफ्नो परिश्रमको समुचित फल पाउन सकिने भूमि व्यवस्था नभएमा मध्यस्थ वर्गले शोषण गर्ने वा शोषणको वातावरण कायम रहने भएकोले वर्तमान भूमि सुधार कार्यक्रममा पुनर्विचार गरी कृषि क्षेत्रमा क्रमशः वास्तविक किसानको स्वामित्व कायम गर्ने प्रयास गरिने छ।

घ. **छैठौं पञ्चवर्षिय योजना** (२०३७-२०४२):- भूमिमा रहेको दोहोरो स्वामित्वको व्यवस्थालाई वर्गसमन्वयको आधारमा क्रमशः अन्त्य गर्दै लगी जमिन जोत्नेलाई

पूर्ण स्वामित्व उपलब्ध गराउने भन्ने कुरा सम्बन्धित उद्देश्यमा उल्लेख गरिएको छ। भूमिमा दोहोरो स्वामित्वको व्यवस्था अन्ततोगत्वा नरहने दिशामा भूमि सुधार जानुपर्ने भएको हुँदा कुन किसिमको विकल्पद्वारा दोहोरो स्वामित्वको हालको व्यवस्थाको अन्त्य गर्न सकिन्छ, त्यस्ता विकल्पको प्रभावकारितासमेत हेर्ने गरी केही क्षेत्रमा प्रयोगात्मक रूपमा परीक्षण गर्ने कार्य गरिनेछ र त्यसका लागि आवश्यक कानुनी आधार पनि तयार गरिनेछ भन्नेर कुरा यस योजनाको नीतिमा उल्लेख गरिएको छ।

ङ. **सातौं पञ्चवर्षिय योजना** (२०४२-२०४७):- जमिनमा रहेको दोहोरो स्वामित्व हटाउने व्यवस्था गर्ने भन्ने कुरा भूमि सुधारसम्बन्धी उद्देश्यमा उल्लेख गरिएको छ। त्यस्तै नीतिमा द्वैध स्वामित्व हटाउनेतर्फ विभिन्न प्रक्रियाहरूद्वारा प्रयोगात्मक रूपमा केही क्षेत्रमा परीक्षण अध्ययन कार्यक्रम सञ्चा्लन गरी बढी प्रभावकारी प्रक्रियालाई विस्तार गर्दै लगिनेछ भन्ने कुरा सातौं योजनामा समावेश गरिएको थियो।

च. **आठौं पञ्चवर्षिय योजना** (२०४९-२०५४):- हाल मोहियानी दर्ता भएका भूमिहरूमा दोहोरो स्वामित्व कायम भई उत्पादन कम हुने र खास जोताहा मोही कृषकलाई खेतीमा लगानी गर्न उत्साह नहुने हुँदा एक न्यायोचित प्रक्रिया अपनाई दोहोरो स्वामित्व सदाको लागि अन्त्य गरिनेछ, भन्ने कुरा भूमि सुधारसम्बन्धी नीतिमा उल्लेख गरिएको छ।

यस प्रकार विक्रम् सम्वत् २०२१ सालमा भूमि सुधार कार्यक्रम लागु भएपछि तेस्रो योजनाको सुरु (२०२२ साल) देखि चालु आठौं योजनाकाल (२०५२) सम्म भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्ने कुरा लगातार उल्लेख भएतापनि विगत ३० वर्षको अवधिमा यस दिशातर्फ ठोस कार्यक्रम सुरु भने हुन सकेको छैन। तर भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्नु आवश्यक छ भन्ने कुरा विगत ३० वर्षदेखि नै राष्ट्रिय नीतिकै रूपमा रहेको स्पष्ट छ।

## ३.६.१० प्रमुख राजनीतिक दलहरूको दोहोरो नियन्त्रण अन्त्य गर्ने प्रतिवद्धता

देशको सबैजसो राजनीतिक दलहरूले भूमिमा रहेको द्वैध नियन्त्रण (स्वामित्व) व्यवस्थालाई अन्त्य गर्नुपर्ने कुरालाई स्वीकार गरी आफ्नो चुनावी घोषणापत्रमा पनि समावेश गरेका छन्। यस सम्बन्धमा नेपालका प्रमुख राजनीतिक दलहरूका चुनावी घोषणापत्रमा उल्लेख भएका कुरालाई सङ्क्षेपमा तल उल्लेख गरिएको छ।

१ **नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनीनवादी)**:- वास्वास्तविक रूपमा खनजोत गरिरहेका किसानहरूको मोहियानी हक कायम गर्ने र जोताहा किसानको हितलाई ग्यारेण्टी गर्दै जमिनमाथिको दोहोरो हक प्रणाली (द्वैध स्वामित्व) को अन्त्य गरिनेछ। (पेज ११, २०५१)

२ **नेपाली काँग्रेस**:-जमिनमा रहेको द्वैध स्वामित्व समाप्त पार्न केही सम्वैधानिक कठिनाई उत्पन्न भई ढिलाई हुन गएकोले आगामी वर्ष सो अफठ्यारो फुकाई सोसम्बन्धी विधेयक ल्याइनेछ। (पेज २, २०५१)

३ **राष्ट्रिय प्रजातन्त्र पार्टी**: निरपेक्ष गरिबी हटाउनको निमित्त सबैभन्दा पहिलो शर्त कृषक परिवारलाई जीवनयापन गर्न चाहिने न्यूनतम जग्गा जुटाइदिनु नै भूमि सुधारको अन्तर्निहीत लक्ष्य र उद्देश्यलाई मूर्तरूप दिन राप्रपाले पहिलो कदम चाल्नेछ। यसको निमित्त जमिनमा रहेको द्वैध स्वामित्व समाप्त गर्दै राष्ट्रिय सहमतिको आधारमा न्यायपूर्ण हदबन्दी कायम गरी सोभन्दा बढी जग्गा निर्धारित न्यूनतम जग्गाभन्दा कम जग्गा हुने कृषक परिवारलाई ५/६ वर्षभित्र अनिवार्यरूपले बिक्री वितरण गर्नुपर्नेछ। (पेज ९, २०५१)

४ **नेपाल सद्भाावना पार्टी**: द्वैध भू-स्वामित्वको अन्त्य गरी व्यवहारिकरूपले मोहीको हक हितको पूर्ण सुरक्षा गर्ने। (पेज ९ २०५१)

५ **नेपाल मजदुर किसान पार्टी**: भूमिको उचित वितरणका निमित्त हदबन्दीलाई देशभरी राम्रोसँग लागु गर्नु र जोताहालाई जग्गाको मालिक बनाउनु नै कृषि समस्याको अन्तिम समाधान हो। त्यस कामको निम्ति सबभन्दा पहिले मोहियानी हक सुरक्षा गर्ने र काठमाडौं उपत्यकामा जस्तै एकै बाली र २३ पाथीको कुतको बन्दोबस्त देशभरी लागु गरिनुपर्छ। गुठी जग्गालाई जोताहाको नाममा दर्ता गराइनु पर्छ। (पेज ६, २०५१)

नेपालमा विद्यमान प्रमुख राजनीतिक दलहरूबाट संसद्मा प्रतिनिधि सभाको जम्मा २०५ स्थानमध्ये एमाले ८८, नेका ८३, राप्रपा २०, नेमकिपा ४, नेसपा ३ समेत जम्मा १९८ सदस्यहरूबाट प्रतिनिधित्व भएको र बाँकी ७ जना स्वतन्त्र रूपमा रहेका छन्। देशका सम्पूर्ण जनताको भावनाको प्रतिनिधित्व गर्ने विभिन्नराजनीतिक दलहरू मध्ये प्रतिनिधि सभामा उक्त सङ्ख्यामा प्रतिनिधित्व गरेका ९६ प्रतिशत सदस्य रहेका सबै प्रमुख राजनीतिक दलहरूबाट भूमिमा रहेका द्वैध स्वामित्वको अन्त्य गर्नुपर्छ भन्ने नीति आ-आफ्नो चुनावी घोषणापत्रमा

स्पष्ट भइसकेको हुँदा राष्ट्रिय सहमतिको आधारमा भूमिमा रहेको द्वैध नियन्त्रण व्यवस्थाको अन्त्य गर्नेतर्फ लाग्न सिवाय अर्को विकल्प देखिंदैन।

माथि उल्लिखित कारणहरूले भूमिमा रहेको दोहोरो नियन्त्रण प्रणालीले सामाजिक न्यायको दृष्टिले तल्लो वर्गको हित गर्ने तथा उत्पादन वृद्धि गर्ने जस्ता उद्देश्यहरू प्राप्त हुन नसकी उल्टो विभिन्न समस्याहरूउत्पन्न भएका छन्। विगत ३० वर्षदेखि विभिन्न योजनाकालमा उक्त व्यवस्था अन्त्य गर्ने कुरा राष्ट्रिय नीतिकै रूपमा रहेको तथा हाल देशमा विद्यमान प्रमुख राजनीतिक दलहरूले समेत दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्ने कुरा स्वीकार गरेको हुँदा भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्ने तर्फ लाग्नु नै आजको आवश्यकता भइसकेको छ।

## ३.७ भूमिमा रहेको दोहोरो नियन्त्रण व्यवस्था अन्त्य गर्नेसम्बन्धी सुझाव

नेपालमा कूल कृषक परिवार मध्ये ९५.३१ प्रतिशतसँग ३ हेक्टर (४.५ बिघा) भन्दा कम जग्गा भएका कृषक परिवार (जग्गावाला) छन्। अरूलाई जग्गा कमाउन दिने जग्गावालाहरू मध्ये ८८.५५ प्रतिशत जग्गावालाहरू ३ हेक्टरभन्दा कम जग्गा भएका समूहमा पर्दछन् भन्ने कुरा विक्रम् सम्वत् २०४८ सालको कृषि गणनाबाट पनि देखिएको छ। कानुनीरूपले नापीको मोठ स्नेस्ताअनुसार दर्ता कायम रहेका मोहीको सङ्ख्या ३ लाख ७० हजार २ सय १७ छ, जो कृषक परिवारको १३.५३ प्रतिशत मात्र हुन्छ। उनीहरूले कमाएको जग्गा १ लाख ८९ हजार ८० हेक्टर छ। जुन कूल आवादी जग्गाको ७.१६ प्रतिशत मात्र हुन आउँछ। खास जग्गा जोतिरहेका तर मोहियानी हक पाउन नसकेकालाई समेत समावेश गरिएमा (विभिन्न अध्ययन सर्भेक्षण तथा आयोगले समेत गरेको क्षेत्रगत अध्ययन भ्रमणको आधारमा) मोहीको सङ्ख्या ५ लाख ६० हजार (२० प्रतिशत) र मोहियानीमा कमाएको जग्गाको क्षेत्रफल ३ लाख १२ हजार हेक्टर (१२ प्रतिशत) सम्म हुने अनुमान गरिएको छ। उक्त मोहीहरूमध्ये अरूको जग्गामात्र कमाउने (शुद्ध मोही) केवल १५.५ प्रतिशतमा (कूल कृषक परिवारको ३.१८ प्रतिशत) छन् भने आफ्नो र अरूको जग्गासमेत कमाउने मोहीको सङ्ख्या ८४.५ प्रतिशत देखिन्छ। तराई र उपत्यकाका जम्मा २३ जिल्लामा मात्र मोहीको सङ्ख्याको ८० प्रतिशत र मोहियानी जग्गाको ८५ प्रतिशत जग्गा रहेको अनुमान छ।

भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथा अन्त्य गर्नको औचित्यको विश्लेषण पर्याप्त मात्रामा माथि नै उल्लेख भइसकेको छ। देशमा रहेको मोहियानीसम्बन्धी वास्तविक स्थितिलाई दृष्टिगत गरी केवल सैद्धान्तिक तथा प्रगतिशीलताको नाममा नयाँ नीति तथा कार्यक्रम बनाउनु उपर्युक्त हुँदैन। यसर्थ समाजमा पर्ने विभिन्न प्रतिकूल प्रभावलाई ध्यानमा राखी वर्तमान प्रजातान्त्रिक व्यवस्थाद्वारा निर्देशित विभिन्न व्यवस्थाअनुरूप समाजलाई ग्राह्य हुनसक्ने नीति तथा कार्यक्रम

बनाउनुपर्ने हुन्छ। यसैक्रममा जग्गावाला र मोहीलाई निश्चितता हुने वातावरण सिर्जना गरी कृषिमा श्रम तथा लगानी बढाउन प्रोत्साहन गर्ने, भूमिको उचित उपयोगबाट उत्पादकत्वमा अधिकतम वृद्धि गर्ने, सामाजिक न्याय प्रदान गर्ने जस्ता उद्देश्यहरू प्राप्त गर्ने तथा व्यवहारिक पक्षलाई समेत दृष्टिगत गरी कार्यान्वयनमा जटिलता नहुने किसिमका व्यवस्थाहरू गर्नु उपर्युक्त हुन्छ। यिनै कुराहरूलाई विचार गरी भूमिमा रहेको दोहोरो नियन्त्रण प्रथाको अन्त्य गर्ने सम्बन्धमा निम्नानुसार सिफारिस गरिएको छ।

## ३.७.१ जग्गामा एकै व्यक्तिको हक-भोग कायम गर्ने

वर्तमान मोहियानी व्यवस्थामा जग्गाको स्वामित्व एकजनामा र जोत कमोद गर्ने व्यक्ति अर्को रहने गरेको हुँदा एउटा जग्गामा सबै प्रकारको हक (स्वामित्व तथा जोत भोग) एकै व्यक्तिको कायम गर्ने व्यवस्था गर्नुपर्दछ। यसले गर्दा खेती गर्ने कार्यमा निश्चित व्यक्तिको बढी श्रम तथा लगानी केन्द्रित भई भूमिको स्थायी विकास तथा उत्पादन वृद्धि हुने र एउटै साधन वा सम्पत्तिमा दुई व्यक्तिको आर्थिक स्वार्थले हुने झै-झगडा सदाको लागि अन्त्य भई जग्गावाल र मोही दुवै पक्षलाई निश्चितता समेत हुनेछ।

## ३.७.२ मोहियानी हक कायम भएको जग्गावाला र मोही दुवैको हक हिस्सा आधा-आधा कायम गर्ने

नेपालमा विक्रम् सम्वत् २०२१ सालभन्दा पहिलेसम्म मोहियानी हकलाई सम्पत्तिसरहको हक मानी खरिद बिक्री हुने कानुनी व्यवस्था रहेको थियो। गुठी जग्गाको मोहियानी हक हालसम्म पनि खरिद बिक्री हुने व्यवस्था रहेको छ। भूमिसम्बन्धी ऐन, २०२१ ले पनि जग्गावालाले मोहियानी लागेको जग्गा आफूलाई घर बनाउनको लागि लिनुपरेमा मोहीलाई जग्गाको मुल्यको २५ प्रतिशत दिनुपर्ने व्यवस्थाले अप्रत्यक्षरूपले मोहियानी लागेको जग्गामा मोहीको एक चौथाई हक हिस्सा रहेको कुरालाई सिद्धान्ततः मानेको देखिन्छ। सो आधारमा नै मोही र जग्गावाला बीच आपसी समझदारीअनुसार जग्गा बाँडफाँट गर्ने वा हक हिस्सा कायम गरी मुल्य लिने प्रथा व्यवहारमा चलिआएको कुरा सर्वविदितै छ। यस सम्बन्धमा विभिन्न ठाउँमा जग्गाको माग, मुल्य तथा कुन पक्ष बढी सबल तथा सक्षम छ वा कसलाई बढी आवश्यकता छ सोही अवस्थानुसार व्यवहारमा मोहीको हक पहाडमा तथा तराईमा कम्तीमा २५ प्रतिशत र काठमाडौं उपत्यकामा बढीमा ६० प्रतिशतसम्म तथा जग्गावालाको हक हिस्सा काठमाडौंमा कम्तिमा ४० प्रतिशत तथा पहाडमा तराईमा बढीमा ७५ प्रतिशतसम्म रहेको देखिएको छ।

### ३.७.३ निश्चित अवधि तोकी एउटा जग्गामा एकै व्यक्तिको सबै प्रकारको हक (जोतपोत) कायम गर्ने प्रक्रिया

मोही लागेको जग्गामा मोही र जग्गावालाको आधा-आधा हक-हिस्सा लाग्ने व्यवस्था भएपछि निश्चित अवधि (१ वर्षदेखि २ वर्षभित्र) मा देहाय बमोजिमको प्रक्रिया अपनाई एउटा जग्गामा सबै प्रकारको हक एकै व्यक्तिको कायम गर्ने व्यवस्था गर्नुपर्दछ ।

क. **जग्गा नै बाँडफाँट गर्ने:** (मोही र जग्गावाला दुवै पक्ष खेती व्यवसायमा नै सङ्लग्न व्यक्ति भए सम्बन्धित जग्गाको नरम-करम मिलाई आपसी मञ्जुरीअनुसार जग्गा आधा-आधा बाँडफाँट गर्न तोकिएको सरकारी निकायमा तोकिएको अवधिभित्र निवेदन दिई जग्गाको कित्ताकाट गरी सोहीअनुसार सम्बन्धित पक्षको नाममा जग्गा दर्ता गरी जग्गाधनी पुर्जा दिनुपर्ने हुन्छ ।

ख. **आपसी समझदारीअनुसार कारोबारबाट सबै जग्गामा एकै व्यक्तिको कृषि स्वामित्व प्रदान गर्ने:** (यदि दुवै पक्षमध्ये कुनै एक पक्षले खेती गर्न नचाहि आफ्नो हक-हिस्साको आधा जग्गा पनि अर्को पक्षलाई मुल्य लिई हक हस्तान्तरण गर्न सक्नेछ। त्यसरी हक हस्तान्तरणबाट स्वामित्व परिवर्तन हुँदा निवेदनको आधारमा कारवाही गरी रजिष्ट्रेशन दस्तुर नलाग्ने व्यवस्था गर्नुपर्दछ ।

ग. **आफ्नो हिस्सामा पर्ने जग्गा अरूलाई बिक्री गर्न सक्ने:** (मोही र जग्गाधनीको आ-आफ्नो हक हिस्सामा पर्ने जग्गा बिक्री गर्दा पहिलो प्राथमिकता सम्बन्धित अर्को पक्षलाई दिनुपर्नेछ। निजले नलिने भएमा मात्र अरूलाई बिक्री गर्न पाउने व्यवस्था गर्नुपर्दछ । तर अरूलाई बिक्री गर्दा भने रजिष्ट्रेशन दस्तुरमा छुट दिनु हुँदैन ।

### ३.७.४ न्युनतम इकाइभन्दा कम हुने गरी जग्गाको कित्ताकाट नगर्ने

मोही र जग्गावालाबीच आ-आफ्नो हक हिस्साअनुसार जग्गा नै बाँडफाँट गर्दा जग्गाको तोकिएको न्युनतम इकाइभन्दा कम हुने गरी कित्ताकाट गरी बाँडफाँट गर्न नपाउने व्यवस्था गर्नुपर्दछ । त्यस्तो अवस्थामा दुई पक्ष मध्ये एक पक्षले नै जग्गाको सबै हक लिई अर्को पक्षलाई निजको हक हिस्साअनुसार जग्गाको मुल्य दिनुपर्नेछ । तर यसरी जग्गाको सबै हक एक पक्षलाई दिँदा जसको अरू जग्गा नै (घरबारीसम्म) नरहने अवस्था हुने भएमा त्यस्तो व्यक्तिले सो जग्गा प्राप्त गर्ने प्राथमिकता पाउनुपर्दछ ।

## ३.७.५ मोही कायम हुने अवस्था

अरूको जग्गा कमाउने मोही भन्नाले दर्तावाला मोहीमध्ये हालसम्म खास जग्गा जोती रहेका व्यक्तिहरू भन्ने बुझ्नु पर्दछ। मोहीमा दर्ता रहेका तर हाल जग्गा जोतभोग गर्न छोडिसकेको प्रमाणित भएमा उनीहरूलाई मोही मानिनु हुँदैन। त्यस्तो व्यक्तिको नाम मोहीको लगतबाट कट्टा गरिने छ। साथै अरूको जग्गा निश्चित शर्तमा तोकिएको अवधिदेखि लगातार जोतिरहेका तर मोहियानी हक पाउन नसकेकाहरूको सम्बन्धमा भने प्रत्येक जिल्लामा तोकिएको आयोग वा अधिकारी वा समितिबाट गाउँगाउँमा टोली पठाई वास्तविक कुरा बुझी छानविन गरी खास जग्गा जोत्ने व्यक्तिलाई मोहियानी हक दिई यस कार्यक्रममा समावेश गरिनुपर्दछ।

दर्ता नभएका तर लगातार ३ वर्ष वा सोभन्दा बढी समयदेखि मोहीको हैसियतले कुत अधिँया तिकुर, चौकुर दिने गरी जमिन कमाई गरी रहेका मोहीको नयाँ मोहियानी दर्ता गर्दा जग्गाको न्युनतम इकाईको क्षेत्रफल (बेच-बिखन गर्न बन्देज लगाइएको) सम्मको जग्गा हुने जग्गावालाको जग्गामा भने मोहियानी हक नलाग्ने व्यवस्था गर्नुपर्दछ। त्यस्तो न्युनतम इकाईको सम्बन्धमा हदबन्दीको परिच्छेदको दफा ५.९.४ मा उल्लेख भएअनुसार तराई तथा भित्री मधेसमा ०.०६७ हेक्टर (२ कट्ठा), पहाडी क्षेत्रमा ०.०५ (१ रोपनी), हिमाली क्षेत्रमा ०.१ हेक्टर (२ रोपनी), सहरी क्षेत्रमा ०.०१ हेक्टर (चार आना) रहेको छ।

मोहिको लागत अद्यावधिक गर्नेबारे वर्तमान कानुनी ब्यवस्थाअनुसार नै कार्यन्वयन गर्न सकिने बारेको सुझाव श्री ५ को सरकारमा यस आयोगबाट पहिले नै (२०५१ चैतमा)दिइसकिएको छ।

नयाँ मोही कायम गर्ने काम निकै जटिल तथा समस्यायुक्त पनि हुनसक्ने हुँदा वास्तविकताको आधारमा जाँच बुझ तथा छानविन गरेर मात्र विवादरहित किसिमले टुङ्गोमा पुग्न उपर्युक्त हुने हुँदा प्रत्येक जिल्लामा गरिने समितिमा सकभर त्यहाँ रहेका राजनीतिक दलहरूको पनि प्रतिनिधित्व हुने किसिमको व्यवस्था गर्नु आवश्यक हुनेछ।

## ३.७.६ मोहियानी हक अंशियार वा हकवालामा जाने

नयाँ व्यवस्था अनुसार मोहीको हक-हिस्साअनुसारको जग्गा वा जग्गाको मुल्य नपाउँदै मोहीको मृत्य भएमा निजको मोहियानी हक एकाघरको अंशियारकोमा जाने व्यवस्था गरिनुपर्दछ। त्यस्ता अंशियार नभएमा उक्त हक-हिस्सा अरू हकवालालाई जाने व्यवस्था गर्नुपर्दछ।

## ३.७.७ ज्यालामा वा ठेक्कामा खेती गराउन सक्ने

उक्त बमोजिमको कृषक स्वामित्व स्थापना भएपछि मोहियानी हकसम्बन्धी सबै व्यवस्था खारेज गर्नुपर्ने हुन्छ। तर कुनै जग्गावालाले खेती कार्यमा लगाउने खर्च व्यहोरी सबै बन्दोबस्त आफैंले गरी ज्यालामा कसैलाई काममा लगाई खेती गर्न यस व्यवस्थाले बाधा पुग्नु हुँदैन। साथै निश्चित अवधिको लागि आफैंले खेती गर्न नसक्ने भएमा अरूलाई ठेक्काथमा कमाउन दिन पनि सकिने व्यवस्था गरिनुपर्दछ तर सोको लगत राख्ने व्यवस्था गर्नु पनि उपर्युक्त हुनेछ।

## ३.७.८ निष्कर्ष

माथि उल्लेखित व्यवस्थाअनुसार मोहियानी लागेको जग्गामा मोही र जग्गावालाको आधा-आधा हक-हिस्सा लाग्ने व्यवस्था भएपछि आफ्नो हिस्साको जग्गामा सबै प्रकारको हक कायम हुने हुँदा आपसी समझदारीअनुसार नै जग्गा बाँडफाँट गर्ने वा आफ्नो हिस्साको जग्गाको मुल्य लिई अर्को पक्षलाई पुरै जग्गा दिने तथा अरूलाई पनि जग्गा बिक्री गर्नसक्ने व्यवस्थाले आपसी कारोवारद्वारा स्वत्ः कृषक स्वामित्व सिर्जना हुनेछ। सोको लागि सरकारीस्तरबाट अन्य कुनै थप व्यवस्था गर्नु नपर्ने हुँदा कार्यान्वयनको सरलता हुनेछ।

भूमिलाई कृषि उत्पादको साधनको रूपमा प्रभावकारीरूपले प्रयोग हुने व्यवस्थाको लागि भने जग्गाको स्वामित्व खेती गर्ने व्यक्तिको हातमा नै रहने उपायको लागि कृषि भूमिकै कार्यमा प्रयोग हुनुपर्ने र बाँझो राखेमा जरिवाना क्रमशः बढाउँदै लगी निश्चित अवधिपछि जफत् नै गर्ने जस्ता व्यवस्थाहरू पनि गरिएमा भूमिलाई सम्पत्ति सञ्चय गर्ने दृष्टिले मात्र राख्ने मनोवृत्ति पनि निरुत्साहित हुनेछ। जसले गर्दा क्रमशः भूमि खास खेती गर्ने व्यक्तिको हातमा रहने र कृषि उत्पादन पनि बढ्दै जाने हुन्छ।

# परिच्छेद- ४

## गुठी व्यवस्था

यस परिच्छेदमा गुठीको पृष्ठभूमि, गुठीका प्रकार, गुठीसम्बन्धी भएका विविध व्यवस्था र यस क्षेत्रमा देखापरेका विविध समस्या तथा त्यसको समाधानसम्बन्धी सुझावहरू समावेश गरिएको छ।

## ४.१ गुठीसम्बन्धी पृष्ठभूमि

निश्चित धार्मिक, सामाजिक तथा साँस्कृतिक कार्य निरन्तर रूपले सञ्चालन गर्न चाहिने खर्चको लागि चल-अचल सम्पत्ति दिई सोबाट त्यस्ता कार्य सञ्चालन हुनेलाई नै गुठी व्यवस्था भनिन्छ। नेपालमा गुठी राख्ने चलनको सुरुवात लिच्छवीकाल पूर्वदेखि नै भएको कुरा अभिलेखहरूबाट थाहा हुन्छ। आजसम्मको खोजबाट प्राप्त अभिलेखहरू मध्ये विक्रम् सम्वत् ५२१ को चाँगुनारायणको अभिलेख नै यस सम्बन्धमा सबभन्दा पुरानो भएको हुँदा गुठी व्यवस्थापनको सुरुवातको प्रमाणको रूपमा यसैलाई लिनुपर्ने हुन्छ। आफ्ना वंशजको मुक्ति, पुण्य प्राप्ति, कुनै खास कार्यको सफलताको सम्झना एवम् खास घटना वा पर्वलाई जीवन्त राख्नक गुठी राखेको कुरा विभिन्न अभिलेखले देखाउँदछन् भने केही केसमा गुठी सम्पत्ति देवस्व भई सरकारबाट हरण नहुने हुँदा सन्तान दर-सन्तानले खान पाउन भन्ने उद्देश्यले गुठी राख्ने गरेको तथ्य पनि इतिहासले देखाएको छ।

श्री ५, तत्कालीन प्रधानमन्त्री, उच्च पदासिन व्यक्तिहरू, समाजका त्यागी दानी र साधुसन्त पनि आफूले आर्जेको सम्पत्तिलाई गुठीको रूपमा राखिदिनेमा प्रमुख छन्। गुठी राख्दा सरकार बक्साई राख्ने र त्यस्तो गुठी सरकारी लगतमा दर्ता गराई आफैंले सञ्चालन गरी आएको पाइन्छ भने कसैले दर्ता नगराई सन्तान दर-सन्तानले खान पाउने व्यहोराको लालमोहर खड्ग निशाना आदि गराएर पनि राखेको पाइन्छ।

## ४.२ गुठीका प्रकार

वर्तमान अवस्थामा गुठी व्यवस्था २ प्रकारका देखिन्छन् ।

### ४.२.१ राजगुठी

राजा, रानी, प्रधानमन्त्री र निजका परिवारहरूले राखेको तथा अन्य व्यक्तिले पनि सरकारी स्वीकृति लिई गुठीको लगतमा दर्ता गराई राखेको गुठीलाई राजगुठी भनिन्छ। राजगुठीको व्यवस्था र सञ्चालन पहिले सरकारीस्तरबाटै हुन्थ्यो भने हाल संस्थानबाट हुन्छ। राजगुठीलाई पनि सञ्चालनको दृष्टिले दुई भागमा बाड्न सकिन्छः-

क. **अमानती गुठीः**- यस्ता गुठीको कुत, मालपोत आदि वा मालपोत कार्यालयहरूले असुल गरी गुठी कोषमा आम्दानी बाँधी तोकिएको धार्मिक, साँस्कृतिक तथा सामाजिक कार्य गर्न चाहिने खर्च पनि सोही कोषबाट व्यहोरिन्छ। हाम्रो देशमा यस्ता अमानती गुठीको सङ्ख्या १ हजार ५० रहेको छ।

ख. **छुट गुठीः**- (गुठीको आयस्ताबाट दानपत्र लिखत, परम्परा बमोजिमका धार्मिक, सामाजिक, साँस्कृति कार्यहरू चलाई बाँकी रहेको शेष कसर वा सलामीसम्म संस्थानमा बुझाउने वा बुझाउन नपर्ने गरी गुठी संस्थान स्थापना हुनुभन्दा पहिले सरकारी गुठीको लगतमा गुठी दर्ता गराई वा दर्ता गराउनुपर्ने गरी गुठीका दाता गुठीयारले नै चलाउन पाउने गरी छुट पाएकोमा छुट गुठीका दाता गुठीयारले नै चलाउन पाउने गरी छुट पाएकोलाई छुट गुठी भनिन्छ। अधिराज्यभर १ हजार १ सय ५० वटा छुट गुठी रहेको अभिलेखबाट देखिन्छ। छुट वा अमानत नखुलेका १ सय ४५ गुठी पनि छन्। यी समेत जम्मा राजगुठीको सङ्ख्या २ हजार ३ सय ४५ रहेको छ।

### ४.२.२ निजी गुठी

राजगुठी (अमानतमा सञ्चालित र छुट गुठीसमेत) बाहेकका व्यक्ति आफैले स्थापना गरी गुठी राख्नेले तोकिदिएको व्यक्ति वा निजको आफ्नै सन्तान वा हकवालाले सञ्चालन गर्नेलाई निजी गुठी भनिन्छ। यस्तो गुठीको जग्गा भने रैकर सरह हुन्छ।

## ४.३ साविकमा राजगुठीको सञ्चालान

श्री ५, श्री ३ र राजा-रजौटाले राखेको गुठी, राजगुठी हुने हुँदा यिनीहरूको सञ्चालन, संरक्षण, सम्वर्द्धन जिम्मेवारी सरकारबाटै व्यहोरिन्थ्यो । यस्तोमा प्रशासनिक र मर्मत जीर्णोद्धारको खर्च सरकारी कोषबाट बहन गरी गुठी जग्गाको आयस्ताबाट तोकिएका दैनिक एवम् पर्व, पुजा, जात्रा आदि जस्ता कार्य मात्र गर्नुपर्ने हुन्थ्यो।

राजगुठीको बन्दोबस्त, रेखदेख र नियन्त्रणको लागि सुरुमा गुठी कचहरी अड्डा रहेकोमा पछि गुठी बन्दोबस्त अड्डा, श्री ५ को सरकार गुठी तहसिल अड्डा, श्री ५ को सरकार गुठी खर्च अड्डा, श्री ३ सरकार गुठी तहसिल अड्डा, श्री ३ सरकार गुठी खर्च अड्डा, गुठी जाँच अड्डा, गुठी लगत जाँच अड्डा, गुठी रकमी किताब दर्ता अड्डा, अमुल्य रत्न अड्डा पद्धति अड्डा, जनकपुर मेनेजरी, महोत्तरी गुठी माल, मटिहानी अमानती अड्डा, मोरङ्ग मेनेजरी आदि सरकारी कार्यालयको रूपमा रही आएका थिए। यिनीहरूको काम श्री ५ र श्री ३ गुठीको कुत, मालपोत असुल गर्नु, गुठीको लागि आवश्यक पर्ने खर्च दिनु तथा राजगुठी छुट गुठी र निजी गुठीहरू समेत दानपत्र, लिखत, परम्परा बमोजिम चलाए-नचलाएको निरीक्षण गरी धर्मलोप नहुने, तथा हुन नपाउने गरी सञ्चालन गराउने आदि व्यवस्था गरेको थियो।

## ४.४ गुठी संस्थानको संस्थापना

नेपालको संविधान विक्रम् सम्वत् २०१९ ले गुठी रकमलाई राजश्वबाट अलग गरेकोले यसलाई सरकारी कोषबाट छुट्याई राज गुठीलाई सुव्यवस्थितरूपले सञ्चालन गराउन गुठी संस्थान ऐन, २०२१ अनुसार २०२१ साल कार्तिक १७ गते गुठी संस्थान स्थापना भयो। यस ऐनले राजगुठीको बन्दोबस्त र सञ्चालनको अभिभारा श्री ५ को सरकारबाट संस्थानमा सार्दै गुठी जग्गामा कसैलाई कुनै प्रकारको हक प्रदान गर्ने नभई सम्पूर्ण हक संस्थानको (राजगुठीको) हुने व्यवस्था गर्यो।

यसै समयमा लागू भएको भूमिसम्बन्धी ऐन, २०२१ ले पनि गुठी अधिनस्थ जग्गामा मोही नलाग्ने व्यवस्था गरेकोमा २०२५ सालमा संशोधन भई सो व्यवस्था हटाए पनि गुठी संस्थान ऐनको व्यवस्था भने यथावत् नै रहेको थियो। तापनि गुठी जग्गाको मोहियानी हक खरीद बिक्री नामसारी दाखिल-खारेज आदि भइरहेका थिए। यसै सन्दर्भमा गुठी जग्गा कमाउनेलाई पनि मोहियानी हक प्रदान गरी दर्तावाला मोहीको हक समाप्त गर्न, सहरी क्षेत्रको गुठी अधिनस्त जग्गा मध्ये तीन खण्डको दुई खण्ड दर्तावाला र एक खण्ड जोताहाले पाउने व्यवस्था गर्न गुठी संस्थान ऐन, २०२९ जारी भयो। तर यो ऐनको कार्यान्वयन भने त्यस बमोजिम हुन नसकेको हुँदा यो व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि पुनः गुठी संस्थान ऐन, २०३३ जनसमक्ष आयो।

एकातिर कानुनले गरेका व्यवस्थाहरू कार्यान्वयन भएका थिएनन् भने अर्कातिर संस्थानको आर्थिक अवस्था जर्जर थियो। मोही लागेको जग्गा रैकर सरह गराउन सहरी क्षेत्रमा कुतको ५०० गुणा र ग्रामीण क्षेत्रमा कुतको २०० गुणा तोकिएको हुँदा यो व्यवस्था कार्यान्वयन हुनसक्ने अवस्था थिएन। तसर्थ यो क्षेत्रमा सुधार ल्याई गुठी जग्गा जोत्नेलाई जग्गाधनी बन्ने अवसर प्रदान गर्न विक्रम् सम्वत् २०४१ सालमा ऐनमा पहिलो संशोधन भयो। यसलाई

कार्यरूप दिन मोही लागेको जग्गाको तोकिएको दस्तुर लिई रैकरसरहमा दर्ता गरिदिने, खास जोताहा किसानलाई नै मोही कायम गर्ने, बीचका दर्तावाला मोहीको अन्त्य गर्ने, वक्यौता रकम प्रभावकारी ढङ्गले असुल गर्ने, खर्चको दरबन्दीमा अनावश्यक चाप कटाई आवश्यक थप गरी अद्यावधिक गर्ने र उक्त कार्यको प्रभावकारिताको लागि जग्गाको लगत स्रेस्ता व्यवस्थित र अद्यावधिक गर्ने कार्य २०४४ सालदेखि अभियानको रूपमा सञ्चालन गर्दा आ.व. ०४७/०४८ सम्ममा आर्थिक अवस्थामा क्रमिक सुधार भई अक्षयकोषको खर्च भएको रकम शोधभर्ना भइसकेको देखिन्छ। तर यो कार्यक्रमलाई निरन्तरता नदिइँदा बनेको संरचना (दुवै आर्थिक र जग्गासम्बन्धी) भताभुङ्ग भएको भन्नेर संस्थानबाट यस आयोगमा प्राप्त विवरण र जानकारीबाट स्पष्ट हुन्छ।

## ५.४ गुठी जग्गा

गुठी संस्थानका तर्फबाट सञ्चालन हुने २ हजार ३ सय ४५ राजगुठी अधिराज्यका ५५ जिल्लाहरूमा र गुठी जग्गा ६८ जिल्लामा छरिएर रहेका छन्। राज गुठीको काठमाडौं उपत्यका र पहाडतर्फ गरी १ लाख ३४ हजार ५ सय २७ रोपनी र तराईमा ९८ हजार २५ बिघा साविक लगत बमोजिम गुठी जग्गा रहेकोमा सर्भे नापीअनुसार हालसम्म ३ लाख ८९ हजार १ सय ४४ रोपनी र ७१ हजार १ सय ५३ बिघा जग्गा दर्ता भइसकेको छ। गुठी जग्गाको लगत अद्यावधिक भई दुरुस्त भइसक्दा जग्गाको क्षेत्रफल अझै बढ्ने देखिन्छ।

### ४.५.१ गुठी जग्गाका प्रकार

गुठी संस्थान ऐन, २०३३ अनुसार गुठी जग्गालाई निम्न शिर्षकअन्तर्गत विभाजित गरिएको छः-

क. **गुठी रैतान नम्बरी जग्गाः**- दर्तावाला व्यक्तिले संस्थानलाई (राज गुठीलाई) मालपोत बुझाउनुपर्ने जग्गालाई यसअन्तर्गत राख्नुपर्ने हुन्छ। यस्तो जग्गाको स्थिति रैकर सरह हुन्छ।

ख. **गुठी अधिनस्थ जग्गाः**- दर्तावालाले राजगुठीलाई जिन्सी कुत बुझाउनुपर्ने जग्गा यसभित्र पर्दछ। यस प्रकारका जग्गाको जग्गाधनी राजगुठी र दर्तावाला व्यक्ति मोही हुन्छ।

ग. **गुठी नम्बरी जग्गाः**- राजगुठी अर्थात् संस्थानले श्री ५ को सरकारलाई मालपोत बुझाउनुपर्ने जग्गालाई गुठी नम्बरी जग्गा भनिन्छ। यस्तो जग्गा मोही लागेको वा नलागेको पनि हुनसक्छ।

घ. **गुठी तैनाथी जग्गाः**- कसैलाई कुनै प्रकारको हक नभएको सम्पूर्ण हक-अधिकार राजगुठी अर्थात् गुठी संस्थानमा रहेको जग्गा यसअन्तर्गत पर्दछ।

ङ. **खान्गी जग्गाः**- गुठीको कुनै निश्चित काम गरेवापत मोहीसँग कुत उठाई खान पाउने वा गुठीका रकमी खान्गीदार आफैंले जोतभोग गरी आयस्ता खान पाउने जग्गालाई खान्गी जग्गा भनिन्छ। खान्गी जग्गा मोही लागेको वा नलागेको पनि हुनसक्दछ।

## नापीअनुसार दर्ता भएको गुठी जग्गाको विवरण

## तालिका ४.१

| विवरण | | छुट | अमानत | नखुलेको | जम्मा |
|---|---|---|---|---|---|
| गुठी तैनाथि | बिघा | ३०५ | १६०५ | ० | १९१० |
| | रोपनी | ५२५ | ४२ | ७ | ५७४ |
| गुठी अधीनस्त | बिघा | ३८७ | १६४४ | ३४ | २०६५ |
| | रोपनी | ४९३७९ | २५०९३ | १५२३९ | ९८७११ |
| गुठी रैतान नम्बरी | बिघा | २८०२ | ४७३११ | ८५० | ५०९६३ |
| | रोपनी | १३९६७ | १४४०२ | २५८९४ | ५४२६३ |
| गुठी नम्बरी | बिघा | ० | २२१ | ० | २२१ |
| | रोपनी | ० | ० | ० | ० |
| खान्गी | बिघा | ० | ० | ० | ० |
| | रोपनी | ३०९० | ० | ० | ३०९० |
| नखुलेको | बिघा | ० | १३००९ | २९८५ | १५९९४ |
| | रोपनी | ९१८४५ | ० | १४९६६१ | २४१५५०६ |
| जम्मा | बिघा | **३४९४** | **६३७९०** | **३८६९** | **७११५३** |
| | रोपनी | **१५८८०६** | **३९५३७** | **१९०८०१** | **३८९१४४** |

*स्रोतः गुठी संस्थान*

## ४.६ गुठीसम्बन्धी वर्तमान समस्याहरू

संस्थानअन्तर्गत रहेका गुठीहरूको तोकिए अनुसारको धार्मिक, साँस्कृतिक तथा सामाजिक कार्य सञ्चालन व्यवस्था, संस्थानको कमजोर आर्थिक अवस्था र जग्गाको लगत स्रेस्ता व्यवस्थित समेत हुन नसकेको सेरोफेरोमा गुठीसम्बन्धी समस्याहरू निम्नानुसार छन् :-

### ४.६.१ जग्गासम्बन्धी समस्या

१ जग्गाको लगत स्रेस्ता अद्यावधिक र व्यवस्थित नहुँदा कुन कुन गुठीको कस्तो प्रकारको जग्गा कति र कुनकुन ठाउँमा छ, के कस्तो प्रयोगमा आउन सक्दछ र के कसरी व्यवस्था गर्न उपर्युक्त हुन्छ भन्ने जानकारी नहुनु ।

२ गुठी जग्गाको नापीअनुसारको लगत स्रेस्ता व्यवस्थित नहुँदा कुत, मालपोत, ठेक रकम असुल नभई अत्याधिक वक्यौता रहनु ।

३ सबै ठाउँमा गुठी अधिनस्थ जग्गा रैतान नम्बरीमा परिणत गर्ने मुल्य नतोकिनु ।

### ४.६.२ देवस्थल सञ्चालनसम्बन्धी समस्या

१ गुठी अनुसार आम्दानी खर्चको दरबन्दी नहुँदा दैनिक पर्व, पुजा, जात्रा आदिको लागि आवश्यक खर्च समयानुकूल र पर्याप्त नहुनु ।

२ धार्मिक मुल्य, मान्यता र नैतिकतामा ह्रास आई गुठीको सम्पत्ति निजी प्रयोगमा ल्याइनु र तोकिएको कार्य राम्रोसँग सञ्चालन नहुनु ।

३ गुठीका रकमी, खान्गीदारहरूको सङ्ख्या तथा खान्गी रकम समयानुकूल नहुँदा ठिक किसिमले कार्य सञ्चालन हुन नसक्नु र नियन्त्रण व्यवस्था पनि प्रभावकारी नहुनु ।

४ मठ, मन्दिर, देवालय, शिवालयको मर्मत, सम्भार, जिर्णोद्धारको उचित प्रबन्ध नहुनु ।

५ देवी देवताका गहना भेटी आदिको सुरक्षा र व्यवस्थाको समुचित प्रबन्ध नहुनु ।

### ४.६.३ आर्थिक व्यवस्थासम्बन्धी समस्या

१ गुठी अधिनस्थ जग्गा रैतान नम्बरीमा परिणत गरिदिँदा प्राप्त हुने रकम बैंक मुद्दति खातामा मात्र लगानी हुने व्यवस्थाले हाल बैंक ब्याजदर घटी आयस्ता कम हुनु ।

२ जग्गाबाट प्राप्त हुनुपर्ने आम्दानी सबै प्राप्त हुन नसक्नु तथा वक्यौता बढ्दै जानु ।

३ घर, पसल बहाल र ठेक्का-पट्टाको रकम प्रभावकारी र व्यवस्थित रूपमा असुल नहुनु ।

४ श्री ५ को सरकारले उपयोग गरेको जग्गाको क्षतिपूर्ति नदिनु, अनुदान बन्द गर्नु ।

५ मठ मन्दिरमा चढ्ने भेटी, गहना आदिको हिसाब नराखिनु र कतिपय महन्त पुजारीले निजी सम्पत्तिको रूपमा त्यसको प्रयोग गर्नु ।

### ४.६.४ व्यवस्थापनसम्बन्धी समस्या

१ संस्थानको सङ्गठन तथा व्यवस्थापन पक्ष पनि प्रभावकारी हुन नसक्नु ।

२ संस्थान व्यक्ति सरह हुने भएकोले जग्गा जमिनसम्बन्धी विभिन्न प्रकारका मुद्दा-मामिला विभिन्न तहमा निकै मात्रामा रहनु ।

## ४.७ समस्या समाधानका उपायहरू

माथि उल्लेख भए अनुसार गुठीका क्षेत्रमा विविध किसिमका समस्याहरू देखिएका छन् । ती समस्याहरूको निराकरणका उपायका सम्बन्धमा निम्नानुसार सुझाव दिइएको छः-

### ४.७.१ जग्गा सम्बन्धमा

संस्थानमा देखापरेको प्रमुख समस्या नै जग्गाको लगत स्रेस्तासम्बन्धी समस्या हो । यथार्थ र वैज्ञानिक अभिलेखको अभावमा कुन जग्गा गुठीअन्तर्गतको हो भन्नेमा एकिन गर्न सकिँदैन । थाहा भइहाल्यो भने पनि कुन प्रकारको गुठी जग्गा हो भन्ने यकिन नहुँदा आय-निर्धारण गर्न सकिने अवस्था छैन । सकेसम्म जुन-जुन गुठीसम्बन्धी कार्य हो सो त्यसैको आयस्ताबाट गर्नुपर्ने हो । तर कुनै देवस्थलको सञ्चालनको लागि जग्गा-जमिन नै रहेको देखिँदैन भने कुनै जग्गा-जमिन रहेको गुठीको लालमोहर, ताम्रपत्र, शिलालेख, लगत आदिबाट देखिए पनि हाल सो जग्गा कुन ठाउँमा छ भन्ने जान्न सकिने अवस्था छैन । नापीअनुसार दर्ता भइसकेका जग्गाको पनि अभिलेख दुरुस्त छैन । एक पटक सुरु गरेको कार्यक्रमलाई निरन्तरता नदिइनुले

पनि यो समस्या झन-झन जटिल बनेको हो । गुठी जग्गा नाप जाँच हुँदाकै अवस्थामा रैकरतर्फ दर्ता भएका छन् भने मोही लागेको गुठी जग्गा गुठी रैतान नम्बरी (रैकर सरह) मा दर्ता भई श्रेस्ता पुर्जा तयार हुनुका अतिरिक्त गुठीका मठ, मन्दिर, बगैंचासमेतका गुठी तैनाथी जग्गाका स्रेस्ताको मोही महलमा व्यक्तिको नाम जनिई मालपोत तथा भूमि सुधारको स्रेस्तामा पनि सोही बमोजिम मोही कायम रहेको पाइन्छ ।

त्यस कारण सर्वप्रथम प्रत्येक गुठीअनुसार जग्गा छुट्याई जग्गाको प्रकार पनि यकिन गरी नापीअनुसार जग्गाको लगत स्रेस्ता व्यवस्थित तथा अद्यावधिक गर्ने कामलाई प्राथमिकता दिई अभियानको रूपमा सञ्चालन गर्नु अति आवश्यक छ ।

क. **रैतान नम्बरी जग्गाः-** गुठी रैतान नम्बरी जग्गाको राजगुठीमा मालपोत मात्र आउने भई पूर्ण स्वामित्व दर्तावाला व्यक्ति (जो जग्गा धनी नै हुन्छ) मा रहन्छ। यो जग्गा रैकरसरह नै हुने हुँदा सोही बमोजिम गर्नुपर्दछ।

ख. **गुठी अधिनस्थ जग्गा :-** यो मोही लागेको जग्गा हो। यस्तो जग्गा संस्थाले तोकेको मुल्य बुझाई गुठी रैतान नम्बरी (रैकर सरह) गराउन पाउने व्यवस्था कानुनमा भइरहेको छ तर यसका लागि तोकिएको रकम किसानले तिर्न बुझाउन सक्ने किसिमको छैन। यस मुल्यको पुनरावलोकन गरी तोकिए बमोजिम गुठीको धार्मिक, साँस्कृतिक कार्य सञ्चालन गर्न चाहिने खर्च पुग्ने एवम् किसानको हित हुने र तिर्न बुझाउन सक्ने किसिमले किसान प्रतिनिधिसमेत राखी स्थानीयस्तरमा समिति गठन गरी सोबाट सिफारिस भए अनुसार केन्द्रीयस्तरबाट तोक्ने कार्य अविलम्ब मिलाउनु पर्दछ। त्यस किसिमको मुल्य बुझाएर जग्गालाई रैकरसरहमा परिणत गराउन गुठी जग्गाका मोहीलाई निश्चित अवधि दिई सो कार्यलाई कार्यक्रमको रूपमा सञ्चालन गर्नुपर्दछ।

ग. **गुठी तैनाथी जग्गा :-** सम्पूर्ण हक-अधिकार संस्थानमा भएका यस्ता जग्गाको पहिचान गरी ती मध्ये मठ-मन्दिर, पर्व, पुजा, जात्राको लागि आवश्यक पर्ने जग्गा छुट्याई तिनीहरूको संरक्षण गर्ने काम हुनुपर्छ। सोबाहेक व्यापारिक दृष्टिकोणले महत्वपूर्ण जग्गाहरू मध्ये संस्थान (राजगुठी) आफैले घर, पसल (ShoppingComplex) निर्माण गरी बहालमा दिने, आफैंले लगानी गरी निर्माण गर्न नसक्ने अवस्थामा संयुक्त लगानी गर्ने र उक्त दुवै अवस्था विद्यमान नभएमा अन्य व्यक्ति, संघ संस्था, व्यापारिक फर्म आदिलाई दीर्घकालीन भू-बहाल (Lease) मा दिने गरी छुट्याई सो अनुसार गर्नुपर्दछ।

घ. **गुठी नम्बरी जग्गा:-** यस्तो जग्गा मोही लागेका वा नलागेका पनि हुने हुँदा खण्ड क, ख र ग बमोजिम नै व्यवस्था गर्नुपर्दछ।

ङ. **खान्गी जग्गा:-** गुठीको कुनै निश्चित काम गरेवापत मोहीसँग कुत उठाई खान पाउने वा गुठीका रकमी खान्गीदार आफैले जोतभोग गरी आयस्ता खान पाउने जग्गालाई खान्गी जग्गा भनिन्छ। खान्गी जग्गा पनि गुठी तैनाथी, गुठी अधिनस्थ, गुठी रैतान नम्बरी आदि हुने हुँदा खण्ड क, ख र ग बमोजिम नै व्यवस्था गर्नु पर्दछ।

## ४.७.२ देवस्थल सञ्चालनका सम्बन्धमा

देवस्थल सञ्चालनका सम्बन्धमा निम्न सुझावहरू दिइएको छ :-

१ गुठी संस्थानले धार्मिक, सामाजिक, साँस्कृतिक निधिको जगेर्ना गर्ने कार्य गर्दछ भने पुरातत्व विभागले साँस्कृतिक एवम् पुरातात्विक सम्पदाको जगेर्ना गर्दछ। तसर्थ यी दुवै निकायबीच समझदारी र समन्वय राखी दुवैले गर्ने काम स्पष्ट गरी कार्य सञ्चालन हुने व्यवस्था गर्न आवश्यक छ। साथै विभिन्न धार्मिक साँस्कृतिक कार्यसम्बन्धी पर्व, पुजा आदि सञ्चालन गर्न हाल श्री ५ को सरकार अन्तर्गतका विभिन्न निकायहरूबाट रकम उपलब्ध गराउने व्यवस्था पनि गर्नु आवश्यक देखिन्छ।

२ हरेक देवी देवस्थल तथा सोमा रहेका मूर्ति गरगहना आदि राष्ट्रिय सम्पत्ति हुन्। यिनै मठ-मन्दिर, शिवालय, जात्रा पर्व आदि हेर्ने वा अध्ययन गर्न विदेशी पर्यटकहरू आउँदछन्। पर्यटन उद्योगलाई अझ विकास गर्न अधिराज्यभर छरिएर रहेका देवस्थलको सुरक्षा प्रबन्ध स्थानीय प्रहरी र प्रशासनले नै गर्नेतर्फ ध्यान दिनु आवश्यक छ। देवस्थलमा आवश्यक भइरहने चल्तीका गहनाहरू स्थानीय समितिको जिम्मा दिई बेचल्तीका गरगहना मध्ये धार्मिक, साँस्कृतिक र पुरातात्विक दृष्टिले महत्वपूर्ण जति संग्रहालयमा राख्ने र सो बाहेकका खास महत्व नभएका गहना भाँडाकुडा आदि लिलाम बढाबढ गरी बिक्री गर्ने व्यवस्था मिलाउनु पर्दछ।

३ पर्व पुजा आदिको खर्च र रकमी खान्गीदारको रकम तुरुन्त पुनरावलोकन गरी अनावश्यक खर्च कटाई आवश्यक खर्चको लागि समयानुकूल दरबन्दी कायम

गर्नुपर्ने देखिन्छ। गुठीका रकमीलाई पारिश्रमिकको रूपमा जग्गा दिने व्यवस्थाको अन्त्य गर्नुपर्दछ। रकमी खान्गीदारको खर्च नगदीमा तोकिदिई तिर्जा व्यवस्थालाई पूर्णतया हटाउनु पर्दछ।

४ देवस्थलको सञ्चालन प्रक्रियामा स्थानीय जनतालाई समेट्नु पर्दछ। यी कार्यमा जनताको प्रत्यक्ष सहभागिताको लागि स्थानीयस्तरमा गुठी व्यवस्थापन समिति गठन गरी समितिमा जनप्रतिनिधित्व गराउनु वाञ्छनीय हुन्छ। यसको निमित्त देवस्थलको महत्वअनुसार केन्द्रस्तरबाट हेर्ने, जिल्लास्तरबाट हेर्ने र स्थानीयस्तरमा हेर्ने गरी देवस्थलको वर्गीकरण गर्नुपर्दछ। राष्ट्रियस्तरमा स्थापित मठ, मन्दिर, देवालय, जात्रा, पर्व ’क’ वर्गमा समावेश गरी केन्द्रीयस्तरबाट हेर्ने, क्षेत्रीयस्तरमा प्रसिद्धि पाएको देवालयहरूलाई ’ख’ वर्गमा समावेश गरी जिल्लास्तरबाट र ‘ग’ वर्गका मठ, मन्दिर, जात्रा र पर्व स्थानीयस्तरमा सञ्चालन र व्यवस्था गर्नुपर्दछ। त्यस्ता स्थानीयस्तरका समितिहरूमा रहने व्यक्तिहरूको सम्बन्धमा सम्बन्धित ठाउँको धार्मिक, सामाजिक दृष्टिले प्रतिष्ठित व्यक्ति, जन-प्रतिनिधि, देवस्थलमा सङ्लग्न गुठीयार तथा पुजारीसमेत रहने व्यवस्था गर्न उपर्युक्त हुनेछ।

५ हाल देशमा देखापरेको धार्मिक विकृति र विसङ्गतीलाई रोकी स्वच्छ परम्परा कायम राख्न देशमा विद्यमान धार्मिक सम्प्रदायहरू पहिचान गरी तत्-तत् सम्प्रदाय र विद्वत समितिको समेत सुझाव लिई खास गरी राजगुठीअन्तर्गत रहेका देवस्थलहरूमा कार्यरत रहेका व्यक्तिहरूको सम्बन्धमा आचारसंहिता बनाई त्यसलाई कानुनी रूप दिई कडाईका साथ पालना गराउनु पर्दछ। हरेक जिल्लामा एक-एकवटा जिल्ला गुठी विकास समिति प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठन गरी गुठी, धर्म र संस्कृति सम्बन्धमा उत्पन्न भएका समस्या निराकरण गर्ने, देवस्थल आदिमा गर्नुपर्ने कार्य गरे नगरेको समेत निरीक्षण गरी गर्नुपर्ने कार्य नगरेकोमा गर्न लगाउने, गुठी सम्पत्ति हिनामिना गर्नेलाई सजाय गर्ने, परम्परा बमोजिमको कार्य गराउने समेत अधिकार प्रदान गर्नु समस्या समाधानको सही उपाय देखिन्छ। जिल्लास्तरीय गुठी विकास समितिमा प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, मालपोत कार्यालयको प्रमुख, गुठी कार्यालय भए सोको प्रमुख, जिल्लाको धार्मिक सामाजिक कार्यमा सङ्लग्न लब्ध प्रतिष्ठित व्यक्ति, जनप्रतिनिधि तथा जिल्लास्तरको महत्वपूर्ण देवस्थल सञ्चाललनमा सङ्लग्न व्यक्तिहरू समेत रहने व्यवस्था गर्न उपर्युक्त हुनेछ।

६ हाल मठ-मन्दिर आदिसँग सम्बन्धित र अन्य व्यक्तिसमेतले गुठीको सम्पत्ति र गुठीका मठ, मन्दिर, देवालय, शिवालय, सत्तल, पाटी, पौवा, जग्गा जमिन आदि निजी प्रयोग गरिरहेका छन् । यो निश्चय पनि राष्ट्रिय हितको दृष्टिले उचित कुरा होइन । यस्ता कार्यहरूलाई समयमा समाधान र निराकरण गरिएन भने यो समस्या दिन-प्रतिदिन जटिल बन्दै जाने हुन्छ। यसरी बस्नेलाई कडाईका साथ खाली गराउने कार्यले देशको राष्ट्रिय संस्कृतिको जगेर्ना गर्नमा ठोस योगदान पुग्ने हुन्छ। मानिसको धार्मिक आस्था र राष्ट्रिय सम्पत्तिप्रतिको सम्मान गर्ने कार्यलाई पनि यस कार्यले सहयोग पुग्दछ।

## ४.७.३ गुठी जग्गाको प्रशासन कार्यको सम्बन्धमा

गुठी कार्यालय रहेका जिल्लामा पनि गुठी जग्गाको अभिलेख मालपोत कार्यालयले राखेका छन् । गुठी कार्यालयमा भन्दा मालपोत कार्यालयमा गुठी जग्गाको विवरण बढी दुरुस्त रहेको छ । यसरी जग्गाको लगत मालपोत कार्यालयमा रहेकै हुनाले मालपोत, कुत असुली, नामसारी, दाखेल-खारेजसमेतको कार्य माल तथा मालपोत कार्यालयले नै गर्ने व्यवस्था मिलाउनु उपर्युक्त हुनेछ। यसो गर्दा सर्वसाधारणलाई दुःख हैरानी पनि कम हुन्छ। मालपोत कार्यालयमा रसिद काट्ने बाहेकको अन्य कार्य नथपिने हुँदा अतिरिक्त व्ययभार पर्दैन तर गुठी संस्थानमा यस क्षेत्रमा काम गर्ने कर्मचारीलाई अर्कै क्षेत्रमा लगाउन सकिने भई प्रशासनिक खर्चमा महत्वपूर्ण कटौती हुन्छ।

## ४.७.४ आर्थिक व्यवस्थाका सम्बन्धमा

आर्थिक व्यवस्थाका सम्बन्धमा निम्न सुझावहरू दिइएको छ :-

१ संस्थानको कूल आयको ४५ प्रतिशत रकम मुआब्जा वा गुठी अधिनस्थ जग्गा रैतान नम्बरीमा परिणत गरिदिई प्राप्त भएको रकम लगानी गरी त्यसबाट आउने ब्याज रहेको छ। गुठी संस्थानबाट प्राप्त आय-व्ययको विवरण अध्ययन गर्दा मालपोत तथा कुत असुली आ.व. ०४३/४४ मा ८० लाख १५ हजार रुपियाँ, आ.व. ०४३/४४ मा ९९ लाख १६ हजार रुपियाँ भएकोमा त्यसपछिका वर्षमा क्रमशः घट्दै गई आ.व. ०४६/४७ मा ६८ लाख ९७ हजार रुपियाँपुगी त्यसपछि सुधार हुँदै आ.व. ०४८/०४९ मा७६ लाख ३७ हजार रुपियाँ र ०४९/०५० मा १ करोड १७ लाख २६ हजार रुपियाँपुगेको देखिन्छ। त्यस्तै घर-पसल बहाल असुली पनि सन्तोषजनक छैन। ठेक रकम असुली पनि अधोगतितर्फ

उन्मुख छ भने अन्य आयक्षेत्र बन्द प्रायः भएको छ। समष्टिमा हेर्दा संस्थानको आर्थिक व्यवस्था जर्जर छ भन्न सकिन्छ। यदि गुठी जग्गा रैतान नम्बरी गरिदिने कार्य नभएको भए संस्थानको कार्य सञ्चालन गर्न निकै कठिनाई पर्ने कुरा प्राप्त आर्थिक विवरणले स्पष्ट पार्दछ।

२ गुठी रैतान नम्बरीमा परिणत गरिदिँदा प्राप्त हुने रकम र मुआब्जा रकमसमेत अक्षयकोषको रूपमा बैंकमा मुद्दती खाता खोली जम्मा गरिने र ब्याजको ७५ प्रतिशत खर्च गर्न पाउनुका अतिरिक्त घर-पसल बनाई बहालमा दिनसक्ने मात्र कानुनी व्यवस्था विद्यमान छ। यो कानुनी बन्धन फुकाई संस्थानको अक्षयकोषको रूपमा रहेको १५ करोड ८० लाख ८ हजार रकम बैंक वा वित्तीय संस्था खोल्न, उद्योगधन्दा स्थापना गर्न वा शेयर खरिद गर्न वा अन्य व्यापारिक कार्यमासमेत लगानी गर्नसक्ने व्यवस्था हुने हो भने धेरै रोजगारीका अवसर सिर्जना हुनाका साथै आयमासमेत उल्लेखनिय वृद्धि हुने हुन्छ। बैंक निक्षेपमा ब्याज घटिरहेको छ। सुरुसुरुमा १४ प्रतिशत ब्याज रहेकोमा हाल करिब ८ प्रतिशत मात्र रहन गएको छ। यो घट्ने क्रम कहिलेसम्म रहन्छ भन्ने कुराको कुनै निश्चितता नहुँदा अब बैंकमा निर्भर नरही वैकल्पिक उपायहरू खोज्नु अनिवार्य भइसकेको छ। तर जग्गाबाट प्राप्त हुने रकम लगानी गर्दा बढी जोखिम नहुने र मूल धन नै डुब्ने सम्भावना भएको कार्यमा कुनै पनि हालतमा लगानी नगरी सकभर स्थायी सम्पत्ति निर्माण गर्ने कार्यमा लगानी गरी सोबाट प्राप्त हुने आम्दानी मध्ये पुरै खर्च नगरी वर्तमान व्यवस्थाअनुरूप आम्दानीको २५ प्रतिशत रकम पुनः लगानी नै गर्ने नीति कायमै राख्नु उपर्युक्त हुनेछ।

३ गुठी जग्गाबाट प्राप्त हुनुपर्ने कुत, तिरो समयमा असूल नभई प्रशस्त वक्यौताको रूपमा रहेको हुँदा त्यस्तो वक्यौता तिर्न सजिलो होस् भनी जिन्सीको हुने मुल्य निकै कम गरी सहुलियत दिने काम २०४४/४५ सालतिर भए तापनि सुरुमा केही असुल भएको तर पछि त्यति प्रगति हुन सकेको देखिँदैंन। त्यसकारण पुनः एक पटक हालसम्मको वक्यौतामा जिन्सीको मुल्यमा केही सहुलियत दिई किस्ताबन्दीमा पनि बुझाउन सक्ने व्यवस्था निश्चित अवधिको लागि गरी सोको व्यापक प्रचार-प्रसार समेत गर्ने र त्यसपछि पनि वक्यौता नबुझाएमा कानुनी कारवाही गर्ने व्यवस्था गर्नु उपर्यक्त हुनेछ।

४ संस्थानले घर-पसल बनाई वा गुठीका पाटी, पौवा, सत्तल, भाडामा दिई बहाल

लिइआएकोमा त्यस्तो बहाल रकमको असुली पनि प्रभावकारी छैन। यसमा समय सापेक्ष भाडादर कायम गरी जमानतसमेत लिएर मात्र घर-पसल बहालमा दिने र सम्झौता बमोजिम समयमा बहाल रकम नबुझाएमा जमानत रहेको रकम जफत गरी बहालवालालाई हटाउने व्यवस्था तुरुन्त मिलाउनु पर्दछ। अझ बहाल रकम असुल गर्न जिल्ला गुठी विकास समितिलाई सुम्पनु पनि राम्रो हुने देखिन्छ।

५ साविकमा राजगुठीको प्रशासनिक खर्च श्री ५ को सरकारले नै व्यहोरी आएकोले संस्थान स्थापना भएपछि हरेक साल केही न केही रकम अनुदान दिईआएको थियो तर गत आ.व. ०५०/०५१ देखि अनुदान दिन बन्द गरेको छ। गुठी संस्थान कुनै नाफा आर्जन गर्ने संस्थान होइन। यसले गर्ने कार्य भनेको धर्म र संस्कृतिजगेर्ना गर्ने कार्य हो। यस्ता कार्यबाट आर्थिक लाभ नहुने हुँदा गुठी संस्थानलाई पनि अन्य संस्थान सरह हेरी अनुदान बन्द गर्नु हुँदैन। प्रशासनिक र मर्मत खर्चको लागि आवश्यक हुने रकम प्रत्येक वर्ष श्री ५ को सरकारले बजेटमा व्यवस्था गरी निकासा दिनुपर्दछ।

६ गुठीको आम्दानी भनेको गुठी जग्गाबाट आउने कुत मालपोत वा ठेक रकम हो। गुठीको जग्गा श्री ५ को सरकारले उपयोग गरेपछि उक्त जग्गाबाट रकम आउँदैन। तसर्थ गुठी जग्गाको क्षतिपूर्ति रकम श्री ५ को सरकारले क्रमशः आफ्नो बजेटमा व्यवस्था गरी संस्थानलाई उपलब्ध गराउँदै जानुपर्दछ।

७ गुठीको मठ, मन्दिर आदिमा श्रद्धालु भक्तजनहरूले हरेक वर्ष लाखौ रुपियाँ बराबरको गहना भेटी चढाउँछन्। त्यो रकम महन्त पुजारीहरूको निजी सम्पत्ति हुने गरेको छ। यसरी चढाइने गहना भेटी आदिको हिसाब-किताब राख्ने गर्नाले देवस्थलको आयस्तामा उल्लेखनीय रूपमा वृद्धि हुने हुन्छ। अझ भेटी आदि चढाउँदा रसिद काटेर दिने वा चन्दा बाकसमा राख्न अभिप्रेरित गर्ने कार्य पनि सँगसँगै अगाडि बढाउनु राम्रो हुन्छ।

## ४.७.५ व्यवस्थापनका सम्बन्धमा

व्यवस्थापनका सम्बन्धमा निम्न सुझावहरू दिइएको छः-

१ संस्थानको केन्द्रीय कार्यालय काठमाडौंमा र अन्य ७ वटा जिल्लामा संस्थाले आफ्नो क्षेत्रीय कार्यालयहरू राखी काम गरिआएको छ। गुठी जग्गा ६८ जिल्लामा

संस्थानले गर्नुपर्ने कार्य स्थानीय माल तथा मालपोत कार्यालयले गर्दछन् । यसरी माल तथा मालपोत कार्यालय पनि संस्थानका स्थानीय इकाइका रूपमा रहेको हुँदा ती कार्यालयहरूले गुठीसम्बन्धी कार्य आफ्नै काम सरह मानी गर्ने किसिमको व्यवस्था मिलाउनु पनि आवश्यक छ ।

२ गुठी संस्थानको व्यवस्थापन प्रभावकारी रहेको पाइएन । यसमा जाने कार्यकारी प्रमुखको नियुक्ति गर्दा अनुभव रुचि आदि जस्ता कुराका अतिरिक्त कर्मचारीलाई नेतृत्व गर्न सक्ने नसक्ने विचार गर्नुपर्दछ । सम्बन्धित क्षेत्रको ज्ञान अनुभव र रुचि भए कार्य गर्न निश्चय नै सजिलो हुन्छ ।

३ संस्थानको सङ्गठन तालिकामा तह १ देखि १० हुँदै प्रशासकसम्म रहने व्यवस्था भए पनि हाल सातौं तह पछि प्रशासक रहेका छन् । यसले गर्दा निर्णय प्रक्रियामा संस्थानका कर्मचारीको सहभागिता हुन सक्दैन । तसर्थ यस्तो अन्तर कम गर्न हाल कायम रहेको तह-पद्धतिको सट्टा श्रेणी-पद्धति लागु गर्न उपर्युक्त हुने देखिन्छ । यस कार्यले संस्थालाई कुनै आर्थिक भार थप हुँदैन तर कर्मचारी प्रशासन भने दक्ष र चुस्त हुन्छ ।

संस्थानले हाल गरिआएका कार्यहरू विशुद्ध रूपले धर्म र संस्कृतिसँग सम्बन्धित भएपनि जग्गा प्रशासनको कार्यलाई प्राथमिकता दिइदा यो भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत रहिआएको छ। तर अब जग्गा प्रशासनको कार्य मालपोत कार्यालयहरूले नै गर्ने र अन्य धार्मिक, सामाजिक एवम् साँस्कृतिक कार्य मात्र संस्थानले गर्नुपर्ने हुँदा गुठीलाई भूमि सुधार तथा व्यवस्था मन्त्रालयको सट्टा संस्कृतिसम्बन्धी कार्य हेर्ने मन्त्रालयअन्तर्गत छुट्टै स्वायत्त सरकारी निकायको रूपमा राखी सञ्चालन गर्नु उपर्युक्त हुनेछ ।

## ४.७.६ श्री पशुपति गुठीको सञ्चालन सम्बन्धमा

श्री पशुपतिनाथका भट्ट तालुकको जग्गामा हालसम्म भूमिसम्बन्धी ऐन तथा गुठी संस्थान ऐन कुनै पनि लागु भएको पाइदैंन । सम्पूर्ण काम कारवाही तामपत्र, लालमोहर, तोकसदर, हुकुम प्रमाङ्गी आदि बमोजिम भइआएको छ । श्री पशुपतिनाथ यस्तो मन्दिर हो जसले अन्तर्राष्ट्रियस्तरमा समेत प्रसिद्धि पाएको छ । यो देशको सबभन्दा धनी र ठूलो गुठी पनि हो । श्रीको ज्योतिर्लिङ्गको दर्शन गर्न लाखौंको सङ्ख्यामा विदेशी तिर्थयात्रीहरू प्रत्येक वर्ष नेपाल आउने गर्दछन् । यो राष्ट्रिय महत्वको राजगुठी भए तापनि हाल छुट्टै व्यवस्थानुसार सञ्चालन भइरहेको छ ।

राजगुठीअन्तर्गतका सबै जग्गाहरू मोहीले आफ्नो नाममा रैतान नम्बरी (रैकरसरह) मा परिणत गराउन पाउने कानुनी व्यवस्था छ तर पशुपति गुठीअन्तर्गतको जग्गा रैतान नम्बरीमा परिणत गराउन पाउने व्यवस्था भएको छैन । त्यसैगरी अन्य गुठीका मोहीहरूले साविक बमोजिम विभिन्न वस्तु तथा सेवा दिइरहनुपर्ने अवस्था रहेको छ । तसर्थ यी सबै व्यवस्थाको बदलामा एकै प्रकारको भूमि व्यवस्था रहने किसिमले सबै रकमी खान्गीदारलाई नगदीमा खर्च दिने र गुठीका अन्य जग्गासरह नै रैतानी नम्बरीमा परिणत गरिदिने व्यवस्था गर्नु पनि वर्तमान अवस्थामा आवश्यक देखिन्छ ।

पशुपतिनाथ ख्यातिप्राप्त राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरको देवस्थल भएको हुँदा सोको सञ्चालन व्यवस्थाको लागि हाल विद्यमान उच्चस्तरीय निकायबाट नै हुने किसिमको वर्तमान व्यवस्थालाई प्रभावकारी बनाइनु उपर्युक्त हुनेछ ।

## ४.८ भविष्यमा गुठी सञ्चालन व्यवस्था

उल्लेखित व्यवस्था भइसकेपछि गुठीको प्रशासनिक खर्चमा उल्लेखनीय कटौती हुनेछ। आयका स्रोतहरूको उचित परिचालन र नयाँ आयमूलक क्षेत्रमा पूँजी प्रवाह गरिँदा निश्चयनै नयाँ रोजगारीका अवसर सिर्जना हुनुका साथै महत्वपूर्ण आर्थिक लाभ प्राप्त हुनेछ। गुठी संस्थान भने केन्द्रीयस्तरमा हरेक मठ-मन्दिर, पर्व, पुजा, जात्रा आदि कार्य दाताको इच्छानुसार सञ्चालन भएका छन् छैनन् यस्ता कार्यलाई अझ बढी प्रभावकारी र जनपक्षीय कसरी बनाउन सकिन्छ, गुठीको रकम कुन क्षेत्रमा प्रवाह गर्दा बढीभन्दा बढी लाभ प्राप्त हुन्छ र रोजगारीका नयाँ अवसरहरू पनि सिर्जना हुन सक्छन् भन्ने जस्ता कुराहरूको साथै बढी जोखिम नलिई मूलधन नडुब्ने गरी लगानी गर्ने किसिमका नीतिगत कार्य गर्ने उच्चस्तरीय निकायको रूपमा रहनेछ ।

पर्व, पुजा, जात्रा आदिको व्यवस्था, रेखदेख र निर्देशनसमेत स्थानीयस्तरमा गठन हुने जनप्रतिनिधित्व भएका गुठी व्यवस्थापन समिति र जिल्ला गुठी विकास समितिले नै गर्ने हुँदा यी कार्य विशेषरूपमा प्रभावकारी हुनेछन् । अन्ततः सबै जग्गा रैकर नै हुनुपर्दछ । राज्यमा दुई प्रकारको जग्गा प्रणाली रहनु हुँदैन । वर्तमानमा जग्गा-प्रशासनसम्बन्धी कार्य मालपोत कार्यालय, भूमि सुधार कार्यालयका अतिरिक्त गुठी संस्थान, पशुपति भण्डार तहविल, गुह्यश्वरी भण्डार तहविल, पशुपति अमालकोट कचहरी आदि कार्यालयबाट पनि भइरहेका छन् तर यी व्यवस्थालाई अब पनि रहिरहन दिनु उपर्युक्त देखिँदैन । जग्गा जमिनसम्बन्धी कार्य एउटै निकायबाट सम्पन्न हुनुपर्दछ। माथि सुझाव गरिए बमोजिमको व्यवस्था भइसकेपछि जग्गा प्रशासनसम्बन्धी कार्य भूमि सुधार तथा व्यवस्था मन्त्रालयअन्तर्गतको एउटै सक्षम निकायबाट हुनेछ। गुठीसम्बन्धी धार्मिक, सामाजिक र साँस्कृतिक कार्यहरूको व्यवस्था, रेखदेख, नियन्त्रणको कार्य संस्कृतिसम्बन्धी कार्य हेर्ने मन्त्रालयअन्तर्गतका निकायबाट हुने

भई कार्यहरूमा विशिष्टिकरण हुनेछ। यसो हुँदा दुवै निकाय आफूलाई तोकिएको कार्य सुचारु रूपले छिटो र सरल ढङ्गले सम्पन्न गर्न सक्षम हुनेछन्।

राजगुठीको सञ्चालन गर्ने अन्तिम र महत्वपूर्ण दायित्व श्री ५ को सरकारको हो। गुठी राख्ने प्रथाको सुरुवात सँगसँगै देखि लिएर गुठी संस्थानको स्थापना कालसम्म पनि गुठीसम्बन्धी सम्पूर्ण कार्यहरू सरकारीस्तरबाटै हुँदै आएका थिए। वर्तमानमा पनि गुठीसम्बन्धी कार्य, गुठी संस्थानका अतिरिक्त मालपोत विभाग, कौशी तोषाखाना, दरबार हेरचाह अड्डा, पुरातत्व विभागसमेतबाट भइआएका छन्। सबैमा धार्मिक एवम् साँस्कृतिक कार्यको लागि बजेटको व्यवस्था भएको छ। देशका सम्वेदनशील धार्मिक साँस्कृतिक कार्य एउटै सक्षम छातामुनि राखिनु नितान्त आवश्यक छ किनकी धर्म र संस्कृति राष्ट्रिय पहिचानका विषय हुन्। भनिन्छ, कुनै पनि राष्ट्रको राजनीतिक स्वतन्त्रता अपहरण भयो भने त्यो सहजै फिर्ता लिन सकिन्छ। तर संस्कृति गुम्यो वा साँस्कृतिक स्वतन्त्रता अपहरण भयो भने राजनीतिक स्वाधिनता छँदाछँदै पनि त्यो जातको अस्तित्व रहँदैन।

हाल गुठी संस्थानले गर्ने कार्य भनेका धर्म र संस्कृतिसम्बन्धी कार्य हो। जम्मा ७ वटा जिल्लामा मात्र आफ्नो कार्यालय रहेको विद्यमान अवस्थामा गुठी संस्थानले यो कार्य गर्न कठिन छ। गुठीसम्बन्धी कार्य मालपोत कार्यालयहरूलाई अर्काको काम जस्तो हुनु स्वभाविकै हो भने व्यक्ति र संघसंस्थाहरूले संस्थानलाई एउटा व्यक्तिसरह हेर्ने गरेको छ। यी निश्चय नै गम्भीर समस्याहरू हुन्। गुठी संस्थान व्यक्तिसरह हुने हुँदा राजगुठीको सम्पत्ति संरक्षण लगायतका कार्य गर्न कानुनमा बाधा हुने हुन्छ।

कहिबाट आयस्ता आए पनि नआए पनि पशुपतिनाथलगायतका देवस्थलको पर्व पुजा, जात्रा रोक्न सकिँदैन भने नव वर्षमा हुने भक्तपुरको बिस्केट जात्रा होस् वा काठमाडौं ललितपुरको मच्छिन्द्रनाथको रथयात्रा होस्, चाहे जनकपुर श्री रामको डोला यात्रा नै किन नहोस् यी राष्ट्रिय संस्कृतिका द्योतक भएका हुँदा बन्द गरिनु हुँदैन। यस्ता कार्यको अविच्छिन्नयताको लागि राष्ट्र नै अग्रसर हुनुपर्दछ। तसर्थ गुठी संस्थानलाई संस्थानको रूपमा नराखी श्री ५ को सरकारको संस्कृतिकसम्बन्धी हेर्ने मन्त्रालयअन्तर्गत छुट्टै स्वायत्त निकायको रूपमा राखी कार्य गराउनु प्रभावकारी हुने देखिन्छ।

## ४.९ गुठी व्यवस्थाका सम्बन्धमा गर्नुपर्ने कार्यहरूको सारांश

गुठी र गुठी संस्थानको पहिलो र महत्वपूर्ण कार्य दाताको इच्छानुसार धार्मिक र साँस्कृतिक कार्य अविच्छिन्नरूपमा सञ्चालन गर्नु रहेको छ। तापनि यसको लागि आवश्यक आयस्ता जुटाउने क्रममा जग्गा प्रशासनमा नै संस्थानको ध्यान केन्द्रित रहेको छ। यसले गर्दा हुनुपर्ने

धार्मिक एवम् साँस्कृतिक कार्यहरू भइरहेका छन्, छैनन् भन्नेतर्फ संस्थानको ध्यान जान सकिरहेको छैन। यो निश्चिय पनि राष्ट्रिय हित अनुकूल नहुँदा संस्थानको ध्यान क्रमशः यसतर्फ केन्द्रित गर्दै लैजान तथा संस्थानबाट जग्गा प्रशासनको बोझ क्रमशः घटाउँदै लैजान समेत निम्नानुसार कार्यहरू तत्कालै सुरु गर्नुपर्ने देखिन्छः-

## ४.९.१ जग्गा व्यवस्था

१ गुठी रैतान नम्बरी जग्गाको मालपोत र गुठी अधिनस्थ जग्गाको कुत असुली, नामसारी, दाखेल-खारेज समेतको कार्य मालपोत कार्यालयले गर्ने र मालपोत तथा कुत रकम एकमुष्ट बजेट विनियोजन गरी श्री ५ को सरकारले गुठी संस्थानलाई दिने।

२ गुठी अधिनस्थ जग्गा रैतान नम्बरी गर्ने प्रक्रियालाई सरलीकरण गर्दै लानुका साथै रैतान नम्बरी वापतको रकम खास जोताहा किसानले खुसीसाथ तिर्न बुझाउन सक्ने किसिमले निर्धारण गर्ने।

३ पहाडतर्फको गुठी अधिनस्थ जग्गाको मुल्य अति न्युन गर्ने, रैतान नम्बरी गर्ने कामबारे व्यापकरूपले प्रचार-प्रसार गर्ने वा समस्या भए सो समाधान गर्ने। त्यस्तो पनि हुन नसकेमा रैतान नम्बरी गर्दा लाग्ने मुल्य धैरै कम भएकोले त्यस्तो लाग्ने रकम एकमुष्ट श्री ५ को सरकारले आफ्नो बजेटमा व्यवस्था गरी संस्थानलाई दिने र त्यस्तो जग्गामा स्वत: मोहीको नाममा रैतान नम्बरीमा दर्ता गरिदिने

४ श्री ५ को सरकारले उपयोग गरेका गुठी जग्गाको क्षतिपूर्ति वापतको रकम यथासमय संस्थानलाई उपलब्ध गरिदिने।

५ गुठी तैनाथी उद्योग व्यापारको दृष्टिले महत्वपूर्ण जग्गा संस्थान आफैले घर, पसल (Shopping Complex) बनाई भाडामा दिने, संयुक्त लगानी गर्ने, लामो अवधिको लागि भाडा (Lease) मा दिने र संरक्षण गर्नुपर्ने जग्गा छुट्याई सो अनुसार व्यवस्था गर्ने। सो बाहेकका सहरी क्षेत्रका गुठी तैनाथी जग्गा मालपोत कार्यालयले रजिष्ट्रेशन प्रयोजनको निमित्त तोकेको न्युनतम मुल्यमा नघट्ने गरी लिलाम बडाबड गरी गुठी रैतान नम्बरीमा परिणत गरिदिने।

६ गुठी ऐलानी हाल आवादी जग्गा सुकुमबासी समस्या-समाधान आयोगले बसोबास गरी आउने व्यक्तिका नाममा तोकिएको मुल्य लिई दर्ता गरिदिने व्यवस्था मिलाउने।

### ४.९.२ देवस्थल सञ्चालन व्यवस्था

१ खर्चको दरबन्दी पुनरावलोकन गरी अनावश्यक कटाई आवश्यक समावेश गरी अद्यावधिक गर्ने।

२ राष्ट्रिय दृष्टिले महत्वपूर्ण मानिने मठ-मन्दिर जात्रा आदिलाई मात्र संस्थानले व्यवस्था र सञ्चाालन स्थानीय गुठी व्यवस्थापन समितिले गर्ने ।

३ हरेक मठ-मन्दिर समेतमा हुने धार्मिक सामाजिक साँस्कृतिक कार्य भए-नभएको जस्ता कुरा हेरी व्यवस्थित गर्न र केन्द्र र स्थानीयस्तरमा सम्पर्क सुत्रको रूपमा काम गर्न जिल्ला गुठी विकास समिति गठन गर्ने ।

४ हरेक धार्मिक सम्प्रदायको पहिचान गरी राजगुठीअन्तर्गत रहेका देवस्थलहरूमा काम गर्ने व्यक्तिहरूले पालना गर्नुपर्ने आचरणसम्बन्धी नियमहरू बनाई लागु गर्ने ।

५ कुनै कुराको निर्माण गर्दा वा मठ-मन्दिर आदि जिर्णोद्वार मर्मत, सम्भार आदि गर्दा संस्थान आफैंले गर्न सक्ने गरी पुरातत्व विभागसँग समन्वयको व्यवस्था मिलाउने। निर्माण जिर्णोद्वारको निमित्त हरेक वर्ष श्री ५ को सरकारले रकम निकासा दिने व्यवस्था गर्ने ।

६ देवस्थल आदिका रकमी खान्गीदारहरूको रकम नगदीमा तोकिदिने। जग्गा खान्गीको रूपमा नराख्ने व्यवस्था गरी तिर्जा व्यवस्थालाई पूर्णतया हटाउने ।

७ धार्मिक, साँस्कृतिक र पुरातात्विक दृष्टिले महत्व भएका बेचल्तीका गहनाहरूको छुट्टै सङ्ग्रहालय बनाउने। त्यस्तो महत्व नभएका गरगहना भाँडा-कुँडा आदि लिलाम बढाबढद्वारा बिक्री गर्ने ।

८ श्रद्धालु भक्तहरूले चढाएका गहना, भेटी आदिको हिसाब-किताब राख्ने व्यवस्था मिलाउने ।

## ४.९.३ आर्थिक अवस्था

१ आयका स्रोत पहिचान गरी बढी फाइदा हुने किसिमले आर्थिक व्यवस्थाको परिचालन गर्ने ।

२ संस्थानको अक्षयकोषमा रहेको रकम बैंकको मुद्दती खातामा नराखी घर, पसल,( Shopping Complex) बनाउनमा लगाउने वा उद्योगधन्दा, बैंक आदि खोली सञ्चाालन गर्ने वा शेयर (Share) खरीद गर्नमा लगाउने । साथै बढी जोखिम नहुने र मूल धन नडुब्ने किसिमले स्थायी सम्पत्ति निर्माण गर्ने कार्यमा लगानी गर्नमा प्राथमिकता दिने । त्यस्तो लगानीबाट प्राप्त हुने आम्दानीमध्ये २५ प्रतिशत खर्च नगरी पुनः लगानी गर्न वर्तमान व्यवस्था कायमै राख्ने ।

३ अक्षयकोषमा जाने रकम कुनै पनि हालतमा अन्य कार्यमा खर्च नगर्ने ।

४ वक्यौता रकम प्रभावकारीरूपले असुल गर्न निश्चित अवधिको लागि विशेष सहुलियत दिने व्यवस्था गर्ने ।

५ छुट गुठीको जग्गा रैतान नम्बरी भइआएको रकमको ब्याज नदिई अनिवार्यरूपमा दरबन्दी पुनरावलोकन गरी मिलाई सो अनुसार खर्च दिने व्यवस्था गर्ने ।

## ४.९.४ व्यवस्थापन सम्बन्धमा

१ संस्थानको सङ्गठन तथा कर्मचारी व्यवस्था कामको प्रकृतिअनुसार सङ्गठनात्मक सुधार गरी प्रशासकीय खर्चमा कमी गर्ने व्यवस्था गर्ने ।

२ गुठी जग्गासम्बन्धी सम्पूर्ण कार्य रैकर जग्गाको प्रशासन गर्ने कार्यालयले नै गर्ने र धार्मिक, सामाजिक एवम् साँस्कृतिक कार्य मात्र गुठीले गर्ने हुँदा यसलाई संस्कृतिसम्बन्धी कार्य हेर्ने मन्त्रालयअन्तर्गत छुट्टै निकाय स्थापना गरी कार्यमा विशिष्टता ल्याउने व्यवस्था गर्ने ।

## ४.९.५ श्री पशुपति गुठी

१ जग्गाको प्रशासन हुने व्यवस्थाको बदलमा पशुपतिनाथको गुठी जग्गाको सम्बन्धमा पनि अन्य गुठी जग्गा सरहकै कानुनी व्यवस्थानुसार गर्ने ।

क. यस गुठीका मोहीले कुतको रूपमा विभिन्न वस्तु वा सेवा दिने वर्तमान व्यवस्थाको बदलामा अन्य गुठी जग्गाका मोहीले सरह तोकिएको किसिम अनुसारको व्यवस्था गर्ने ।

ख. यस गुठीको जग्गा पनि अन्य राजगुठीका जग्गासरह र सोही आधारमा गुठी रैतान नम्बरीमा परिणत गराउन पाउने व्यवस्था मिलाउने ।

२ पशुपतिनाथ अन्तर्राष्ट्रियस्तरमा समेत प्रसिद्धि पाएको राजगुठी हुँदा छुट्टै उच्चस्तरीय निकायबाट सञ्चालन हुने वर्तमान व्यवस्थालाई अझ प्रभावकारी बनाउने ।

## ४.९.६ भविष्यमा गुठी सञ्चालन व्यवस्था

१ राज्यमा विद्यमान रहेको दुई प्रकारको जग्गा प्रणाली अन्त्य गर्न सबै जग्गासम्बन्धी कार्य एउटै निकायबाट सम्पन्न हुने व्यवस्था गरी जग्गा प्रशासन सम्बन्धी कार्यमा एकरूपता ल्याउने ।

२ गुठीको महत्व र ख्याती अनुसार गुठीको वर्गीकरण गरी सोही आधारमा विभिन्नस्तरका स्थानीय समिति (जनप्रतिनिधिमूलक) मार्फत सञ्चालन, संरक्षण र सम्बर्धनको व्यवस्था मिलाउने ।

३ गुठी, धर्म र संस्कृतिसम्बन्धी कार्य वर्तमान अवस्थामा गुठी संस्थान, पुरातत्व विभाग, मालपोत तोषाखाना आदि समेतका अलग-अलग निकायबाट सञ्चालन हुँदै आएकोमा त्यसको अन्त्य गरी एउटै निकायबाट सञ्चलन हुने व्यवस्था गर्ने ।

४ धार्मिक, सामाजिक र साँस्कृतिक कार्य स्थानीय समितिहरूले र जग्गा प्रशासनको कार्य रैकर जग्गाको प्रशासन गर्ने कार्यालयले नै गर्ने हुँदा केन्द्रीयस्तरमा समन्वय र नियन्त्रणको व्यवस्था गर्न गुठी संस्थानको सट्टा सँस्कृतिसम्बन्धी कार्य हेर्ने मन्त्रालयअन्तर्गत छुट्टै उच्चस्तरीय सरकारी निकाय गठन गर्ने ।

# परिच्छेद- ५

## हदबन्दी व्यवस्था

प्रस्तुत परिच्छेदमा नेपालमा भू-स्वामितको वर्तमान स्थिति, हदबन्दी घटाउनुको औचित्य, तथा हदबन्दीको मात्रा आदिको बारेमा विस्तृत चर्चा गरिएको छ। नेपाल अर्धसामन्ती अवस्थामा रहेको, पछौटे किसिमको भूमिव्यवस्थापन र उत्पादन प्रणाली भएको, भौगोलिक विविधतायुक्त कृषिप्रधान देश हो। यहाँको आर्थिक मेरुदण्डको रूपमा ग्रामीण तथा कृषि क्षेत्र रहेको छ। कूल जनसङ्ख्याको ८१ प्रतिशत जनता कृषि पेशामा आधारित छन्। यहाँ करिब ७० प्रतिशत साना किसान अर्थात् १ हेक्टरभन्दा पनि कम जग्गावाला छन्। यहाँको खेती प्रणाली जीवन निर्वाह गर्ने किसिमको मात्र छ। पर्याप्त प्राकृतिक स्रोतहरू हुँदाहुँदै पनि कृषि उत्पादमा निरन्तर ह्रास हुँदै आएको छ र खाद्यान्न आयातमा वृद्धि भएको छ। गरिबी र कृषि बेरोजगारहरूको सङ्ख्या तीव्र गतिमा बढेको छ। वातावरणीय विनाशले विकराल रूप लिएको छ।

राष्ट्रिय योजना आयोगका अनुसार ४९ प्रतिशतभन्दा बढी नेपाली जनता निरपेक्ष गरिबीको रेखामुनी रहेका छन्। कृषकहरूको आर्थिक तथा सामाजिक हैसियत भू-स्वामित्वको परिमाण र भू-उपयोगमा आधारित हुने भएकोले निम्नवर्गीय किसानहरूको आर्थिक तथा सामाजिक स्थिति एकदमै कमजोर हुँदै गएको छ। ग्रामीण क्षेत्रमा रहेको व्यापक गरिबी र उनीहरूको क्रयशक्तिको अभावले गर्दा कृषि तथा ग्रैह कृषि उद्योगले पनि गति लिन सकेको छैन। त्यसकारण भूमिको व्यवस्थापन र भू-स्वामित्वको स्थितिमा उल्लेखनीय परिवर्तन तथा सुधार नगरिकन भूमिको उत्पादकत्व वृद्धि गर्न, गरिबी हटाउन, कृषि रोजगारी वृद्धि गरी क्रयशक्ति बढाउन, उद्योगधन्दालगायत गैह्रकृषि क्षेत्र तथा राष्ट्रिय अर्थतन्त्रको विकास गर्न पनि सम्भव छैन।

## ५.१ अन्य देशहरूको अनुभव

एसियाका प्रायः सबै औद्योगिक राष्ट्रहरू भूमि सुधारको माध्यमले गैह्रकृषि क्षेत्रका पूर्वाधारहरू खडा गरी आज औद्योगिक राष्ट्रहरूका रूपमा विकसित भएका देशहरूले पनि प्रथम चरणमा भूमि सुधारकै माध्यमबाट कृषि उत्पादनमा उल्लेखनीय वृद्धि र त्यसको समतामूलक वितरण प्रणालीबाट आम जनताको आर्थिक स्तर उठाई ग्रामीण अर्थतन्त्रलाई सबल बनाएको

देखिन्छ। ग्रामीण अर्थतन्त्र सुध्रिएपछि मात्र उनीहरूले दोस्रो चरणमा ग्रामीण अर्थतन्त्रबाट औद्योगीकरणमा फड्को मारेका हुन्। यी देशहरूका अनुभवबाट औद्योगीकरणको पूर्वाधार सबल ग्रामीण अर्थतन्त्र हो भन्ने कुराको पुष्टि भइसकेको छ। समाजवादी देशहरूमा चीन, उत्तर कोरिया, भियतनामलाई र पूँजीवादी देशहरूमा जापान, दक्षिण कोरिया, ताइवान र केही भारतीय राज्यहरूलाई उदाहरणको रूपमा लिन सकिन्छ।

चीनमा सन् १९५० मा लागु गरिएको भूमि सुधारले भूमिमा रहेको सामन्ती प्रथालाई उन्मूलन गरी जोताहा तथा मोही किसानलाई भू-साधन प्रदान गरेपछि सम्पूर्ण ग्रामीण जनशक्ति कृषि उत्पादमा जुट्यो र कृषि उत्पादनमा तीव्र किसिमले वृद्धि भयो। फलस्वरूप क्रान्तिपूर्व एक छाक खान पनि धौ-धौ पर्ने चीनीया जनता आज खाद्यान्नमा आत्मनिर्भर मात्र नभई खाद्यान्न निकासी गर्नसक्ने अवस्थामा पुगेका छन्। त्यसरी नै लामो युद्धपछि एकीकरण भएको देश भियतनाम छोटो समयमा नै एसियामा सबैभन्दा बढी धान निकासी गर्ने राष्ट्र बन्न पुगेको छ।

जापान, दक्षिण कोरिया र ताइवानमा द्वितीय विश्वयुद्धपूर्व सामन्ती व्यवस्थापन प्रणाली थियो। यी देशहरूमा १९५० कै हाराहारीमा लागु गरिएको क्रान्तिकारी भूमि सुधार कार्यक्रमले कृषि उत्पादनमा उल्लेखनीय रूपमा वृद्धि मात्र भएको छैन त्यसले ती देशहरूमा औद्योगीकरणमा समेत क्रान्ति ल्याइदिएको छ।

जापानमा सन् १९४५ सम्म कूल कृषक परिवारमध्ये ६९ प्रतिशत भूमिहीन मोही थिए। जसले कूल खेतीयोग्य जमिनको ४६ प्रतिशत भू-भागमा मात्र खेती गर्दथे। नयाँ भूमि व्यवस्थाद्वारा जमिन्दारहरूलाई एक हेक्टर मात्र जमिन दिइयो। त्योभन्दा माथिको जमिन जग्गाधनीलाई ज्यादै कम क्षतिपूर्ति दिई सरकारले अधिग्रहण गरी जोताहा तथा साना किसानलाई ३ हेक्टरका दरले जमिनको वितरण गरी त्यसको स्वामित्व पनि प्रदान गर्‍यो।

त्यतिबेला जापानमा नेपालमा जस्तै औषत राष्ट्रिय जोतको आकार एक हेक्टर मात्र थियो। त्यहाँ भूमि सुधार लागेपछि १९ लाख ८० हजार हेक्टर जमिन अर्थात् कूल खेतीयोग्य जमिनको ३८ प्रतिशत भूमि ४० लाख मोही तथा भूमिहीनलाई वितरण गरिएको थियो। यसबाट कृषि उत्पादनमा निकै वृद्धि भयो। यसले किसानको आर्थिक स्तर बढायो। जमिन्दारहरू उद्योगधन्दा तर्फ अग्रसर हुँदै जाँदा आज जापान विश्वको सबैभन्दा बढी औद्योगिक राष्ट्रमा रूपान्तरित भएको छ। यहाँ औद्योगीकरण भएपछि रोजगारका अवसरमा वृद्धि भयो र जमिनवाला किसानहरू पनि रोजगारीका अवसर उद्योगतर्फ बढी आकर्षण भएकोले कृषिबाट उद्योगधन्दामा जागिरे बन्न पुगे। यस प्रकारले जमिनमाथिको चाप घट्न थाल्यो र खेती गर्ने श्रमशक्तिको कमी हुन थाल्यो। त्यसपछि जमिनको हदबन्दी पनि बढाउन थालियो। जापानमा हाल ४ प्रतिशत जनता मात्र प्रत्यक्ष रूपमा कृषि पेशामा रहेका छन्।

दक्षिण कोरियाको पनि जापानकै जस्तो इतिहास रहेको छ। यहाँ पनि तोकिएका केही पहाडी क्षेत्रमा बाहेक सबै जमिनमा ३ हेक्टर हदबन्दी कायम गरिएको पाइन्छ। र यहाँ हदबन्दीभन्दा माथिको जमिनमा सामान्य क्षतिपूर्ति दिइएको थियो। भूमि सुधारको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गरी ग्रामीण जनताको आर्थिक स्थिति उकास्ने तथा देशको औद्योगीकरणको वातावरण सिर्जना गर्नेतर्फ अग्रसर भएको पाइन्छ। यसरी उद्योधन्दातर्फ बढ्दो आकर्षक रोजगारले पढेलेखेका किसानका छोराछोरीहरू सहरतर्फ आउँदा कृषि-भूमिमा रहेको चाप घट्दै गएर हाल यहाँ कृषि क्षेत्रमा केवल १२ प्रतिशत जनसमुदाय मात्र सङ्लग्न रहेका देखिन्छन् । परिणामस्वरूप यहाँ कृषिश्रमको अभावले गर्दा जमिनको हदबन्दीमा वृद्धि र कृषिमा यान्त्रिकरणको विकास गरिएको छ।

ताइवानमा पनि क्रान्तिकारी भूमि सुधार लागु भएको थियो। यहाँ सिँचित ३ हेक्टर र असिँचित तथा पाखो जमिनको हदबन्दी ६ हेक्टर कायम गरिएको थियो। यहाँको भूमि सुधारको मोडेल र दक्षिण कोरियाको तुलनामा फरक भएको पाइन्छ। यहाँ भूमि सुधारको माध्यमबाट कृषि उत्पादनका साथै ग्रामीण औद्योगीकरण र चक्लाबन्दीमा बढी जोड दिएको देखिन्छ। हदबन्दीभन्दा माथिको जमिन सरकारले अधिग्रहण गरी मोहीलाई स्वामित्वसहित हस्तान्तरण गर्नाका साथै जमिनदारहरूलाई विकास-वण्ड र स्टक (औद्योगिक प्रतिष्ठानमा शेयर) मार्फत क्षतिपूर्ति दिइएको थियो। यो कार्यक्रम लागु भएपछि आफ्नै जमिन जोत्ने किसान ५७ प्रतिशत पुगे र उनीहरूको जमिनमाथिको स्वामित्व पनि ५७ बाट बढेर ९० प्रतिशत भयो। त्यहाँ भूमि सुधार लागु भएपछि पहिलेको तुलनामा जमिनको उत्पादकत्वमा करिब १६८ प्रतिशतले वृद्धि भएको थियो। जसको ४२ प्रतिशत आम्दानी जमिनको सुधार र कृषिखर्चमा, ३९ प्रतिशत घर बनाउनमा खर्च भई बाँकी १९ प्रतिशत बचत हुन थाल्यो। भूमि सुधार लागु भएपछि केटाकेटीको विद्यालय जाने सङ्ख्या७७ बाट बढेर ९६ प्रतिशत भयो। कृषि उत्पादन बढेको कारणबाट सन् १०७२/७३ सम्ममा किसानहरू आफैंले ४ हजार ६ सय किलोमिटर शाखा बाटो, ६ हजार किलोमिटर कुलो, ६ हजार २ सय किलोमिटर निकास कुलो, सिँचाइका लागि १ हजारभन्दा बढी पोखरी, २ हजार २ सय साना पुल र ११ हजार २ सय पुलेसाहरूको निर्माण गरेका थिए। औद्योगीकरणको क्षेत्रमा ताइवान पनि जापान र दक्षिण कोरियाकै हाराहारीमा आइसकेको छ।

भूमि सुधार लागु गरिएका यी सबै राष्ट्रहरूमा भूमिहीन जमिनको स्वामित्वका साथै कृषि प्रविधि तथा कृषिसेवा पनि उपलब्ध गराइएको थियो। ती मुलुहरूमा कृषि सामग्री र कृषि-बजारको लागि सहकारी आन्दोलनलाई प्रभावकारी ढङ्गले अघि बढाइएको थियो।

## ५.२ नेपालमा भू-स्वामित्वको वर्तमान स्थिति

सबैभन्दा पछिल्लो राष्ट्रिय कृषि गणना (२०४८) अनुसार हाम्रो देशको भौगोलिक क्षेत्रको १८ प्रतिशत भूमि कृषियोग्य छ। करिब २७ लाख कृषक परिवार २६ लाख हेक्टर भूमिमा आश्रित छन्। राष्ट्रिय जोतको औषत आकार ०.९५ हेक्टर अर्थात् १८.६ रोपनी (१ बिघा ८ कठ्ठा) छ। १ हेक्टर (२० रोपनी) भन्दा कम जमिन हुने किसानहरू ७० प्रतिशत छन् (तालिका ५.१)। जसको स्वामित्वमा कूल कृषिभूमिको ३० प्रतिशत भू-भाग मात्र पर्दछ। अर्कातिर ५ हेक्टर (१०० रोपनी) भन्दा बढी जमिन हुने धनी किसानहरू १.५ प्रतिशत छन्। उनीहरूको स्वामित्वमा खेतीयोग्य भूमिको करिब १४ प्रतिशत रहेको छ। यो तथ्याङ्कले भूमिको भू-स्वामित्वमा ज्यादै ठूलो असमानता रहेको कुरालाई पुष्टि गर्दछ। तराई र हिमाली क्षेत्रमा जोतको औषत आकारमा पनि असमानता छ। तथ्याङ्कले तराईमा १.३३ हेक्टर, पहाडमा ०.७७ हेक्टर र हिमाली भेगमा ०.६८ हेक्टर भएको कुराको पुष्टि गरेको छ। पहाडी क्षेत्रमा भन्दा तराईमा जमिनको स्वामित्वमा बढी असमानता रहेको देखिन्छ। साना तथा भूमिहीन जोताहा किसानहरू पहाडमा भन्दा तराईमा बढी देखिन्छन्।

### नेपालमा भू-स्वामित्वको वर्तमान विवरण

### तालिका ५.१

| जोतको आकार | हिमाल | | पहाड | | तराई | | नेपाल अधिराज्यभर | |
|---|---|---|---|---|---|---|---|---|
| हेक्टरमा | कृषि परिवार % | स्वामित्वको जमिन % | कृषि परिवार % | स्वामित्वको जमिन % | कृषि परिवार % | स्वामित्वको जमिन % | कृषि परिवार % | स्वामित्वको जमिन % |
| ०.१ हे. भन्दा कम | ५.५ | ०.५ | ७.० | ०.५ | ९.७ | ०.४ | ७.५ | ०.४ |
| ०.१-०.२ हेक्टर | ११.२ | २.४ | १०.६ | २.० | ८.० | १.० | ९.६ | १.५ |
| ०.२-०.५ हेक्टर | २६.४ | १८.२ | ३०.८ | १३.४ | २१.६ | १२.४ | २६.७ | ९.४ |
| ०.५-१ हेक्टर | २९.० | ३०.० | २९.० | २६.४ | २१.६ | १२.४ | २६.० | १९.२ |
| १-३ हेक्टर | १६.३ | ३५.९ | २१.२ | ४२.४ | ३२.९ | ४४.३ | २५.५ | ४३.० |
| ३-५ हेक्टर | १.१ | ५.९ | १.६ | ७.६ | ५.७ | १७.३ | ३.२ | १२.६ |
| ५ हेक्टर भन्दा माथि | ०.५ | ७.१ | ०.५ | ७.७ | २.८ | १९.४ | १.५ | १३.९ |
| **जम्मा** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** | **१००.०** |

*स्रोतः ग्रामीण कृषिगणना, २०४८*

भू-स्वामित्वमा जस्तै गुणस्तरयुक्त र सिँचाइ सुविधा भएका जमिनको वितरणमा पनि धेरै असमानता पाइन्छ। ठूला तथा धनी किसानसँग साना किसानको तुलनामा ऊर्वर, धनहर तथा सिँचित जमिनको अनुपात धेरै भएको कुरा तालिका ५.२ मा उल्लेख गरिएको छ। आधा हेक्टरभन्दा कम जमिन हुने किसान परिवारसँग उनीहरूको कूल जमिनमध्ये २० प्रतिशत जमिन मात्र सिँचित छ भने ४ हेक्टरभन्दा बढी जमिन हुनेहरूसँग २७ प्रतिशत सिँचित भूमि छ। त्यसरी नै साना किसानको जमिनमध्ये ३८ प्रतिशत धान खेती हुने जमिन छ भने ठूला किसानसँग धान खेती हुने जमिन ६४ प्रतिशत देखिन्छ (तालिका ५.२)। यसरी जोतको आकार बढ्दै जाँदा स्तरयुक्त जमिनको अनुपात पनि बढ्दै गएको पाइन्छ।

## खेत, पाखो तथा सिँचित जमिनको स्थिति

## तालिका ५.२

| जोतको आकार | खेत प्रतिशत | पाखो प्रतिशत | सिँचित प्रतिशत |
|---|---|---|---|
| ०.५-०.५ हे | ३८.०६ | ६१.९४ | २०.१२ |
| ०.५-३ हे | ४५.९९ | ५४.०१ | २०.६१ |
| ३-४ हे | ५८.६६ | ४१.३४ | २७.४८ |
| ४ हे | ६४.११ | ३५.८९ | २६.८४ |
| **जम्मा** | **५०.२७** | **४९.७३** | **२२.२४** |

*स्रोतः ग्रामीण कृषिकर्जा सर्वेक्षण २०४८, नेपाल राष्ट्र बैंक।*

यसरी कृषि उत्पादनको प्रमुख साधनको रूपमा रहेको जमिनको असमान वितरण ढाँचाले गर्दा कृषि आयको वितरण प्रणालीमा समेत असमानता कायम हुनगई गरीब र धनीबीचको दुरी बढ्नै गएको देखिन्छ। एकातिर खेती गर्ने गरिब तथा भूमिहीन किसानहरूले आवश्यक जमिनको र अन्य उत्पादनका साधनहरूको अभावमा आफ्नो श्रमशक्ति पूर्णरूपमा प्रयोग गर्न नपाई गरिब र बेरोजगार बन्नुपर्ने बाध्यात्मक स्थिति छ भने अर्कोतिर अनुपस्थित भूमिपतिहरू तथा ठूला किसानहरूको स्वामित्वमा रहेको जमिनको पूर्ण उपयोग हुन सकेको छैन र कृषि उत्पादनमा धेरै ह्रास भएको छ। फलस्वरूप देशले वर्षेनी व्यापक रूपमा खाद्यान्न आयात गर्नुपरेको छ र आयातको दर बढ्दो छ। साना किसान गरिब तथा भूमिहीन हुँदै गएका छन् भने ठूला किसान झन् धनी बन्दै गएका छन्। कृषि उत्पादनमा वृद्धि गर्न, आम जनताको आर्थिक स्थिति सुधार्न र जमिनमा रहेको निष्कृय पूँजीलाई उद्योगधन्दातर्फ उन्मुख गराउन जमिनको स्वामित्वको संरचनामा परिवर्तन गर्नुपर्ने स्थिति छ। त्यसकारण वर्तमान हदबन्दी घटाई नयाँ हदबन्दी कायम गर्नु आवश्यक छ।

## ५.३ वर्तमान हदबन्दीको व्यवस्था

२०२१ सालमा लागु गरिएको हदबन्दीअनुसार तराईमा २५ बिघा, पहाडमा ८० रोपनी र काठमाडौं उपत्यकामा ५० रोपनी कायम गरिएको र ८ रोपनीसम्म छुट दिइएको छ। यस्तो हदबन्दी व्यवस्था त्रुटिपूर्ण छ किनभने तल्लो पहाडको तीन बाली हुने जमिन र हिमाली क्षेत्रको १ बालीका लागि १ वर्षभन्दा बढी समय लाग्ने जमिनको पनि हदबन्दी एउटै छ। पहाड तथा हिमाली क्षेत्रमा भन्दा तराईको हदबन्दी करिब ४ गुणा बढी रहेको छ। त्यसरी नै उक्त भूमि सुधार कार्यक्रमको कार्यान्वयन पक्ष पनि त्रुटिपूर्ण रहेको पाइन्छ। सबै जिल्लाहरूमा उक्त कार्यक्रम एकपटक लागु नहुनु, समयमा नापी नहुनु, कार्यान्वयन प्रक्रिया लामो हुनु, राजनीतिक प्रतिबद्धताको कमी हुनु र प्रशासनिक यन्त्र पनि प्रभावकारी नहुनु आदि कारणले गर्दा उल्लिखित कार्यक्रम प्रभावकारी रहेन। जसले गर्दा हदबन्दीभन्दा माथिको सबै जमिन राज्यले प्राप्त गर्न सकेको देखिंदैन। उक्त कार्यक्रमबाट केवल ३१ हजार २ सय ३ हेक्टर अर्थात् कूल खेतीयोग्य जमिनको १.५ प्रतिशत जमिन राज्यले प्राप्त गरी २९ हजार १ सय २४ हेक्टर भूमि मोही तथा भूमिहीनलाई वितरण गरिएको थियो।

हाम्रो देश भौगोलिक बनौट र जलवायुको हिसाबले नै विविधतायुक्त भएको हुँदा भिन्न-भिन्न ठाउँको कृषि उत्पादन क्षमतामा पनि विविधता पाइन्छ। मुलुकको कूल भौगोलिक क्षेत्रफलको अत्याधिक हिस्सा हिमाल र पहाडले ओगटेको छ। त्यसको पनि ठूलो क्षेत्र कृषि उत्पादनको निमित्त योग्य छैन, साथै कृषि उत्पादनयोग्य क्षेत्रको उत्पादन क्षमता पनि कम छ। तराई, भावर र पहाडका कतिपय बेसीहरूमा वार्षिक तीन खेतीदेखि लिएर हिमाली क्षेत्रमा तीन वर्षमा दुई खेती मात्र लिन सकिने भौगोलिक तथा पर्यावरणीय स्थित पनि रहेको छ। त्यसैले नयाँ हदबन्दी कायम गर्दा एकातिर जमिनको अधिकतम उपयोग हुन सकोस् भनी उत्पादन गर्न सक्षम श्रमशक्तिलाई ध्यान दिनुपर्दछ भने अकोतिर भिन्न भिन्नै भौगोलिक क्षेत्रको आधारमा भिन्नाभिन्नै किसिमको हदबन्दी कायम गरिनु उपर्युक्त हुने देखिन्छ।

पहाडी तथा भिरालो जमिनको उत्पादन वहन गर्ने क्षमता (Land Capacity) तराई तथा समथर उपत्यकाको तुलनामा कम हुन्छ भने उत्पादन लागत पनि बढी हुन्छ। यसको अतिरिक्त जतिजति जमिनको भौगोलिक उँचाई बढ्दै जान्छ उतिउति नै बाली पाक्ने अवधि पनि लामो हुँदै जाने गर्दछ। उदाहरणको लागि तराई तथा पहाडका बेसीहरूमा ३ महिनामा पाक्ने मकै बाली हिमाली क्षेत्रमा ९ महिनामा पाक्दछ। तसर्थ नेपालको सन्दर्भमा तराई, मध्य पहाड र हिमाली क्षेत्रको लागि भू-उपयोगको आधारमा अलग-अलग हदबन्दी कायम गरी वर्तमान हदबन्दीमा परिवर्तन गर्नु व्यवहारिक तथा विज्ञानसम्मत हुनेछ।

# ५.४ वर्तमान हदबन्दी घटाउनुपर्ने औचित्य

## ५.४.१ कृषि उत्पादन वृद्धि गर्न

मेसिनीकरण नभएको र कतिपय ठाउँमा भविष्यमा पनि हुने सम्भावना नरहेको नेपालको वर्तमान सन्दर्भमा ठूला तथा धनी किसानहरूको जमिनको तुलनामा साना किसानहरूको जमिनको उत्पादकत्व उल्लेखनीय रूपमा बढी भएको कुरा विभिन्न अध्ययनबाट पुष्टि भएको छ। नेपाल राष्ट्र बैंकको सबैभन्दा पछिल्लो सर्भेअनुसार जतिजति जोतको आकार बढ्दै गयो, भूमिको उत्पादकत्व पनि घट्दै गएको पाइन्छ। जबकि साना किसानसँग ठूला किसानको तुलनामा कम गुणस्तरको भूमि रहेको छ। एक हेक्टरभन्दा कम जमिन हुने किसान परिवारको हकमा बाली सघनता (Cropping Intensity) १६६ प्रतिशत छ भने ५ हेक्टरभन्दा बढी जमिन हुने परिवारको सघनता ११७ प्रतिशत भएको कुरालाई तालिका ५.३ ले पुष्टि गर्दछ। अर्थात् जतिजति जोतको आकार बढ्दै गयो उतिउति नै बाली सघनता पनि घट्दै गएको पाइन्छ। यसप्रकार ठूला किसानसँग भएको जमिनको अधिकतम उपयोग हुन सकेको छैन।

### जोतको आकार र बाली सघनता

### तालिका ५.३

| जोतको आकार | बाली सघनता | | |
|---|---|---|---|
| | खेत | बारी | जम्मा |
| १ हेक्टर भन्दा कम | १६७ | १६५.० | १६६.० |
| १.०-३.० | १५१.० | १५४.० | १५३.० |
| ३.०-५.० | १४१.० | १३४.० | १३९.० |
| ५ भन्दा बढी | १२८.० | १०६.० | ११७.० |
| **राष्टिय औसत** | **१४९.०** | **१५०.०** | **१४९.०** |

*स्रोतः ग्रामीण कृषि कर्जा सर्वेक्षण २०४८, नेपाल राष्ट्र बैंक।*

जोतको आकार घट्दै जाँदा कृषि उत्पादकत्व घट्दै गएको कुरालाई (तालिका ५.४) ले प्रष्ट्याउँछ। एउटै भौगोलिक क्षेत्रका साना किसानले एक हेक्टर जमिनबाट करिब १२ हजार रुपियाँ मुल्य पर्ने उब्जनी लिने गर्दछन् भने ५ हेक्टरभन्दा बढी जमिन हुने किसानले प्रतिहेक्टर करिब ६ हजार रुपियाँको उब्जनी लिने गरेको पाइएको छ। यसबाट यो प्रष्ट हुन्छ कि साना किसानहरूले बढी मेहनत गरी जमिनको समुचित उपयोगबाट जमिनको गुणस्तर कम भए

पनि बढी उत्पादन लिने गर्दछन् । तर जमिनको असमान वितरण भएकोले बढी मेहनत गरी बढी उब्जाउ लिने किसानसँग ज्यादै कम जमिन रहेको छ भने श्रमसाधन नभएका तथा अनुपस्थित जग्गाधनीसँग जमिनको मात्रा बढी छ। त्यसैले जमिनमा हदबन्दी वितरण गरेमा कृषि उत्पादनमा उल्लेखनीय रूपमा वृद्धि हुनेछ ।

### जोतको आकार र जमिनको उत्पादकत्व

## तालिका ५.४

| जोतको आकार हेक्टरमा | उत्पादकत्व प्रति हेक्टर रूपैयामा |
|---|---|
| १.० | ११,७१७.०० |
| १.०-३.० | ९,५९५.०० |
| १.०-५.० | ८,२८९.०० |
| ५ हेक्टर भन्दा बढी | ६,२३९.०० |
| **राष्ट्रिय औषत** | **९,४५८.००** |

*स्रोतः ग्रामीण कृषि कर्जा सर्वेक्षण २०४८, नेपाल राष्ट्र बैंक ।*

## ५.४.२ सामाजिक न्याय कायम गर्न

भूमि प्रकृतिप्रदत्त सम्पदा र कृषि उत्पादनको प्रमुख साधन हो । अधिकांश नेपाली जनताको गाँस, बास तथा कपासको प्रबन्ध यसैमाथि निर्भर रहेको छ। मानव-सभ्यताको अस्तित्वको लागि आधारभूत आवश्यकता परिपूर्ति गर्न भूमिको समुचित उपयोग हुनु अनिवार्य हुन्छ। भूमिलाई आफ्नो आवश्यकताभन्दा बढी सम्पत्तिको रूपमा सञ्चय गरी मानव जातिको अस्तित्वको आधारको रूपमा रहेको खाद्यान्न उत्पादनमा ह्रास आउन दिने अधिकार कसैलाई पनि हुनुहुँदैन । जमिन सीमित साधन भएकोले आफूले कमाउन सक्ने वा आफ्नो आधारभूत आवश्यकता पुरा गर्ने हदभन्दा बढी जमिन ओगटिराख्नु दिनु उचित र न्यायसङ्गत हुँदैन । जमिन प्राकृतिक सम्पदा भएकोले यसलाई अन्य मानवनिर्मित सम्पत्तिसँग दाँजेर हेरिनु पनि हुँदैन र यसको वितरणमा ठूलो असमानता रहनु उचित देखिँदैन । त्यसैले हदबन्दीको माध्यमबाट जमिनको समतामूलक वितरण-प्रणाली कायम गर्नु सामाजिक न्यायको दृष्टिले आवश्यक छ ।

नेपाली जनताको सिप र क्षमताको तत्काल उत्पादनमा वृद्धि ल्याउन सक्ने उत्पादनको प्रमुख साधन भूमि हो । उक्त साधन सीमित व्यक्तिको स्वामित्वमा बढी रहँदा बहुसङ्ख्यक नेपालीहरू झन्‌झन् गरिब र बेरोजगार बन्दै छन् । भूमिको हदबन्दी कम गरी प्राप्त हुने जमिन भूमिहीन तथा गरिब किसानलाई वितरण गर्दा तिव्र ढङ्गले नयाँ रोजगार सिर्जना, उत्पादन

वृद्धि, आयवृद्धि तथा गरिबीको निवारण गर्न र देशको समग्र आर्थिक तथा सामाजिक विकासमा योगदान पुग्दछ।

राज्यले कृषि विकासका लागि सिँचाइ, मल, उन्नत बीउ, उन्नत प्रविधि, बजार तथा बाटोको व्यवस्था मिलाए पनि त्यसको प्रत्यक्ष फल जमिन हुने करिब ५ लाख र भूमिहीन अनुमानित ५ लाख गरी कूल १० लाख कृषि परिवारलाई त्यसको खास फल पुगेको छैन। तसर्थ यस्ता अति साना र भूमिहीन किसानलाई प्रत्यक्ष लाभ पुऱ्याउनको लागि भूमिको हदबन्दी घटाई प्राप्त हुन आएको जमिन पुनर्वितरण गर्नु अनिवार्य हुन आउँदछ।

## ५.४.३ औद्योगीकरणको पूर्वाधार खडा गर्न

हदबन्दीको माध्यमबाट समतामूलक (Equity) ढङ्गले भू-स्वामित्व वितरण गर्नाले कृषि आयको वितरण प्रणालीमा समेत समता कायम हुन्छ। त्यसबाट कृषि उत्पादनमा वृद्धि हुनुका साथै साना किसानको जीवनस्तर उठ्छ र उनीहरूको क्रयशक्तिमा वृद्धि हुने हुँदा औद्योगिक वस्तुहरूको खपतमा पनि वृद्धि हुन्छ। परिणामतः आन्तरिक बजारको विस्तार हुनजान्छ। औद्योगिक वस्तुका लागि आन्तरिक बजारको निर्माण र विस्तार हुँदा आन्तरिक तथा बाह्य लगानीकर्ताहरूलाई आकर्षिक गर्छ र उद्योगधन्दा तथा गैह्र कृषिक्षेत्रको विकास र विस्तार हुनजान्छ। कुनै पनि विदेशी लगानीकर्ताले आफ्नो आन्तरिक तथा बाह्य बजारको स्थापनाका लागि लगानी गर्न चाहँदैन। त्यसरी नै अर्को महत्वपूर्ण पक्ष के छ भने जमिनको स्वामित्वमा वर्तमान हदबन्दी उचित रूपमा घटाउँदा ठूला किसान र अनुपस्थित जग्गाधनीको जमिनमा रहेको निस्कृय पूँजी क्षतिपूर्तिमार्फत गैरकृषि तथा उद्योगधन्दातर्फ उन्मुख हुनेछ। जसले गर्दा देशमा औद्योगीकरणका लागि आर्थिक तथा भावनात्मक पूर्वाधारहरू खडा भई आजका ठूला किसान तथा जग्गावाला भोलिका उद्योगपतिमा रूपान्तरित हुनेछन्।

## ५.४.४ रोजगारीका अवसर अभिवृद्धि गरी गरिबी उन्मूलन गर्न

वर्तमान हदबन्दी घटाई हदभन्दा माथिको जमिनको स्वामित्व भूमिहीन तथा गरिब किसानहरूलाई दिनाले कृषि उत्पादनको प्रमुख साधनको रूपमा रहेको भूमिको समुचित उपयोग हुन गई उनीहरूको आर्थिक तथा भौतिक जीवनस्तरमाथि उठ्नेछ। कृषि-उत्पादनमा वृद्धि हुँदा कृषि श्रमिकको ज्यालामा वृद्धि हुनुका साथै ग्रामीण रोजगारको अवसरमा पनि वृद्धि हुनेछ। कृषिको दीर्घकालीन योजनाले (२०५२) अनुमान गरे अनुसार कृषि क्षेत्रमा एक प्रतिशतले वृद्धि भएमा यसले गैह्रकृषि क्षेत्रमा १.५ प्रतिशतले वृद्धि ल्याउनेछ। यसले जनशिक्षा, स्वास्थ्यलगायत अन्य सामाजिक तथा वातावरणीय क्षेत्रमा प्रत्यक्ष रूपमा सकारात्मक प्रभाव पर्नेछ। गैह्रकृषि

क्षेत्रका पूर्वाधारहरू खडा भई उद्योगधन्दाको विकासले कृषिक्षेत्रमा बढ्दो जनसङ्ख्या चाप कम हुनुका साथै कृषि र गैह्रकृषि क्षेत्रमा समेत रोजगारका अवसरहरू अभिवृद्धि हुनेछन्। परिणामस्वरूप हाम्रो जस्तो देशमा गरिबी निवारण गर्न सम्भव हुनेछ।

### ५.४.५ वातावरणको संरक्षण गर्न

ग्रामीण जनसमुदायमा भूमिहीन तथा साना किसानहरूको बाहुल्य रहेको र खाद्यान्नको बढ्दो आवश्यकताका लागि जङ्गलको अतिक्रमण गर्ने प्रवृत्ति उनीहरूमा बढेको छ। ग्रामीण रोजगारका अभावमा दाउरा र काठ बेचबिखन गरी दैनिक आवश्यकता टार्न उनीहरूको वन-जङ्गलमै आश्रित हुनुपर्ने हुँदा वन-सम्पदामा र वातावरणमा ह्रास आएको छ। यस्ता भूमिहीनलाई हदबन्दीमाथिको जमिन वितरण गरी जोतको आकार बढाउँदा आफ्नै खेतबारीको उत्पादनले उनीहरूको जीवन निर्वाह पनि हुनसक्ने हुँदा वनमा आश्रित व्यक्तिहरूको वर्तमान चाप घट्न जानेछ र वातावरणीय संरक्षण पनि योगदान पुग्नेछ। जनसङ्ख्याको ठूलो हिस्साको आयवृद्धिले कृषि उत्पादनको माग संरचनामा परिवर्तन ल्याई सीमान्त जमिनमा फलफूल र वृक्षारोपणको प्रक्रिया बढ्ने हुँदा त्यस्ता जमिनमा भू-क्षय क्रमिक रूपमा घट्दै जानेछ।

## ५.५ हदबन्दीका आधार

देशको भौगोलिक विविधता, भूमिको उत्पादकत्व, भू-उपयोगको प्रणाली, जनसङ्ख्याको चाप तथा जनसङ्ख्या र कृषि भूमिको अनुपात र भूमिहीन तथा अति साना किसानहरूको सङ्ख्या क्षेत्रगत रूपमा अलग-अलग रहेको तथा ग्रामीण र सहरी क्षेत्रबीच रोजगारका अवसर, विकासका पूर्वाधारहरू, जमिनको मुल्यमा रहेको ठूलो असमानतालाई दृष्टिगत गरी नयाँ हदबन्दीका आधार तय गरिएका छन्।

हिमाली क्षेत्र ज्यादै विकट, परम्परागतरूपमा पशुपालन व्यवसाय र त्यसका लागि चरनको लागि बढी आवश्यकता पर्ने र २ बाली-चक्र लिन तीन वर्षभन्दा बढी समय लाग्ने हुँदा यो क्षेत्रमा हदबन्दी अन्य क्षेत्रहरूमा भन्दा बढी राखिनु उपर्युक्त देखिन्छ। त्यसरी नै काठमाडौ उपत्यकामा जमिनको मुल्य उत्पादकत्व र उपयोगिता बढी भएको जमिनको सीमितता तथा जनसङ्ख्याको बढी चाप र रोजगारका अवसरसमेत केन्द्रित भएकोले यस क्षेत्रमा सबैभन्दा कम हदबन्दी कायम गरिनु उपर्युक्त देखिन्छ।

यसर्थ क्षेत्रगत तथा भौतिक पूर्वाधारहरूका आधारमा निम्नअनुसार ५ समूहका जमिनको नयाँ हदबन्दी कायम गरिनु उपर्युक्त हुन्छ :-

| क्षेत्र | अधिकत्तम हदबन्दी | बिघा/रोपनीमा |
|---|---|---|
| १. तराई तथा भित्री मधेस | ३ (तीन) हेक्टर | ४.५ बिघा |
| २. मध्य पहाडी क्षेत्र | २ (दुई) हेक्टर | ४० रोपनी |
| ३. हिमाली क्षेत्र | ४ (चार) हेक्टर | ८० रोपनी |
| ४. काठमाडौं उपत्यका | १ (एक) हेक्टर | २० रोपनी |
| ५. सहरी क्षेत्र | | |
| काठमाडौं, ललितपुर र भक्तपुरका नगरपालिका क्षेत्र | ०.५ हेक्टर | १० रोपनी |
| काठमाडौं उपत्यका बाहिरका नगरपालिकाहरू, जिल्ला सदरमुकाम र सहर बन्ने तर्फउन्मुख तोकिएका क्षेत्र | १ (एक) हेक्टर | २० रोपनी वा १.५ बिघा |

एकभन्दा बढी क्षेत्रमा एक परिवारको जमिन भएको खण्डमा विभिन्न क्षेत्रमा समानुपातिक रूपमा जग्गाको हदसम्मको जग्गा राख्न पाइने व्यवस्था गरिनुपर्दछ।

## ५.६ सहरी जमिनमा कर व्यवस्था

सहरी जमिनमा छुट्टाछुट्टै हदबन्दी कायम गरे पनि सो जमिनलाई सहरी सम्पत्ति मानेर त्यसको मुल्याङ्कनको आधारमा प्रगतिशील कर लगाउने व्यवस्था गर्नुपर्दछ। उक्त जमिनको मुल्यवृद्धिको आधारमा प्रगतिशील कर पनि बढाउँदै लैजानु पर्दछ।

## ५.७ परिवारको परिभाषा

हदबन्दीको प्रयोजनको लागि एक परिवार भन्नाले लोग्ने-स्वास्नी र तिनका छोरा-छोरी भएको परिवारलाई सम्झनु पर्दछ। तर यस्तो परिवारका सदस्यहरू मध्ये बालिग सदस्यहरू भएमा प्रत्येक बालिगलाई तराई, भित्री मधेस, पहाड र हिमाली क्षेत्रमा आधा-आधा हेक्टरका दरले र उपत्यकामा ०.१ (२ रोपनी) हेक्टरका दरले थप जमिन दिइनेछ। यसरी थपिने जमिन जतिसुकै बालिग सदस्य भएको परिवार भएपनि ४ जना बालिगसम्मले बढीमा २ हेक्टरभन्दा थप जमिन पाउने छैनन्। त्यस्तै काठमाडौं उपत्यका र तोकिएका सबै सहरी क्षेत्रको हकमा बढीमा ४ जना बालिगसम्मले ०.१ हेक्टरका दरले जम्मा ०.४ हेक्टरसम्म थप जमिन पाउन सक्नेछन्। तर परिवारका सदस्यको अंशवण्डासम्बन्धी हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

## ५.८ हदबन्दीमाथिको प्राप्त हुने जमिनको अनुमान

राष्ट्रिय कृषि गणना २०४८ अनुसार प्रस्तावित हदबन्दी कायम गरेबाट हिमाली क्षेत्रमा ७ हजार, पहाडी क्षेत्रमा १ लाख १३ हजार र तराई तथा भित्री मधेस क्षेत्रमा १ लाख ८६ हजार गरी जम्मा ३ लाख ६ हेक्टर जमिन निस्कने देखिन्छ। तर जनसङ्ख्याको वृद्धि, परिवारमा रहेका नाबालकहरू पनि बालिग भई अंशवण्डा भई जमिन विभाजन हुने र प्रस्तावित हदबन्दीभन्दा बढी जमिन हुने किसानहरूले निरन्तर स्वामित्व हस्तान्तरण गर्ने प्रक्रियाले गर्दा प्रस्तावित भूमि सुधार कार्यक्रम २०५३-२०५४ सालसम्ममा लागु हुन्जेल हदबन्दीमाथिको जमिन उल्लेखनियरूपमा घट्न गई करिब १ लाख हेक्टरसम्म वितरणको लागि राज्यले प्राप्त गर्न सक्ने अनुमान गरिएको छ।

कृषि गणना २०४८ अनुसार प्रस्तावित हदबन्दी कायम गर्दा हिमाली, मध्य पहाड र तराईमा (भित्री मधेससमेत) क्रमशः ०.८, ६, ८.५ प्रतिशत ठूला जग्गावालालाई प्रभावित पार्ने देखिन्छ। भूमि सुधार कार्यक्रम लागु हुन्जेल अर्थात् २०५३/५४ सम्ममा परिवार सङ्ख्या र जमिन खरिद बिक्रीमा वृद्धि हुने हुँदा माथि उल्लिखित प्रभावित परिवारको सङ्ख्या उल्लेखनिय रूपमा घट्ने अनुमान गरिन्छ।

### ५.८.१ हदबन्दीमाथिको जमिन प्राप्त गर्ने प्रक्रिया

१. हदबन्दी कार्यान्वयनको लागि प्रत्येक जग्गावालाले अधिराज्यभरि आफ्नो तथा परिवारका सदस्यको स्वामित्वमा रहेको सम्पूर्ण जग्गाको विवरण तोकिएको ढाँचामा निश्चित अवधिभित्र पेश गर्ने व्यवस्था गर्ने। सो अनुसार विवरण पेश गर्दा आफूले राख्ने र छोड्ने जग्गा खुलाई पेश गर्नुपर्ने व्यवस्था हुनुपर्दछ। त्यस्तो फाराममा परिवारका अन्य सबै सदस्यहरूको नाम, उमेर, नागरिकता नम्बर पनि खुलाई विवरण लिने व्यवस्था भएमा पछि कार्यान्वयनमा सरलता हुनेछ।

२. कसैले पनि आफ्नो जग्गा हक-हस्तान्तरण वा खरिद-बिक्री गर्दा दुवै पक्षले हदबन्दीभन्दा बढी जग्गा छैन भन्ने प्रमाणित कागजसाथ पेश गर्नुपर्नेछ।

३. नयाँ भूमिसम्बन्धी ऐन लागु भएपछि कुनै कारणले (जस्तै :- अंशवण्डा, अपुताली आदिबाट) दरबन्दीभन्दा बढी जग्गा आफ्नो स्वामित्वमा आएमा सोको विवरण ३५ दिनभित्र पेश गर्ने व्यवस्था गर्नुपर्दछ।

४. एक परिवारका सम्पूर्ण सदस्यहरूका नामको नेपाल अधिराज्य भित्रको जमिनको एउटै जग्गाधनी प्रमाण पुर्जा कायम गर्नेतर्फ आवश्यक कानुनी व्यवस्था गरी

कारवाही अगाडि बढाउनुपर्दछ। त्यस्तो पुर्जामा नागरिकताको नम्बर र फोटोसमेत रहने व्यवस्था हुनुपर्दछ।

५. भूमि सुधार कार्यक्रम लागु गर्ने सिलसिलामा जमिनको स्वामित्व र जमिनको टाइटल दुवैलाई कम्प्युटरको केन्द्रीय प्रणालीमा राखी दुवैलाई मिलाएर चेक गरी एक व्यक्तिको नाममा रहेको देशभरिको जमिन देखिने गरी रेकर्ड तयार गर्ने काम तुरुन्त आरम्भ गर्नुपर्दछ।

६. जमिनमा पुनः सर्भे गरी नयाँ नाप-नक्सा तयार पारी जमिनको आधुनिक स्रेस्ता तथा रेकर्ड सिस्टम निर्माण गर्ने काम क्रमशः सुरु गरिनुपर्दछ।

७. जग्गावालाहरूबाट प्राप्त जग्गाको विवरणमध्ये हदभन्दा माथिको फाँटवारीहरूका सम्बन्धमा कार्यालयमा रहेको लगत-श्रेस्ता समेत भिडाई बुझ्नुपर्ने बुझी प्राप्त हुने जग्गाको निश्चित अवधि दिई सूचना प्रकाशित गर्नुपर्दछ। त्यसमा कसैको उजुरी परे सोसमेत छानवीन गरी प्राप्त गरिने जग्गाको अन्तिम फाँटवारी प्रकाशित गर्ने व्यवस्था गरिनु पर्दछ।

८. कुनै जग्गाधनीले आफ्नो जमिनको झुठो तथा अधुरो विवरण पेश गरेमा वा हदभन्दा माथिको जमिन लुकाई छिपाई राखेको पाइएमा त्यस्ता जग्गा जफत गरिनेछ। यसरी लुकाई-छिपाई राखेको सुराक दिने कुनै पनि व्यक्तिलाई उक्त जमिनको केही हिस्सा तोकिए बमोजिम पुरस्कारस्वरूप राज्यले दिने व्यवस्था हुनुपर्दछ।

९. हदबन्दीभन्दा माथिको जमिन प्राप्त गर्ने र वितरण गर्ने निश्चित अवधि तोकी सो भित्र समाप्त गर्ने व्यवस्था गर्नुपर्दछ।

१०. भूमि सुधार कार्यक्रम दशैभरी एकैचोटी कार्यान्वयन गरिनुपर्दछ।

## ५.९ हदबन्दीबाट प्राप्त जमिनको वितरण

प्रस्तावित हदबन्दीबाट निस्केको जमिन, खेतीयोग्य, ऐलानी तथा पर्ति सम्पूर्ण जमिनमध्ये राज्यलाई विविध प्रयोगको लागि जमिन छुट्याई बाँकी जमिन देहायको प्राथमिकताअनुसार वितरण गरिनुपर्दछ। यसरी वितरण गरिंदा सम्बन्धित जिल्लाका बासिन्दालाई प्राथमिकता दिइनुपर्दछ।

### ५.९.१ जमिनको वितरणका लागि प्राथमिकताहरू

१ कमैया

२ भूमिहीन किसान (अरूको जमिनमा काम गर्ने), भूमिहीन सुकुमबासी, कृषि-श्रमिक

३ ०.१ हेक्टरभन्दा कम जमिन भएका कृषकहरू

४ ०.२ हेक्टरभन्दा कम जमिन हुने परिवार तर यस्ता कृषि परिवारका सदस्यहरू मध्ये कोही जागिर तथा अन्य पेशमा सङ्लग्न भए त्यस्ता परिवारले जमिन वितरणमा प्राथमिकता पाउने छैनन् ।

५ यसरी वितरण गर्ने जमिनको हकमा ०.४ हेक्टरभन्दा बढी नहुने गरी वितरण गरिनेछ ।

### ५.९.२ जमिन वितरण गर्दा तोकिएको मुल्य लिने

नयाँ हदबन्दी कायम गरी त्यसबाट निस्केको जमिनको वितरण गर्दा जमिन प्राप्त गर्ने किसानले आफूले पाएको जमिनको किसिम तथा उत्पादकत्वको आधारमा तोकिएको मुल्यभूमि बैंक वा अन्य तोकिएको बैंकमार्फत राज्यलाई दिनुपर्नेछ । उक्त मुल्य किस्ताबन्दीमा किसानले तिर्न सक्नेछन् । यसरी प्राप्त जमिन राज्यको स्वीकृति बेगर १० वर्षसम्म बेच-बिखन गर्न पाइने छैन ।

### ५.९.३ न्यूनतम एकाइभन्दा कम जग्गा बेच-बिखनमा बन्देज

वर्तमान अवस्थामा सुकुमबासीको सङ्ख्या द्रुतगतिमा बढ्दै गएको छ । आफूसँग भएको जमिन पनि बेच-बिखन गरी सुकुमबासी बन्ने क्रम पनि जारी रहेको देखिन्छ । तसर्थ वर्तमान अवस्थामा सुकुमबासीको सङ्ख्यालाई नियन्त्रण गर्न जग्गाधनीले देहायका क्षेत्रमध्ये कुनै एउटामा न्यूनतम जमिनबाट आफ्नो हक छाड्न नपाउने व्यवस्था गर्नु उपर्युक्त देखिन्छ । साथै तल लेखिएको न्युनतम हदबन्दीभन्दा घटी हुने कुनै पनि परिवारको नामको जमिन दामासाहीबाट वा बैंक धितो जफत गर्नबाट वा दण्ड-सजाय वापत वा कुनै प्रकारले स्वामित्व हस्तान्तरण हुनबाट बन्देज लगाउने नीति कडाइका साथ लागु गर्नुपर्दछ ।

| | |
|---|---|
| (क) तराई तथा भित्री मधेस | ०.०६७ हेक्टर (२ कट्ठा) |
| (ख) पहाडी क्षेत्र | ०.०५ हेक्टर (१ रोपनी) |

(ग) हिमाली क्षेत्र ०.१ हेक्टर (२ रोपनी)

(घ) सहरी क्षेत्र ०.०१३ हेक्टर (४ आना)

## ५.१० हदबन्दीमा छुट

भूमि सुधार कार्यक्रम कार्यान्वयन हुँदा सरकारी भोगचलन वा स्वामित्वमा रहेका जग्गा, गाउँ विकास समिति, नगरपालिकाहरू, जिल्ला विकास समिति र कुटनीतिक सुविधा प्राप्त विदेशी संघ-संस्थाहरू र विदेशी कुटनीतिक नियोगले भोगचलन गरेका र गुठी संस्थानअन्तर्गतका जमिनमा हदबन्दी लाग्नेछैन। यस बाहेक राज्यले आवश्यक ठानेमा कारण समेत खुलाई निम्न संस्थाहरूलाई तोकिएको हदसम्म देहायका काममा प्रयोग हुने गरी छुट दिन सकिने व्यवस्था गरिनु पर्दछ।

१ शिक्षण संस्था, स्वास्थ्यसम्बन्धी संस्था वा अन्य सामाजिक संघ संस्था

२ औद्योगिक प्रयोजनका लागि आवश्यक जमिन

३ वित्तीय संस्थाका नाममा धितो वापत वा धितो सरकारी स्वामित्वमा आएको जमिन

४ आवास परियोजना सञ्चालनका लागि स्वीकृति लिएको संस्था

५ वन जङ्गल तथा वृक्षारोपणका लागि प्राप्त जमिन

६ सहकारी खेती गर्ने संस्था वा फर्म

७ औद्योगिक कच्चा पदार्थ र निकासीजन्य खेतीका लागि आवश्यक जमिन

कृषि व्यवसायमा छुट दिंदा भौगोलिक विशेषताका आधारमा तुलनात्मक रूपमा बढी उपज तथा आय दिने चिया, कफी, फलफूल, रेशम, जडीबुटी, मसला जस्ता औद्योगिक बाली तथा पशुपालनका लागि तोकिएको शर्त, हद र काममा रहेसम्म कम्पनी ऐनअन्तर्गत दर्ता भएका कृषि फर्ममा तथा सहकारी कृषि फर्मलाई हदबन्दीमा छुट दिनु उपर्युक्त हुन्छ। भू-उपयोगको नीतिअनुसार सिँचाइ नचाहिने बालीलाई सिँचाइ हुने ठाउँमा यस्तो छुट दिइनु उपर्युक्त हुँदैन।

त्यसरी छुट पाएका जमिनमा त्यस्तो छुट प्राप्त गर्दा उल्लिखित कार्य तोकिएको समयमा वा २ वर्षभित्र उपर्युक्त कारणविना तोकिएको काममा प्रयोग नगरेमा जफत गर्न सकिने नीति लिनुपर्दछ।

अब बन्ने र ऐन लागु हुने अवस्थासम्म हदबन्दीमा छुट प्राप्त गर्नेहरूले पनि पुनः हदबन्दीमा छुट प्राप्त गर्नका लागि श्री ५ को सरकारको स्वीकृति लिनुपर्नेछ। त्यस्तो छुट प्राप्त गरी काम नगरेकाहरूका हकमा छानवीन गरी तोकिएको काममा प्रयोग नभएको भएमा त्यस्तो जमिनसमेत जफत गर्ने नीति हुनुपर्दछ। यसले विभिन्न बहानामा हदबन्दीभन्दा बढी जमिन लुकाई राख्ने प्रवृत्ति समाप्त हुनेछ।

## ५.११ क्षतिपूर्ति

निश्चित हदबन्दी तोकी त्यसभन्दा माथिको जमिन सरकारले प्राप्त गर्दा जग्गाधनीलाई उपर्युक्त क्षतिपूर्ति दिइनुपर्छ। तर कुनै व्यक्तिको हदबन्दीमाथिको जमिन एक हेक्टरसम्म भएमा क्षतिपूर्तिको रकम एकमुष्ठ र एक हेक्टरभन्दा बढी हदबन्दीमाथिको जमिन भए त्यसको क्षतिपूर्ति तोकिएको किस्तामा दिने व्यवस्था गरिनुपर्छ।यसरी क्षतिपूर्ति दिंदा नगदमा वा राष्ट्रिय विकास ऋणपत्र वा सरकारी क्षेत्रका उद्योग, औद्योगिक प्रतिष्ठान वा निगमको आंशिक वा पुरै शेयरका रूपमा दिनुपर्छ। तर विक्रम् सम्वत् २०२१ सालको भूमि सुधार ऐनले दिएको हदबन्दीभन्दा बढीको जमिन वा लुकाई छिपाई आएको वा अर्काको नाउँमा कानुन छल्ने मनसायले राखेको जमिन जफत गर्नुपर्दछ। त्यसरी नै उद्योगको नाममा हदबन्दीभन्दा बढी जमिन लिई तोकिएको प्रयोजनका लागि उपयोगमा नल्याई अर्कै काममा उपयोग गरिएका सम्पूर्ण जमिन पनि विना क्षतिपूर्ति जफत गर्ने व्यवस्था गरिनुपर्छ।

## ५.१२ क्षतिपूर्ति प्राप्त गर्ने जग्गावालाहरूलाई विशेष कार्यक्रम

हदबन्दीभन्दा बढी जमिन भई क्षतिपूर्ति पाउने जग्गाधनीलाई उद्योग व्यापार र व्यवसाय सञ्चालनका लागि राज्यले विशेष कार्यक्रम सञ्चालन गर्नु पर्दछ। राज्यले उद्योगको पहिचान गर्न, प्रविधि एवम् मेसिनको लागि पूँजी जुटाउन र यसका लागि उपर्युक्त कार्यक्रम बनाई सञ्चालन गर्ने नीति अपनाउनु पर्दछ। भूमि सुधार र कृषि विकासका कार्यक्रमले किसानहरूको क्रयशक्तिमा वृद्धि हुने भई यसले उद्योगधन्दा व्यापार तथा सेवा-क्षेत्रमा पनि वृद्धि हुनेछ। यसका लागि राज्यले प्रोत्साहन गर्नुपर्दछ।

## ५.१३ भूमि बैंकको स्थापना

प्रस्तावित भूमि सुधार कार्यक्रम लागु गर्ने सिलसिलामा त्यससँग सम्बन्धित सम्पूर्ण आर्थिक कारोबार भूमि बैंक स्थापना गरी त्यसको माध्यमबाट गरिनुपर्दछ। यसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूबाट भूमि सुधार कार्यक्रम कार्यान्वयनका लागि आवश्यक रकम जुटाइदिनेछ। त्यसबाट हदबन्दीभन्दा माथिको जमिनको क्षतिपूर्ति बैंकमार्फत दिइनेछ। हदबन्दीभन्दा माथिको जमिनको वितरणबाट जमिन प्राप्त गर्ने किसानबाट जमिनको मुल्य किस्ताबन्दीमा उक्त बैंकले सङ्कलन गर्नेछ। यसरी सङ्कलित रकमबाट बैंकले अन्य वित्तीय संस्थाबाट लिएको ऋण चुक्ता गरी जग्गावालालाई क्षतिपूर्ति दिनेमा प्रयोग गर्नेछ। यसले जमिनको सुधार, साना सिँचाइ आयोजनाहरू र गाउँस्तरमा कृषि बाटो निर्माणको लागि पनि ऋण प्रवाह गर्ने व्यवस्था गर्नुपर्दछ।

## ५.१४ वर्तमान संविधान र प्रस्तावित भूमि सुधार कार्यक्रम

नेपाल अधिराज्यको संविधान विक्रम् सम्वत् २०४७ ले व्यवस्था गरेको राज्यका निर्देशक सिद्वान्त र नीतिहरूमा धारा २५(२) अनुसार “देशको उपलब्ध आर्थिक स्रोत र साधनलाई सीमित व्यक्तिहरूमा केन्द्रित हुन नदिई सामाजिक न्यायको आधारमा आर्थिक उपलब्धिको न्यायोचित वितरण व्यवस्था मिलाई कुनै पनि वर्ग र व्यक्ति उपर आर्थिक शोषण हुन नपाउने व्यवस्था गरी स्वदेशी र निजी एकै सार्वजनिक उद्यमलाई प्राथमिकता र प्रश्रय दिई राष्ट्रिय अर्थतन्त्रलाई स्वतन्त्र र आत्मनिर्भर गराउन राज्यको मूलभूत आर्थिक उद्देश्य हुनेछ” भनिएको छ। उक्त उद्देश्य हासिल गर्न धारा २६ (५) अनुसार “राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्निति हुने अवस्थाहरूको सिर्जना गर्ने र भूमि सुधार कार्यक्रम सञ्चाालन गरी कृषिलाई उद्योगको रूपमा विकास गर्नेछ” भनिएको छ।

यसबाट यो प्रष्ट हुन्छ कि सामाजिक न्यायको आधारमा आर्थिक तथा सामाजिक विकास र भूमि सुधारको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गरी अधिकांश जनताको आर्थिक उन्नति गर्नु नै संविधानको मर्म र मनसाय रहेको देखिन्छ। त्यसरी नै धारा १७(३) ले “सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति क्षतिपूर्ति दिई अधिग्रहण गर्न सक्नेछ” भनिएको छ। भूमि सुधार कार्यक्रम एउटा आर्थिक तथा सामाजिक कार्यक्रम हो। यस कार्यक्रमबाट कृषि उत्पादनमा वृद्धि, नयाँ रोजगारका अवसरहरूको प्राप्ति, गैह्र कृषि क्षेत्र तथा उद्योगधन्दाहरूको स्थापना र विस्तारमा वृद्धि तथा गरिबी निवारण हुन सक्नेछ। यसको फल सबै वर्ग, जनजाति तथा भाषा(भाषी जनसमुदायलाई प्राप्त हुने र देशको सबल तथा स्वतन्त्र आर्थिक विकास हुने

कुरामा शंका छैन । तसर्थ यो कार्यक्रम सामाजिक हितका लागि भएकोले यसको कार्यान्वयनका लागि संविधानको उक्त धाराले कुनै बाधा अड्चन पु¥याउने देखिंदैन ।

संविधानको धारा १७(२) मा “सार्वजनिक हितको लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्नेछैन” भन्ने उल्लेख भएको छ। संविधानको आशयले विगतमा राजनीतिक कारणले कतिपय व्यक्तिको सम्पत्तिको हरण र सर्वस्वहरणसमेत हुने गरेको स्थितिलाई ध्यानमा राखी “सार्वजनिक हितका लागि बाहेक” भन्ने वाक्यांशसमेत राखी उक्त धारा समावेश गरिएको बुझिन्छ। त्यसकारण देशको लाखौं लाख भूमिहीन किसानको हित, राष्ट्रको उत्पादनमा वृद्धि, गरिबी निवारणका उपाय, बृहत्तर राष्ट्रिय हित, भूमिको अत्याधिक सदूपयोग समेतलाई ध्यानमा राखी चालिने भूमि सुधारका कदम सार्वजनिक हितका सवाल भएकोले यसलाई हाम्रो संविधानले अवरोध गरेको छैन ।

संविधान आफैंमा राष्ट्र र जनताको हित र समुन्नतिका लागि गतिशील तथा कल्याणकारी दस्तावेज हो। हाम्रो संविधानले देश र देशवासीको बृहत्तर हितका लागि प्रस्तावित भूमि सुधार कार्यक्रमलाई कुनै बाधा अवरोध पार्दैन । बरु यस कार्यक्रमको आधारभूत सिद्धान्त र लक्ष्यसँग हाम्रो संविधानको निर्देशक सिद्धान्त र नीतिहरू पूर्णरूपले मेल खाने हुँदा संविधानले भूमि सुधार कार्यक्रमलाई कार्यान्वयन गर्न प्रेरित नै गरेको पाइन्छ ।

# परिच्छेद- ६

## चक्लाबन्दी

एकै किसान परिवारको स्वामित्वमा विभिन्न ठाउँमा छरिएर रहेका ससाना कित्ता वा टुक्रामा विभाजित रहेको जमिनलाई खण्डिकरण भनिन्छ। भौगोलिक रूपमा अलग-अलग ठाउँमा छरिएर एउटै किसानको जमिनका साना-साना कित्ताहरूलाई सट्टपट्टा गरी एकै ठाउँमा अथवा थोरै ठाउँहरूमा एकीकृत गरी ठूला चक्लाहरू कायम गरी भूमिको विकास गर्ने कार्यलाई चक्लाबन्दी (Land Consolidation) भनिन्छ। ठूला कित्ताहरू वा प्लटलाई स-साना कित्ता वा टुक्रामा विभाजन गरिने कामलाई खण्डिकरण भनिन्छ। प्रस्तुत परिच्छेदमा खण्डिकरण रोक्ने उपायहरूको चर्चा गरिएको छ।

कृषि गणना २०४८ अनुसार नेपालको कूल कित्ता सङ्ख्या १ करोड ८ लाख अर्थात् सालाखाला एउटा किसान परिवारको जमिन अलग-अलग ४ ठाउँमा वा टुक्राहरूमा (Parcels) रहेको छ। क्षेत्रीयस्तरमा यो समस्या पहाड र तराईमा भन्दा उच्च पहाडमा बढी पाइन्छ।

### क्षेत्रगत भू-खण्डिकरणको स्थिति (हेक्टरमा)

### तालिक ६.१

| भौगोलिक क्षेत्र | कित्ता सङ्ख्या प्रति परिवार | कित्ता सङ्ख्या प्रति हेक्टर | प्रति कित्ता क्षेत्रफल | जोतको प्रति |
|---|---|---|---|---|
| उच्च पहाड | ४.६२ | ६.८३ | ०.१६ | ०.६८ |
| पहाड | ३.९२ | ५.०८ | ०.२१ | ०.७७ |
| तराई | ३.८५ | ३.१३ | ०.३७ | १.३३ |
| **नेपाल अधिराज्यभर** | **३.९६** | **४.१७** | **०.२९** | **०.९५** |

*स्रोतः राष्ट्रिय कृषि गणना, २०४८।*

धेरै जमिन हुने परिवारसँग समानुपातिकरूपमा जमिनको कित्ताको क्षेत्रफल ठूलो देखिए तापनि कित्ताको सङ्ख्या बढी भएको कुरालाई (तालिका ६.१) ले प्रष्ट पार्दछ। यसर्थ साना किसान परिवारमा भन्दा ठूला किसान परिवारमा यो समस्या बढी मात्रामा देखिन्छ।

## जोतको आकार र कित्ता विवरण

### तालिका ६.२

| जोतको आकार (हेक्टरमा) | कित्ता सङ्ख्या प्रति परिवार | क्षेत्रफल प्रति कित्ता |
|---|---|---|
| ०.० - २.० | ३.६४ | ०.१२ |
| २.० - ४.० | ६.२० | ०.२२ |
| ४.० हे. भन्दामाथि | ८.०६ | ०.४५ |
| **सबै** | **३.९६** | **०.२७** |

*स्रोतः राष्ट्रिय कृषि गणना, २०४८*

# ६.१ खण्डिकरणले उत्पादनमा परेको असर

जमिन खण्डिकरण हुँदा धेरै सानासाना कित्तामा टुक्रिने र आर्थिक दृष्टिले कृषि श्रमशक्तिको उत्पादकत्व पनि घट्ने तथा उन्नत प्रविधि प्रयोग गर्न जोतको आकार अनुपयुक्त (Uneconomic holding) हुनजान्छ। साना जोतका आकार तथा खण्डिकरणबाट उत्पन्न असरहरू निम्नानुसार छन् :-

१ छरिएर रहेका प्रत्येक कित्तामा बार बन्देज, कुलो निर्माण तथा मर्मत सम्भार गर्नुपर्ने हुँदा उत्पादन लागत बढ्ने ।

२ तराईमा ट्युववेल सिँचाइको उपयोग गर्न चाहेमा पनि आफ्ना सबै कित्ता वा प्लटमा पानी पुऱ्याउन नसकिने तथा सबै कित्ता वा प्लटमा ट्युववेल निर्माण गर्न आर्थिक दृष्टिले सम्भव नहुने ।

३ गोरु, टैक्टर तथा श्रमिकहरूको काम गर्ने समय बढी लाग्ने हुँदा उत्पादन लागत बढ्ने ।

४ रेखदेख तथा व्यवस्थापन राम्रो हुन नसक्ने र आफ्नो जमिन थोरै हुँदाहुँदै पनि टाढा-टाढाका कित्ताहरू अरूलाई कमाउन दिन बाध्य हुनुपर्ने ।

५ कृषिमा यान्त्रिकरण, उन्नत प्रविधि तथा व्यवसायिक खेती अवलम्बन गर्न बढी खर्चिलो हुने ।

६ भौगोलिक विशेषताको आधारमा कुनै खास बालीमा विशिष्टता प्राप्त गरी खेती गर्ने प्रणालीमा सहयोग नपुग्ने ।

## ६.२ खण्डिकरणका कारणहरू

१ जमिनको अंशवण्डा गर्दा सबै हकवालाले सबै कित्ता विभाजन गरी अंश लिने प्रचलन ।

२ सामाजिक सुरक्षाका लागि भू-सम्पत्ति सङ्कलन गर्ने सामाजिक मान्यताले गर्दा किसानहरूमा कुनै स्रोतबाट पैसा सञ्चित भएमा जहाँ उपलब्ध भयो त्यहीँ जमिन किन्ने प्रवृत्ति ।

३ बढी आम्दानी गर्ने व्यापारी, उद्योगपति, ठेकेदार, जागिरे तथा विदेशमा जागिर खाई आम्दानी गर्ने जस्ता व्यक्तिहरूले आफ्नो सञ्चित पूँजी उद्योगधन्दामा लगानी गर्नको बदलामा बढी मुनाफा कमाउने नियतले जहाँ पायो त्यहाँको भूमि खरिद गरी विभिन्न टुक्रामा बेच-बिखन गर्ने प्रवृत्ति ।

४ बहुसङ्ख्यक किसानको आर्थिकस्तर निकै कमजोर भएकाले सामाजिक तथा अन्य गैह्र कृषि खर्च टार्न जमिनको केही हिस्सा बेचबिखन गर्नु बाहेक अर्को विकल्प उनीहरूसँग नभएको ।


५ साना किसानहरूले वित्तीय संस्थाबाट सुलभ तरिकाले ऋण प्राप्त गर्न नसकी बिक्री गर्नाले ।

## ६.३ चक्लाबन्दीः एक अनुभव

नेपालको पर्सा जिल्लाको बहुबारीमा तत्कालिन कृषि मन्त्रालयअन्तर्गत सिँचाइ कार्यक्रम (Farm Irrigation and Water Utilization Division, FIWUD) ले जमिनको सुधार बाटो, सिँचाइको व्यवस्था गरी जमिनको प्लटिङ्ग र चक्लाबन्दी गरेबाट पानीको बचत र बाली सघनतामा उल्लेखनिय वृद्धि भएको थियो । चक्लाबन्दी गरी जमिनको सुधार गरेपछि पम्पिङ सेटमा प्रति हेक्टर १२ लिटर डिजेलको बचत भएको थियो भने ट्यूववेलले २५० प्रतिशत र सतह सिँचाइले २०० प्रतिशतले उत्पादन बढाएको थियो । त्यसरी नै बाली सघनतामा पनि उल्लेखनियरूपमा वृद्धि भएको थियो। उक्त चक्लाबन्दी कार्यक्रम लागु हुनुभन्दा अगाडि र लागु भएपछिको जमिनको प्लटिङ (चित्र १) मा दिइएको छ। यस सम्बन्धमा ताइवानमा भएको एक शोध अध्ययनले चक्लाबन्दीको कारणले मात्र कृषि उत्पादनमा ३२ प्रतिशत वृद्धि भएको र मानव-श्रममा २० प्रतिशत बचत भई अन्य लाभदायक काममा लागेर आयवृद्धि भएको कुराको पुष्टि गरेको छ। यस्तो अनुभव हाम्रो लागि पनि सान्दर्भिक हुने देखिन्छ।

ट्यववेल सिँचाइ परियोजना, बारा-पर्सा


## ट्युववेल नं. ४, बहुबारी




चित्र १ (क) किसानको जमिनको सुधार र प्लटिङ

ट्युववेल सिँचाइ परियोजना, बारा-पर्सा

## ट्युववेल नं. ५, बहुबारी




चित्र १ (ख) किसानको जमिनको सुधार र प्लटिङ

## ६.४ चक्लाबन्दी कायम गर्ने उपायहरू

कृषि उत्पादनमा लागत तथा श्रम-शक्तिको बचत गर्न, उन्न त प्रविधि अपनाउन सरल र व्यवहारिक बनाउन र बाली व्यवस्थापनमा सुधार गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न देहाय बमोजिम चक्लाबन्दी कार्यक्रम लागु गरिनेछ। चक्लाबन्दी कार्यक्रम निम्नानुसार दुई किसिमले गरिनेछ।

### क. कार्यक्रमको रूपमा सञ्चालन हुने

राज्यले चक्लाबन्दीको कार्यक्रम तर्जुमा गरी देशभर चरणवद्ध रूपमा देहायका प्रक्रियाहरू अपनाई सञ्चालन गरिनुपर्दछ।

१ समथर भूमिको हकमा निश्चित क्षेत्र तोकी उक्त क्षेत्रमा कृषि बाटो, कूलो तथा ट्‌युववेल र पानीको निकासको योजना बनाउनेछ। उक्त क्षेत्रभित्र रहेका सबै कृषि जमिनको ले-आवट र प्लटिङ गरिनु पर्दछ।

२ उक्त क्षेत्रभित्र उत्पादकत्व र जमिनको मुल्य समान नभएका जमिन भए सम्पूर्ण जमिनको मुल्याङ्कन गरी जसको जति मुल्य पर्ने जमिन छ सो अनुरूपको क्षेत्रफल भएको नयाँ प्लट पाउने व्यवस्था गरिनु पर्दछ। चक्लाबन्दी गरिने क्षेत्रमा एक व्यक्तिको जतिसुकै टुक्रा जमिन भए पनि सबैको मुल्याङ्कन गरी उक्त मुल्य बराबरको एक ठाउँमा जमिन पर्दछ त्यति जमिन उपलब्ध गराउने व्यवस्था गरिनु पर्दछ।

३ उक्त क्षेत्रभित्र नयाँ निर्माण हुने बाटो, सिँचाइ र पानीको निकासका लागि आवश्यक पर्ने सार्वजनिक जमिन समानुपातिकरूपमा सबै जग्गावालाले व्यहोर्नुपर्ने व्यवस्था गर्नुपर्दछ।

४ पहाडी क्षेत्रको भिरालो जमिन तथा खेतका गराहरूको उत्पादकत्व, मुल्य, यातायातको सुविधा, सिँचाइको अवस्थामा ज्यादै भिन्नता पाइने हुँदा ती क्षेत्रहरूमा पनि सम्पूर्ण जमिनको मुल्याङ्कन गरी एक किसान परिवारलाई एकै ठाउँमा जमिन पार्न उपर्युक्त हुनेछ। यसो गर्दा चक्लाबन्दी गरिने निश्चित क्षेत्रमा राम्रो जमिन कमि र नराम्रो जमिन बढी भएमा जमिनको मुल्याङ्कनको आधारमा नराम्रो वा कम मुल्यको आफ्नो जमिन अर्को परिवारमा जाने भए त्यसको

बदलामा कम क्षेत्रफलमा राम्रो तथा बढी मुल्य पर्ने जमिन प्राप्त हुने व्यवस्था गर्नुपर्दछ ।

५ पहाडी क्षेत्रमा एकै ठाउँमा चक्लाबन्दी हुन नसक्ने अवस्थामा खेत तथा पाखो जमिनको अलग-अलग ब्लक बनाई ती ब्लकहरूमा चक्लाबन्दी गरिनु उपर्युक्त हुन्छ ।

## ख. स्वेच्छाबाट हुने चक्लाबन्दी

निश्चिगत क्षेत्रका किसानहरूले व्यक्तिगत, समूहगत वा गाउँ विकास समितिहरूले आफ्नो स्वेच्छाले चक्लाबन्दी गर्न चाहेमा राज्यले विशेष अनुदान, विकास कार्यक्रममा प्राथमिकता र अन्य प्रोत्साहन दिने खालका व्यवस्था गर्नुपर्दछ। स्वेच्छाले वा स्वतःस्फूर्त चक्लाबन्दी कार्यक्रम गर्न चाहने व्यक्ति, समूह वा गाउँ विकास समितिले निम्नानुसार सुविधा तथा विकास कार्यक्रममा प्राथमिकता पाउनु उपर्युक्त देखिन्छ र यस्तो किसिमको कार्यक्रमलाई सम्बन्धित निकायले प्राथमिकता दिनुपर्दछ ।

१ चक्लाबन्दी गरी एउटै ब्लकमा जमिन आउने किसिमले किसानले स्वेच्छाले आपसमा जमिन साटासाट गर्न चाहेमा राज्यले विशेष अनुदान वा रजिष्ट्रेशन दस्तुरमा छुट, कृषि ऋणमा प्राथमिकता जस्ता सहुलियत प्रदान गरी प्रोत्साहन गर्नुपर्दछ ।

२ आफ्नो गाविसको पुरै जमिन चक्लाबन्दी गर्ने गाविसहरूले केन्द्रबाट पाउने अनुदान तथा अन्य सिँचाइ, कृषि बाटो, ग्रामीण विद्युतीकरण, सञ्चार जस्ता विकासका कार्यक्रमहरूमा प्राथमिकता पाउनुपर्दछ।

३ सहकारी खेती प्रणालीअन्तर्गत सङ्गठितरूपले वा किसानहरूको समूहले आ-आफ्नो जमिनको स्वामित्व यथावत् राखी खेती तथा बजार व्यवस्थासम्बन्धी सम्पूर्ण कामको व्यवस्थापन संयुक्तरूपमा सञ्चालन हुने गरी सामूहिक खेती प्रणालीलाई राज्यले विशेष अनुदान, कृषि सेवा, कृषि बजार, सहुलियत दरमा कृषि ऋण, कृषि बाटो, ग्रामीण विद्युतीकरण जस्ता पूर्वाधारहरूको निर्माणमा प्राथमिकता दिनुपर्दछ ।

चक्लाबन्दी आफैंमा बृहत्त किसिमको कार्यक्रम भएकोले यसलाई भूमि सुधार कार्यक्रम सँगसँगै लैजाँदा राज्यको ध्यान र साधनमा विभाजन हुने हुँदा यी दुवै कार्यक्रम त्यति प्रभावकारी नहुन पनि सक्दछन् । तसर्थ भूमि सुधार र अन्य कार्यक्रमलाई प्रथम चरण र चक्लाबन्दी कार्यक्रमलाई दोस्रो चरणमा कार्यान्वयन गर्नु उपर्युक्त हुनेछ। तर हदबन्दी र दोहोरो स्वामित्वको समस्या नभएका गाउँ विकास समितिहरू, माग भएका ठाउँ तथा नमूना गाउँमा चक्लाबन्दी कार्यक्रम पनि प्रथम चरणमै कार्यान्वयन गर्न सकिनेछ।

## ६.५ खण्डिकरण रोक्ने उपायहरू

भविष्यमा जमिनको अरू खण्डिकरण हुन नदिई वा कम गरी कृषि उत्पादन र उत्पादकत्वमा ह्रास हुन नदिन निम्नानुसारका उपायहरू अपनाउनु जरुरी देखिन्छ।

१ जमिन बेच-बिखन गर्दा सहरी र कृषि जमिनको देहायका क्षेत्रहरूमा देहाय बमोजिमको न्युनतम इकाइभन्दा सानो हुने गरी कित्ताकाट हुने नपाउने कानुनी व्यवस्था गर्नुपर्दछ।

| | | |
|---|---|---|
| क. | **हिमाली क्षेत्र** | ०.१ हेक्टर (२ रोपनी र ३ कट्ठा) |
| ख. | **मध्यपहाडी क्षेत्र** | ०.०५ हेक्टर (१ रोपनी र १.५ कट्ठा) |
| ग. | **तराई तथा भित्री मधेस** | ०.०६७ हेक्टर (२ कट्ठा) |
| घ. | **काठमाडौं उपत्यकाका ग्रामीण क्षेत्रहरू** | ०.०५ हेक्टर (२ कट्ठा) |
| ङ. | **सहरी क्षेत्र :-** | |
| १. | **काठमाडौं उपत्यका** | ०.०१ हेक्टर (४ आना) |
| २. | **हिमाली तथा पहाडी क्षेत्र** | ०.०२ हेक्टर (८ आना) |
| ३. | **तराई तथा भित्री मधेस** | ०.०५ हेक्टर (१ रोपनी र १.५ कट्ठा) |

२ जमिनको न्युनतम कित्ताका बिक्री-वितरण गर्दा पहिलो प्राथमिकता सधिँयारवालालाई दिनुपर्दछ। यसरी चक्लाबन्दी गर्दा कित्ता मिलान गरी एउटै

कित्ता नम्बर कायम गर्ने व्यवस्था गर्नुपर्दछ। एउटै कित्ता नम्बर हुने गरी रजिष्ट्रेशन गर्दा लाग्ने दस्तुर मिनाहा दिने नीति अपनाउनु उपर्युक्त देखिन्छ।

३ पैतृक भू-सम्पत्तिमा अंशवण्डा गर्दा जग्गा खण्डिकरण नहुने कानुनी व्यवस्था गर्नुका साथै बाबु-आमाको शेषपछि खेती गर्न चाहने छोरा वा छोरीलाई जमिन र अन्य गैह्रकृषि पेशामा रहेका छोरा वा छोरीलाई चल सम्पत्ति दिन पाउने कानुनी व्यवस्था गर्ने दीर्घकालीन सोचाई हुनु आवश्यक देखिन्छ।

# परिच्छेद- ७

## भू-उपयोग नीति

प्रस्तुत परिच्छेदमा भू-उपयोग नीति अवलम्बन गर्नुको औचित्यता तथा भू-उपयोगको लागि जमिनलाई कसरी वर्गीकरण गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ।

जमिनबाट अधिकभन्दा अधिक कृषि उत्पादन तथा यसको समुचित उपभोग, वातावरण र जैविक विविधताको संरक्षणका लागि माटोको प्रकृति, ऊर्वराशक्ति, भौगोलिक स्थिति, वातावरणीय सम्वेदनशीलता र जलवायुको आधारमा जमिनको वर्गीकरण गरिनु जरुरी छ। यसरी वर्गीकरण गर्दा कृषि, वन, चरन, सहरी, औद्योगिक र बसोबास क्षेत्र तोकिनु पर्दछ र सोहीअनुसार जमिनको उपयोग हुनुपर्दछ। कृषिको लागि अनुपयुक्त जमिन औद्योगिक, सहरी तथा बसोबास विकासमा उपयोग गरिने नीति हुनुपर्दछ।

## ७.१ भू-उपयोगको नीति अवलम्बन गर्नुको औचित्य

मानवीय आवश्यकता पुरा गर्ने प्रमुख साधन मानिने जमिनको विविधरूपमा प्रयोग हुँदै आएको छ। विशेषतः कृषि, चरन, आवास, सडक, सहर तथा औद्योगिक प्रयोजनको लागि यसको प्रयोग हुन्छ। जमिनको बहन गर्ने क्षमता र गुणको आधारमा यसको वर्गीकरण गरी कुन जमिन केको लागि प्रयोग गरेमा बढी लाभदायी हुन सक्दछ, त्यसै अनुरूप यसको प्रयोग हुनुपर्दछ। उदाहरणका लागि मलिलो, गहिरो तथा सिँचित भूमि कृषि उत्पादनको लागि र पत्थरिलो, रुखो तथा कृषिको लागि अयोग्य ठहरिने जमिनमा आवास, उद्योग, बजार तथा सहरी क्षेत्रको विकास आदिको लागि प्रयोग भएमा जमिनको अधिकतम सदूपयोग हुनसक्दछ।

यसैगरी कृषि भूमिलाई पनि माटोको प्रकृति, भू-वनोट तथा हावा-पानीको आधारमा वर्गीकरण गरी कृषि बाली तथा रुख बिरुवाको प्रकृति र तिनीहरूमा अन्तनिहित विशेषता र आवश्यकताको आधारमा भिन्दाभिन्दै माटो वा हावापानीको अवस्था हेरेर प्रयोग गरिनु जरुरी हुन्छ। उदाहरणका लागि कुनै बालीलाई निरन्तर सिँचाइको आवश्यकता पर्दछ भने केहीलाई आंशिक वा चाहिंदै नचाहिने पनि हुनसक्छ।यसैगरी कुनैलाई गहिरो माटो चाहिन्छ भने कुनैलाई सतह भूमि भए पनि उत्पादनमा कमी आउँदैन। बालीको स्वरूप र प्रकृतिअनुसार कुनैलाई चिम्टाइलो त कुनैलाई बलौटे माटोको आवश्यकता पनि पर्दछ। त्यसरी नै कुनैलाई

बढी वर्षा हुने र कुनैलाई सुख्खा भूमि चाहिन्छ। कुनै बालीले भिरालो जमिनलाई अत्याधिक रूपमा भू-क्षय गराउँदछ भने कुनैले भू-क्षयको नियन्त्रण गर्दछ। त्यसरी नै कुनै बालीले तराईमा स्तरीय उपज दिन्छ भने कुनैले पहाडी तथा हिमाली क्षेत्रमा। तसर्थ जुन बाली जुन माटो वा ठाउँमा राम्रो हुन्छ, त्यस्ता बालीलाई त्यही ठाउँमा केन्द्रित गरी खेती गर्ने नीति भएमा त्यस्ता बालीले अन्य माटो र ठाउँमा भन्दा तुलनात्मकरूपमा बढी तथा स्तरीय उपज दिन्छन्। त्यसो भए मात्र जमिनको अधिकतम उपयोग हुनसक्दछ। तसर्थ जमिनबाट अधिकतम लाभ प्राप्त गर्न र श्रम साधनमा बचत गर्न भू-उपयोगको नीति अवलम्बन गर्न जरुरी भएको छ। त्यसका लागि खाद्यान्न, औद्योगिक तथा फलफूल बाली, चरन, वृक्षारोपण आदि विविध क्षेत्रमा देशको सम्पूर्ण भूमिलाई उपर्युक्त किसिमले वर्गीकरण गरी यसको अधिकतम उपयोग गर्नुपर्दछ भन्ने कुरा नै भू-उपयोग नीति अबलम्बन गर्नुको प्रमुख औचित्य हो।

# ७.२ भू-उपयोगको लागि जमिनलाई निम्नानुसार वर्गीकरण गरिनु पर्दछ।

## ७.२.१ कृषि क्षेत्र

कृषि-भूमिको लागि वर्गीकरण गरिएको जमिनलाई कृषि भूमि घोषणा गरिनुपर्दछ।यस्तो जमिनलाई खेती नगरी बाँझै छाड्न पाइने छैन। त्यस्तो पाइएमा तोकिएअनुसारको जरिवाना लगाउनु पर्दछ। तर उचित कारण विना २ सालसम्म लगातार बाँझो छाडेमा क्रमिक रूपमा जरिवाना बढाउँदै लैजाने र अन्त्यमा त्यस्तो जमिन राज्यले प्राप्त गर्नसक्नेछ। गैह्र कृषि व्यवसायको व्यक्तिलाई कृषि भूमि खरिद गर्न निरुत्साहित गर्ने विभिन्न् व्यवस्था गरिनु पर्दछ। यससम्बन्धी सूचना दिने व्यक्तिलाई उचित पुरस्कार दिने व्यवस्था गर्नुपर्दछ। कृषि भूमि बसोबास, सहर विस्तार तथा उद्योग स्थापनाका लागि उपयोगमा ल्याइने वर्तमान प्रवृत्तिलाई तुरुन्तै निरुत्साहित पार्नुपर्दछ।

भौगोलिक विशेषताका आधारमा तुलनात्मकरूपमा बढी फाइदाजनक कृषि उपजका लागि कृषि भूमिलाई पनि वर्गीकरण गरिनु पर्दछ। माटोको प्रकृति, जलवायु, वातावरण र भौगोलिक विशेषताका आधारमा जुन बाली जहाँ धेरै राम्रो हुन्छ, त्यही ठाउँमा यस्ता बालीको पहिचान गरी उत्पादन गर्नेतर्फ विशेष प्राथमिकता तथा प्रोत्साहन दिनुपर्दछ। तसर्थ तराई तथा समथर, पहाडी र हिमाली क्षेत्रमा रहेको कृषि भूमिलाई अलग-अलग कृषि उपयोगको लागि प्राथमिकता दिनु जरुरी छ। भू-उपयोगको लागि निम्नानुसारको प्राथमिकता तोकिनुपर्दछ।

(क) **तराई र भित्री मधेस** :- यो क्षेत्र बढी सिँचित हुनसक्ने हुँदा देशलाई खाद्यान्नको आपूर्ति तथा खाद्य-सुरक्षाको लागि आवश्यक पर्ने अन्न, तेल, दाल जस्ता

बालीहरू उत्पादन गर्नका लागि यो क्षेत्रलाई प्राथमिकता दिनुपर्दछ। यसरी नै सिँचाइको आवश्यकता नपर्ने बालीलाई सिँचाइ उपलब्ध हुने वा हुनसक्ने भूमिमा उत्पादन गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ। उदाहरणका लागि पूर्वी तराईको झापामा जहाँ सिँचाइ उपलब्ध गराउन सकिन्छ, त्यहाँ सिँचाइ नचाहिने चिया खेती व्यापकरूपमा गरिन्छ। यो बालीलाई सिँचाइ उपलब्ध हुन नसक्ने इलामलगायत पूर्वी पहाडी क्षेत्रमा खेती गरेमा चिया गुणस्तरीय हुन्छ र अन्तर्राष्ट्रिय बजारमा बढी मुल्य पाउन सक्छ, पहाडी क्षेत्रमा भू-क्षयको नियन्त्रण भई वातावरणीय सन्तुलन कायम हुन्छ र सिँचाइ चाहिने धान जस्ता खाद्यान्न बालीलाई झापामा जमिन उपलब्ध हुन सक्दछ। तसर्थ आगामी दिनमा चियालाई पूर्वी पहाडी क्षेत्रमा प्राथमिकता दिई प्रोत्साहन गरिनु पर्दछ। तर हदबन्दीभित्रको जमिनमा किसानले स्वेच्छाले कुनै पनि प्राथमिकता नतोकिएको बाली लगाउन सक्दछ। यस्तो बाली लगाएमा सरकारी प्रोत्साहन भने प्राप्त हुनेछैन।

(ख) **पहाडी क्षेत्रः**- तराई तथा भित्री मधेसको तुलनामा कम ऊर्वर, कम सिँचित र वातावरणीय दृष्टिले ज्यादै सम्वेदनशील भएकोले यस क्षेत्रमा बढी उत्पादन दिने र वातावरणसम्मत बागवानी (अन्य बाली र पशुपालनका लागि प्राथमिकता तथा प्रोत्साहन दिनुपर्दछ। फलफूल, चिया, रेशम, जडीबुटी जस्ता बालीहरूको सीमान्त ऊर्वर भूमिमा स्तरीय र बढी उब्जनी दिने मात्र नभई भिरालो जमिनमा माटोलाई स्थायित्व दिई भू-क्षय नियन्त्रण पनि गर्दछन्। यस्ता बालीलाई सिँचाइविना पनि बढी उत्पादन गर्न सकिन्छ। यस क्षेत्रको समथर भू-भागमा अन्य समथर भू-भागको जस्तो भू-उपयोगको नीति अवलम्बन गरिनु पर्दछ।

(ग) **हिमाली क्षेत्र** :- यस क्षेत्रमा खाद्यान्न जस्ता बाली पाक्न लामो समय लाने हुँदा त्यसको सट्टामा त्यहाँको विद्यमान प्राकृतिक चरनलाई विकास गरी विस्तार गरी पशुपालन व्यवसाय र बढी मुल्य पर्ने तर कम वजनका फलफूल, तरकारीको बीउ, जडीबुटी जस्ता बालीलाई प्राथमिकता दिनुपर्दछ।

## ७.२.२ पर्यावरणीय रूपले सम्वेदनशील क्षेत्र

नेपालको अर्को महत्वपूर्ण तथा गम्भीर विषय पर्यावरणमा आएको कहाली लाग्दो तथा विग्रहपूर्ण ह्रास हो। नेपालको कृषि उत्पादन संरचना प्रत्यक्ष र परोक्षरूपमा वन-सम्पदामा आधारित छ। वन-सम्पदामा आएको ह्रासले कृषि तथा पशु उत्पादनमा मात्र ह्रास नल्याई

जल-सम्पदा तथा स्रोतमा समेत बढ्दो रूपमा ह्रास ल्याएको छ। हिमाली तथा पहाडी क्षेत्रमा मात्र यसको असर नभई यहाँबाट उत्पन्न भू-क्षय, बाढी र पहिरोले तराई, पहाडका बेंसी र नदीतिरमा रहेका खेतका फाँटलाई कटान र बगरले क्षत-विक्षत पार्ने काम द्रुत गतिमा बढ्दो छ। यसबाट यातायात, सिँचाइ, जल-विद्युत उत्पादन, पर्यटन-क्षेत्र आदिलाई समेत प्रतिकूल असर पारेको छ। तराई, बेंसीको ऊर्वर भूमि र सडक, पुल, सिँचाइ तथा जलविद्युत जस्ता विकासका पूर्वाधारलाई संरक्षण गर्नका लागि पर्यावरणसम्मत खेती प्रणालीको विकास र विस्तार गर्नु आजको राष्ट्रिय आवश्यकता हो। यस्ता क्षेत्रलाई वातावरणीय क्षेत्र घोषित गरी तुलनात्मक रूपमा बढी उत्पादन तथा आयमूलक र वातावरणसम्मत बाली तथा प्रविधि र त्यसको विस्तारका लागि प्रोत्साहन गर्न जरुरी छ। यस्ता ज्यादै सम्वेदनशील भिरालो कृषि भूमिमा पटकपटक खनजोत तथा गोडमेलको आवश्यकता पर्ने अन्नदबालीको सट्टा माटोलाई स्थायित्व दिनसक्ने चिया, फलफूल, रेशम, कफी, जडीबुटी तथा मसला, निजी वन, कृषि वन जस्ता बहुवर्षिय बाली लगाउनेतर्फ किसानहरूलाई उन्मुख गर्न राज्यले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यस्ता बालीबाट उत्पादनमा उल्लेखनीयरूपमा वृद्धि मात्र नभई भू-क्षयको नियन्त्रण र जलसम्पदाको विकासमा महत्वपूर्ण योगदान पुग्नेछ। त्यसरी नै तराईमा पनि नदी कटान, भू-क्षय र बाढीले ऊर्वर भूमिलाई गम्भीररूपमा नोक्सान पुऱ्याइरहेको छ। यस्ता नदी कटान तथा बाढीबाट प्रभावित क्षेत्रलाई पनि पर्यावरण-क्षेत्र घोषित गरी कृषि वन, फलफूल, निजी वन तथा अन्य वृक्षारोपण गर्नुपर्दछ। सम्पूर्ण देशको भू-उपयोग नक्सा (Land use map) तयार पारी क्षेत्रगत रूपमा भू-उपयोगको नीति कार्यान्वयन गर्नुपर्दछ।

## ७.२.३ वन क्षेत्र

वातावरणको सन्तुलित राख्न सामान्यतया ४० प्रतिशत भू-भाग वन जङ्गलले ढाकिएको हुनपर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको पाइन्छ। नेपालको बिग्रँदो वातावरणीय संरचनामा वन जङ्गलको महत्व अझै बढी रहेको छ। कम्तीमा पनि ४० प्रतिशत भू-भागमा घना वन जङ्गल कायम हुने गरी वनको संरक्षण र विस्तार गरी वन्यजन्तु तथा अन्य वनसम्पदाको उत्पादन बढाउनु पर्दछ। यस क्षेत्रलाई पनि दुई समूहमा विभाजन गर्न जरुरी छ।

(क) **वन्यजन्तु आरक्षण क्षेत्र** :- वन्यजन्तु तथा जैविक विविधताको संरक्षण गर्न यो क्षेत्रमा चरनका लागि बन्देज गर्ने कार्य जस्ता आवश्यक व्यवस्था गरिनु पर्दछ। यो क्षेत्रलाई पर्यटन विकासको लागि आकर्षक बनाउनु पर्दछ।

(ख) **सामुदायिक वन क्षेत्र** :- गाउँ विकास समिति तथा उपभोगक्ता समूहले वन पैदावर उपयोग गर्नका लागि उनीहरूद्वारा नै व्यवस्थापन गरिने वन यस समूहमा पर्दछ। यस्तो वनको विकास गर्दा बहुउद्देश्यीय रुखहरू तथा कृषि वनका लागि

प्राथमिकता दिनुपर्दछ। यसबाट उत्पादन हुने वन पैदावर उपभोक्ता समूहले नै उपयोग गर्न पाउने वर्तमान व्यवस्थाको प्रक्रियालाई अझै व्यवस्थित र प्रभावकारी बनाउनु उपर्युक्त हुनेछ।

## ७.२.४ सहरी बसोबास तथा औद्योगिक क्षेत्र

साधारणतया कृषिको लागि उपर्युक्त नहुने जमिनलाई बसोबास, औद्योगिक तथा सहरीक्षेत्रका लागि प्रयोग हुनुपर्दछ। त्यस्ता क्षेत्रमा बसोबास, सहर तथा उद्योगका लागि आवश्यक पूर्वाधार र सुविधाको निर्माण गरी घर-घडेरी तथा उद्योग व्यवसायका लागि जमिन खरिद-बिक्री गर्न पाउने व्यवस्था गर्नुपर्दछ। यसका लागि राष्ट्रियस्तरमा गुरुयोजना बनाई क्रमिकरूपमा कार्यान्वयन गर्दै लैजानु पर्दछ।

**व्यवस्थित बसोबास तथा सहरीकरण** :- वर्तमान अवस्थामा साधनसम्पन्न व्यक्तिहरूले सहर वरिपरि वा यातायात सुविधायुक्त वा पर्यटन विकासका दृष्टिले महत्वपूर्ण कृषिक्षेत्रमा घडेरीका नाममा वा बढी मुल्यमा बिक्री गरी मुनाफा गर्ने उद्देश्यले जमिनको खरिद-बिक्री गर्ने क्रम केही वर्षयता ज्यादै बढ्दै गएको छ। यसबाट निम्नलिखित केही गम्भीर समस्या उत्पन्न भएका छन्।

१. उद्योग, व्यापार तथा सेवाबाट सञ्चित पूँजीलाई उत्पादन वृद्धिका लागि लगानी गर्नुपर्नेमा सो पूँजी जमिनका लगानी हुँदा उक्त पूँजी निस्कृय रहेको छ।

२. यसरी खरीद भएको जमिनको उत्पादकत्व घटेको छ वा खेती नै नगरी बाँझो छाडिएको छ।

३. खाद्यान्न तथा नगदेबाली हुनसक्ने ऊर्वरशील जमिनमा पनि वृक्षारोपण गरी जमिन ओगटिरहने प्रवृत्ति बढेको छ। त्यस्तो जमिनमा वातावरण संरक्षणको पक्षलाई समेत ध्यानमा राखी उपर्युक्त तरिकाले खाद्यान्न बाली लगाउन प्रेरित गर्नुपर्दछ।

४. जहाँ पायो त्यहीँ कृषि-भूमिलाई घडेरीमा खण्डिकरण गरी बसोबास गर्ने प्रवृत्ति बढेकोले अव्यवस्थित बसोबासमा वृद्धि भएको छ। जसको फलस्वरूप बाटो, पानी, सञ्चार, स्वास्थ्य, शिक्षा, बिजुली, जस्ता बसोबासका लागि चाहिने पूर्वाधारहरू उपलब्ध हुन सकेका छैनन् र वातावरणमा पनि प्रतिकूल असर परेको छ।

५. सिँचित कृषि भूमिलाई उद्योग, शिक्षण संस्था जस्ता गैह्रकृषि प्रयोजनका लागि प्रयोग गर्ने प्रवृत्ति बढेको छ। यसबाट एकातर्फ कृषि उत्पादन घटेको छ भने अर्कोतर्फ कृषि श्रमिकहरू पनि विस्थापित भएका छन्। त्यसैले कृषि भूमिलाई गैह्रकृषि उपयोगका लागि निरुत्साहित गरिनु जरुरी छ। तसर्थ व्यवस्थित बसोबास तथा सहरीकरणका लागि देहायअनुसारको व्यवस्था गरिनुपर्दछ।

क. वर्तमान नगरपालिकाहरू तथा सहर बन्नेतर्फ उन्मूख भएका गाउँहरूमा सम्भव भएसम्म खेतीका लागि तुलनात्मकरूपले अनुपयुक्त जमिनमा व्यवस्थित बसोबास, सहर निर्माण तथा उद्योग-धन्दाका लागि क्षेत्र तोकी योजनावद्ध किसिमले पूर्वाधारहरू निर्माण गर्नुपर्दछ।

ख. घडेरी तथा उद्योगका लागि तोकिएका वा बसोबासको योजना गरिएका क्षेत्रमा मात्र सम्बन्धित उद्देश्यका लागि जमिन किन्नपाउने व्यवस्था गर्नुपर्दछ। बाटो, ढल-निकास, सार्वजनिक पार्क, पोष्ट अफिस, स्कूल, स्वास्थ्य-केन्द्र जस्ता सार्वजनिक सेवाका लागि ठाउँ छुट्याई बाँकी जमिनमा आवासका लागि प्लटहरू रेखाङ्कन गरी बिक्री वितरण गर्ने व्यवस्था हुनुपर्दछ। यस्ता क्षेत्रमा सम्बन्धित निकायले पानी, बिजुली, बाटो जस्ता पूर्वाधारहरूको निर्माण गर्ने व्यवस्था गर्नुपर्दछ।

ग. असुरक्षित बस्ती, अव्यवस्थित बसोबास र पहाडी तथा हिमाली क्षेत्रमा छरिएर रहेका एक दुई घरहरूलाई एकै ठाउँमा योजनाबद्ध रूपमा आवास क्षेत्र निर्माण गरी त्यहाँ बसोबासका लागि चाहिने आवश्यक न्यूनतम पूर्वाधारहरूको निर्माण गर्नुपर्दछ।

# परिच्छेद- ८

## नेपालमा कृषि विकासको समस्या र समाधान

भूमिको असमान वितरण, खण्डिकरण र जमिनमाथिको दोहोरो नियन्त्रण जस्ता विविध समस्याले ग्रस्त हाम्रो देशको विद्यमान भूमि व्यवस्थामा के कस्ता सुधार हुनुपर्दछ भन्ने बारेमा देखापरेका समस्या र तिनीहरूको निराकरण के कसरी गर्न सकिन्छ भन्ने सम्बन्धमा विस्तृत चर्चा गरिएको छ। यहाँ विशेषतः भूमिको उत्पादकत्व वृद्धिमा सहायक हुने संस्थाहरूको पहिचान र विकासका प्राथमिकता र तरिकाहरू के हुन सक्दछन् भन्ने सुझाव प्रस्तुत गरिएको छ।

### ८.१ पृष्ठभूमि

विगतमा जनसङ्ख्याको वार्षिक २.५ प्रतिशत र कृषिको वृद्धिदर वार्षिक ३ प्रतिशत थियो। यसरी ०.५ प्रतिशत मात्र बढी कृषि वृद्धिदरले प्रतिव्यक्ति आय र मुलुकको समष्टिगत आर्थिकस्तर दुवै बढ्न सकेको देखिँदैन। उत्पादनका सम्बन्धमा हेर्ने हो भने विक्रम् सम्वत् २०३२ सालको प्रतिव्यक्ति खाद्यान्न उत्पादन ३७६ किलोग्रामबाट घटेर विक्रम् सम्वत् २०४९ सालमा २७७ किलोग्राममा झरेको देखिन्छ। फलस्वरूप विक्रम् सम्वत् २०३४ सालमा निरपेक्ष गरिबीको रेखामुनि रहेका ४० प्रतिशत नेपाली जनताको सङ्ख्या विक्रम् सम्वत् २०४९ सालमा ४९ प्रतिशतमा पुग्यो। यसका साथै विक्रम् सम्वत् २०३२-२०३६ मा कृषिजन्य निकासीभन्दा कृषिजन्य पैठारीमा डेढगुना बढी भएकोमा विक्रम् सम्वत् २०४७-२०५० मा यो अनुपात बढेर अढाइ गुना हुनपुग्यो। यसरी प्रतिव्यक्ति खाद्यान्न उत्पादन घट्दै जाने र कृषि पैठारीमा वृद्धि हुँदै जानाले गरिबीको समस्या झन् बढ्नु स्वभाविकै हो। अन्न उत्पादनकै स्थिति हेर्ने हो भने पनि प्रतिव्यक्ति खाद्यान्न उपलब्धता क्रमशः ह्रास हुँदै गएको देखिन्छ।

खेती गरिएको जमिनको ७० प्रतिशतभन्दा बढी ओगट्ने र कृषिजन्य गार्हस्थ उत्पादनमा करिब ३५ प्रतिशत योगदान गर्ने धान, मकै र गहुँ बालीहरूको उत्पादकत्व हेर्दा उब्जनीमा दयनीय स्थिति देखिन्छ। सन् १९६० को दशकको सुरुमा दक्षिण एसियाका अन्य देशहरूमा भन्दा नेपालमा धान र गहुँको उत्पादनशीलता बढी भएकोमा सन् १९९० को दशकको सुरुमा यी दुई बालीहरूको एसियाली देशहरूको अनुपातमा नेपाली उत्पादनशीलता २०१८/२०२० को तुलनामा निकै पछि परेको कुरा तलको तालिकाले प्रष्ट पार्दछ।

## केही दक्षिण एसियाली देशहरूको अनुपातमा नेपालमा धान र गहुँको प्रतिहेक्टर उत्पादनशीलता

## तालिका ८.१

| मुलुक | उल्लिखित मुलुकको दाँजोमा नेपालको उत्पादनशीलता | | | |
|---|---|---|---|---|
| | २०१८-२०२० | | २०४८-२०५० | |
| | धान | गहुँ | धान | गहुँ |
| भारत | १२९ | १४६ | ८६ | ५७ |
| बंगलादेश | ११६ | १९८ | ८६ | ७५ |
| पाकिस्तान | १४० | १५० | ९३ | ६९ |
| श्रीलंका | १०१ | - | ७४ | - |

*स्रोतः दीर्घकालीन कृषि योजनाको प्रतिवेदन*

## ८.१.१ उत्पादनमा ह्रास आउनुका प्रमुख कारण

खास गरेर स्पष्ट रणनीतिको अभावको कारणले उत्पादन र कृषि आयमा वृद्धि हुन नसकी कृषि क्षेत्रमा दयनीय स्थिति देखापरेको छ। स्पष्ट प्राथमिकतासहितको उत्पादन वृद्धि गर्ने रणनीतिको अभावमा नेपालको विकास प्रयत्नहरूमा साधन परिचालन तथा कार्यक्रमको छनौटमा भूमिका निभाउँदै आएका दातृ समूहका प्रयत्नहरू पनि ठोस रणनीतिभित्र केन्द्रित भएर लाग्न सकेका देखिंदैनन।

विगतको आर्थिक नीति आर्थिक वृद्धि गर्नेतर्फ अभिमुख थिएन। विदेशी मुद्राको प्रयोग पनि कृषिजन्य निकासी बढाउनेतर्फ नभई अर्ध विलासी साधनको उपयोग बढाउने खालको थियो। आन्तरिक र आयातीत सामानहरू सम्बन्धी मुल्य-नीति पनि अव्यवहारिक (Distorted) थियो। वित्तीय घाटा निकै रहेको थियो भने उत्पादन तथा अन्य क्षेत्रहरू बीच साधन विनियोजन (Allocation) स्पष्ट राष्ट्रिय लक्ष्य तथा निरोपित (Strategic) प्राथमिकतामा आधारित थिएन। निजी क्षेत्रलाई साधारणतया वेवास्ता गरिएकोले उक्त क्षेत्रलाई तीव्र गतिकासाथ अगाडि बढ्न दिइएको थिएन।

कृषि विकासको गतिलाई मन्द पार्न कृषिभूमिको वितरण र प्रयोगले पनि नकारात्मक असर गरेको देखिन्छ। अर्कोतर्फ थोरै जग्गाधनीहरूसँग बढी जग्गा ओगट्ने प्रवृत्ति बनिरह्यो। त्यस्तै मोहियानीको व्यवस्था र बढ्दो जग्गाको खण्डिकरणले भू-उपयोगको स्तर कमजोर हुँदै गयो।

केही युक्तिसङ्गत (Rational) नीति तथा कार्यक्रमहरू अगाँलिएका भए तापनि अनुपयुक्त प्रशासनिक तथा कर्मचारी सम्बन्धी नीतिहरूले गर्दा तिनको कार्यान्वयनमा निकै फितलोपना रह्यो। । पारदर्शिता र जवाफदेहिता प्रतिको लापर्वाहीले अधिकारीहरूको कतै आँखा चिम्लने र कहिलेकाँही त गलत प्रवृत्तिलाई बढावा दिने प्रवृत्ति पनि बन्यो । पर्याप्त जानकारी तथा तथ्याङ्क र अनुगमन प्रक्रियाको अभावमा सम्बन्धित कार्यको कार्य-सम्पादनको मुल्याङ्कन गर्न भनै कठिनाई देखापर्यो । कृषिको विकासमा खड्कने अड्चनहरू मूलतः निम्न पाँच क्षेत्रहरूमा देखिन्छन् :-

१. वर्षभरि (सबै याममा) उपलब्ध हुने र कृषकको पूर्ण नियन्त्रणमा रहने खालको सिँचाइ सुविधाद्वारा कृषि उत्पादनशीलता बढाउन आवश्यक हुने सिँचाइमा चाँहिदो लगानी नहुनु ।

२. जग्गाको असमान वितरण, मोहियानी प्रथा र जग्गा खण्डिकरणले जग्गाको अधिकतम सदूपयोगको स्थितिको सिर्जना नहुनु ।

३. उच्च उत्पादनशील कृषि व्यवसाय गर्न चाहिने सडक यातायातको अभाव हुनु ।

४. हालका वर्षहरूमा लिइएको रासायनिक मलसम्बन्धी नीतिहरूले मलको सम्भाव्य मागको वृद्धिलाई हतोत्साहित गर्ने काम गर्नु र बढ्दो माग पुरा गर्ने किसिमको हुन नसक्नु।

५. द्रुत कृषि विकासका लागि चाहिने कृषिजन्य प्रविधिहरू सहज उपलब्ध हुने स्थिति नहुनु ।

## ८.१.२ वर्तमान स्थिति

निकट छिमेकीलगायत विकासोन्मुख धेरै देशहरूले द्रुततर आर्थिक विकासतिर पहल गरिसकेको देखिन्छ । यस पहल प्रक्रियामा उनीहरूले कृषिको क्रमिक व्यापारीकरण गरी राष्ट्रिय अर्थतन्त्रमा कृषिको हिस्सालाई कम पारेका छन् । तर नेपाल अभै कृषि प्रधान देश रहेको छ। यहाँ ८१ प्रतिशत जनता कृषिमा आश्रित छन् । कृषिको कूल गार्हस्थ उत्पादनमा ४२ प्रतिशतभन्दा बढी योगदान रहेको छ। अब खेती गर्ने जमिन बढाएर कृषि-उत्पादन बढाउन सकिन्न ।

नेपालमा कृषि व्यवसाय बढी मात्रामा जेनतेन जीविका गर्ने वा निर्वाहमूखी प्रकृतिक छ। आधुनिक उत्पादक तत्वहरूको उपयोग ज्यादै न्यून (२०४९ सालमा सरदर प्रति हेक्टर २० न्युट्रिएन्ट के.जी) छ । वर्षभर समुचित सिँचन गर्न मिल्ने सिँचाइ क्षेत्र कृषियोग्य जमिनको १८ प्रतिशत मात्र छ । प्रायशः यहाँ प्रमुख बालीहरू तथा अन्य व्यवसायको उत्पादनशीलता न्युन

छ । नेपालको सरदर प्रति-व्यक्ति आय एसियामै न्युन रहेको छ । फलतः आधा जनता निरपेक्ष गरिबीको रेखामुनि छन् ।

### ८.१.३ अविलम्ब विकासको खाँचो

कृषिको विकासमा देखापर्ने मन्दताले आर्थिक सम्भावनालाई नै क्षीण बनाउँछ । यसले गैह्रकृषि क्षेत्रहरूको विकासमा मन्दता ल्याउन प्रमुख भूमिका खेल्छ । साथै यसले रोजगारीको वृद्धिमा समेत असर पारी गरिबीलाई अझ बढाउँछ । नेपालमा वन विनाश र जमिनको ऊर्वराशक्तिमा ह्रास जस्ता समस्याहरू आउनमा यहाँका साधनहरूको कम उत्पादनशीलता नै मुख्य कारक तत्व रहेको छ ।

निम्न आय आधारबाट आउने राजश्वले मुस्किलले स्वास्थ्य सेवा तथा शिक्षा जस्ता आधारभूत सामाजिक सेवाहरूको आवश्यकता पुरा गर्न सकिन्छ । त्यसैले यहाँ गरिबी, अस्वस्थता र अर्धशिक्षा वा अशिक्षा व्याप्त छ । वास्तवमा गरिबी कर्म गर्ने भएर पनि यी समस्याहरू अझ विकराल भएर गएका छन् ।

वर्तमान अवस्थामा रहेको यस्ता प्रवृत्तिहरूलाई फेर्ने कार्य छिटो नथालेमा सामाजिक आन्दोलन तथा राजनीतिक अस्थिरता आउन गई अर्थतन्त्रमा पनि थप बाधा-अड्चन आउनेछन् । विकासको मन्दता र गरिबीको वृद्धिले जनतामा निराशा ल्याउँछ र उनीहरूमा हतोत्साहित हुने प्रवृत्तिको विकास हुन्छ । अन्ततोगत्वा यस्ता प्रवृत्तिहरू विकासका बाधक र सामाजिक समस्याका प्रमुख कारण बन्दछन् । दयनीयरूपमा देखापरेको आर्थिक अनुपलब्धिको निरन्तरताले अन्तर्राष्ट्रिय सहयोगलाई पनि निरुत्साहित पार्छ । फलतः अन्तर्राष्ट्रिय वित्तीय तथा प्राविधिक सहयोगको कमी हुन गएर देशको अभिवृद्धि तथा विकासका लागि चाहिने साधनहरूको परिचालन क्षमता अझ सीमित हुनपुग्छ ।

## ८.२ उद्देश्य तथा रणनीति

श्री ५ को सरकारको अनुरोधमा एशियाली विकास बैंकको सहयोगमा हालसालै एक दीर्घकालीन कृषि योजना तयार गरिएको छ । सो योजना तयार गर्न गरिएको मस्यौदाको तयारी विद्वानहरूको सङ्लग्नता र सहमति निर्माणको प्रक्रियाद्वारा सम्पन्न भएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ-संस्थाहरूको समेत सरसल्लाहबाट तयार गरिएको यो योजनामा नेपाली विशेषज्ञहरूको बाहुल्यता रहेको थियो । कृषि विकासको समस्या र समाधान विषयक प्रस्तुत प्रतिवेदनको मुख्य आधार उक्त योजनाको मस्यौदापत्र रहेको छ । दीर्घकालीन यस आयोजनाका मस्यौदाका सैद्धान्तिक पक्ष र कृषि विकासका उद्देश्य तथा रणनीतिमा पूर्णरूपले सहमति राख्दै मस्यौदाका कतिपय पक्षहरूमा सुधार गरी यो प्रतिवेदन बनाइएको छ । दीर्घकालीन कृषि

योजनाका रणनीति, उद्देश्यक र विकासका प्रावधानहरूलाई अनुमोदन गर्दै कृषिक्षेत्रलाई कसरी विकासको बाटोमा अग्रसर गराउने भन्ने विषयमा केन्द्रित भएर यो प्रतिवेदन लेखिएको छ।

दीर्घकालीन कृषि योजनाले केही पारस्परिक सम्बन्ध राख्ने उद्देश्यहरू र अत्यावश्यक रणनीति अघि सारेको छ।

## ८.२.१ उद्देश्य

उक्त दीर्घकालीन कृषि योजनाले अघि सारेका उद्देश्यहरू निम्नानुसार छन् :-

१. कृषि विकासको बाटोको छनौट गर्दा सामाजिक न्यायलाई प्राथमिकता दिने।

२. उत्पादनका साधनको उत्पादनशीलता बढाएर कृषि विकासको वृद्धि द्रुततर गराउने। अन्नाबाली, फलफूल, तरकारीमा आत्मनिर्भर हुने र क्रमशः निर्यात गर्न सकिने स्तरमा पुग्ने।

३. द्रुततर विकास र रोजगारीका अवसरहरू बढाएर गरिबी घटाउँदै जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउने।

४. कृषि उत्पादनमा विविधीकरण र तुलनात्मक रूपमा बढी फाइदा हासिल गर्दै निर्वाहमुखी कृषिलाई व्यवसायमूलक कृषिमा परिवर्तन गराउने।

५. कृषि विकासका पूर्वाधारको व्यवस्था मिलाएर समष्टिगत आर्थिक विकास र परिवर्तनको लागि अवसरहरू बढाउने।

६. योजना कार्यान्वयनका लागि यथाशीघ्र अल्पकालीन र दीर्घकालीन रणनीतिहरूको पहिचान गर्ने र भविष्यमा आवधिक योजना तथा कार्यक्रमहरू तर्जुमा गर्न चाहिने स्पष्ट मार्गदर्शन दिने।

## ८.२.२ अब अगाल्नु पर्ने रणनीति

कृषि-क्षेत्रको द्रुततर विकासको लागि निम्न रणनीति अवलम्बन गर्नुपर्ने देखिन्छ।

१ जग्गामा वास्तविक जोताहा किसानको अधिकार र स्वामित्वको व्यवस्था भएपछि जग्गाको अधिकतम उपयोग हुन्छ।

२ साना खेती प्रणालीको विकास गर्दै सघन खेतीलाई प्रोत्साहित गर्दा बहुसङ्ख्यक

परिवारहरू विकासको प्रयासमा सहभागी हुन्छन् र विकासको प्रतिफलको बाँडफाँट वितरणमूलक हुन्छ ।

३ द्रुततर कृषि विकासले उच्च-मुल्यका कृषिजन्य उत्पादनमा मागको चाप बढाई उत्पादनमा वृद्धि हुने वातावरणको सिर्जना गर्दछ । साथै यसबाट गैह्र कृषि क्षेत्रको उत्पादनमा गुणात्मक रूपले वृद्धि हुन्छ।

४ सबै क्षेत्रमा रोजगारी सिर्जना भई सामाजिक क्षेत्रको विकास बढ्छ र समग्र विकास सम्भव हुन्छ, फलस्वरूप कृषि विकासको उद्देश्य प्राप्ति हुन्छ ।

५ विगतको पूँजी र भौतिक तथा संस्थागत आधारशीलामा थप जग बसाली सरकारी नीति तथा लगानीको क्षेत्रमा थोरै प्राथमिकताका मूलभूत विषयमा केन्द्रित रहने व्यवस्था गर्नुपर्छ। जता पनि जे पनि गर्ने विगतको परम्परालाई छोडेर यकीन गरिएका प्राथमिकताप्राप्त क्षेत्रहरूमा ध्यान केन्द्रित गर्नुपर्दछ ।

६ तराई, पहाड, उच्च पहाडको विविधतामूलक स्थितिलाई ध्यानमा राखी ठोस स्थितिको मुल्याङ्कन गरी ती क्षेत्रहरूमा विकासका प्रयास (Development package) पुऱ्याइदिनु पर्दछ। जसमा सरकारी तथा निजी लगानीको सङ्लग्नता हुनुपर्दछ ।

७ क्षेत्रीय सन्तुलन तथा महिला सहभागितालाई मध्यनजर राख्दैन बृहत्त रूपमा जनसहभागिता परिचालनको रणनीति अपनाउनु पर्दछ ।

उक्त नीतिहरूको अवलम्बनबाट नेपालको आर्थिक अभिवृद्धि गर्नमा ठोस प्रभाव पर्ने कुरा निश्चित छ । यस नीतिको कार्यान्वयनले देशको कृषि विकास थप दुई प्रतिशतले बढ्ने र उता जनसङ्ख्या वृद्धिदर ०.५ प्रतिशतले घट्न जाने अनुमान गर्दा कृषि विकासको प्रतिव्यक्ति दर ६ गुणाले बढ्न जानेछ। अर्थात् त्यो विकास वर्तमान वार्षिक ०.५ प्रतिशतबाट बढेर प्रतिवर्ष ३ प्रतिशत हुनेछ। यस्तो वृद्धिले गैह्रकृषिमा रोजजारी प्रधान (labour intentive) वस्तु तथा सेवाको उत्पादन बढ्न प्रेरित गराउनेछ। यसको सकारात्मक प्रभाव छरिएर रहेका गाउँ र बजारहरूमा पर्नेछ ।

यसै रणनीतिलाई अनुसरण गर्ने हो भने यसले कृषि विकासलाई पर्याप्त र द्रुततर पारेर कृषि तथा गैह्रकृषि दुवै क्षेत्रमा व्यापक रूपमा रोजगारी बढाउनेछ। यस्तो विकासले कृषि बालीमा प्राविधिक परिवर्तन गराई बढी मोल पर्ने वस्तुहरूको माग बढाउनेछ। साथै कृषिमा विशिष्टता (Specialization) प्राप्त भएपछि कृषि व्यापार बढ्न जानेछ। अनुसन्धान र प्रसार

(Extension) मा लगानी हुनाले प्रविधिमा परिवर्तन आउनुका साथै उन्नत प्रविधि उपलब्ध हुनेछ। प्रविधियुक्त उन्नत मल र सुधारिएको सिँचाइ व्यवस्था कार्यान्वयन गर्ने नीतिहरू अपनाउनु पर्नेछ। सडक तथा अन्य बजारसँग जोडिदिने पूर्वाधारमा लगानी गर्नाले विशिष्टता र व्यापार बढाउने आधारको समेत सिर्जना हुन्छ।

उत्पादन वृद्धिको क्षेत्रमा समष्टिगत बढी प्रभाव प्राप्त गर्न र समतामूलक स्थितिको सिर्जना गर्नु बृहत्त रूपमा जनसङ्लग्नता अभिवृद्धि गर्नु आवश्यक हुन्छ। उत्पादन प्रविधि र साधनको प्रयोग साना किसानको हित अनुकूल हुनुपर्दछ। कृषि विकासको लहरमा व्यापक जनसहभागिताको लागि हालको जग्गामा पहुँच नरहेका परिवारहरूमा क्रमशः जग्गामा स्वामित्व रहने स्थितिको सिर्जना गर्नुपर्दछ। साथै महिला समुदायको हित हुने उपक्षेत्रहरूमा जोड दिनुपर्दछ।

यस्तो विकासको रणनीति अवलम्बन गर्दा तोकिएका थोरै प्राथमिकताका क्षेत्रमा केन्द्रित रहनु पर्नेछ। यसलाई चित्र नं १ मा देखाइएको छ।

द्रुततर आर्थिक अभिवृद्धि हासिल गर्न केही प्राथमिकताहरूको चयन हुनुपर्दछ साथै तिनीहरूको बीचमा रहेको परिपूरक सम्बन्धलाई ध्यान दिन अत्यावश्यक हुन्छ। त्यस्ता प्राथमिकता निर्धारण गर्दा निम्न चारवटा पक्षलाई विशेष ध्यान दिनु जरुरी हुन्छ :-

१. धेरै हदसम्म सबै प्राथमिकताहरूको आपसमा परिपूरक सम्बन्ध भएकोले यी सबैलाई एकै पटक लागु गर्नुपर्छ। यस क्रममा सुरुमा केही क्षेत्रहरू अरूभन्दा अगाडि विकसित हुँदै जानेछन्।

२. बढी सम्भाव्य क्षेत्रहरूमा यी प्राथमिकताहरूलाई लैजानु बढी उत्पादक हुन्छ।

३. कामको थालनी गर्दा प्राथमिकताहरूलाई ठीकसँग मिलाउने र कार्यान्वयन गर्ने तरिकाले तालमेल स्थानीय प्रकृतिअनुसार सुहाउने किसिमको हुनुपर्दछ। क्षेत्रगत र स्थानीय विशेषताअनुरूप प्राथमिकताक्रमको निर्धारण हुनुपर्दछ।

४ पहाड र उच्च पहाडको निम्ति अपनाइने रणनीति बढी मुल्य हुने वस्तुहरूको उत्पादनमा केन्द्रित हुनुपर्दछ। तराईमा खाद्यान्न उत्पादनमा प्राथमिकता केन्द्रित गरिनु पर्दछ।

यी प्राथमिकताको साथसाथै अन्य कार्यहरू पनि हुनुपर्दछ। विद्यमान जिल्लास्तरीय सडकसँग जोडिने वर्षभरि गाडी चल्ने ग्रामीण सडक, समुचित जलसाधन व्यवस्थापन, बढी मोल पर्ने वस्तुहरू उत्पादन गराउने उन्नत प्रविधितर्फ उन्मुख अनुसन्धान तथा प्रसारको यथाशीघ्र प्रवाह र विकासका गति तीव्र हुने खालको नीति अपनाई त्यसको कार्यान्वयन अनुगमन र सफल नतिजाको निम्ति क्रियाशील हुनुपर्दछ। तराईतर्फको रणनीति खाद्यान्न उत्पादनतिर केन्द्रित

रहनेछ तापनि उल्लिखित प्राथमिकताका साथसाथै यहाँ अन्य विकास कार्यहरू पनि हुनुपर्छ। यहाँ पनि ठीकसित सञ्चालन हुने व्यवस्थित वर्षभरिको सिँचाइ सुविधा, आवश्यक रासायनिक मलको वितरण, वर्षभरि गाडी चल्ने ग्रामीण सडक र ग्रामीण विद्युतीकरणमा जोड दिनुपर्दछ।


## ८.३ गरिबी र खाद्य-सुरक्षामा देखापर्ने प्रभाव

ग्रामीण तहमा रहेको गरिबी निवारणमा प्रस्तावित योजनाको असर अत्यन्तै सकारात्मक हुनेछ। निरपेक्ष गरिबीको रेखामुनि रहेका कूल जनसङ्ख्याको हिस्सा (Poverty Incidence) यस योजनावधिमा ४९ प्रतिशतबाट घटेर १४ प्रतिशतमा पुग्नेछ। दीर्घकालीन यो हिसाब हाल विद्यमान कृषि जग्गाको वितरणको संरचनालाई यथावत् राखी निकालिएको हो। संरचनामा कृषि तथा भूमि सुधार जस्ता कार्यक्रमहरूको प्रभाव अत्यन्तै प्रभावशाली र दूरगामी हुनेछ।

भूमि सुधारको र दीर्घकालीन योजनाको संयुक्त प्रभावले नेपालमा गरिबी निवारणको अभियान अझ प्रभावशाली हुनेछ। योजनाले प्रस्तावित रफ्तारभन्दा तीव्ररूपमा सिर्जना गरिने सिँचाइ सुविधा र बाटोघाटोको निर्माण जग्गाको पुनर्निर्माण पुनर्वितरण र सुकुमबासीको कृषि जमिन घरबारको व्यवस्था तथा तदनुरूप अन्य क्रियाकलापमा पर्ने प्रभावलाई समेत ध्यानमा राखी भूमि सुधार आयोगले नेपालमा गरिबीको स्थितिको पुनर्मैल्याङ्कन गरेको छ। विकासका नयाँ सम्भावना र प्रयासको परिप्रेक्ष्यमा प्रत्येक दुई वर्षमा कसरी गरिबीको रेखामुनि रहेका जनसङ्ख्या प्रभावित हुनेछन् भन्ने आँकडा चित्र २ मा प्रस्तुत छ। नयाँ प्रक्षेपणअनुसार १० वर्षमा करिब १० प्रतिशत मात्र जनता गरिबीको रेखामुनि रहने छन्। सो अवधिको लागि दीर्घकालीन योजनाको १० वर्षको अवधिमा भने झण्डै ३० प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहिरहनेछन्। दीर्घकालीन कृषि योजनाले गरेको अनुमानभन्दा यो एक तिहाइ हो। १० प्रतिशतमात्र गरिबीको रेखामुनि रहँदा करिब २३ लाख जनता गरिब रहिरहनेछन्। यिनीहरूको लागि राज्यले लक्षित कार्यक्रमहरू सञ्चाालन गरी जीवनस्तर उकास्ने काम गर्नुपर्नेछ।

## ग्रामीण नेपालमा गरिबीको चाप, २०५१-५२ देखि २०६१-६२ सम्म

# चित्र २




*स्रोतः दीर्घकालीन कृषि योजनाको प्रक्षेपण र भू.सु.आ. को अनुमान*

आय अभिवृद्धिद्वारा गरिबी निकै घट्ने हुँदा व्यापकरूपमा गरिबी रहेका ठाउँहरूमा कार्यक्रम लक्षित गर्दा प्रभावकारी हुनसक्ने देखिन्छ। त्यसको सट्टा गरिबी घटाउने खालका कार्यक्रमको बृहत्त परिवेशको योजना नअपनाई साधनहरूको बाँडफाँटमा मात्र सीमित रहनाले केवल अल्पकालीन राहत मात्र प्राप्त हुन्छ। जग्गाको पुनर्वितरण र कृषि विकासको द्रुततर गतिले गरिबी निवारणतर्फको सफलतालाई स्थायित्व दिनेछ।

चाँडो गर्नुपर्ने विकासका कामहरूको प्राथमिकतामा गरिबहरूलाई आय अभिवृद्धिका दिशामा सहभागी बन्ने नदिने सम्पूर्ण अवरोधलाई हटाइनु पर्दछ। भौतिक पूर्वाधारको अभावमा ओझेलमा परेका ग्रामीण क्षेत्रहरूमा वर्षैभर गाडी चल्ने कृषि सडकहरूको व्यवस्था गर्नेतर्फ उच्च प्राथमकिता दिइनु पर्दछ।

पशुपालन व्यवसाय कृषिको अत्यन्त महत्वपूर्ण क्षेत्र भएकोले हालसम्म पशुपालन व्यवसाय विकासको निम्ति पशुको नश्ल-सुधार अभियान, आवश्यक खाना, दाना र गोठ व्यवस्थापनामा आधुनिकीकरण हुन सकेको छैन। पशुजन्य पदार्थहरूलाई बजारसम्म पुऱ्यायउने उचित व्यवस्था हुन नसकेको तथा वनलाई पशुपालन व्यवसायमुखी डाले र भूँइ घासको विकास गर्न नसकेको वर्तमान स्थितिलाई आमूल परिवर्तन गरी परिणाममुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ। अनिश्चित भू-स्वामित्व (land tenure) को व्यवस्था र खेतबारी टुक्रने प्रक्रियाले गरिब

किसानहरूको सहभागितालाई न्युन गराई कृषि उत्पादन बढाउने प्रयत्नहरूलाई कुण्ठित पारेको छ। अर्थात् जग्गाको असमान वितरणले जग्गाको अधिकतम् प्रयोगमा बाधा पुगेको छ। प्रस्तावित भूमि सुधार कार्यक्रमले उत्पादन बढाउन चाहिने उचित वातावरणको सिर्जना गर्नेछ। आर्थिक क्रियाकलापको चर्चा गर्दा महिलाहरूको प्रमुख आयस्रोत पशुपालन व्यवसाय मुख्य रूपमा रहेको देखिन्छ। यसका साथै बढी मुल्यवान् बालीहरू र कृषिजन्य व्यवसायमा उनीहरूको ठूलो महत्व रहने हुन्छ। ऋण, प्रसार सेवाहरू र अनुसन्धानलगायत अन्य पक्षहरूमा पनि महिलाहरूको सहभागिता तथा नेतृत्वको आवश्यकतातर्फ पर्याप्त मात्रामा ध्यान दिइनुपर्दछ।


बहुसङ्ख्यक गरिब किसानहरूसँग थोरै (झण्डै आधा हेक्टरभन्दा पनि कम) जमिन छ। राम्रोसँग नियन्त्रित वर्षैभर सिँचित क्षेत्रमा प्रति हेक्टर बढ्दो उत्पादनशीलता, बाली सघनता र बढी मुल्यवान् बालीहरू तथा पशुपालन जस्ता कार्यहरूले किसानहरूलाई गरिबीको रेखामाथि ल्याउन थोरै जमिन भए पनि सम्भव हुनेछ। जग्गाको स्वामित्व बहुसङ्ख्यक कृषकहरूमा हुने व्यवस्थाको सिर्जना गर्नुका साथै त्यस्ता जग्गामा उत्पादन बढाउने कार्यले गरिबी निवारणमा उल्लेखनीय भूमिका खेल्नेछ। प्रस्तावित भूमि सुधार कार्यक्रमअन्तर्गत गरिने जग्गाको पुनर्वितरणले कृषि विकासका कार्यक्रमहरूको प्रभाव सबै किसानमा सीधै पर्ने वातावरणको सिर्जना हुनेछ।

खाद्य-सुरक्षाको अभाव गरिबीको सर्वव्यापी लक्षण हो। कृषि विकासका प्रयासहरूले नेपाललाई प्रमुख खाद्यान्न खुद (Net) निर्यात गर्ने अवस्थामा पुऱ्याउनेछ (चित्र ३)। त्यसले खाद्यान्न को आपूर्ति सुनिश्चित गर्नेछ। नयाँ पद्धति, तरिका, उपकरण आदि प्रयोगमा ल्याउनाले (Technological Innovation) कृषि उत्पादनको पूर्तिरेखा (Supply curve) लाई दायाँतिर सार्नेछ र सबैका लागि खाद्यान्नको सुलभता बढ्नेछ। कृषिको बृहत्त अभिवृद्धिद्वारा प्रत्यक्षरूपले कम असर परेका भूमिहीन तथा अन्य साह्रै नै साधन-विपन्न (Chronicallyresource-poor) घरपरिवारमा खास ध्यान दिनु आवश्यक छ। जमिनमा पहुँच पुऱ्याउन गरिने हस्तक्षेपहरू (interventions) कृषि विकासको गतिलाई अघि बढाउने विकल्पहरू मध्ये एक हो। वास्तवमा जमिनको पुनर्वितरणबाट उत्पादन तथा न्याय दुवै प्राप्त हुनेछ। हाल नेपालमा ४४ प्रतिशत कृषक परिवारको नियन्त्रणमा जम्मा ११ प्रतिशत मात्र जग्गा रहेको छ।

हाल हाम्रो देशमा करिब ५ लाख परिवार जग्गाधनी र ३ लाख ७५ हजार परिवार दर्तावाल तथा त्यतिकै सङ्ख्यामा दर्ता नभएका मोहीहरू छन्। त्यस्तै विभिन्न किसिमका गुठीका जग्गाहरूमा पनि जोताहाको अधिकार स्थापना गरिनाले अधिकांश जनताले जग्गाविहीन स्थितिबाट मुक्ति पाउने छन्। भूमि सुधार कार्यक्रमले यी परिवारहरूलाई जग्गामा स्वामित्व प्रदान गर्ने लक्ष्य राखेको छ। यसरी परिवर्तित जग्गा वितरणको संरचनाले कृषि विकासको लहरमा टेवा दिई गरिबी उन्मूलन गर्न योगदान गर्नेछ।

## ग्रामीण प्रतिव्यक्ति खाद्यान्न उत्पादन

# चित्र ३




*स्रोतः दीर्घकालीन कृषि योजना र भू.सु. आ. को अनुमान।*

कुपोषण प्रायः गरिबीको परिणाम हो। धेरैजसो कुपोषणको समस्या प्रोटिन शक्ति दिने तत्वहरू कम खानाले हुने गरेको छ। द्रुततर कृषि अभिवृद्धि तथा आर्थिक क्रियाकलाप बढाएर हुने आयवृद्धिबाट जनताहरूले बढी मात्रामा सन्तुलित किसिमका खानेकुराहरू प्रयोग गर्दै जानेछन्। सुरुमा खाद्यान्नको अगुवाई भएको अभिवृद्धिको स्थितिपछि गएर क्रमिक विविधीकरण (diversification) मा परिवर्तन हुँदै पशुपालन तथा बागवानीको अगुवाई भएको अवस्थामा पुग्नेछ। जब ग्रामीण प्रतिव्यक्ति आय अथवा कृषिजन्य गार्हस्थ उत्पादन बढ्न थाल्न तब आय लोचक (elastic) पशुजन्य तथा फलफूलको माग खाद्यान्नको भन्दा बढी गतिले बढ्नेछ। यसले गर्दा सन्तुलित खाना खाने चलन बढेर जानेछ। हाल पर्याप्त खाने कुराहरू उपलब्ध भएपछि तिनमा जनताको पहुँच हुने स्थितिको सिर्जना गराउनु नितान्त आवश्यक छ। साथै जनतामा पोषणबारे चेतना तथा यसको उपभोग गर्ने शिक्षा पनि दिनुपर्छ। प्रोटिन र शक्तिदायक तत्वहरूको अपर्याप्तताबाट हुने कुपोषण घटाउन खाद्यवस्तुहरूमा जनताको पहुँच हुनु आवश्यक छ भने प्रमुख सुक्ष्म पोषक तत्वहरू (mircro-nutrients), भिटामिन र खनिज पदार्थहरूको कमी हटाउन जनतामा जागरुकता र शिक्षा आवश्यक हुन्छ। यी सबैको लागि प्रतिपादित कृषि विकासका लक्ष्य र रणनीतिहरूको अपरिहार्यता र प्राथमिक आवश्यकताको यथेष्ट पुष्टि हुन्छ।

प्रस्तावित कृषि विकासका कार्यक्रमहरू र भूमि सुधार कार्यक्रमहरूले संयुक्तरूपमा ग्रामीण प्रतिव्यक्ति खाद्यान्न उत्पादनमा सकारात्मक प्रभाव पार्नेछ । हालको प्रतिव्यक्ति २७६ किलोग्राम प्रतिव्यक्ति खाद्यान्न उपलब्धता १० वर्षमा बढेर ३६६ किलोग्राम प्रतिव्यक्ति पुग्ने अनुमान छ । यो अनुमान दीर्घकालीन कृषि योजनाले गरेको प्रक्षेपणभन्दा प्रतिव्यक्ति १४ किलो बढी छ । कृषि, सिँचाइ तथा बाटोघाटो निर्माणमा कार्यक्रमहरूको तीव्रताले यो सम्भव हुनेछ । १० वर्षको अवधिमा क्रमिकरूपमा खाद्यान्न उत्पादनमा आउने वृद्धिको प्रक्षेपण चित्र ३ मा गरिएको छ ।

## ८.४ कृषि विकासको लागि गर्नुपर्ने कुराहरू

हालको कृषि विकासको धिमा गतिलाई तीव्र पार्न उच्च प्राथमिकता दिएर उत्पादक (श्रम) शक्तिमा चित्त प्रसन्नताको वातावरण, उत्पादको उचित विवरण, साधन तथा उत्पादित वस्तुहरूको बजार नीति तथा कार्यक्रम लागु गर्ने संस्थागत व्यवस्थाको उचित पहिचान गरिनु पर्दछ । सरकारी तथा गैह्र सरकारी साधन र स्रोतको सदुपयोग यिनै प्राथमिकताप्राप्त क्षेत्रहरूमा एकोहोऱ्याएर पछि मात्र सम्भव छ । हालको सबै कुरा सबै ठाउँमा गर्ने प्रवृत्तिले कृषि अर्थतन्त्रमा तत्काल र दूरगामी प्रभाव झिनो हुनजान्छ । दीर्घकालीन कृषि योजनाले गहिरो अध्ययन र व्यापक सरसल्लाह पश्चात प्राथमिकता तोकेको छ । यस आयोगले उल्लिखित उद्देश्य तथा रणनीति अनुरूप कृषि विकासका निम्ति निम्न प्राथमिकता तोकेको छ -

### ८.४.१ प्राथमिकता प्राप्त उत्पादक तत्वः सिँचाइ

जोखिम कम हुने तथा हरित क्रान्ति ल्याउने र बढी उत्पादन दिने बालीका जातहरूको खेती गर्न प्रचलन ल्याउन कृषकको पूर्ण नियन्त्रण रहने खालको जल-साधनको उचित व्यवस्था हुनु आवश्यक हुन्छ । थप खेती गर्ने जमिनको अभावमा द्रुततर उत्पादन अभिवृद्धि गर्नका लागि वर्षमा एकै चक्लामा बढी बालीहरू लगाउन वर्षभरि सिँचाइ हुनसक्ने अवस्थाको सिर्जना गर्नु प्रमुख पूर्वाधार मानिन्छ । त्यसैले सुव्यवस्थित जल निरन्तर प्रवाह र वर्षभर सिँचाइ सुविधा दुवै भएपछि बढी मोल पर्ने उपजहरूको खेती गर्नु आवश्यक हुन्छ । सिँचाइले यस्ता उपजहरूको खेती गर्न सहायता पुऱ्याउनेछ । यस्तो खेतीबाट कृषिको आय अभिवृद्धिदरलाई ४ देखि ६ प्रतिशत बढाउन सकिनेछ, यो विकासको सफल लक्षण पनि हो ।

दीर्घकालीन कृषि योजनाको सिँचाइ सुविधा विस्तारको प्रक्षेपणको व्यापकरूपमा जनपरिचालन गरी सिधै ग्रामीणस्तरमा गर्न सकिने सम्भाव्य विस्तारको हेक्का लिएको छैन । यसले मध्य पहाडको सिँचाइ विस्तारको लागि विद्यमान सिँचाइ विभागको र जिल्लास्तरीय अनुदानको व्यवस्था र त्यसले निम्त्याएको जनपरिचालनको वेगले लक्षित सिँचाइ सुविधा १० वर्षमै पुरा गर्न सकिने आधारहरू सिर्जना भएका छन् । कृषि विकासको मूल कडीको रूपमा रहेको सिँचाइको विकास र विस्तारमा विशेष जोडका साथ लाग्नु नितान्त आवश्यक छ ।

पहाडी सिँचाइको द्रुततर अभिवृद्धिको नहर तथा कूलो सिँचाइबाहेक वर्षाको पानी सञ्चय र प्रयोग गर्नुपर्ने हुन्छ। परेको पानी, साना खोला र कुलेसाहरू तथा सीमको पानी जम्मा गरेर सिँचाइ गर्ने प्रविधिको खोजविन र कार्यक्रम अवलम्बन गर्न आवश्यक छ। यसले पहाडमा लक्षित गरेको सुविधा विस्तारमा ठूलो अभिवृद्धि ल्याउनेछ। मध्य पहाडमा यसरी वर्षाको पानी सञ्चय गरेर सिँचाइ सुविधा विस्तार गर्ने उपर्युक्त रणनीति हो। "आफ्नो गाउँ आफै बनाऔं" अभियानको थालनीपछि पहाड तथा तराईमा स-साना सिँचाइ योजनाहरूको विकासको अनुकूल वातावरण बनेको छ। यसै परिप्रेक्ष्यमा योजनाद्वारा प्रस्तावित सिँचाइको विस्तारको रफ्तारमा अत्याधिक वृद्धि गर्न सकिन्छ। यसको लागि सरकारले विशेष प्राथमिकताकासाथ स-साना सिँचाइ आयोजनाहरूको विस्तारमा स्रोत र साधन विनियोजन गर्नुपर्छ। दीर्घकालीन कृषि योजनाको उपर्युक्त पक्षलाई अगाडि बढाउँदै मधेसको सबै सिँचाइ हुन सक्ने जग्गामा १० वर्षमा सिँचाइ सुविधा पुऱ्याउनु पर्दछ। पहाडमा सिँचाइयोग्य कम्तीमा ६० देखि ७० प्रतिशत जग्गामा १० वर्षमा सिँचाइ सुविधा पुर्याउन व्यवस्था गर्नुपर्दछ। तराईभन्दा मध्य पहाडमा सिँचाइ विकास खर्चिलो हुने परिप्रेक्ष्यमा व्यापक जनपरिचालन र वित्तीय विकेन्द्रीकरणको व्यवस्था गरिनु पर्दछ।


यसै सन्दर्भमा दीर्घकालीन कृषि योजनाले अघि सारेका सिँचाइसम्बन्धी महत्वपूर्ण पक्षको उल्लेख गर्नु यहाँ सान्दर्भिक हुन्छ। दीर्घकालीन कृषि योजनाले सिँचाइमा ल्याउनुपर्ने सुधारहरूलाई मुख्य रूपमा औल्याइएको छ। योजनाले प्रस्ताव गरे अनुसार राम्रोसँग नियन्त्रित गर्न सकिने वर्षैभर सिँचाइहुने जमिन २०५१/०५२ को ४ लाख ५९ हजार हेक्टरबाट बढेर २०७१/०७२ मा ११ लाख २६ हजार हेक्टर पुग्ने उद्देश्य लिएको छ (विस्तृत जानकारीको लागि चित्र ४) यसको लागि उपर्युक्त किसिमको प्रत्येक वर्ष सिँचित जमिन ३४ हजार हेक्टरका दरले थपेर लैजानुपर्नेछ। योजना अवधिमा यस्तो सिँचित जमिनको हिस्सा तराईमा ७० प्रतिशतबाट बढेर ७९ प्रतिशतमा पुग्नेछ। भूमिगत सिँचित जमिन २०५१/०५२ को १ लाख ४१ हेक्टरबाट बढेर २०७१/०७२ कम्तिमा ६ लाख १२ हजार हेक्टर पुग्नेछ। यसको लागि भूमिगत सिँचाइ प्रतिवर्ष २४ हजार हेक्टरका दरले थप्नु पर्नेछ। यसमध्ये २२ हजार हेक्टरमा साना ट्यूववेल जडान गर्नुपर्नेछ। यसरी योजनाको प्रस्तावमा सिँचाइको लागि भूमिगत जलको बृहत्तर उपयोग वृद्धि गर्न प्रस्तावित नीति लिएको छ। दीर्घकालीन कृषि योजनाले गरेको अनुमानका आधारमा परिवर्तित भइसकेको परिप्रेक्ष्यमा आयोगले नयाँ परिवेशलाई समेत ध्यानमा राखी छुट्टै अनुमान गरेको छ। हाल श्री ५ को सरकारले किटानीसाथ सिँचाइलाई प्रदान गरेको प्राथमिकता, पहाडी, सिँचाइको लागि विशेष कार्यक्रमहरू "आफ्नो गाउँ आफैं बनाऔं" अन्तर्गत उर्लिएको जनसहभागिताको लहर आदिलाई ध्यानमा राख्दैमा १० वर्षमा तराईमा १४ प्रतिशत र पहाडमा ३० देखि ४० प्रतिशत जग्गा मात्र असिँचित रहने अनुमान गरिन्छ। यो अनुमानअनुसार तराईमा सिँचित जग्गाको क्षेत्रफल १० वर्षमा ३ लाख २३ हजारबाट ११ लाख २६ हजार हेक्टरमा पुग्नेछ। नेपालमै हालको ४ लाख ५९ हजार हेक्टर जग्गा मात्र सिँचित रहेकोमा १० वर्षमा यो

बढेर १३ लाख ७२ हजार हेक्टर पुग्नेछ (चित्र ४)। कृषि विकासको पूर्वाधारको रूपमा रहेको सिँचाइ सुविधाको अनुमानित विस्तारको लागि युद्धस्तरमा कार्यक्रमहरू तर्जुमा र सञ्चाालन गर्नुपर्ने प्रष्ट छ।

सिँचाइबाट बढी प्रतिफल (Return) लिन अन्य प्राथमिकताहरूलाई पुरकको रूपमा अघि सार्नुपर्ने हुन्छ। त्यसैले सिँचाइलाई प्रयत्नहरूको झुप्पोको एक अङ्ग मान्नुपर्ने हुन्छ। अरू प्रमुख पुरक उत्पादक तत्वहरूमा वर्षैभर गाडी चल्ने ग्रामीण सडक र विद्युतीकरणलाई लिनुपर्ने हुन्छ। उन्नत मल वितरण तथा किनबेच कार्यहरूमा पनि सामञ्जस्य हुनुपर्छ। अनुसन्धानपद्धतिले खेती प्रणालीमा बढी सघन खेती गर्न उपर्युक्त हुने, राम्रोसँग नियन्त्रित वर्षैभर सिँचाइ पुऱ्याउन सकिने, माटो ऊर्वरता व्यवस्थापन र केही प्राथमिकताभित्रका बालीहरू लगाउन विशेष जोड दिनुपर्दछ। सिँचित जग्गाको उत्पादकत्व बढाउने उचित खालको प्रविधिको विकास गर्नु अनुसन्धानको प्रमुख उद्देश्य हुनुपर्दछ।

## सम्पूर्ण नेपाल, तराई, पहाड र उच्च पहाडमा वर्षैभर सिंचित क्षेत्रफलको अभिवृद्धि पथ

### चित्र ४




*स्रोतः दीर्घकालीन कृषि योजना र भू.सु.आ. को अनुमान।*

## ८.४.२ प्राथमिकताको महत्वपूर्ण पक्ष भूमि सुधार तथा भू-उपयोगका नीतिहरू

### क. भूमि सुधार

कृषि उत्पादन अभिवृद्धिका लागि भूमि सुधार कार्यक्रमलाई उच्च प्राथमिकता दिनुपर्दछ। जमिनमा रहेको व्यापक असमानतालाई कम गर्ने, हदबन्दी हटाउने तथा व्यापकरूपमा भएको खण्डिकरणले खेती गर्न असजिलो, झन्झटिलो र बढी खर्चिलो समेत भएकोले चक्लाबन्दी गर्ने जस्ता कार्यलाई कार्यान्वयन गरिनु पर्दछ। यसका साथै अलपत्र परिरहेका जमिन तथा नदी किनारामा रहेको जमिनको अधिकतम सदूपयोग गरिनुपर्दछ। यसो भएमा भूमिको अधिकतम सदूपयोग भई उत्पादन वृद्धि हुने हुँदा कृषि उत्पादनको महत्वपूर्ण पक्षको रूपमा रहेको भूमि सुधार कार्यक्रमलाई अविलम्ब कार्यान्वयन गरिनु पर्दछ

### ख. भू-उपयोग

नेपालको भू-वनोट र भू-विविधिकरणले कृषि क्षेत्रको विविधिकरणको सम्भावनालाई उजागर गर्दछ। तर भू-उपयोगको सुनिश्चित नीति नभएकाले जग्गामा सम्भव भएसम्मको उचित प्रयोजनको लागि जग्गाको प्रयोग गर्ने प्रवृत्तिमा भने अवरोध देखा परेको छ। मधेसका समथर जग्गामा चियाको खेती र सिँचित तथा उन्नत बालीको प्रतिफल दिने जग्गामा बसोबासको विकास भएका उदाहरणहरू प्रशस्त रहेका छन्। समथर, सिँचित र प्राविधिक दृष्टिले अन्नबालीको लागि उपयोगी जग्गाको प्रयोग अरू प्रयोजनको लागि हुनुहुँदैन। त्यस्तै पहाड तथा उच्चपहाडका भिराला जग्गाका पाटाहरू अन्नबालीको प्रयोगभन्दा रुख बिरुवा तथा फलफूलका लागि बढी व्यवहारिक र उत्पादक हुन्छन्। त्यस्ता जग्गालाई अन्नबालीबाट बिस्तारै फलफूल खेतीतर्फ आकर्षण गर्दै लैजानुपर्दछ। खेतीयोग्य जग्गालाई चार स्तरमा विभाजित गर्नुपर्दछ। पहिलो, सिँचाइ सुविधा भएको ऊर्वरा जग्गालाई अन्न खेतीबाहेक अन्य प्रयोजनको लागि प्रयोग गर्न नपाउने व्यवस्था गरिनुपर्दछ। दोस्रो, सिँचाइ भएको तर अन्नबाली त्यति राम्रो नहुने जग्गालाई खेतीमै अन्न बालीबाहेक अरू उत्पादनमा लान पाउने व्यवस्था गर्नुपर्दछ। तेस्रो, सिँचाइ नभएको तर अन्नबाली पनि हुने तथा फलफूल पनि गर्न सकिने जग्गालाई ती प्रयोगबाहेक अन्य प्रयोगमा लान नपाइने व्यवस्था हुनुपर्दछ। चौथो, बसोबास र त्यस्ता अरू प्रयोगको लागि क्षेत्र र जग्गाको किसिम किटान गरिनु पर्दछ। यसो गर्दा जग्गाको उत्पादकत्व र जग्गामा सिर्जना भएका पूर्वाधारहरूलाई ध्यान दिइनु पर्दछ।

भू-उपयोगसम्बन्धी सुनियोजित नीतिको आवश्यकता आउँदा वर्षहरूमा हुने सिँचित जग्गाको बृहत्तर बढोत्तरीको दृष्टिकोणले पनि जरुरी छ। निर्माण गरिएका सिँचाइ सुविधाको प्रतिफल

तब मात्र फाइदा कारक हुनेछ जब सिँचित जग्गाको उचित प्रयोग हुनेछ। यस्ता जग्गालाई कृषि प्रयोगबाट झिक्न नपाइने र पूर्ण तथा आंशिकरूपमा बाँझो समेत राख्ने नपाउने व्यवस्थाहरू हुनुपर्छ। यस्ता नीतिलाई सघाउ पुऱ्याउने बृहत्त प्राविधिक र नियमका कुराहरू वैज्ञानिक विश्लेपषणको आधारमा तय गरी कार्यक्रम बनाइनु पर्दछ।

## ८.४.३ प्राथमिकता प्राप्त उत्पादक तत्वः रासायनिक मल

वर्षैभर हुने सिँचाइ उत्पादन अभिवृद्धिमा विगतमा भन्दा बढी योगदान गर्ने भए तापनि बढ्दो रासायनिक मलको प्रयोगले मोटामोटी रूपमा सीमान्त उपजको ठूलो भाग ओगट्छ। सिँचित जग्गामा मलको प्रयोगको विस्तारले कृषि विकासमा गति प्रदान गर्नेछ।

वर्षैभरि गर्न सकिने सिँचाइले रासायनिक मलको प्रयोग निकै नै बढाउनेछ किनकि यसले बढी उत्पादनशीलता हुने बालीहरू खेतीलाई प्रोत्साहित गराउँछ, बाली सघनता बढाउँछ, जोखिम कम गर्छ र कृषकहरूलाई जग्गाबाट उच्चुतम आर्थिक उपयोग गर्न उत्प्रेरित गराउँछ।

उन्नत मलको माग प्रशस्त रहे पनि यसको पर्याप्त आपूर्ति हुनसकेको छैन। दीर्घकालीन कृषि योजनाले रासायनिक मलको प्रयोग हालको रफ्तार (Trend) भन्दा निकै तीव्र गतिले बढ्नुपर्ने प्रस्ताव गरिएको छ। वर्तमान ७ प्रतिशतको वार्षिक वृद्धिदरबाट योजनाको पहिलो ५ वर्षमा वार्षिक १२ प्रतिशतले यसमा वृद्धि हुनुपर्छ भने योजनाको अन्तिम अवधिमा यो वृद्धिदर घटेर ८ प्रतिशतमा आउनेछ। जे भए तापनि यी वृद्धिदरहरू विगतमा (हालको छोडेर) वृद्धिदरभन्दा त्यति बढी छैनन्।

दीर्घकालीन कृषि योजनामा प्रस्ताव भएअनुसार रासायनिक मलको प्रयोग २०५१/०५२ को १ लाख १ हजार न्युट्रियन्ट मेट्रिक टनबाट बढेर २०७१/०७२ मा ६ लाख २८ हजार न्यू. मे. टन हुनेछ। यसको अर्थ रासायनिक मलको उपयोग प्रतिवर्ष २६ हजार न्यू.मे.टनले बढेर जानेछ। योजना अवधिपछि तराईमा प्रतिहेक्टर १५२ न्यू.के.जी., पहाडमा त्यसको दुई तिहाई र उच्च. पहाडमा तराईको एक चौथाई हुनेछ। योजनाको अन्त्यमा तराईमा रासायनिक मलको प्रयोग भारतको पञ्जादवको सन् १९८० दशकको उत्तरार्द्धको हाराहारीमा पुग्नेछ।

प्रस्तावित दरको मलको प्रयोगमा पुनरावलोकन गर्नु सामयिक छ। सिँचाइ सुविधामा विस्तार र गाउँले सडकहरूको निर्माणमा भएको तिव्रताले मलको प्रयोगमा थप वेग दिनेछ। हाल सरकारले ग्रामीण तथा जिल्लास्तरमा गरेको वित्तीय विनियोजनमा विकेन्द्रीकरण र त्यसले ल्याएको जनपरिचालनले सिँचाइ र बाटोघाटोको तीव्र निर्माणसँगै मलको प्रयोगलाई बढावा दिन्छ।


सिँचाइ, बाटो घाटो र अन्य पूर्वाधारहरूको तीव्र निर्माण र व्यवस्थाले दीर्घकालीन योजनाले गरेको अनुमानभन्दा रासायनिक मलको प्रयोगको वृद्धिदर तीव्र हुने अनुमान आयोगले गरेको छ। योजनाले २० वर्षमा पुग्ने भनेको मलको प्रयोगको दर १० वर्षमा हासिल गर्न सिँचाइ

क्षेत्रमा आयोगले पुनर्निर्धारण गरेको लक्ष्यले सघाउ पुऱ्याउनेछ र यो दरमा मलको प्रयोगमा अभिवृद्धि भएन भने सिँचाइ साधनबाट समुचित प्रतिफल पनि प्रवाहित हुने छैन । नयाँ प्रक्षेपण अनुसार १० वर्षमा मलको प्रयोग तराईमा प्रतिहेक्टर १५२ के.जी., पहाडमा त्यसको दुई तिहाइ र उच्च पहाडमा त्यसको एक चौथाइ पुग्नेछ ।

अनुकूल नीति, उपर्युक्त वातावरण तथा सहकारी तथा निजी क्षेत्रमा विकसित संस्थागत पूर्वाधार नभएसम्म माथि उल्लेख गरेअनुसार रासायनिक मलको प्रयोग बढाउन सकिन्न । रासायनिक मलको प्रयोगको वृद्धि आवश्यक भएकाले तदनुरूपकै सरकारी नीति निर्माणमा विशेष ध्यान दिइनुपर्छ । उचित प्राङ्गारिक, जैविक, न्यूट्रियन्ट सन्तुलन र अन्य व्यवस्थापकीय प्रचलनहरूको जानकारी गराउने तथा यस सम्बन्धमा आवश्यक अनुसन्धान र प्रविधि प्रसारको क्षेत्रलाई विशेष प्राथमिकता दिइनुपर्छ । रासायनिक मलमा उच्च सरकारी अनुदान (Subsidy) रहिआएको छ । अपेक्षित वृद्धिदर अनुरूप रासायनिक मलको खपत बढ्दा विद्यमान अनुदानस्तर कायम राखिरहन झनझन् कठिन हुँदै जानेछ । फेरि हाल विद्यमान अनुदान दर र अनुदान रकमको न्युनतम कारणले मलको आपूर्तिमा सङ्कुचन भइरहेको छ । यदि रासायनिक मलको मुल्य अनुदानको अनुपातमा बढाउने हो भने उच्च मुल्यले गर्दा हालको मागअनुसार हुन नसकेको आपूर्तिको सङ्कुचन अस्थायी रूपले हटाउन सक्नेछ ।

## सम्पूर्ण नेपाल, तराई र उच्च पहाडमा रासायनिक मलको प्रयोग अभिवृद्धि पथ

## चित्र ५




*स्रोतः दीर्घकालीन कृषि योजना र भू.सु.आ. को अनुमान ।*

उल्लिखित लक्ष्य अनुरूप हुने रासायनिक मलको प्रयोगको तहबाट वातावरणमा अनुकूल प्रभाव हुनेछ। मलको प्रयोग राम्रो माटो तथा समतल जमिनमा बढी हुने हुँदा मौसमी बालीको खेतीबाट बिग्रेको सीमान्त भूमिमा परेको चाप यसबाट घट्नेछ। राम्रो तथा सम्म जग्गामा बढी बाली उत्पादन गर्ने व्यवस्थाले सीमान्त भूमिमा उत्पादनको चाप घट्न गई फलफूल, बोट-बिरुवातर्फ मानिसको ध्यान जानेछ।

निजी क्षेत्रमा गतिमान विकासविना रासायनिक मलको प्रयोगमा द्रुततर विस्तार हुने आशा राख्न सकिन्न्। त्यसैले निजी क्षेत्रबाट मलको वितरणमा बाधक बनेका विद्यमान नीतिहरूलाई तुरुन्त हटाउनु आवश्यक छ।

मलको खपतमा वर्षैपिच्छे आउने द्रुततर अभिवृद्धि मलको आपूर्तिमा स्थायित्व ल्याएर मात्र सम्भव हुन्छ। हाल आपूर्तिको स्थिति उत्साहवर्द्धक छैन। बाली लगाउने बेलामा मल आपूर्तिमा न्यून हुने प्रवृत्ति छ। यस्तो स्थितिको अन्त्य गर्न आन्तरिकरूपमा मलको उत्पादन गर्ने सम्भावनाहरूको खोजी गरिनुपर्दछ। मलको उत्पादनको लागि विद्युत शक्तिको प्रयोग अत्याधिक हुन्छ। जलविद्युत शक्तिको आपूर्तिमा सुधार ल्याएर मलको उत्पादन गर्ने कार्यको थालनी गर्नेतर्फ सोच्नुपर्दछ। आफ्नै उत्पादन नहुन्जेल आयातित मल थोकमा ल्याएर चाहिने मात्राको बोराबन्दी गर्ने तर्फ पनि कदम चाल्नु आवश्यक छ। यसो गर्दा चाहिएको मात्राको बोराबन्दी तथा देशभित्र अलिकति भए पनि रोजगारीको सिर्जना सम्भव हुन्छ।

## निजीकरण

उन्नत मलको व्यापारमा निजी क्षेत्रको सहभागिता बढाउन निम्न कुराहरू गर्नु आवश्यक छ।

१ मल वितरकहरूलाई चाहिने कार्यगत पूँजी (Working Capital) र यस्ता वितरकले साना किसानमा ऋणप्रवाह (Off-lending) गर्न कृषि विकास बैंकले आवश्यक ऋण सुविधा उपलब्ध गराउनु पर्नेछ।

२ कृषिसामग्री संस्थानले निजी डिलर तथा वितरकलाई मल दिनमा भएका बाधाहरूलाई हटाउनुपर्छ।

३ निजी वितरकहरूलाई आइपर्ने जिल्लातहका विभिन्न अवरोधहरू हटाउनु पर्छ।

४ मलको प्रयोग द्रुततर रूपमा गर्न सहकारी, सरकारी र निजी क्षेत्रको साझेदारी बनाउन मिल्ने गरी सरकारी नीतिहरू बन्नुपर्छ।

५ कृषि सामग्री संस्थानले मल प्रयोगको प्रवर्द्धन तथा अनुगमन गर्ने, गोदाममा मल सञ्चित गर्ने, मौसमी, वार्षिक तथा पञ्च वर्षिय मल मागको प्रक्षेपण गर्ने

जस्ता कार्यहरू गर्नुपर्छ र विस्तारै बिक्री वितरणमा सहकारी तथा निजी क्षेत्रलाई सङ्लग्न गराउँदै लैजानुपर्छ।

६ मलको आपूर्तिमा स्थायित्व ल्याउन अटुटरूपमा देशका ६ महिनाको प्रक्षेपित खपत बराबरको मलको सञ्चित हुनु आवश्यक छ। कृषि सामग्री संस्थानले यस्तो सञ्चय गर्ने व्यवस्था मिलाउनु पर्दछ।

## मुल्य तथा अनुदान (Subsidy)

नेपालको लागि मलको उचित सीमा-मुल्य भारतीय सीमा-मुल्य हो। भारतीय सीमा-मुल्यमा निकै नै अनुदान रहेको छ। त्यसैले नेपालमा निर्धारण गरिने मलको मुल्य र अनुदान नीतिमा उक्त कुराले निकै महत्व राख्दछ।

मलको अनुदान दिने वर्तमान सरकारी नीतिले देशमा मलको आपूर्तिमा सघाउ पुऱ्याउनुको सट्टा बाधा पारेको छ। सरकारी अनुदानको दर वा अनुपात र त्यसको वित्तीय व्यवस्थाको निर्धारण गर्न अनि मलको पैठारी र आपूर्तिको वास्तविक परिमाणको निर्धारण हुन्छ। यस स्थितिमा परिवर्तन गर्नु आवश्यक छ।

अनुदानविना नै नाइट्रोजनको प्रयोग निकै नाफादायक छ। त्यसैले नाइट्रोजनमा सरकारी अनुदान हटाउँदा सरकारलाई वित्तीय बोझ निकै कम पर्नेछ र सिद्वान्ततः यसबाट मलको प्रयोगमा खास ह्रास आउने छैन। यसो भए तापनि व्यवहारमा कृषि विकासको थालनीको अवस्थामा मलको अनुदान अचानक हटाइहाल्ने जोखिम लिनु उचित हुन्न। यसबाट आर्थिक झट्को पर्छ। त्यसैले मलमा दिइएको अनुदानबारे निम्न सुझावहरू अघि सारिएको छ :-

१ मलमा दिइने अनुदानहरू चरणवद्ध गरी क्रमिक रूपले घटाउँदै लगी तिनको ठाउँमा मलको माग प्रखर रूपमा गराउने नीतिहरू अवलम्वन गर्नुपर्छ। तर यस्तो नीतिको कार्यान्वयनमा भारतीय नीतिले प्रभावित पार्ने हुँदा यसबारे विचार पुऱ्याउनु पर्नेछ।

२ अनुदान नभएको मलको मुल्य तुरुन्त खुल्ला छाड्नुपर्छ। अनुदान भएको मलमा भारतीय सीमाको मुल्यभन्दा १५ देखि २० प्रतिशतभन्दा बढी नहुने गर्न पर्याप्त वित्तीय व्यवस्था हुन आवश्यक हुन्छ। उच्च पहाड र पहाडको दुर्गम क्षेत्रको लागि दिइने अनुदान कायमै रहनुपर्छ।

३ अनुदान कायम राख्दा वार्षिक अनुदानको रकम हरेक वर्ष निर्धारण गर्नुपर्छ। त्यस्तो गर्न कृषि सामग्री संस्थानले कूल वार्षिक मलको खपत आङ्कलन गरी प्रतिबोरा अनुदानको हिसाब निकाली त्यसको विस्तृत प्रचार गर्नुपर्ने हुन्छ।

४ मलको बोरामा मुल्य र सरकारी अनुदानको रकम उल्लेख गर्ने परम्परा बसाल्नु पर्दछ। यसो गर्नाले व्यापारीहरूको मलको बढी मोल लिने प्रवृत्ति निरुत्साहित हुनुका साथै उपभोक्ताहरूलाई सरकारले दिएको अनुदान र सहयोगको महत्व रहने हुन्छ।

## ८.४.४ प्राथमिकताप्राप्त उत्पादक तत्वः प्रविधि तथा अनुसन्धान

ग्रामीण सडक प्रणालीको सुधार गर्ने तर्फ प्राथमिकता दिँदा सुधारिएको प्रविधिको द्रुततर विस्तारले आर्थिक कारोबारमा बढी विशिष्टता (Specialization) ल्याउँछ भन्नेक कुरालाई बिर्सनु हुन्न। ग्रामीण सडकले ढुवानी र अन्य कारोवार खर्च (Transaction Costs) पनि घट्न जान्छ। सिँचाइ तथा मलको सुव्यवस्थितताले उत्पादकत्व बढाउने कुराको चर्चा माथि पनि भइसकेको छ। प्रविधियुक्त सडकको विस्तारले कृषि उत्पादनको क्षेत्रमा अझ महत्वपूर्ण योगदान पुऱ्याउनेछ।

मल, सिँचाइ तथा प्रविधियुक्त सडक प्रणालीले "हरित क्रान्ति" सम्भव हुने हुँदा प्रविधि र अनुसन्धानको विकास गर्दा निम्न प्राथमिकता दिइनु पर्दछ।

क. **मल र वातारण**को अन्योन्याश्रित सम्बन्ध हुन्छ र फरक-फरक जमिनको लागि निम्न कुराले महत्व राख्दछन् :-

१. उचित समय र मलको उचित मात्राको प्रयोगद्वारा उत्पादनशीलता (efficiency) बढाउनको लागि उत्पादनमूलक र अनुशरणित अनुसन्धान कार्यक्रम, पोषक तत्वहरू (nutrients) को उचित सन्तुलन र पोषक सूक्ष्म तत्त्वहरू(trace elements) को कमीमा ध्यान दिनुपर्ने।

२. प्रशस्त स्थतलगत परीक्षण र अनुसन्धान पद्धतिसँग अन्तरसम्बन्धित भई सशक्त कृषि प्रसारको व्यवस्था गर्ने।

३. विद्यमान असन्तुलन हटाउन र बढ्ता जटिल आवश्यकताहरू पूरा गर्न माटो, मल तथा विज्ञान व्यवस्थापनमा खास तालिम दिने प्रयत्नण गर्नुपर्ने ।

४. मलको बढ्दो प्रयोगले माटोको संरचना र यसमा रहेका सूक्ष्मतत्वहरूमा मात्रात्मक फेरबदल हुन्छ। माटोको नियमित परीक्षणको व्यवस्था गरी उच्चा उत्पादनको लागि उपर्युक्त मल संरचना कायम गरिरहनु पर्दछ।

## ख. **सानो ट्युववेलको लागि बाली प्रणालीहरू**

तराईमा स्यालो ट्यूववेल प्रतिवर्ष २०० घण्टा मात्र प्रयोग गरिन्छ जुन अन्य देशहरूको भन्दा निकै कम छ। उपर्युक्त खेती प्रणालीहरूमा अनुसन्धान र प्रविधिको प्रसार गरेर यो समस्या आंशिकरूपमा समाधान गर्न सकिन्छ।

## ग. **पशुपालन र पोषण**

प्रस्तावित कृषि योजना लागु गर्दै जाँदा पशुपालनको काम तीव्ररूपले बढेर जानेछ। त्यसैले उच्च-गुणका घाँसपातहरू र तीसँग सम्बन्धित पोषण अनुसन्धानतर्फ बढी ध्यान दिनुपर्ने हुन्छ। सरकारी वन र सामुदायिक वनमा लगाइने रुख-बिरुवा र पशुपालनमा चाहिने पोषणको आपूर्तिमा पारस्परिक सहयोग गराउन तदारुकताका साथ अनुसन्धान र प्रसार गरिनु पर्छ।

## घ. **अनुसन्धानका वस्तुगत तथा ठोस कार्यक्रमहरू**

तराईमा धान, गहुँ, मकै र आलु जस्ता प्रमुख बाली कायमै रहने हुँदा वस्तुगत कार्यक्रमहरूको लागि तराईभर निश्चित अनुसन्धान स्थलहरूमा भौगोलिक विविधतानुकूल उपजहरूको आवश्यकता राम्ररी पहिचान गर्नसक्ने एकीकृत बहु (multidisciplinary) दलहरू तोक्नु आवश्यक छ। उदाहरणको लागि धान उत्पादन हुने क्षेत्रमा सँगै लान सकिने माछा, आलीमा दलहन तथा रुख-बिरुवा आदि लगाइनु पर्दछ।

नेपालका प्रमुख मौसमी बालीमा ध्यान केन्द्रित गरेका अन्तर्राष्ट्रिय केन्द्रहरूले राष्ट्रिय पद्धतिको सहयोगमा महत्वपूर्ण भूमिका खेल्नसक्ने भएकोले आपसी सहयोगमा विस्तार हुनु जरुरी छ।

दीर्घकालीन कृषि योजनाले पहाड र उच्च पहाडका लागि सीमित सङ्ख्याका अगुवा तथा लक्षित वस्तुहरूमा स्पष्ट गतिमान (progression) विशिष्टता प्राप्त गर्ने लक्ष्य लिइएको छ, आयोग ती लक्ष्यहरूको अनुमोदन गर्दछ। त्यसमा पहाडमा पहिले त सुन्तला जातका (citrus) फलफूलहरू उच्च मुल्य भएका प्रमुख वस्तुहरू हुनेछन्। बाटोघाटोको सुधार भएपछि उच्च पहाडमा प्रशस्त मात्रामा उत्पादन हुन गइरहेको स्याउ खेतीले अझ बढी प्रश्रय पाउनेछ। पहाड,

उच्च पहाडमा जडीबुटी खेती लाभदायक हुनेछ। तरकारीहरू र तिनका बीउहरूको खेती पनि महत्वपूर्ण हुने हुनाले तिनको द्रुततर विस्तार गर्नुपर्दछ। यसैगरी मौरीपालन बागवानीको पूरक भएको हुँदा यसको विस्तार गरिनुपर्छ। रेशम खेती अझै सानो व्यवसाय भए पनि पहाडी वातावरण अनुकूल हुन्छ। चिया खेती र प्रशोधनको लागि प्रविधि र अनुसन्धानमा जोड दिइनु पर्दछ। यो गरिब र महिला समुदायको लागि फाइदाजनक हुन्छ। त्यसैले वस्तुगत अनुसन्धानलाई खास गरेर पहाडमा यिनै कुरामा केन्द्रित गराइनु पर्छ।

कृषिमा उच्च अभिवृद्धि-दर हासिल गर्नमा पशुपालन व्यवसायले निकै महत्व राख्छ। पशुपालनमा दूध उत्पादनको ठूलो महत्व हुनेहुँदा त्यस्ता अनुसन्धानमा प्राथमिकता दिनुपर्छ। यस्ता अध्ययनहरूमा पशुको पोषण र पशुआहारको प्रयोग तथा सोसम्बन्धी व्यवस्थापन र पशुस्वास्थ्य बारेका समस्याहरूको समाधानमा जोड दिनुपर्दछ। पशुको पोषण पक्षमा पर्याप्त प्रगति गर्नुका साथै अनुसन्धानका प्राथमिकताहरूलाई नश्ल सुधारतिर उन्मूख गराउनुपर्ने हुन्छ। पशु आहारको रूपमा वन-जङ्गलको योगदानलाई ध्याानमा राख्दै पशुलाई बँधुवा गरी वनजङ्गलबाट स्याउलाको उत्पादन वृद्धि गर्नेतर्फ काम हुनुपर्दछ।

कृषि उत्पादनका लागि आवश्यक औजारहरूको प्रविधिको विकासमा पनि उत्तिकै ध्यान दिनु आवश्यक छ। साना खेती प्रणालीको लागि उपर्युक्त साधन र औजाहरूको खोजविन गरिनु पर्दछ। प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई वैज्ञानिक र व्यवहारिक पारी जग्गामा सुक्ष्म तत्वहरूको आपूर्ति गर्न सकिन्छ।

## बजार तथा प्रशोधन

उच्च मुल्यका वस्तु तथा उपजहरू र कृषिजन्य व्यवसायको अभिवृद्धि गतिशील भएपछि अनुसन्धान कार्यलाई बजार तथा प्रशोधन कार्यहरूतिर ध्यान केन्द्रित गराउनु उचित हुनेछ। नेपाल कृषि अनुसन्धान परिषद्ले (तथा प्रस्तावित कृषि विश्वविद्यालय) आफ्ना कार्यहरूलाई प्राथमिकता प्राप्त वस्तुगत कार्यक्रमहरू तथा कृषि प्रणालीहरूको अनुसन्धानलाई अँगाल्नु पर्ने हुन्छ।

## अनुसन्धानमा लगानी र प्रतिफल (Rate of Return)

नेपाल र अन्य देशहरूमा पनि कृषि अनुसन्धानमा गरिने लगानी प्रतिफल निकै उच्च भएको प्रमाणित भइसकेको छ। नेपालमा कृषि अनुसन्धानतर्फ कूल खर्च कम भएको छ र समष्टिगत प्रभाव पनि कमै छ।

नेपालले प्रत्येक कृषि अनुसन्धानकार्यमा गर्ने खर्चको रकम भारतको तुलनामा आधा छ भने इण्डोनेशियाको अनुपातमा एक-चौथाई मात्र छ। विगत पाँच वर्षमा नेपालमा कृषि अनुसन्धान

खर्च १० प्रतिशतले घटेको छ। अर्कोतर्फ अन्य देशहरूको तुलनामा नेपाल अनुसन्धानकार्य निकै सस्तो पनि छ। अनुसन्धानका साधनहरू उच्च प्राथमिकताप्राप्त क्षेत्रहरूतिर विनियोजित छैनन्। यससँग सम्बन्धित प्रशासनिक समस्याहरूलाई पनि समाधान गरिएको छैन। नेपालले वास्तविक अनुसन्धान खर्च बढाउन आवश्यक छ।

देशमा उच्च सम्भाव्यता भएका सम्वेदनशील (responsive) साधनहरू छन्। देशको भावी आय अभिवृद्धि, गरिबी निवारण र वातावरणीय सन्तुलनमा कृषि अनुसन्धानको गहन भूमिका हुन्छ। हाल छुट्याइएको अनुसन्धान खर्च पनि नर्सरीहरू चलाउने र अन्य गैह्र अनुसन्धानात्मक कार्यहरू तथा कृषि फार्मको सञ्चालनगर्ने जस्ता कार्यमा लगाइँदै आएको छ। यसलाई सच्चा अनुसन्धान कार्यतर्फ केन्द्रित गर्नुपर्छ। दीर्घकालीन कृषि योजनाले पनि आठ वर्षको अवधिमा अनुसन्धान बजेटलाई दोब्बर गर्ने कार्यक्रम प्रस्ताव गरेको छ। त्यसपछि अनुसन्धान प्रणालीको लगानीमा वास्तविक मुल्यमा कम्तिमा छ प्रतिशतले बढाउँदै लानु आवश्यक हुन्छ। यो दर कृषिजन्य गार्हस्थ उत्पादन बढेर जाने दर नै हो।

## कृषि अनुसन्धानमा गरिनुपर्ने सुधारहरू

नेपालमा कृषि अनुसन्धानको ध्यान विगतका केही वर्षहरूमा स्पष्ट जवाफदेहीसहितको सारभूत अनुसन्धान बढाउनेतर्फ भन्दा सङ्गठनात्मक पक्षहरूतिर बढी केन्द्रित हुन पुगेको छ। त्यसैले यसमा सुधार गर्न तल उल्लेख गरिएका प्रमुख कदमहरू चाल्नु आवश्यक छ :-

क. अनुसन्धान संयन्त्रहरूलाई छिटो छरितो र पुञ्ज (Set) बनाउनु पर्दछ। त्यसमै निहित अनुसन्धान कार्यमा लागेका उच्च दक्षताप्राप्त अनुसन्धान टोलीहरूको सङ्गठन बनाउनुपर्छ। टोलीहरूमा सबै महत्वपूर्ण पेशागत क्षेत्रहरूको प्रतिनिधित्व रहनुपर्ने हुन्छ। उदाहरणको लागि खेती प्रणाली र मलसम्बन्धी टोलीमा अर्थशास्त्री, विभिन्नर बागवानीसम्बन्धी टोलीहरूमा बजारविज्ञ तथा प्रशोधन विशेषज्ञहरू रहनुपर्ने हुन्छ।

ख. गुणस्तर-नियन्त्रण पक्का गर्न प्रभावकारी अनुगमन प्रणालीको आवश्यकता हुन्छ। कृषकहरूको खेती प्रणाली (farming system) को परिवर्तन, मलको प्रयोग, नयाँ बाली र जातहरूको अनुसरण तथा तिनका पूरक प्रचलनहरू (practices) बुझ्न छनौट (sample) सर्वेक्षण गर्नुपर्दछ। किसानहरूलाई त्यस्ता अनुगमन प्रक्रियामा सम्मिलित गराउनुपर्छ।

ग. नेपाल कृषि अनुसन्धान परिषद्को केन्द्रीय प्रशासने गुणस्तर नियन्त्रण र

प्राथमिकताहरू परिमार्जन गर्नेपट्टि ध्यान दिनुपर्छ। वास्तविक अनुसन्धानको जिम्मेवारी निकायगत अनुसन्धान केन्द्र र टोलीहरूलाई सुम्पनु पर्छ।

घ. वर्तमान पद्धतिमा धेरै अनुसन्धान केन्द्रहरूभएकाले सबैमा स्तरीय कर्मचारी राख्न सम्भव नभएको हुँदा विकेन्द्रीकरणको नीतिलाई सफल पार्न सजिलो छैन। पहाड तथा उच्च पहाडमा गरेर पाँचवटा अनुसन्धान केन्द्रहरू राख्नुपर्ने हुन्छ। अल्पकालका लागि पाख्रिबास, लुम्ले र खुमलटारमा केन्द्रहरू राख्नुपर्छ। त्यसैगरी तराईमा चारवटा अनुसन्धान केन्द्रहरू राखिनुपर्छ। जसमध्ये एउटाले कृषि तथा पशु अध्ययन संस्थान (प्रस्तावित कृषि विश्वविद्यालय) सँग नजिकको सम्बन्ध राख्नुपदर्छ। हरेक केन्द्रले सीमित वस्तुहरूको विशिष्ट अध्ययनमा लाग्न आवश्यक हुन्छ, साथै प्रतिहेक्टर र प्रतिकार्यकर्ताका लागि प्रशस्त रकम बजेट बढाउन पनि आवश्यक छ।

ङ. महिलासँग सम्बन्धित धेरै विषयहरू (Issues) को लागि प्रशस्त अनुसन्धानको खाँचो छ। महिलाहरूको समयको बाँडफाँट, खास गरेर घरधन्दा र पशुपालन कार्यहरूमा श्रम-बचत गर्ने खालका उपकरणहरूको विकास र प्रयोगतर्फ ध्यान केन्द्रित गर्नुपर्छ।

च. अनुसन्धान प्रणालीमा जस्तै प्रसार-प्रणालीमा पनि ठोस प्राथमिकताहरू हुनुपर्छ जुन प्राथमिकताहरू कृषिको रणनीतिबाट प्रवाहित हुन्छन्। अनुसन्धान र प्रसारलाई एकीकृत गर्ने तरिकाहरूको (mechanism) विकास गराउन आवश्यक छ र यस प्रक्रियामा महिलालगायत किसानहरू, नेपाल कृषि अनुसन्धान परिषद्, कृषि तथा पशु अध्ययन संस्थान (प्रस्तावित कृषि विश्वविद्यालय) र अन्य राष्ट्रिय अनुसन्धान निकायहरूलाई पनि समेट्नु पर्छ। प्रसारको लागि खटिने प्राविधिकहरूलाई निश्चित कृषि परिवारको जिम्मा दिने प्रणालीको विकास गरिनु पर्छ। हाललाई प्रत्येक गाउँ विकास समितिमा १ जना त्यस्ता प्राविधिकहरूको नियुक्ति गरी प्रसार सेवा उपलब्ध गराउनु पर्छ र उनीहरूको सेवा कहाँ र कहिले कृषकले पाउने भन्ने निश्चित हुनुपर्दछ।

छ. द्रुततर कृषि विकासको लागि कृषि अनुसन्धान प्रसारको भूमिका सर्वोपरी रहेको प्रष्ट छ। सोको लागि प्रस्तावित कृषि विश्वविद्यालयको भूमिका अग्रणीको रूपमा रहनुपर्नेछ। विश्व विद्यालयले अध्ययन, अनुसन्धान र प्रसारका विविध

क्षेत्रहरू बीचको अन्तरसम्बन्धलाई ध्यानमा राखी नेपाल कृषि अनुसन्धान परिषद् र अरू संस्थाहरूलाई पनि नेतृत्व दिने वातावरण र व्यवस्था हुनुपर्छ। कृषि विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीहरूलाई देशको कृषि समस्यासँग सिधैं सङ्लग्न र उत्तरदायी बनाउनु पर्नेछ। हालको श्री ५ को सरकारका निकायहरूको संरक्षकत्वमा भएका अनुसन्धानका प्रयासहरू समस्यामूलक कम र संस्थागत गतिविधि र प्रशासनिक कार्यमा बढी ढल्केको सबैले महसुस गरेको कुरा हो। यस स्थितिमा आमूल परिवर्तन गर्नुपर्दछ।

ज. प्रस्ताहवित कृषि विश्वविद्यालयले प्रविधि विकास र कृषिसम्बन्धी अनुसन्धानमा नेतृत्व लिने व्यवस्था गर्नुपर्दछ। हालको कृषि अनुसन्धान परिषद्लायई कृषि विश्वविद्यालयअन्तर्गत रही अनुसन्धानका कार्य गर्नेतर्फ लगाउनु पर्दछ। विश्वविद्यालयले कृषि मन्त्रालय र विभागले निर्धारण गरेका प्राथमिकताहरूको आधारमा अनुसन्धान गर्ने र सोको लागि गर्नुपर्ने खर्च श्री ५ को सरकारले अनुदान दिने व्यवस्था गर्नुपर्दछ।

## ८.४.५ प्राथमिकता प्राप्त उत्पादक तत्वः सडक र विद्युत

प्राविधिक परिवर्तन, विशिष्टता (Specialization) र व्यापारीकरणविना ग्रामीण विकास हुन सक्दैन। साथै यी कुराहरू हुनका लागि कारोवार लागत (transaction cost) घट्नु पर्छ। कारोवारका लागतहरू कम गराउन पहिलो र निकै महत्वपूर्ण कदम सडक सुविधा हो। आधुनिक ग्रामीण विकासका साथै सरकारी र निजी दुवै क्षेत्रका गाउँमा रहेका विकास संस्थाहरूमा शिक्षित जनशक्ति चाहिन्छ। विद्यालय, स्वास्थ्य केन्द्र र परिवार नियोजन केन्द्रहरू जस्ता प्रमुख सामाजिक संस्थाहरूमा भवनहरू भए पनि त्यहाँ सक्षम जनशक्तिको अभाव छ। गाउँबाट सहर आउन मिल्ने राम्रो यातायात सुविधा नभएकोले योग्य जनशक्ति गाउँमा बस्न चाहन्न। गाउँबाट दक्ष जनशक्ति पलायन हुने प्रवृत्तिले गाउँको स्थायी र दीगो विकासको आधारलाई धराशायी बनाएको छ। यसर्थ ग्रामीण सडक र ग्रामीण विकासमा अन्योन्याश्रित सम्बन्ध छ। ग्रामीण सडकको विकासविना दक्ष जनशक्ति गाउँमा बस्दैनन् साथै गाउँको उत्पादनले गाउँ पनि छाड्दैनन्। यसर्थ ग्रामीण सडकलाई प्राथमिकता प्राप्त क्षेत्रमा समावेश गरिनु पर्दछ।

यसैगरी तराईमा साना ट्यूववेलहरू गाड्ने (drilling) र तिनको मर्मत सम्भार गर्ने र पहाडमा किनबेच (marketing) तथा कृषिजन्य व्यवसाय (agribusiness) मा सहयोग पुऱ्याउने कार्यमा सडकहरूको तीव्र आवश्यकता पर्दछ। उल्लिखित कार्यहरूले उच्च मुल्यका

वस्तुहरूको उत्पादनमा महत्वपूर्ण योगदान गर्छन्। अन्ततः यो कार्य आय बढाउने कार्यमा सहायकसिद्ध हुनेछ। क्षेत्रीय सन्तुलित विकासका लागि पनि ग्रामीण सडक कार्यक्रमले निकै महत्व राख्दछ।

नेपालको ग्रामीण क्षेत्रमा संसारका अन्य मुलुकहरूको तुलनामा सडक घनत्व एकदमै न्यून छ (प्रति १०० वर्ग किलोमिटर केवल छ किलोमिटर मात्र)। ज्यादै न्यून सम्भारको कारणले गर्दा सीमित ग्रामीण सडकहरूका धेरैजसो भागहरू पनि प्रायः प्रयोग गर्न नसकिने अवस्थामा छन्। ग्रामीण सडक प्रणाली अझै न्यून भएकाले वस्तु तथा यात्रीको आवत-जावत निकै थोरै छ। सडक तथा वर्षैभर गाडी चल्न मिल्ने सडकको अभावमा कृषकहरू बजारसँग जोडिएका छैनन् र भएका सडकको प्रभाव पनि निकै कम रहेको छ। फलस्वरूप ग्रामीण विकास नगण्य प्रायः हुन पुगेको छ।

ग्रामीण सडकको मात्र व्यापकरूपमा विकास गर्नु महँगो हुन्छ। यस्तो लगानीलाई फलदायी बनाउन कृषिजन्य स्थानीय उपभोक्ता र व्यापारसम्बन्धी प्रयोगलाई प्रतिफलमूखी बनाएर मात्र सम्भव हुन्छ। विस्तारित सडकले कृषिको उत्पादनशीलता र उपभोक्ताहरूको आयमा वृद्धि गर्नुका साथै ग्रामीण व्यापारमा वृद्धि ल्याउनेछ।

समयमै सशक्तरूपमा सबै सडकहरूको मर्मत सम्भार कार्य पक्का गराउन, नीतिहरूलाई संस्थागत पार्ने, संस्थाहरूलाई पुनः बाँडफाँट गर्ने कार्यमा जोड दिनुपर्छ। सबै तराई क्षेत्रमा वर्षैभर गाडी चल्ने ग्रामीण सडकहरूको सेवा पुग्नुपर्छ। त्यस्तै जिल्लास्तरका सडकहरू भएका पहाडी क्षेत्रहरूमा पुरै ग्रामीण सडकको जालो पुग्नुपर्छ। यी सडक प्रणालीहरूपहिलो दशकमा पुरा हुनुपर्छ। पहाड तथा उच्च पहाडमा जिल्लास्तर र राजमार्ग सडकहरू र तिनीहरूसँग सम्बन्धित ग्रामीण सडक जालोको विस्तारमा जनसहभागिताको जगेर्ना गर्दै युद्वस्तरमा लाग्नु पर्दछ।

**बाटोघाटोको जालो** (Network): दीर्घकालीन कृषि योजनाको सुझावअनुसार तराईमा सडक घनत्व प्रति १०० वर्ग कि.मी (नापी भएको कृषि जमिनको) २२ कि.मी गर्नुपर्छ जुन वर्तमान घनत्वभन्दा ५० प्रतिशतले बढी हुनेछ। वर्षैभर गाडी चल्ने सडकमा नपर्ने गाउँहरूलाई कृषि-सडकको जोड्नुपर्छ। त्यसो गरेमा तराईमा ग्रामीण सडकको लम्बाई ३, हजार ४ सय कि.मी हुनेछ जसमध्ये १ हजार ९ सय कि.मी कालोपत्रे र १ हजार ५ सय कि.मी कच्चा गाउँले सडक हुनेछन्।

पहाड तथा उच्च पहाडको हकमा सदरमुकाम जोड्ने सडक पुरा गर्नुपर्छ साथै १ हजार ९ सय ५० कि.मी ग्रामीण सडक पहाडमा र ८ सय ५०कि.मी सडक उच्च पहाडमा बनाउनु पर्छ। यसरी सडक विस्तार गर्दा पहाडमा सडक घनत्व नापी भएको १ सय प्रति वर्ग कि.मीः र उच्च पहाडमा सडक घनत्व १ सय प्रति वर्ग किःमी मा १० कि.मी हुनेछ।

तराईका सबै सडकहरू दीर्घकालिन कृषि योजनाले पहिलो पहिलो १० वर्षहरूमा बनाउनुपर्ने

प्रस्ताव गर्दछ। पहाडमा करिव दुई तिहाई तथा उच्च पहाडमा त्यस्तै ४० प्रतिशत जति सडकहरू पहिलो दश वर्षे अवधिमा बनाउनुपर्छ। बाँकी ग्रामीण सडकहरू पहिले जिल्लास्तरका सडकहरू पुरा गरिसकेपछि बनाइनु पर्छ।

हाल जिल्लास्तरीय सडक नभएका २२ वटा जिल्लाहरूमा तिनका सदरमुकामहरू जोड्ने थप १ हजार ८ सय ३७कि.मी सडकको आवश्यकता हुन आउँछ। यस्ता सडकहरू यस योजनाको हरहिसाबमा परेका छैनन्। क्षेत्रअनुसार विद्यमान तथा प्रस्तावित सडक घनत्व चित्र ६ मा देखाइएको छ।

योजनाले प्रस्ताव गरेको सडक विस्तारको रफ्तार अझ तीव्र हुने नयाँ आधारहरूको सिर्जना भएको छ। "आफ्नो गाउँ आफै बनाऔं" जस्ता कार्यक्रमले ग्रामीणस्तरमा सडक निर्माण कार्यमा तीव्रता र नयाँ मोड ल्याएको छ। यस्ता कार्यक्रमले व्यापक जनसहभागिता परिचालन गरी योजनाले प्रस्ताव गरेको भन्दा बढी सडक र प्रस्तावित समयभन्दा अगावै ती सडकको निर्माण हुने वातावरण बनेको छ। परिवर्तित परिवेशमा दीर्घकालीन कृषि योजनाले लक्षित गरेको ग्रामीण सडक विस्तारको रफ्तारलाई दोब्बर पार्ने गुन्जायस बढेको छ। तदनुरूप प्राविधिक र वित्तीय परिचालन गर्नुपर्दछ।

दीर्घकालीन कृषि योजनाले प्रस्ताव गरेको ग्रामीण सडक निर्माणको रफ्तारमा तीव्रता दिन सकिने नयाँ आधारहरू मध्ये सरकारले वित्तीय विकेन्द्रीकरण र जनपरिचालनको लागि बनाएका कार्यक्रमहरू प्रमुख हुन्। विकास-निर्माणको काममा आएको नयाँ परिवेशलाई दृष्टिगत गरी आयोगले दीर्घकालीन कृषि योजनाले लक्षित गरेका ग्रामीण सडकको निर्माणको रफ्तारलाई दोब्बर पार्न सकिने अनुमान गरेको छ। नयाँ परिवेशमा तराईमा प्रति १०० वर्ग कि.मी ४४ कि.मी, पहाडमा २० कि.मी र उच्चि पहाडमा ८ कि.मी, को दरले सडक निर्माणको सम्भावना प्रक्षेपित गरिन्छ। १० वर्षको अवधिका तराईमा सतप्रतिशत, पहाडमा ७५ प्रतिशत र उच्चत पहाडमा ४० प्रतिशत सडकहरूको निर्माण पुरा गरिनु पर्नेछ। यसरी निर्माण गरिने सडकहरूको कृषि विकासका अन्य प्रयासहरूबाट बढी प्रतिफल दिई उत्पादन क्षेत्र र बजारलाई एकीकृत गर्न, तराई र पहाडलाई एकीकृत गर्न तथा शिक्षा स्वास्थ्य जस्ता आधारभूत सुविधाहरूको विस्तार गर्न सहज बनाउने छ।


दीर्घकालीन वित्तीय विकेन्द्रीकरण र जनसहभागिताको लहरले तीव्रतम रूपमा निर्माण हुने गाउँले सडकहरूको प्राविधिक पक्षतर्फ पनि उत्तिकै ध्यान पुऱ्याउनु आवश्यक छ। सोको लागि जिल्ला विकास समितिहरूका निर्माण शाखाहरूमा प्रत्येक ३-४ गाउँ विकास समिति हेर्ने गरी सहायक प्राविधिज्ञहरूको व्यवस्था गर्नुपर्दछ। सडक निर्माणलाई विज्ञान सम्मत बनाएर भू-क्षय तथा अन्य वातावरणीय कुप्रभावहरूलाई न्यूनस्तरमा राख्नु पर्दछ।

यसरी व्यापकस्तरमा सडक निर्माण गर्दा प्राविधिक सुविधाहरूको व्यवस्था गर्नुपर्छ। सडकको

मर्मत-सम्भारको स्थानीयस्तरमै व्यवस्था गरिनुपर्छ। सडकको भूस्खलन रोक्न र सडकको दायाँ-बाँयाको जग्गा उपयोगको लागि व्यापकरूपमा वृक्षारोपण गरिनुपर्छ। फलफूल र घाँसरस्याउला हुने रुखको चयनले जनसहभागिता परिचालन गर्न मद्दत पुग्नेछ।

## क्षेत्रअनुसार वर्तमान तथा प्रस्तावित (१० वर्षपछि) सडक घनत्व

## चित्र ६




*स्रोतः सडक विभाग (२०४८) तथा भूमि सुधार आयोगको अनुमान।*

दीर्घकालीन कृषि योजनाले कर्णाली राजमार्ग पुरा गर्नमा सान्दर्भिक प्राथमिकता दिएको छ। यो दीर्घकालीन परियोजना भएकोले वार्षिक २ हजार ४ सय टन क्षमताको रोपवेद्वारा दैलेख, जुम्ला र मुगु जोड्ने अन्तरिम उपायको प्रस्ताव गरेको छ। उच्च पहाड तथा अरू पहाडी जिल्लाहरूमा स-सानास्तरका गैह्र सडक यातायातको साधनको विकास र विस्तार गर्दै जानु सान्दर्भिक हुन्छ।

विस्तारित सडकहरूबाट उत्पादनका स्थलहरू गाउँ बेसीसम्मर पुग्न स-साना रोप लाइनहरू र पहाडमा ठूला नदीहरूमा सञ्चालित डुङ्गाहरूको प्रयोगबारे खोजविन र थालनीतर्फ ध्यान पुऱ्याउनु पर्दछ। उत्पादन सामग्रीलाई बजारसम्म सरलरूपमा पुऱ्याउने व्यवस्थाको अभावमा व्यवसायिक र स्थानीय विशिष्टता अनुरूपको खेती र व्यवसायको विकास सम्भव छैन।

## संस्थाहरू

सडक विभाग हालसम्म राजमार्ग र जिल्लास्तरीय सडकहरू बनाउने र सम्भार गर्ने कार्यहरूमा केन्द्रित छ। स्थानीय सडकहरू बनाउने अभिभारा स्थानीय विकास मन्त्रालयको काँधमा छ। त्यो काम उसले जिल्ला विकास समितिद्वारा गराउँदछ। उक्त समितिसँग प्राविधिक क्षमताको अभाव छ। यस परिप्रेक्ष्यमा धेरै ग्रामीण कृषि सडकहरू बनाउनुपर्ने भएकोले स्थानीय विकास मन्त्रालयअन्तर्गत कृषि सडक विभाग खडा गरी निर्माण कार्य सुचारु रूपले चलाउनुपर्छ।

## विद्युत

ग्रामीण विद्युतीकरण उच्च कृषि आय अभिवृद्धि दरसँग जोडिएको छ। ग्रामीण विद्युतीकरणले किसानहरूलाई बढी विद्युत प्रयोग गर्न अभिप्रेरित गर्छ किनभने रोजगारी बढाउने साना तथा मझौला उद्योगहरूको अभिवृद्धिमा यसले प्रमुख भूमिका खेल्दछ। तराईमा यसको प्रमुख काम साना ट्युववेल सञ्चालनको लागि विद्युत आपूर्ति गर्नु हो। तर हालको विद्युत अभावको स्थितिमा ग्रामीण विद्युतीकरणको विस्तार गर्न कठिनाइ हुनेछ। तैपनि यसतर्फ हरेक उपायद्वारा प्रगति बढाउने प्रयत्न भगिरथ पाराले गर्नु आवश्यक छ। त्यसको लागि आशा लाग्दा उपायहरूमा निजी क्षेत्रद्वारा विद्युत उत्पादन, निजी, सामुदायिक तथा सहकारी विद्युत वितरण जस्ता कुराहरू आउँछन्। सरकारी र सहकारी प्रयासहरू सँगसँगै निजी क्षेत्रलाई पनि विद्युत विकासमा सङ्लग्न गराउँदै जाने नीतिगत व्यवस्थाहरू गर्दै जानुपर्छ।

## ८.४.६ प्राथमिकताको तत्वः पशुपालन


पशुपालन एक द्रुततर बढ्दो व्यवसाय हो र यसले समष्टिगत आय-अभिवृद्धिमा ठूलो हिस्सा ओगटेको छ। पशुपालन क्षेत्रको वृद्धि माग-चालित (demand-driven) हुन्छ। हाल दुधको बिक्री कम भई जगेडा बढेको कारण प्रतिव्यक्ति आय स्थीर रहनाले हो। पशुजन्य उत्पादनको मागको लचकता (elasticity) प्रतिव्यक्ति आयको अभिवृद्धिमा निर्भर रहन्छ। त्यसैले कृषि विकासको क्रममा आयवृद्धिको रफ्तार बढ्दै जाँदा केही समयपछि पशुजन्य उत्पादनहरूको मागको अभिवृद्धि निकै नै बढ्नेछ।

दीर्घकालीन कृषि योजनाले पशुपालन क्षेत्रको अभिवृद्धि-दर आधार अवधिको २.९ प्रतिशतबाट योजनाको अन्तिम अवधिमा ६.१ प्रतिशतले बढ्ने प्रक्षेपण गरेको छ। तराईमा भन्दा पहाड र उच्च पहाडमा पशुपालनको महत्वपूर्ण हुने हुँदा यस क्षेत्रको अभिवृद्धिदर केही बढी नै हुने धारणा राखिएको छ। फलतः प्रतिव्यक्ति पशुजन्य गार्हस्थ उत्पादन तराईको तुलनामा पहाड तथा उच्ची पहाडमा झण्डै दोब्बर हुने अनुमान गरिन्छ। चित्र ७ मा प्रतिव्यक्ति पशुजन्य गार्हस्थ उत्पादनको १० वर्षको लागि प्रक्षेपण गरिएको छ। दीर्घकालीन योजनाले

गरेको प्रक्षेपण भन्दा २५ प्रतिशत बढी वेगले पशुजन्य उत्पादन बढ्ने अनुमान गरी उक्त प्रक्षेपण गरिएको छ। बाटोघाटो विस्तार तथा सिँचाइको सुविधाको द्रुततर विस्तार, तथा वन चरनको सु-व्यवस्थाबाट घाँसपातको आपूर्तिमा आउने सुधारको सकारात्मक प्रभावलाई ध्यानमा राखी उक्त प्रक्षेपण गरिएको हो। पशुजन्य उत्पादनको अनुमानित वृद्धिलाई कृषि उत्पादनमा वृद्धि भई ग्रामीण क्षेत्रमा बढ्ने आय र पशुआहारको बढ्दो उत्पादनले सम्भव बनाउनेछ।

## तराई, पहाड र उच्चे पहाडमा प्रतिव्यक्ति पशुजन्य गार्हस्थ उत्पादनको अभिवृद्धि पथ

### चित्र ७




*स्रोतः दीर्घकालीन कृषि योजना र भूमि सुधार आयोगको अनुमान।*

पशुपालन क्षेत्रले उच्च अभिवृद्धि त्यसबेला प्राप्त गर्न सक्छ जब बाली उत्पादन विस्तारित हुन्छ र समग्ररूपमा क्रयशक्ति बढ्छ। पशुपालन क्षेत्रको उपजको अभिवृद्धिले बढीभन्दा बढी प्रतिव्यक्ति आय उकास्न महत्वपूर्ण सहयोग पुऱ्याउँछ।

पशुपालनको अभिवृद्धिले साना किसानहरूको सङ्लग्नता बढाई गरिबी घटाउन तथा महिलाहरूलाई काममा सहभागी बनाई सक्षम पार्न महत्वपूर्ण भूमिका खेल्दछ। वास्तवमा यसले गाउँका महिलाहरूलाई विकासको मूल धारमा समाहित पार्न बेजोड सघाउ गर्छ। विशेषतः यो कार्यक्रम उच्च पहाड र पहाडमा केन्द्रित हुने हुँदा यसले नेपाल अधिराज्यमा नै क्षेत्रीय सन्तुलन कायम गर्न योगदान गर्दछ।पशुपालन क्षेत्रको विकासमा निजी क्षेत्रको ठूलो

प्रयत्न चाहिन्छ। साथै यस क्षेत्रमा सरकारी क्षेत्रको सबल टेवा पनि उत्तिकै आवश्यक हुन्छ। सडक सुविधाको व्यापक विस्तारले पशुपालन विकास गर्नमा महत्वपूर्ण सहयोग प्रदान गर्दछ।

हाल डाले घाँसको प्रयोगले पशुपालनमा महत्वपूर्ण योगदान गरेको छ। अनियन्त्रित रूपमा वन जङ्गलको प्रयोगले घाँसपातको उत्पादकत्व कम हुन्छ। नियन्त्रित रूपमा वन जङ्गलको प्रयोग गर्नु पशुलाई बँधुवा राख्नेयतर्फ बढावा दिंदै जानुपर्दछ। यसले घाँसपातको उत्पादन बढ्न गई पोषणतर्फ महत्वपूर्ण योगदान पुग्नेछ। साथै गोबरमलको उपयोगले कृषि उत्पादनमा थप योगदान गर्छ।

## वस्तुगत प्राथमिकताहरू

दुध तथा मासुजन्य महत्वपूर्ण उत्पादन भएको हुँदा यसलाई उच्च प्राथमिकतामा राखिनुपर्दछ। त्यसैले पशुपालन क्षेत्रको अभिवृद्धिका लागि गरिने सम्पूर्ण प्रयत्नहरूसुरुमा दुध दिने पशुहरूमा केन्द्रित गरिनुपर्छ। साथै पशुजन्य पोषण, दाना आपूर्ति, ओखतीमूलो र तिनको बजार व्यवस्थामा जोड दिनुपर्छ। तेस्रो प्राथमिकतामा कुखुरापालन व्यवसाय पर्दछ भने चौथो प्राथमिकतामा बाख्रापालन व्यवसायलाई केन्द्रित गरिनु पर्दछ।

ऊन तथा मासुको उत्पादनसमेतमा सघाउ पुग्ने अंगोरा तथा अन्य जातका खरायो पालनतर्फ पनि ध्यान केन्द्रित गर्नुपर्दछ। यसले थोरै खेती भएका साना किसानहरूको आर्थिकस्तर उकास्न महत्वपूर्ण योगदान दिनेछ।

## ८.४.७ प्राथमिकताका उपजः उच्च मुल्यका बाली


कृषि विविधीकरण र आयवृद्धिमा उच्च मुल्यका बालीहरूको प्रमुख भूमिका हुन्छ। दीर्घकालीन योजनावधिमा उच्चमुल्यका बालीहरूबाट आय तेब्बर हुने अनुमान छ। यी बालीका उपजहरूको वृद्धिदर गतिमान भएर आधार अवधिको ४.८ प्रतिशत वृद्धिदरबाट बढेर योजनाको अन्त्यतिर ५.८ प्रतिशत पुग्नेछ। फलस्वरूप यस्ता वस्तुहरूको कृषिजन्य गार्हस्थ उत्पादनमा आधार अवधिको १३ प्रतिशतबाट योजनावधिको अन्त्यमा १५ प्रतिशत हिस्सा पुग्नेछ। यी वस्तुहरूको निर्यात हुने सम्भावना बलियो भएकाले यिनको उत्पादनवृद्धि आशा गरेभन्दा पनि बढी हुने सम्भावना छ। वास्तवमा यस्ता वस्तुहरूको विकासको लागि "निकासीमूलक "(export-driven) रणनीति अँगाल्नु आवश्यक हुन्छ। यस सन्दर्भमा बमौसमी (off-season) तरकारी खेतीको ठूलो महत्व हुन्छ। अर्को कुरा यसले तराई र पहाड तथा उच्चम पहाड बीच निरूपति परिपूरकता अर्थात् यी क्षेत्रहरू बीचको निकट अन्तर्सम्बन्धलाई अझ प्रभावकारी बनाइनेछ।

बागवानी व्यवसाय तराईमाभन्दा पहाड तथा उच्च पहाडमा बढी छ र बढी हुने सम्भावना पनि

छ। पहाड तथा उच्चई पहाडमा यसको अभिवृद्धिदर बढी हुनेछ। फलस्वरूप पहाड र उच्च पहाडमा प्रतिव्यक्ति बागावानीजन्य गार्हस्थ उत्पादन विस्तारै तराईमा भन्दा बढी हुनपुग्नेछ।

## तराई, पहाड र उच्चा पहाडमा प्रतिव्यक्ति बागवानीजन्य गार्हस्थ उत्पादनको अभिवृद्धि पथ

### चित्र ८




*स्रोतः दीर्घकालीन कृषि योजना।*

बागवानीको अभिवृद्धिदर "माग चालित" हुन्छ। बागवानी बालीहरू जोखिमपूर्ण व्यवसाय हुने हुनाले अनुसन्धान, ठोस सहयोगी सेवाहरू र ऋण कार्यक्रमहरूको माध्यमबाट जोखिम कम गराउने तर्फ नीतिहरूलाई केन्द्रित गराउनु पर्दछ।

उच्च मुल्यका बालीहरूसम्बन्धी रणनीति निजी क्षेत्रसम्बन्धी रणनीति हो। त्यसैले यसमा सरकारी निकायहरूको भूमिका महत्वपूर्ण भए पनि सीमित गरिनुपर्छ। यस रणनीतिले आय बढाउन र सशक्त माग सिर्जना गर्नमा जोड दिन्छ। सडकमा लगानी गर्दाले उच्च मुल्यको बाली उत्पादनमा क्षेत्रीय सहभागिता बढ्छ। सिँचाइमा लगानी हुँदा तथा ठोस अनुसन्धान सहयोग जस्तो कार्यले उच्च मुल्यका वस्तुहरूको उत्पादनमा आइपर्ने जोखिम कम हुन्छ। निजी क्षेत्रलाई कृषि विकास विभागले यस्ता विभिन्न सेवा र सुविधा प्रदान गर्नुपर्छ।

रुख बालीहरू (लब्सी, च्युरि, ओखर, आँप, कटहर आदि) उच्चमुल्यका बालीहरूमध्ये प्रमुख हुन् र यिनको वातावरणमा पनि अनुकूल प्रभाव पर्दछ। खास गरेर पहाडी पाखाहरूमा यस्तो बालीको विस्तार गरिनुपर्दछ। त्यस्तै रेशम, तरकारी, अदुवा र तरकारीका बीउहरूको खेतीमा महिलाको ठूलो भूमिका हुन्छ।

## वस्तुगत प्राथमिकताहरू

दीर्घकालीन योजनाअनुसार निम्न क्षेत्रमा निम्न खेती तथा व्यवसायलाई प्राथमिकता दिइनु पर्दछ :-

क. मध्य पहाडी क्षेत्रमा सुन्तलाजातिको खेती

ख. भित्री उच्चक पहाडी क्षेत्रमा स्याउको खेती

ग. पहाड र तराईमा बमौसमी र मौसमी तरकारी खेती

घ. पहाड र उच्च पहाडमा तरकारी र फूलका बीउको खेती

ङ. पहाड र उच्च पहाडमा मौरीपालन तथा जडिबुटि खेती

च. पहाडमा कच्चा रेशम उत्पादन

छ. पहाडमा ऊन तथा मासुको लागि अङ्गोरा र अरू जातका खरायो पालन

## ८.४.८ प्राथमिकताको उपजः कृषिजन्य व्यवसाय

दीर्घकालीन कृषि योजनाअनुसार योजना अवधिको उत्तार्धमा गएर पशुपालन तथा उच्चन मुल्यका वस्तुहरूको उत्पादनबाट लगभग दुई तिहाई सीमान्त (incremental) कृषि आयमा अभिवृद्धि हुनेछ। क्षेत्रीय सन्तुलन, गरिबी नवारण, महिला सहभागिता र स्वच्छ वातावरणसम्बन्धी उद्देश्यहरूको लागि त्यस्तो अभिवृद्धि आवश्यक हुन्छ। उच्च मुल्यका वस्तुहरूको उत्पादनले कृषिजन्य व्यवसायलाई विकसित गर्छ। यो कार्य खाद्यान्न बालीहरूको उत्पादनभन्दा निकै जटिल हुन्छ। तैपनि यस्तो व्यवसाय सुरुको सानो व्यवसायिक आधारको विकास र सोको अनुभवबाट आउँछ। त्यसैले कसरी निजी क्षेत्रका प्रयत्नोहरूलाई छिटोछिटो बढाउने भन्नेकतर्फ ध्यान जानु आवश्यक छ।

नेपाली उद्यमीहरूलाई सरकारी क्षेत्रबाट शीघ्र चाहिने सुविधामध्ये निम्न प्रमुख रहेका छन् :-

१ राम्रो अवस्थाका सडकहरू तथा कृषि सडकहरूको जालो।

२ भरपर्दो विद्युत आपूर्ति

३ उपर्युक्त अनुसन्धान

यी माथिका क्षेत्रमा व्याप्त टड्कारो अभावहरूले कृषिजन्य व्यवसायको अभिवृद्धिमा सुस्ती आएको हो। कृषिजन्य व्यवसाय फस्टाउन यससम्बन्धी नीतिहरूमा प्रशस्त परिवर्तनहरूको आवश्यकता हुन्छ। त्यसको लागि उद्योगप्रति ठोस प्रतिवद्धता (commitment) , पारदर्शी

तथा स्थीर करका ढाँचाहरू, पारदर्शी नियम, कानुनहरू र गुणस्तरको सुधारप्रति प्रतिवद्धता जस्ता कुरा हुनु आवश्यक छ।

कृषिजन्य व्यवसायले महिला किसानहरूलाई बढी सङ्लग्नता आर्थिक स्वतन्त्रताका अवसरहरू प्रदान गर्दछ। महिलाहरूको बढी सङ्लग्नता रेशमखेती, सुठो बनाउने, अलैंची प्रशोधन, फलफूल प्रशोधन, फूलहरूको उत्पादन र केसर (saffron) जस्ता व्यवसायमा रहेको छ। महिलाहरूको खास सामाजिक आर्थिक तथा भौगोलिक कृषि अवस्थाहरूसित सम्बन्धित हुने गरी अनुसन्धानका हरेक पक्षमा महिलावर्गलाई समेट्ने गरी अनुसन्धान तथा प्रविधिको निर्माण आजको टड्कारो आवश्यकता बनेको छ। त्यस्तै विभिन्न तहका महिलाहरूको लागि खास किसिमको तालिम आवश्यकताहरूको पहिचान गर्ने नीति पनि हुनुपर्दछ।

कृषिजन्य व्यवसायको विकासमा किसानहरूका सङ्गठनहरू र गैह्र सरकारी सङ्गठनहरूको सक्रिय सहभागिताले निकै नै महत्व राख्छ। साथै विस्तारित व्यापारी सहयोगी सेवाहरू तथा पूर्वाधारमा सहकारी तथा निजी क्षेत्रका लगानीका लागि अनुकूल वातावरण बनाउन नीतिगत सुधार गर्नु आवश्यक छ।

## ८.४.९. प्राथमिकताको उपजः वन

वन र कृषिको घनिष्टपूर्ण सम्बन्ध हुन्छ। जग्गाको लागि मालपोत, गार्हस्थ प्रयोगको लागि काठ, दाउरा, जडीबुटी, पशुपालनका लागि चरन र घाँसपात बनेका केही उपादेयताहरू हुन्। दीर्घकालीन कृषि योजनाले वनसम्बन्धी चारवटा प्राथमिकताहरूलाई औंल्याएको छ।

१. पहाड र उच्चन पहाडमा सामुदायिक वन।

२. तराईमा वनको आर्थिक दृष्टिकोणले लाभदायी हुने खालको प्रयोग। सामुदायिक, सहकारी आदि।

३. निजी तथा कबुलियती वन।

४. तालिम, अनुसन्धान र विकास।

साथै, पशु उत्पादन बढाउने हेतुले घाँसपात र चरनको विकास तथा व्यवस्थापनमा योजनाले टेवा दिनुपर्छ भनी जोड गरेको छ।

यसको लागि पशुलाई बँधुवा राख्ने चलनको विकास र चरन तथा वनको नियन्त्रित प्रयोगको व्यवस्था गर्नुपर्दछ। यसो गर्दा वन-जङ्गलको उत्पादकत्व बढी त्यति नै क्षेत्रको दोब्बर वा सो सरह पशुको लागि घाँसपात मनग्य पुग्ने आधार बन्नेछ।

सामुदायिक वनहरूको कार्ययोजनामा वनको विकास तथा रेखदेखका कुराहरूलाई सङ्लग्न गराउन आवश्यक छ। कार्ययोजना कार्यान्वयन गर्न समुदायलाई उचित निरीक्षण र प्राविधिक मार्गदर्शनको पनि आवश्यकता पर्छ। यसर्थ वन प्रसार-सेवालाई बढाउनु पर्छ। स्थानीय समुदायहरूको सहयोगमा विभिन्न सामुदायिक वनहरूको व्यवहारिकता देखाउने स्थलहरू (demonstration plots) खडा गर्नुपर्छ। निजी, कबुलियती र सामुदायिक वनहरूका पैदावरहरूनिकाल्ने, ढुवानी गर्ने तथा बिक्री गर्ने प्रक्रियाहरू झन्झटिला छन्। नयाँ नियम-कानुनले यो समस्या हट्नेछ। त्यस्ता वनका पैदावरहरू देशका कुनै पनि भागमा ढुवानी गर्नसक्ने व्यवस्थाको आवश्यकता छ।

सरकारी वनको व्यवस्थापन, संरक्षण सम्वर्द्धन तथा पुनरुत्थान गर्न विशेषतः राजनीतिक तथा प्रशासनिक प्रतिवद्धता आवश्यक हुन्छ। अर्थात् वनको घोद्राकाठ निकाल्ने, नयाँ रुख रोप्ने क्रम निरन्तर हुनुपर्दछ। वनमाथिको अतिक्रमण तथा फँडानी गरिने विगतको परिपाटीमा पूर्ण नियन्त्रण गर्नुपर्दछ।

आवश्यकस्तरीय विरुवाहरू पैदा गर्न निजी वन तथा नर्सरीहरूलाई प्रोत्साहित गर्न निम्न खास कार्यहरू गर्नु आवश्यक हुन्छः

क. सामाजिक उद्देश्यहरू पूरा गर्न अंशानुदान गरिएको काठ उपलब्ध गराउने विद्यमान प्रचलनहरूलाई केलाएर हेर्ने।

ख. विभिन्न कानुनहरूमा रहेका विरोधाभाषहरू हट्ने गरी कानुनी सुधारहरू गर्ने।

ग. वनका कार्यरत कर्मचारीहरूको सक्षमता बढाउने उपायहरू अँगाल्ने।

घ. सम्भाव्य ठूलाखाले वन परियोजनाहरूका लागि ऋण उपलब्ध गराउने।

ङ. उपर्युक्त प्राविधिक पुरिया (technological pacakge) आउने गरी अनुसन्धान गराउने।

च. राष्ट्रिय अर्थतन्त्रमा वन क्षेत्रमा योगदानको पुनः लेखाजोखा गर्ने।

वन विकासको गति तीव्र पार्न जनसहभागिता परिचालन गर्ने खालका कदहरू तुरुन्त चालिनु आवश्यक छ जनसहभागिताको लागि वनको उपादेयतामा किसानहरूको विश्वास लिन सक्नुपर्छ। सो कार्यको लागि निम्न कुरा गर्नु आवश्यक छः

१. हालको चरनको लागि वनको अनियन्त्रित प्रयोग बन्द गरिनुपर्छ। चरनको व्यवस्थित प्रयोगले उत्पादकत्व बढ्नेछ।

२. वनमा लगाइने बोट-बिरुवा फलफूल दिने, तथा कृषकको लागि घाँस-पात दिने जस्ता अल्पकालमा फाइदा दिने खालका हुनुपर्छ। यसले जनसहभागिता बढाउन मद्दत पुग्नेछ।

३. सडकको दाँया-बाँया र त्यस्तै सार्वजनिक जग्गाहरूमा पनि व्यापक रूपमा कृषकलाई अल्पकालमा समेत फाइदा हुने बोटबिरुवा लगाउनु पर्दछ।

## ८.४.१० कार्यान्वयन गर्ने संस्थाहरू

कृषि विकासको प्रस्तावित दर र क्रमको लागि दीर्घकालीन कृषि योजनाले आवश्यक संस्थागत व्यवस्थाको सिफारिस गरेको छ, तर पनि भूमि सुधार र कृषि विकासका कार्यक्रमहरूको समष्टि रेखदेख र कार्यान्वयनको लागि एउटा संस्थालाई जिम्मा दिनु सान्दर्भिक देखिन्छ। यस्तो उच्चक संस्थाको परिच्छेद १० मा वर्णन गरिएको छ।

भूमि सुधार र कृषि तथा ग्रामीण विकासको काम एक अन्तरक्रियाशील (interactive) साथै अन्तरसम्बन्ध राख्ने (interdependent) भएकोले एक-अर्कासित सम्बन्धित धेरै क्षेत्रहरू, उपक्षेत्रहरू, सार्वजनिक निकायहरू, कृषक समुदाय, निजी उद्यमीहरू, गैर सरकारी सङ्गठनहरू र अन्तर्राष्ट्रिय दातृ तथा सहयोगी संस्थाहरूलाई समेट्नुपर्ने आवश्यकताको महसुस हुन्छ।

परिच्छेद १० मा उल्लेख गरिएको कृषि तथा भूमि सुधारका कार्यक्रमहरू सञ्चालन गर्न गरिएको संस्थागत व्यवस्थालाई एक उच्चस्तरीय विश्लेसषणात्मक एकाइले अनुसन्धान तथा कार्यान्वयनतर्फ सहयोग गर्नेछ। उक्त एकाइको सिफारिस दीर्घकालीन कृषि योजनाले गरेको छ। सिफारिस गरिएको उच्चस्तरीय उक्त संस्थालाई सशक्त रूपले कार्य सम्पादन गर्न सहयोग पुऱ्याउन निम्न एकाइको आवश्यक छ -

- कृषि विकास बैंक,
- कृषि सामग्री संस्थान,
- कृषि विकास विभाग,
- सिँचाइ विभाग,
- किसान र व्यापार सङ्गठन,
- कृषि अनुसन्धान परिषद्,
- प्रस्तावित कृषि तथा वन विश्व विद्यालय,
- साझा तथा सहकारी संस्थाहरू

## ८.५ सारांश

नेपालको द्रुततर आर्थिक अभिवृद्धिको थालनी गर्ने समय आइसकेको छ। त्यसको लागि आधारभूत प्राथमिकताहरू तयार गरिएको छ। देशमा भौतिक पूर्वाधार, मानवीय पूँजी र संस्थाहरूको न्युनतम पूर्वाधार बनिसकेको छ। ती सबै कुराले द्रुततर कृषि विकासको थालनीको लागि उपर्युक्त वातावरण बनाएका छन्। देशमा विद्यमान असमान भू-वामित्व, दोहोरोक प्रणाली र खण्डिकरणका प्रक्रियाहरू कृषि विकासको बाधकको रूपमा रहेका छन्। जग्गाको पूनर्वितरण, मोहियानीको अन्त्य र चक्लाबन्दीका कार्यक्रमहरूले सामाजिक न्याय कृषि विकासका प्रयासहरूलाई बढी फलदायी बनाउने छन्।

द्रुततर अभिवृद्धि गराउन सुरु गर्ने ठाउँ ग्रामीण नेपाल नै हो जहाँ धेरै नेपाली जनता रहन्छन्। नेपालका साधनहरूको ठूलो भाग लिने क्षेत्र कृषि हो भने ती ग्रामीण जनता र तिनका साधनहरूको लगानीद्वारा ती जनता तथा तिनका साधनहरूको उत्पादशीलता बढाउने आधारहरू कृषिजन्य प्राविधिक प्रवाह तथा ग्रामीण पूर्वाधार हुन्।

त्यसैले कृषि विकासको लागि चारवटा प्राथमिकता प्रदत्त उत्पादक तत्वहरू तोकिएका छन्। ती प्राथमिकताहरूसिँचाइ, सडकहरू, प्रविधि र रासायनिक मल हुन्। त्यसैगरी केही मुल्यवान् वस्तुहरूको उत्पादनमा प्राथमिकता तोकिएको छ, जसले कृषि आयमा नाटकीयरूपमा वृद्धि ल्याउनेछ। यी वस्तुहरूमा जोड दिनाले खास गरेर पहाडमा प्रादेशिक सन्तुलन कायम हुन्छ। यसले प्रत्यक्षरूपले कृषिजन्य अभिवृद्धिद्वारा र अप्रत्यक्ष रूपमा गैर कृषि क्षेत्रमा रोजगारी सिर्जना गर्न तथा गुणात्मक असरहरूद्वारा गरिबी कम गर्नमा ठूलो मद्दत गर्नेछ। रोजगारमुलक असरले सहरीकरणलाई विकेन्द्रित गराउनेछ। यस्तो कृषि विकासको लहरलाई कार्यमूलक गराउन आवश्यक निर्णयहरू के हुन् त भन्ने बारेमा तल चर्चा गरिन्छ।

पहिलो, एक उच्चस्तरीय कार्यान्वयन आयोगको गठन र एक आवद्ध स्वतन्त्र विश्लेषणात्मक एकाइको स्थापना गरी कार्यान्वयन गर्ने निकायलाई सशक्त जानकारी दिन्छ। यी दुई निकाय नभएमा, पहिले कतिपय निरोपित (strategic) कृषि योजनाहरू असफल भए भैंं कृषि विकासका प्रयासहरू फिका हुन सक्दछन्।

दोस्रो, ग्रामीण सडक लगानी योजनालाई अन्यत्र जस्तै भारतको हिमाञ्चल प्रदेश र चीनको पश्चिम सेचुवानको अनुभवमा न्युनतम साथै कार्यमूलक मान्नुपर्छ। कृषि सडक विभाग खडा गरी त्यसलाई आवश्यक जनशक्तियुक्त पार्नुपर्छ। हाल प्रचलित निर्माणका उपायहरू प्रयोग गरे तापनि यस क्षेत्रमा नयाँ तरिकाहरूको विकास गराउनुपर्छ। ठोस सहयोग कार्यहरूका लागि विदेशी दातृ समूहलाई घच्घच्याउनु र आकर्षिक गराउनु पर्दछ।

तेस्रो, तराईको जिल्ला प्रशासनको भूमिगत जलविकासलाई सडक तथा अन्य प्रमुख

उत्पादक तत्वहरूसँगै मिलाएर लानुपर्छ भने कृषि विकास बैंकले भूमिगत जलविकासका लागि आफ्नो लगानी कार्यक्रमलाई तीव्ररूपले बढाएर लैजानेतर्फ उच्चि प्राथमिकता दिनुपर्छ। अर्कोतिर सरकारले चक्लाबन्दी गराउन मिल्ने व्यवस्था गर्नाको साथै भू-स्वामित्वको सवालहरूको छिनोफानो गर्नुपर्दछ। जग्गामा बहुसङ्ख्यक जनताको स्वामित्व स्थापित गरेर र दोहोरो हक-प्रणालीको अन्त्य हुनुका साथै कृषि विकासको दर द्रुततर र सामाजिक न्यायमा टेवासमेत पुऱ्याउने खालको बन्नेछ।

चौथो, रासायनिक मलको प्रयोगमा द्रुततर अभिवृद्धि हासिल गर्न कृषि सामग्री संस्थानले आफ्नो भूमिका बदल्नु पर्दछ। यसले रासायनिक मलको आपूर्ति र मौज्दात (stock) पर्याप्त मात्राले बढाएर तीव्र गतिले बढ्दो मलको मागलाई पूरा गराउने र त्यो मागको वृद्धिमा आइपर्ने बाधाहरू हटाउने कार्य गर्नुपर्दछ। जुनसुकै प्रकारको अंशानुदानले मलको प्रयोग घटाउने हैन बढाउने व्यवस्था र वातावरण बन्नु पर्छ।

पाँचौ, नेपाल कृषि अनुसन्धान परिषद् (प्रस्तावित कृषि विश्वविद्यालय) मा र सोसँग प्रसार प्रयत्नहरूले किसानमूलक अनुसन्धान गर्ने तथा त्यसको लागि प्राथमिकताहरू थोरै मात्र तोक्ने व्यवस्था हुनुपर्दछ। यस्तो अनुसन्धानको कृषि उत्पादनका साथै किसानका आयहरू ह्वात्त बढाउने खालका कार्यमूलक र व्यवहारिक प्रविधिहरू दिनेछ। यस परिप्रेक्ष्यमा नेपाल कृषि अनुसन्धान परिषद्ले पाउने साधनहरूको मात्रा बढाउनु पर्दछ। अनुसन्धान र प्रसारका प्रयत्नहरू अन्ततोगत्वा कृषि विश्वविद्यालयको कुशल नेतृत्वमा निर्देशित हुनुपर्छ।

यी राम्ररी अनुगमन गरिएका प्रयत्न हरूको असर कृषिको द्रुततर अभिवृद्धि हुनुका साथै गरिबी घटाउने, नारी सहभागिता बढाउने, वातावरण सन्तुलन कायम गर्ने कार्यमा पर्नेछ। यी सफलताहरूले निजी कार्यहरूको प्रतिफल (return) पनि बढाउने छ। साथै ठोसरूपमा उत्पादनमूलक असरहरू देखा पर्ने गरी यी कार्यहरूमा साधनको परिचालन पनि हुनेछ। प्रस्तावित कृषि विकासको व्यवस्था सरल र प्राथमिकतामा आधारित छ। यो कुनै महत्वाकांक्षी योजना होइन बरु यसले ल्याउने असर तथा अवसरका सम्भावनाहरू देशको गरिबी निवारणमा र विकासको गति तीव्र पार्नमा महत्वपूर्ण भूमिका खेल्नछ।

# परिच्छेद- ९

## कृषि श्रमिक

भूमि सुधारका सम्बन्धमा गरिने अनेकौं सुधार र व्यवस्था सँगसँगै कृषि-श्रमिकको विकासका कुराहरूलाई पनि यसमा स्वतः समावेश गर्नुपर्ने हुन्छ। किनभने उत्पादक शक्ति र उत्पादन सम्बन्धको प्रयासबाट उत्पादन वृद्धि हुने र कृषि-श्रमिकहरूको चित्त प्रशन्नताको वातावरणबाट सामाजिक न्याय र उत्पादन वृद्धिमासमेत मद्दत पुग्ने हुँदा कृषि-श्रमिकलाई समुन्ननत तथा आत्मनिर्भर बनाउनु अपरिहार्य छ।

यसर्थ प्रस्तुत परिच्छेदमा कृषिश्रमिक कसलाई भन्ने, उनीहरू कुन क्षेत्रमा के कति छन्। उनीहरूको यथार्थ स्थिति के छ, कृषिविकासमा उनीहरूलाई के कसरी सहभागी गराउन सकिन्छ र कृषिश्रमिकको आर्थिक तथा सामाजिक उत्थानका लागि गर्नपर्ने कामहरू के कस्ता हुनसक्दछन् भन्ने बारेमा विस्तृत चर्चा गरिएको छ।

## ९.१ कृषिश्रमिकको, कति र कहाँ

आमरूपमा कृषिव्यवसायमा सङ्लग्न सम्पूर्ण श्रमिकलाई कृषि-श्रमिक भनिए तापनि यहाँ जीवीकोपार्जनका लागि निश्चित ज्याला वा शर्तमा कृषि कार्यमा आफ्नो श्रम बेच्ने र श्रमिकलाई कृषि-श्रमिकको रूपमा लिइएको छ। नेपालको मुख्य आय र रोजगारीको प्रमुख स्रोत कृषि नै हो। नेपालका ग्रामीण क्षेत्रहरूमा खेतीपाती गर्ने कार्यमा विशेषतः पारिवारिक श्रमको प्रयोगकै बाहुल्यता रहेको छ। थोरै खेत हुने किसान परिवारले प्रायः आफ्नै श्रम गर्ने र नपुग श्रमशक्ति पर्म (एकअ-र्कामा श्रम सट्टापट्टाको आधारमा कृषि श्रम गर्ने गराउने प्रचलन) द्वारा पनि पुरा गर्ने प्रचलन रहेको छ। साना किसानहरूले मौसमी खेतीका लागि खास समयमा बढी जनशक्ति चाहिने हुनाले ज्याला दिई अरूलाई काम गराउने गरेको पाइन्छ। यतिमात्र नभएर कतिपय जात-जातिले कृषिमा आफू पूर्णतः निर्भर रहनु परे तापनि कृषिसम्बन्धी कतिपय काम गर्नु हुँदैन भन्ने प्रचलित सामाजिक पछौटे परम्पराअनुसार (जस्तै ब्राह्मण, ठकुरी, नेवार, महिला आदिले हलो जोत्नु नहुने आदि) अरूलाई काममा लगाउने गरेको पाइन्छ। ज्याला दिएर कृषि-श्रमिकको प्रयोग गराउने प्रचलन विशेषतः आफ्नो पारिवारिक श्रमले नभ्याउने जोतका आकार भएका कृषि परिवारमा व्यापक रूपमा छ। मझ्यौला र ठूला किसानले दैनिक ज्यालादारी खेताला वा निश्चित समयावधि तोकेर राखिने हली-गोठालाका रूपमा पनि श्रमिकको प्रयोग

गरी खेतीपाती लगाउने तथा घरव्यवहार चलाउने चलन पनि रहिआएको छ। श्रमिकहरूको पटक-पटक ज्यालामा प्रयोग गर्ने कार्य बोझपूर्ण पनि हुने भएकाले विभिन्न शर्तमा अरूलाई जग्गा कमाउन दिने चलनसमेत रहेको छ। यसरी एक हदसम्म मोहियानी वा बर-बटैयामा खेतीपाती गर्नुलाई पनि श्रम उपयोग गर्ने एक तरीकाका रूपमा लिन सकिन्छ।

नेपालमा कृषि-श्रमिकको सङ्ख्या र तिनको प्रयोगबारे आधिकारिक तथ्याङ्क नभएको र कृषि-श्रमिकसम्बन्धी अनुसन्धानहरू पनि एकदमै कम भएका हुनाले कृषि-श्रमिकसम्बन्धी ठोस विश्लेषण गर्न अप्ठ्यारो पनि छ। त्यसैगरी उद्योग, कृषि तथा कुनै एउटै स्थानमा सेवा क्षेत्र मानी व्यवस्थितरूपमा सङ्गठित भई काम गर्ने वातावरण नभएका कृषि-श्रमिकहरू देशभरी जताततै छरिएर रहेका छन्। यसर्थ सरकारी वा गैरसरकारी निकायबाट लिइने ठोस तथ्याङ्क र वास्तविक अनुसन्धानको क्षेत्रबाट यो समूह उपेक्षित रहेको छ। २०४८ सालको कृषि गणनामा पहिलोपल्ट कृषि-श्रमिकको सङ्ख्या र तिनको प्रयोगसम्बन्धी तथ्याङ्क-सङ्कलन गरिएको पाइन्छ। यो गणनाले पनि जग्गाविहीन कृषि-श्रमिक परिवारलाई तथ्याङ्कसङ्कलनको लागि समावेश गरेको छैन। आयोगको अनुमानअनुसार झण्डै ५ लाख परिवार जग्गाविहीन अवस्थामा छन्। तिनको आयको स्रोत मुख्यतया कृषिमा ज्याला मजदुरी गर्नु नै रहेको छ। यी बाहेक आफ्नो जग्गामा पर्याप्त कामको उपलब्धता नभएबाट अर्कोको जग्गामा ज्याला मजदूरी गर्ने अति साना किसानहरू पनि छन्। कृषि गणनाले यस्ता परिवारको तथ्याङ्क उपलब्ध गराएको छ।

कूल कृषि परिवारमध्ये करिब ६५ प्रतिशत परिवाहरू आफ्नो मात्रै श्रम लगाई खेती गर्दछन्। यस्ता परिवारको बाहुल्यता उच्च पहाड र पहाडमा छ। पहाडी क्षेत्रमा जग्गाको मात्रा थोरै, पर्म गर्ने प्रचलन बढी भएको, भनेको समयमा ज्यालामा काम गर्ने श्रमिकहरू पर्याप्त नपाइनेसमेत हुँदा यस क्षेत्रमा आफ्नै श्रममा खेती गर्ने प्रचलन बढी मात्रामा छ। पहाडी क्षेत्रमा सरदर ७० प्रतिशत परिवारले आफ्नै श्रमले खेती गर्दछन्। तराई क्षेत्रमा भने पहाडी क्षेत्रमा रहेको उल्लिखित अवस्था नरहेको तथा जग्गाको जोतको आकार ठूलो हुने तथा भूमिको असमान वितरण आदि समेतको कारणले गर्दा ५७ प्रतिशत परिवारले मात्र आफैले खेती गर्ने र अन्य परिवारले ज्याला मजदूरीमा खेती गराउने चलन रहेको पाइन्छ।

ज्याला मजदूरीमा श्रमिक लगाई खेती गर्नेको बाहुल्यता ठूलो जोत हुनेहरूकै बीचमा पाइन्छ। यस्ता सम्पन्न कृषकहरू दैनिक ज्यालामा खेताला, हरूवा-चरुवा, हली-गोठाला (स्थायी प्रकृतिका कामदार) को उपयोग गरी खेती गर्ने गर्दछन्। तथ्याङ्कअनुसार ज्यालामा कामदार लगाउनेहरू मध्ये (३५ प्रतिशत मध्ये) ३० प्रतिशत दैनिक ज्यालामा काम लगाउँछन्। करिब ४ प्रतिशत दैनिक ज्यालामा खेताला तथा हली-गोठाला दुवैको सहयोगले खेती गर्दछन् भने १.५ प्रतिशतले हली-गोठाला मात्र लगाई खेती गर्दछन्। तराई र पहाडमा दैनिक ज्यालामा खेताला तथा हली-गोठाला समेतको प्रयोग गरी खेती गर्नेको प्रतिशतमा केही विभिन्नता छ। तराईमा दैनिक ज्याला "जन" वा "हरूवा-चरुवा" समेतको प्रयोग गरी खेती गर्नेहरू झण्डै

१० प्रतिशत छन् । कृषकहरूको जोतको मात्रा र बाली सघनता बढी हुनाले तराईमा दैनिक ज्यालादारीमा खेताला साथै हली-गोठाला (पश्चिम तराईका कतिपय जिल्लामा कमैया तथा हलिया) समेतको प्रयोग गरी खेती गर्ने चलन बढी छ ।

हली-गोठालाका माध्यमबाट खेती गर्ने कृषक परिवारको प्रतिशत बढी भए तापनि यसरी खेती गर्ने कृषकले पहाड र तराई दुवै क्षेत्रमा सरदर दुई जनालाई हली-गोठाला तथा कामदारको रूपमा प्रयोग गर्ने गरेको देखिन्छ। प्रायः जोतको मात्रा धेरै हुनेहरूले बढी मात्रामा हली-गोठाला तथा खेतालाको प्रयोग गरेका छन् ।

## आफ्नै श्रमले खेती गर्ने तथा ज्यालामा श्रमिक लगाई खेती गर्ने परिवार (प्रतिशतमा)

## तालिका ९.१

| | उच्च पहाड | पहाड | तराई | नेपाल अधिराज्य भर |
|---|---|---|---|---|
| खेती गर्ने परिवार सङ्ख्या १ | २७०७१२ | १३५७७२० | १११७६१८ | २७३६०५० |
| आफ्नै श्रमले खेती गर्ने २ | ७०.० | ६९.५ | ५६.९ | ६४.४ |
| दैनिक ज्यालामा मात्र श्रम लगाई खेती गर्ने ३ | २७.९ | २७.७ | ३४.१ | ३०.३ |
| दैनिक ज्यालामा र हलि-गोठाला लगाई खेती गर्ने ४ | १.१ | १.८ | ७.० | ३.९ |
| हलि-गोठाला मात्र लगाई खेती गर्ने ५ | १.१ | १.० | २.१ | १.४ |
| जोड ५ | २.२ | २.८ | ९.१ | ५.३ |
| सरदर हलि-गोठाला | १.९ | २.२ | २.१ | २.१ |

*स्रोतः कृषि जनगणना २०४८ ।*

आफ्नो जग्गामा, अर्काको जग्गामा र गैर कृषिक्षेत्रमा काम गर्ने श्रमशक्ति कतिकति अवधिको लागि काम गर्ने गर्दछन् भन्ने तथ्याङ्क तालिका ९.२ मा प्रस्तुत छ। कृषि गणनाले ३

महिनाभन्दा कम, ३ देखि ५ महिनासम्म, ६-७ महिनासम्म र ८ महिनाभन्दा बढी काम गर्नेको सङ्ख्या उपलब्ध गराएको छ। यी अवधिहरूको मध्यविन्दू झिकी सोको आधारमा वर्षभरी खेतीमा सङ्लग्न हुने श्रमशक्तिको प्रतिशत र उनीहरूको औषत सङ्लग्नताको हिसाब यहाँ गरिएको छ।

कृषिमा आर्थिकरूपमा सङ्लग्न सङ्ख्या मध्ये ६२ प्रतिशत आफ्नो जग्गामा काम गर्दछन्। जसमध्ये ३४ प्रतिशत पुरुष र ६६ प्रतिशत महिला छन्। आफ्नो जग्गामा पूर्णरूपले काम गर्नेहरू (८ महिनाभन्दा बढी समयको लागि खेतीमा व्यस्त हुने) को प्रतिशत करिब ४० रहेको छ। ५-६ महिनाभन्दा कम समय कृषिमा काम गर्ने श्रमिकको सङ्ख्या करिब एक तिहाई छ। यो सङ्लग्नतामा पहाड र उच्च पहाडभन्दा तराईमा बढी रहे तापनि त्यस्तो ठूलो अन्तर भने देखिँदैन। कृषिमा सङ्लग्न श्रमिकको अवधिको हिसाब गर्दा करिब आधा जनशक्ति मात्र पूर्णरूपमा (बाह्रै महिना) खेतीमा व्यस्त रहन्छन्। महिला र पुरुष श्रमशक्तिबीच त्यस्तो पूर्णकालीन कामको हिसाब गर्दा क्रमशः ५८ र ५४ प्रतिशतले वर्षैभरी कृषिको काम गरी रहेको पाइन्छ। अर्थात् झण्डै आधी समयको लागि यस्तो श्रमशक्ति बेरोजगार रहने स्थिति रहेको पाइन्छ।

त्यसैगरी अर्काको जग्गामा काम गर्ने श्रमशक्तिको तथ्याङ्क पनि तालिका ९.२ मा छ। अर्काको जग्गामा श्रम गर्नेहरू कूल कृषि श्रमशक्तिको १२ प्रतिशत रहेको छ। झण्डै दुई तिहाइ श्रमिक ५ महिनाभन्दा कम समय काम गर्दछन्। यसरी यो अवधिको लागि काम गर्नेको प्रतिशत तराईमा कम (५० प्रतिशत) र पहाडमा तथा उच्चा पहाडमा बढी (८० प्रतिशत) छ। अर्काको जग्गामा काम गर्ने श्रमिकहरूले औषत तराईमा बढी समयको लागि रोजगारी पाउँछन्।

विभिन्न समयावधिको लागि काम गर्ने श्रमिकहरू वर्ष दिनमा कति प्रतिशत काम गर्दछन् भनी हिसाब गर्दा यस्ता श्रमिकमा रोजगारीको दर ३६ प्रतिशत रहेको पाइयो। यो दर वार्षिक रूपमा तराईमा ४६ र उच्च पहाड र पहाडमा २५ र २८ प्रतिशत छ। त्यसैगरी पुरुष र महिला श्रमिकहरूका बीचमा वार्षिक रोजगारीको समयदरमा पनि केही भिन्नता रहेको पाइन्छ। पुरुषको रोजगारीदर ४० र महिलाको ३४ प्रतिशत मात्र रहेको देखिन्छ।

कृषि-श्रमिकहरू गैर कृषि-क्षेत्रमा पनि काम गर्ने गर्दछन्। कृषिमा रहेको कूल श्रमशक्तिको १७ प्रतिशत विभिन्न समयको लागि गैर कृषिका काममा पनि सङ्लग्न रहेको तथ्याङ्क कृषि गणनाले प्रस्तुत गरेको छ (तालिका ९.२)। गाउँघरमै वा अन्य क्षेत्रमासमेत गएर गैर कृषि काममा सङ्लग्न यस्ता श्रमिकहरू मध्ये करिब एक तिहाई ८ महिना वा त्योभन्दा बढी समयको लागि उक्त काममा लाग्दछन्। त्यस्तो सङ्लग्नतामा तराईका बढी (३८ प्रतिशत) रहेको छ। यसरी केही कृषि-श्रमिकहरू गैर कृषि कार्यमा लाग्दछन् भने कतिपय त बेरोजगार नै पनि रहन्छन्।

यसैगरी दैनिक ज्यालामा पूरै समय (आफ्नो जग्गा नभएका परिवारहरू) वा आंशिकरूपमा काम गर्नेको सङ्ख्या किटान गर्न कठिन छ तथापि करिब ५ लाख परिवार जग्गाविहीन रहेको अनुमान गरिएको आधारमा एक परिवारबाट दुई जनाको दरले करिब १० लाख श्रमिकहरू ज्यालामा पूर्णकालिनरूपमा काममा सङ्लग्न रहनसक्ने अनुमान गर्न सकिन्छ। आंशिकरूपमा आफ्नो जग्गामासमेत काम गर्ने श्रमिकको सङ्ख्या करिब १० लाख रहेको तथ्याङ्क कृषि गणनाले दिएको छ। (तालिका ९.२)। यसरी जम्माजम्मी २० लाख श्रमिक कृषिक्षेत्रमा ज्याला मजदूरीमा सङ्लग्न छन् भन्ने अनुमान छ।

ज्याला-मजदूरी गर्ने श्रमिकहरू वर्षभरिमा कति दिन काम गर्दछन् भन्नेबारे आधिकारिक तथ्याङ्क उपलब्ध छैन। मौसमी खेतीको बाहुल्यता र विगतमा रहेको अति न्युन कृषि विकासको दरलाई दृष्टिगत गर्दा उपलब्ध श्रमशक्तिको करिब एक तिहाइ कृषिश्रम मात्र प्रयोग भइरहेको कुरा आयोगले अनुमान गरेको छ। करिब २० लाख श्रमिकहरू दुई(तिहाई समयको लागि बेरोजगार हुँदा सरदरमा दिनको ४० रुपियाँका दरले र प्रतिव्यक्ति कामका लागि उपलब्ध दिनहरू वर्षको ३ सय दिनको दरले हिसाब गर्दा भण्डै १५ अरब रुपियाँ बराबरको श्रमशक्ति खेर गइरहेको प्रष्ट हुन्छ। यो श्रमशक्तिको सदूपयोग राष्ट्रिय आयमा उल्लेखनिय योगदान हुनेछ।

## गैर कृषि-क्षेत्रमा काम गर्ने

### तालिका ९.२

| | उच्च पहाड | पहाड | तराई | नेपाल |
|---|---|---|---|---|
| सङ्लग्नश्रमशक्ति सङ्ख्या | १,७७,०५३ | ७,६७,५३२ | ५,०८,२३२ | १४,५२,८१७ |
| ३ महिनाभन्दा कम | | | | |
| पुरुष (प्रतिशत) | १९.६ | १६.६ | १३.६ | १५.७ |
| महिला (प्रतिशत) | ३४.६ | ३१.८ | २६.७ | ३०.४ |
| जम्मा (प्रतिशत) | २७.८ | २३.६ | १८.७ | २२.४ |
| ३ देखि ५ महिना | | | | |
| पुरुष (प्रतिशत) | २४.९ | १८.५ | १८.१ | १९.० |
| महिला (प्रतिशत) | ३१.६ | ३२.२ | २८.४ | ३१.० |
| जम्मा (प्रतिशत) | २८.६ | २५.१ | २२.१ | २४.४ |
| ६ देखि ७ महिना | | | | |

| | | | | |
|---|---|---|---|---|
| पुरुष (प्रतिशत) | १८.२ | १५.५ | १८.३ | १६.९ |
| महिला (प्रतिशत) | २३.९ | २०.९ | २५.३ | २२.७ |
| जम्मा (प्रतिशत) | २१.३ | १८.१ | २१.० | १९.५ |
| ८ महिनाभन्दा बढी | | | | |
| पुरुष (प्रतिशत) | ३७.३ | ४९.५ | ५०.० | ४८.४ |
| महिला (प्रतिशत) | ९.९ | १५.७ | १९७ | १६.० |
| जम्मा (प्रतिशत) | २२.३ | ३३.२ | ३८.२ | ३३.६ |
| वर्षैभरी काम गर्नेको प्रतिशत | | | | |
| पुरुष | ५१.७ | ५७.८ | ५९.३ | ५७.८ |
| महिला | ३९.० | ३९.० | ४२.४ | ३९.७ |
| **जम्मा** | **४३.२** | **४८.८** | **५२.४** | **४९.६** |

*स्रोतः कृषि जनगणना २०४८ ।*

## श्रमशक्तिको उपयोगको स्थिति (प्रतिशतमा)

### आफ्नो जग्गामा काम गर्ने

| | उच्च पहाड | पहाड | तराई | नेपाल |
|---|---|---|---|---|
| सङ्लग्नश्रमशक्ति सङ्ख्या | ४,४२,२२६ | २५,८७,१९१ | २०,४५,७५५ | ५१,७५,१७२ |
| ३ महिनाभन्दा कम | | | | |
| पुरुष (प्रतिशत) | १६.० | १६.७ | १३.७ | १५.३ |
| पुरुष (प्रतिशत) | ८.३ | ७.० | ११.२ | ९.२ |
| जम्मा (प्रतिशत) | १०.७ | १०.७ | १२.१ | ११.३ |
| ३ देखि ५ महिना | | | | |
| पुरुष (प्रतिशत) | २६.६ | २१.३ | २१.४ | २१.८ |
| महिला (प्रतिशत) | २४.४ | १९.१ | २२.८ | २१.० |
| जम्मा (प्रतिशत | २५.१ | १९.८ | २२.२ | २१.३ |

| | | | | |
|---|---|---|---|---|
| ६ देखि ७ महिना | | | | |
| पुरुष (प्रतिशत) | २८.६ | २६.७ | २४.९ | २६.१ |
| महिला (प्रतिशत) | ३४.९ | ३०.२ | २८.६ | ३०.१ |
| जम्मा (प्रतिशत | ३२.९ | २९.१ | २७.१ | २८.७ |
| ८ महिनाभन्दा बढी | | | | |
| पुरुष (प्रतिशत) | २८.८ | ३५.३ | ४०.४ | ३६.८ |
| महिला (प्रतिशत) | ३२.४ | ४२.७ | ३७.५ | ३९.७ |
| जम्मा (प्रतिशत | ३१.३ | ४०.४ | ३८.५ | ३८.७ |
| वर्षैभरी काम गर्नेको प्रतिशत | | | | |
| पुरुष | ५०.४ | ५३.१ | ५७.७ | ५४.० |
| महिला | ५५.१ | ५९.७ | ५५.७ | ५७.५ |
| **जम्मा** | **५३.६** | **५७.४** | **५५.७** | **५६.३** |

*स्रोतः कृषि जनगणना २०४८ ।*

## अर्काको जग्गामा काम गर्ने

| | उच्च पहाड | पहाड | तराई | नेपाल |
|---|---|---|---|---|
| सङ्लग्नश्रमशक्ति सङ्ख्या | ५,४२,२२६ | २५,८७,१९१ | २०४५७५५ | ५१,७५,१७२ |
| ३ महिनाभन्दा कम | | | | |
| पुरुष (प्रतिशत) | ४९.४ | ४६.१ | १७.५ | ३०.५ |
| महिला (प्रतिशत) | ५४.८ | ४८.३ | २२.८ | ३८.३ |
| जम्मा (प्रतिशत) | ५३.२ | ४७.६ | २०.५ | ३५.५ |
| ३ देखि ५ महिना | | | | |
| पुरुष (प्रतिशत) | ४०.५ | ३४.८ | २८.६ | ३१.८ |
| महिला (प्रतिशत) | ३५.५ | ३६.० | ३२.३ | ३४.४ |
| जम्मा (प्रतिशत) | ३७.० | ३५.६ | ३०.७ | ३३.४ |
| ६ देखि ७ महिना | | | | |

| | | | | |
|---|---|---|---|---|
| पुरुष (प्रतिशत) | ६.७ | १३.९ | २४.४ | १९.२ |
| महिला (प्रतिशत) | ७.४ | ११.९ | २५.३ | १७.० |
| जम्मा (प्रतिशत) | ७.२ | १२.५ | २४.९ | १७.८ |
| ८ महिनाभन्दा बढी | | | | |
| पुरुष (प्रतिशत) | ३.५ | ५.२ | २९.५ | १८.५ |
| महिला (प्रतिशत) | २.३ | ३.८ | १९.७ | १०.३ |
| जम्मा (प्रतिशत) | २.६ | ४.३ | २३.९ | १३.३ |
| वर्षैभरी काम गर्नेको प्रतिशत | | | | |
| पुरुष | २६.२ | २९.२ | ४९.५ | ४०.२ |
| महिला | २४.६ | २७.७ | ४३.७ | ३४.१ |
| **जम्मा** | **५१.०** | **२८.२** | **४६.२** | **३६.३** |

*स्रोतः कृषि जनगणना २०४८ ।*

## ९.२ कृषि-श्रमिकका किसिमहरू र कामका शर्तहरू

खेतीपातीमा श्रमिकहरूलाई ज्यालामा प्रयोग गर्दा रोजगारीका शर्त तथा ज्यालादरमा पनि देशभरी नै भिन्नता रहेको पाइन्छ । परम्परादेखि चलिआएको रितिस्थित, खेती प्रणाली र खेती गर्ने जग्गामा रहेको जनघनत्वले समेत विभिन्न किसिमका रोजगारीका सम्बन्धहरू सिर्जिएका हुन् । आफ्नो जग्गामा काम गर्ने र पर्म अन्तर्गत श्रम सट्टापट्टा गरेर समेत खेतीका लागि चाहिने पूर्ण श्रमशक्ति नपुग हुने कृषक परिवारहरूले प्रयोग गर्ने कृषि-श्रमिकहरूका प्रकार र शर्त निम्नलिखित छन् :-

### ९.२.१ दैनिक ज्यालादारी

पारिवारिक श्रमले नपुग भएको र मौसमी कारणले बाली लगाउने तथा भित्र्याउने बेलामा एकै पटक बढी श्रमशक्तिको आपूर्ति गर्नुपर्ने हुँदा दैनिक ज्यालामा श्रमशक्तिको प्रयोग गरिन्छ। तालिका ९.१ मा देखाइएअनुसार ३५ प्रतिशत किसान परिवारले दैनिक ज्यालामा काम लगाउने गर्दछन् र साना जोत हुनेहरूले पनि मौसमी कारणले कामको चाप बढी भएको अवस्थामा कृषि-श्रमिकलाई ज्यालामा काम लगाउँछन्। खासखास अवस्थामा ज्याला मजदूरी गर्ने श्रमिकहरूले पनि अरूलाई ज्याला मजदूरीमा सङ्लग्न गराएको समेत पाइन्छ।

दैनिक ज्यालामा काम लगाउने शर्तहरू र ज्यालादरमा पनि देशका विभिन्न भागमा भिन्नता रहेको पाइन्छ। श्रमिकलाई सामान्यतया दिनको आठ घण्टा काम गराउने प्रचलन भएतापनि कामको चापाचाप भएको समय वा खेती लगाउने र बाली भित्र्याउने बेलामा (Peak Season) १० देखि १२ घण्टासम्म पनि उनीहरूलाई काममा लगाइने गरेको कुरा विभिन्न अनुसन्धानले बताएका छन्। त्यसैगरी दिनभरिको लागि काम नलगाएर आधा दिनको लागि काम लगाउने चलन पनि (प्रायः तराईमा) रहेको छ। ज्याला दिँदा अन्नबाली, रकम र खानपिनको व्यवस्था आदि विभिन्न किसिमको माध्यमबाट ज्याला दिने गरेको पाइन्छ। यस्तो ज्याला दिने व्यवस्थामा पनि धेरै भिन्नता रहेको पाइन्छ। पहाड वा तराईमा दिनभरिको कामको लागि ३ देखि ५ किलो धान, वा रु २० देखि रु ५० सम्म (कतिपय क्षेत्रमा योभन्दा थोरै र केही बढी पनि) ज्याला वा बनी दिने गरिएको कुरा विभिन्न अध्ययनले देखाएको छ। यसरी काम गर्दा बिहान-बेलुकी वा दिउँसो खान दिने चलन पनि विभिन्न ठाउँमा रहेको छ। दिनभरी काम नगराई आधा दिन मात्र काम गराएको खण्डमा दैनिक ज्यालादरको आधा दिने चलन पनि रहेको छ।

## ९.२.२ आवधिक श्रमिकहरू

कतिपय परिवारले हरूवा, जन वा हली-गोठालाको रूपमा कामदार राखी खेती गर्ने गरेको पनि पाइन्छ। स्थायी रूपमाश्रमको आपूर्ति गर्ने क्रममा रहेको यो व्यवस्थाअनुसार निश्चित अवधि तोकी (प्रायशः एक वर्षे) गरिने सम्झौताद्वारा कृषि-श्रमिकहरूलाई काममा लगाइको पाइन्छ। यसबाट श्रमिकको समस्या स्थायी रूपमा समाधान त भएको छैन तापनि दैनिक ज्यालादारीमा माग गर्ने श्रमिकको स्थितिभन्दा केही राम्रो भएको अवस्था यिनीहरूको देखिन्छ। तराईका कतिपय जिल्लामा श्रमिकसँग स्थायी सम्झौता भएर पनि वार्षिक एकमुष्ट रकम नदिएर काम गरेको दिनकोमात्र ज्याला दिने चलन पनि छ। यस्तो श्रम सम्बन्धको हकमा जग्गाधनीले काम हुँदा मात्र सम्झौता भएका श्रमिकलाई प्राथमिकता दिने र श्रमिकहरूले पनि जग्गाधनीको काममा प्राथमिकता दिने सुझबुझ रहेको पाइन्छ। स्थायी सम्बन्ध वापत जग्गावालाले ऋण दिने तथा निश्चिमत शर्तमा श्रमिकहरूलाई केही जग्गा कमाउन दिने पनि चलन रहेको पाइएको छ। यसरी वर्षेनी सम्झौता गर्नुपर्ने भएकोले दुवै पक्षबीच समय-समयमा सम्झौता परिवर्तन गर्ने विकल्प भने रही रहन्छ।

पहाडका कतिपय जिल्लाहरूमा यस्तो श्रमको व्यवस्था वर्ष दिनभन्दा छोटो अवधि (केही महिना) वा जग्गाको जोत्ने कामको लागि मात्र पनि भएको पाइन्छ। केही जातिहरूले जग्गा जोत्ने काम नगर्ने वा सो गर्न नभ्याउनेहरूले पनि जोत्ने कामको लागि श्रमिकहरूसँग सम्झौता गर्ने गरेको पाइएको छ। प्रायजसो हलगोरु जग्गाधनीहरूकै प्रयोग गरिने र जोत्ने काम गरेवापत वर्षको निश्चित रकम वा अन्य ज्यालास्वरूप दिने चलन पनि रहेको छ।

नेपालमा करिब ५ प्रतिशत कृषिपरिवारले यस्ता हरूवा, जन वा हली-गोठाला आदि श्रमिक स्थायीरूपमा राखी खेती गर्ने गरेको आँकडा (तालिका ९.१) मा उल्लेख गरिएको छ। यस्ता परिवारले सरदर २ जना स्थायीरूपमा काम गर्ने श्रमिकहरू राखेको कुरा तथ्याङ्कले पुष्टि गर्दछ। २०४८सालको कृषि गणनाअनुसार करिब ३ लाख श्रमिकहरू यसरी स्थायी कामदारको रूपमा काम गर्ने गर्दछन्।

## ९.२.३ कमैया प्रथा

पश्चिम तराईमा पाइने आवधिक श्रमसम्बन्धी एक प्रकारको व्यवस्थाको रूपमा कमैया प्रथा रहेको छ। यो प्रथा हरूवा र जनको रूपमा रहेको सम्बन्धभन्दा अलि भिन्न प्रकारको छ। कमैया प्रथाअनुसार काम गर्ने श्रमिकहरूका परिवारका प्रायः सबै सदस्यहरू जग्गाधनीकै खेतीपातीमा आफ्नो सम्पूर्ण श्रम लगाउने गर्दछन्। यस प्रकारको व्यवस्थामा श्रमिकहरूले जग्गाधनीको कमैया बन्न पुगेका यस्ता श्रमिकहरू परिवारका एक जनाले लिएको ज्यालामा परिवारका सबै सदस्यहरूले काम गर्नुपर्ने, वर्षेनि ऋणको मात्रा बढ्दै जाने र ज्यालाबाट प्राप्त आयले परिवार धान्न धौ-धौ हुने अवस्थामा छन्। यस प्रकारका कमैया श्रमिकहरू क्रमशः बधुवा श्रमिकको रूपमा परिणत हुन पुग्दछन्। स्वतन्त्र रूपमा काम गर्ने र आफ्नो ज्याला निर्धारण गर्ने अवस्था तथा मौकाबाट वञ्चित रहेका यस्ता खालका श्रमिक नेपालमा करिब एक लाख रहेको अनुमान छ।

कमैयाहरूको ज्यालादर जग्गाधनीसँगको अन्य सम्बन्धमा निर्भर रहन्छ। अर्थात् कमैयाहरूको ज्यालामा पनि सबै क्षेत्रमा समानता रहेको देखिंदैन। यिनीहरूलाई वर्षदिनको लागि बल्लतल्ल खान पुग्ने चामल, दाल, नुन, तेल आदिको रूपमा ज्याला दिने चलन प्रायः व्याप्त छ। सिँगो परिवार धान्न नपुग्ने ज्यालाको न्युनस्तरले गर्दा श्रमिकहरू अड्को-पड्को पर्दा उनै जग्गाधनीसँग चर्को ब्याजदरमा ऋण लिन बाध्य हुन्छन्। फलस्वरूप कमैयाहरू उक्त ऋणको सागरमा डुब्दै जान्छन्। आफ्नो जग्गा नभई जग्गाधनीकै जग्गामा घर बनाई बसेका यस्ता कमैयाहरू अन्य आयस्रोत खोज्न वा अवलम्बन गर्न स्वतन्त्र हुँदैनन्। परिवारको एक जनाको ज्यालावापत परिवारका प्रायः सबै सदस्यले काम गर्नुपर्ने बाध्यताले बाँधाको बन्धनलाई वर्षेनी झन्-झन् कस्दै लैजान्छ। दासप्रथाकै अवशेषको रूपमा रहेको यस्तो कमैयाप्रथाको पूर्ण अन्त्य नगरी देशको आर्थिक तथा सामाजिक विकास गर्नु असम्भव हुन्छ।

## ९.२.४ ठेक्कामा काम गर्ने

दैनिक ज्यालादारी तथा लामो अवधिको लागि गरिने श्रम-सम्बन्ध बाहेक ठेक्का उत्पादनको केही अङ्क वा निश्चित रकम दिएर पनि श्रमशक्तिको प्रयोग गरिने चलन रहेको छ। तराईमा प्रायः बाली काट्ने र भित्र्याउने काम बालीको केही अंश श्रमिकलाई दिएर गराउने गरिएको

पाइन्छ। उदाहरणको रूपमा बाली काटो खलोसम्म ल्याउने काम गरेवापत १२ वा १६ अंशको बाली-ज्याला दिने प्रचलनलाई लिन सकिन्छ। यस्तै पहाडका केही जिल्लाहरूमा खेत खन-जोत गर्ने काम गरेवापत कूल उत्पादनको एक चौथाई अंश दिने चलन पनि भएको पाइन्छ। यस्ता सम्बन्धका अतिरिक्त खेतीपातिका खास-खास काम श्रमिकहरूको समूहलाई एक मुष्ट रकम वा अन्नाबाली दिएर काममा लगाउने गरिएको पनि पाइन्छ।श्रमशक्तिको उपलब्धता र समय विशेषमा श्रमशक्तिको मागको स्थिति हेरी लिने र दिनेको बीचमा पारिश्रमिकको निर्धारण गरी यस्तो ठेक्काको माध्यमद्वारा कृषिकार्यमा चाहिने श्रमशक्तिको आपूर्ति गरिन्छ।

## ९.३ कृषि विकास र कृषि-श्रमिक

हालसालै तयार गरिएको दीर्घकालीन कृषियोजनाले कृषि विकासका प्रयासले कसरी ग्रामीण बेरोजगारी समस्या हल गर्नेछ भन्नेबारे प्रक्षेपण गरेको छ। जसअनुसार गरिबी र बेरोजगारीको समस्याको मूल जड जग्गा नै नहुनु, भएको थोरै जग्गामा उत्पादन न्युन हुनु तथा आवश्यक प्रतिफल प्राप्त नहुनु र अन्य रोजगारीका अवसरबाट वञ्चित हुनु नै हो। नेपालको गरिबी तथा बेरोजगारी समस्याको समाधान अधिकांश ग्रामीण जनतालाई जग्गामा स्वामित्व प्रदान गरेर, साना तथा सीमान्त जोतमा कृषि उत्पादन बढाएर र समग्रमा कृषि विकासको दर तीव्र पारेर, रोजगारी वृद्धि गरेर गरिनुपर्दछ। भूमि सुधारका प्रस्तावित कार्यक्रमहरूले अति साना किसान र जग्गाविहीन किसानहरूलाई थप जग्गामा स्वामित्व प्रदान गर्नेछ। प्रस्तावित कृषि विकासका कार्यक्रमहरूले कृषि विकासको प्रक्रियामा तीव्रता ल्याउनेछ र रोजगारीका अवसरहरू उपलब्ध गराउने दिशातर्फ कस्तो प्रभाव पार्नेछ भन्ने वर्णन(तालिका ९.३) मा गरिएको छ। प्रस्तुत तालिकामा विभिन्न दरमा कृषि वृद्धिदर र त्यसको गैर कृषि-क्षेत्रमा पार्ने प्रभावले जनसङ्ख्या र श्रमशक्तिको वृद्धिदरको तुलनामा कसरी रोजगारीको अवसर सिर्जना हुनेछ भन्ने कुरालाई केन्द्रित गरेको छ। तालिका निर्माण गर्दा लिइएका आधारहरू निम्नानुसार छन् :-

१ सुरुमा रोजगारीको लगि कृषिमा तीन चौथाई र गैर कृषि-क्षेत्रमा एक चौथाई श्रमशक्ति निर्भर गर्दछ।

२ जनसङ्ख्याको वृद्धिदर २.५ प्रतिशतबाट विस्तारै २.० प्रतिशतमा ओर्लनेछ।

३ प्रतिव्यक्ति कृषि आयमा हुने प्रत्येक एक प्रतिशतको वृद्धिदरले १.५ प्रतिशतको दरले गैर-कृषि क्षेत्रबाट हुने आयमा वृद्धि ल्याउनेछ।यो गुणात्मक प्रभावले कृषि विकासका प्रयासलाई बढी आकर्षक बनाउनेछ र कृषि तथा गैर कृषि-क्षेत्रको विकास संयुक्तरूपमा मात्र सम्भव हुन्छ भन्ने कुरालाई इङ्गित गर्दछ।

४ उत्पादन वृद्धिदर र रोजगारी वृद्धिदरको सम्बन्ध महत्वपूर्ण हुन्छ। ३ प्रतिशतले मात्र कृषि आयमा वृद्धि हुँदा रोजगारीको लचकता ०.६०, ४ प्रतिशतले कृषिमा वृद्धि हुँदा रोजगारीको लचकता ०.४५, ५ प्रतिशतले कृषिमा वृद्धि हुँदा लचकता ०.३० रहने अनुमान छ। विकासको मात्रा बढ्दै गएपछि वास्तविक ज्याला (RealWage) बढ्न थाल्छ र श्रम कम लाग्ने प्रविधिहरूको प्रयोग सुरु हुन्छ। फलतः रोजगारीको लचकता क्रमशः कम हुनथाल्छ।

५ कृषि आयमा आएको वृद्धि तथा गैर कृषि-क्षेत्रले ल्याएको प्रभावले उक्त क्षेत्रमा वृद्धि हुने उत्पादन र रोजगारीको सम्बन्धको हकमा लचकता ०.९० रहनेछ। कृषि-क्षेत्रको विकाससँगै वास्तविक ज्यालामा आउने वृद्धिले र श्रम बचाउने खालका प्रविधिहरूको प्रयोगले यो लचकता विस्तारै घट्दै जानेछ। सुरुमा गैर कृषि-क्षेत्रमा सिर्जना हुने रोजगारीका अवसरहरू सेवाक्षेत्रको विस्तार, दैनिक उपभोगका वस्तुहरूको उत्पादन र कृषि उत्पादको प्रशोधनबाट प्राप्त हुनेछ।

कृषि विकासको दर ३ प्रतिशतबाट बढेर ४ प्रतिशत भएमा कृषि रोजगारी तथा गैर कृषि-क्षेत्रको रोजगारीमा बृहत्तर प्रभाव पर्नेछ। कृषि-श्रमिकमा हुने वार्षिक वृद्धि पूर्णतया कृषि तथा गैर कृषि-क्षेत्रमा सिर्जना हुने रोजगारीका अवसरले समेट्नेछ र यस्तो रोजगारीको सिर्जनाले गरिबी उन्मूलनमा प्रभावकारी भूमिका खेल्ने प्रष्ट छ। यसरी सिर्जना हुने नयाँ रोजगारीका अवसरहरू ७५ प्रतिशत सोभै कृषि-क्षेत्रबाट र करिब २५ प्रतिशत कृषि विकासले सिर्जिएको गैर कृषि-क्षेत्रले सिर्जना गर्नेछ। अर्थात् वर्षेनी थपिने करिब ३ लाख श्रमशक्तिमध्ये २ लाख २५ हजार कृषिमा र ७५ हजारले गैर कृषिमा रोजगारी पाउनेछन्।

हालको ३ प्रतिशतको दरले भएको कृषि विकासको दर कायम रहने हो भने श्रमशक्तिको वार्षिक थप सङ्ख्याको तीन चौथाई मात्रै कृषि-क्षेत्रले समाहित गर्नेछ। तर त्यस्तो वृद्धिदरले गैर कृषि-क्षेत्रमा विकासको आधार बनाउने वातावरण सिजना हुँदैन जसले गर्दा वर्षेनी एक चौथाई श्रमिकले उत्पादनशील अवसरबाट वञ्चित रहनुपर्दछ साथै कृषि आयमा वृद्धि हुनेछैन र गरिबी बढ्दै जानेछ। यसर्थ थप श्रमशक्तिको खपत गर्न गैर कृषि क्षेत्रको विकास अनिवार्य हुन्छ।

अर्कोतर्फ ३ बाट ५ प्रतिशतले कृषि-क्षेत्रको विकास गर्न सक्ने हो र जनसङ्ख्याको वृद्धिदर पनि २.०प्रतिशतमा ओराल्ने हो भने कृषिक्षेत्रले वार्षिक श्रमशक्तिको वृद्धिबाट तीन चौथाई समाहित गर्नुका साथै गैर कृषि क्षेत्रको विकासको दरले चाहिएभन्दा भन्डै तीन गुणा बढी श्रमशक्ति समाहित गर्न सक्नेछ। यसरी कृषि

विकासको रफ्तार तेज गर्नाले गैर कृषिक्षेत्रको विकास झन् तीव्र हुनेछ र दुवै क्षेत्रले संयुक्तरूपमा नेपालको विद्यमान बेरोजगारीको समस्या पूर्णरूपले सुल्झाउने छ। मन्द कृषि विकासले न त कृषिक्षेत्रमै सबै श्रमशक्तिहरूलाई समाहित गर्ने क्षमता प्रदान गर्दछ न त यसले गैर कृषि-क्षेत्रलाई नै विकासोन्मुख बनाउनेछ।

## रोजगारीको अवसरमा कृषि विकासको प्रभाव

## तालिका- ९.३

| | | हालको स्थिति | ५-७ वर्षपछिको स्थिति | १०-१२ वर्ष पछिको स्थिति |
|---|---|---|---|---|
| १ | कृषि विकासको दर | ३.०० | ४.०० | ५.०० |
| २ | जनसङ्ख्या वृद्धिदर | २.५० | २.५० | २.०० |
| ३ | प्रतिव्यक्ति कृषि उत्पादामा वृद्धिदर | ०.५० | १.५० | ३.०० |
| ४ | कृषिको विकासको गैर कृषि क्षेत्रमा गुणात्मक प्रभाव | १.५० | १.५० | १.५० |
| ५ | गैर कृषि-क्षेत्रको विकासदर (२१×४) | ०.७५ | २.२५ | ४.५० |
| ६ | गैर कृषि क्षेत्रमा रोजगारी लचकता | ०.९० | ०.९० | ०.९० |
| ७ | गैर कृषि-क्षेत्रमा रोजगारीको वृद्धिदर (५×६) | ०.६८ | २.०३ | ०.०५ |
| ८ | कृषिक्षेत्रमा रोजगारीको लचकता | ०.६० | ०.४५ | ०.३० |
| ९ | कृषिमा रोजगारीको वृद्धिदर | १.८० | १.८० | १.५० |
| १० | कृषि र गैर कृषि क्षेत्रमा जनसङ्ख्याको अनुपात | ३:१ | ३:१ | ३:१ |
| ११ | कृषिमा समाहित हुन नसकेको श्रमशक्तिको लागि रोजगार दिन चाहने कृषि क्षेत्रको वृद्धिदर | २.१० | २.१० | १.५० |
| १२ | गैर कृषि क्षेत्रले रोजगारी दिनुपर्ने मध्ये कति प्रतिशतलाई रोजगारी उपलब्ध हुने | ३२ | ९७ | २७० |

*स्रोतः दीर्घकालीन कृषि योजनाले प्रस्तुत गरेका तथ्याङ्कहरू।*

## ९.४ कृषि श्रमिकको आर्थिक तथा सामाजिक उत्थानका लागि गर्नुपर्ने कामहरू

हालको अभाव, न्युन रोजगारीका अवसर र सोबाट प्राप्त हुने न्युन आयको स्थितिले अधिकांश श्रमिकहरू गरिबीको रेखामुनि रहेका छन् । भूमि सुधार कार्यक्रमहरूले अधिकांश जग्गाविहीन परिवारलाई जग्गामा स्वामित्व स्थापना गर्नेछ। कृषि विकासका प्रयासहरूले आफ्नै तथा अर्काको जग्गामा काम गर्नेहरूको रोजगारीका स्थितिमा सुधार ल्याउनुका साथै तिनीहरूको आयमा वृद्धि गर्नेछ। कृषि विकासले ल्याउने गैर कृषिक्षेत्रको बढोत्तरीसमेतले वर्षेनी थपिने करिब तीन लाख श्रमिकसमेतलाई पूर्ण रोजगारीका अवसर प्राप्त हुँदै गई क्रमशः गैर कृषि क्षेत्रले बढ्दो दरमा श्रमिकहरू समाहित गर्ने प्रक्रिया बढ्नेछ। त्यसैले कृषि श्रमिकहरूको उत्थानको मूल बाटो भूमि सुधार र कृषि विकास नै हुने र यी क्षेत्रहरूमा प्रस्तावित कार्यक्रमहरू सञ्चाालन गर्न कुनै ढिलासुस्ती गर्नु कृषि श्रमिकको हित-विपरित हुनेछ। यी कार्यक्रमका साथै विकासका प्रयासहरू सामाजिक न्यायका पक्षमा रहिरहुन् भन्नको लागि श्रमिकहरूको हकहितको सुरक्षाका लागि सहायक कार्यक्रमहरूलाई पनि सँगै सञ्चालन गर्नुपर्ने हुन्छ। अन्यथा कृषिश्रमिकहरू विकासको प्रतिफलबाट वञ्चित हुनसक्ने सम्भावना रहन्छ। कृषि श्रमिकको हितका लागि सञ्चालन गर्नुपर्ने कार्यक्रमहरू यी हुन् :-

१. नेपालका पश्चिम र सुदूर पश्चिम तराईमा व्याप्त कमैया प्रथाको अन्त्य गरिनुपर्दछ। कमैयाहरू आर्थिक र सामाजिक बन्धनले गर्दा श्रमका अवसरहरू स्वइच्छाले चयन गर्ने स्थितिमा रहेका छैनन् । यस्तो स्थितिमा उनीहरू आफ्नै अहित हुने शर्तलाई पनि स्वीकारी रहेका जग्गाधनीको काममा सङ्लग्न भइरहन बाध्य छन् । कमैयाहरू प्रायः आफ्नो घर जग्गा नहुने र जग्गाधनीको ऋणमा चुर्लुम्म डुबेका हुन्छन् । कमैया प्रथाको अन्त्य नगरी यस्ता श्रमिकहरूको जीवनस्तर उकास्नु सम्भव हुँदैन। हाल श्री ५ को सरकारले कमैया प्रथा अन्त्य गर्न विभिन्न कदम चालेको पनि छ। कृषि-श्रमिकहरू मध्ये कमैयाहरूको लागि निम्न विशेष कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

क. कमैयाहरूको लागि घरबासको व्यवस्था गर्नुपर्दछ। यसले जग्गाधनीमा रहेको परनिर्भरता कम गराई श्रमका शर्तहरूको चयन गर्न पाउने स्थितिको सिजना गर्नेछ। सुकुमबासीको हैसियतले जग्गा वितरणको क्रममा कमैयाहरूलाई कम्तीमा घरबासको लागि र गरिखान पुग्ने जग्गा उपलब्ध गराउने प्राथमिकता दिइनु पर्दछ।

ख. कमैयाहरूले लिएको ऋणले उनीहरूलाई जग्गाधनीसँग बाँधेको हुन्छ। उनीहरूलाई ऋण मुक्त पार्न उचित र ठोस कदम चालिनु पर्दछ।

ग. भूमि सुधार कार्यक्रमअन्तर्गत गरिने जग्गाको पूनर्वितरणमा कमैयाहरूलाई पहिलो प्राथमिकता दिई खेती गर्ने जग्गामा स्वामित्व दिइनु पर्दछ।

२ कृषिश्रमिकहरूको न्युनतम ज्याला निर्धारण र सो ज्याला प्राप्त गर्न गर्नुपर्ने अधिकतम कामको अवधि तोक्नुपर्दछ। कामको विविधता र बाली-चक्रमा विभिन्न समयमा श्रमशक्तिको विभिन्नस्तरको उत्पादकत्व हुने हुँदा न्युनतम ज्याला निर्धारण स्थानीय परिस्थितिलाई ध्यानमा राखी जिल्लास्तरमा गरिनुपर्दछ। एकै प्रकारका काम गर्ने महिला र पुरुषमा पनि ज्यालादरमा रहँदै आएको असमानताको भिन्नता रहन दिनुहुँदैन। समान काममा लिङ्गको आधारमा ज्यालादरमा भिन्नता रहन दिनु हुँदैन। द्रुततर कृषि विकासको पथको अवलम्बनले कृषि श्रमिकहरूको उत्पादकत्वमा लगातार अभिवृद्धि ल्याउनेछ र सोहीअनुसार ज्यालादरमा पनि अभिवृद्धि आएको छ छैन भनी अनुगमन गर्ने व्यवस्था गरिनुपर्दछ। ज्यालामा काम गर्दा तोकिएको अधिकतम समयभन्दा अधिक काम गर्ने श्रमिकहरूको लागि बढी ज्याला दिनुपर्ने बाध्यताको सिर्जना गर्नुपर्दछ।

३ कृषिश्रमिकको लागि कामको प्रकृति र सधैं एउटै (वा सीमित) जग्गाधनीसँग मात्र काम गर्ने परिस्थिति नहुँदा, सञ्चयकोष तथा पेन्सनको व्यवस्था गर्न कठिन छ। तथापि अरू श्रमिकसरह यस्तो सुविधाको व्यवस्था नगरेसम्म सामाजिक न्यायको दृष्टिले कृषिश्रमिक घाटामा रहने र वृद्ध अवस्थामा र काम गर्दा जोखिमको सामना गर्नुपर्ने स्थिति रहिरहन्छ। यसर्थ कृषि-श्रमिकहरूको विकासको लागि राज्यले निम्न व्यवस्था गर्नु पर्दछ।

क. कृषि-श्रमिकहरूको विकास संस्थागतरूपमा गर्न कृषिश्रमिकलाई नेपाली नागरिकताको प्रमाणपत्रको आधारमा स्थानीय कृषि श्रमिकको ट्रेड युनियन तथा गाउँ विकास समितिको संयुक्त सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट नागरिकताको नम्बर राखेर कृषि परिचयपत्रका आधारमा बनेका कृषि-श्रमिक सदस्यहरूको सङ्गठनलाई ट्रेड युनियनअन्तर्गत समावेश गरिनुपर्दछ। जिल्लास्तरमा सरकारी स्वामित्व भएको बैंकमा एउटा "कृषि-श्रमिक कोष" सञ्चालन गर्ने व्यवस्था गरिनु पर्दछ।

ख. गाउँस्तरमा प्रत्येक ज्यालामजदूरी गरेको दिनको निश्चित रकम (पचास पैसा वा एक रुपियाँ) श्रम-सहयोगबाट स्थापित उक्त कोषमा जम्मा गर्ने र त्यति नै रकम सरकारले थपिदिने व्यवस्था गर्नुपर्दछ यसरी जम्मा

भएको रकमले दुई किसिमका कामहरू गर्ने व्यवस्था हुनुपर्दछ। पहिलो, श्रमिकहरूबिरामी पर्दा वा अशक्त हुँदा खर्च अनुदान दिने र दोस्रो, वृद्ध अवस्थामा ६० वर्ष पूरा भएपछि निवृत्तिभरण दिने व्यवस्था गरिनुपर्दछ।

ग. श्रम सहयोगको कोष सङ्कलन र सञ्चालनको लागि ट्रेड युनियनको मातहतमा ग्रामीणस्तरमा एक समिति बनाउनु पर्दछ। उक्त समितिले कोषमा श्रमिकहरूको सहभागिता बढाउन क्रियाशील रहने र कोषमा दातृहरूले दिने सहयोग समेतको सङ्कलन गरी कोष व्यवस्थापन गर्नुपर्नेछ।

घ. कोषको रकम खर्च गर्दा श्रमिकहरूले गरेको योगदानलाई आधार बनाई वर्षमा निश्चित रकम योगदान गर्नेहरूले मात्र सुविधा उपभोग गर्न पाउने जस्ता आधार र व्यवस्था गर्नुपर्नेछ।

ङ. कृषि-श्रमिकको पहिचान गर्ने आधार, कृषिश्रमिकको ट्रेड युनियनको सदस्यता, गठनतथा साङ्गठनिक आधार, कृषि श्रमिकको वार्षिक न्युनतम तथा अधिकतम श्रमदिनहरूको निर्धारण, कोष सञ्चालन विधि आदि बारेमा ठोस र व्यवहारिक योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था हुनुपर्दछ।

४ हाल अन्य प्रकारका श्रमिकहरूको सङ्गठनसँगै कृषि मजदूर संघ नेपाल पनि गठन भैसकेके छन्। जे भए पनि योजनाबद्धरूपमाश्रमिक सङ्गठन बन्नुपर्दछ र प्रत्येक मेहनती कृषि श्रमिकसँग एकाकार भएर यसले अघि बढ्नुपर्ने कुरालाई यस आयोगले विशेष जोड दिन्छ। कृषि श्रमिकको हकहितको सुरक्षाको लागि यस्तो सङ्गठनको भूमिका ठूलो रहन्छ। कृषि श्रमिकको हकहितको संरक्षण गर्न र श्रमिकहरूको लागि कार्यक्रमहरू सञ्चालनको सघाउ पुऱ्याउन कृषि श्रमिक सङ्गठन निर्माण गर्ने तथा परिचालन गर्नेतर्फ पहल कदमी हुनुपर्दछ। कृषि-श्रमिक सङ्गठनलाई ट्रेड युनियनकै रूपमा दर्ता गरी अधिकार समेत दिइनुपर्दछ।

५ कृषि श्रमिकहरूको आर्थिकस्तर निम्न रहेको परिप्रेक्ष्यमा श्रमिक परिवारका केटाकेटीहरूको शिक्षा-दिक्षा तर्फ राज्यले व्यवस्था गरी सीप विकासतर्फ विशेष ध्यान दिनु आवश्यक छ। यो सन्दर्भमा प्रत्येक स्कूलमा कृषि-श्रमिकका छोराछोरीको लागि छात्रवृत्तिको रकम अनुदानको व्यवस्था गर्ने नीति अपनाउनु पर्दछ। श्री ५ को सरकारको स्वामित्व भएका संस्थाहरूमा कृषिश्रमिकका परिवारका घटीमा एक जनालाई रोजगारीका लागि प्राथमिकता दिने व्यवस्था गर्नुपर्दछ।

# परिच्छेद- १०

## कार्यान्वयन व्यवस्था

प्रस्तुत परिच्छेदमा प्रस्तावित भूमि सुधार कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने सम्बन्धमा के कस्ता संयन्त्रको आवश्यकता पर्छ र तिनीहरूको काम, कर्तव्य र अधिकार के कस्तो हुनुपर्छ आदि बारेमा विस्तृत चर्चा गरिएको छ ।

कुनै पनि कार्यक्रमको उद्देश्य तथा नीति जतिसुकै राम्रो भए तापनि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नभएमा उपलब्धि हासिल गर्न कठिनाई हुने कुरा विगतका अनुभवले हामीलाई सिकाएको छ । प्रस्तावित नयाँ भूमि सुधार कार्यक्रमअनुसार जग्गाको अधिकतम हदबन्दी कम गर्ने, भूमिमा रहेको दोहोरो नियन्त्रण व्यवस्था (मोहियानी प्रथा) अन्त्य गरी एकै व्यक्तिको कृषक स्वामित्व स्थापना गर्ने जस्तो किसिमका कार्यक्रमबाट सीमित व्यक्तिहरूलाई केही प्रतिकूल असर पर्ने भए तापनि बहुसङ्ख्यक नेपाली जनसमुदायको हितमा यस कार्यक्रमलाई राजनीतिक कटिवद्धताका साथ कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

कृषि उत्पादनको प्रमुख साधनको रूपमा रहेको भूमिमाथिको स्वामित्वसम्बन्धी पहुँच जग्गाविहीन व्यक्ति तथा परिवारमा बढाई जग्गाको चक्लाबन्दी गरी भूमिको उचित प्रयोग तथा विकासका साथै उत्पादकत्व बढाउन उपर्युक्त सघन खेती प्रणालीको लागि आवश्यक पर्ने सिँचाइ, प्रविधि, कृषि सामग्री, ऋण तथा बजार व्यवस्था आदि समेत उपलब्ध गराउने दृष्टिले एकीकृत तथा समन्वयात्मकरूपले कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने हुन्छ । यसै पृष्ठभूमिमा भूमि सुधार कार्यक्रमलाई एकाङ्गीरूपमा नहेरी देशको कृषि विकासको साथै समष्टिगतरूपले देशको आर्थिक विकास गर्ने दृष्टिले हेरिनु आवश्यक छ ।

हाल भूमि सुधार कार्यक्रम निष्कृय अवस्थामा रहेको हुँदा वर्तमान प्रशासनिक संयन्त्रबाट मात्र प्रस्तावित यस्तो महत्वपूर्ण भूमि सुधार कार्यक्रम सञ्चालन गर्न सकिने अवस्था देखिँदैन । त्यसकारण, भूमि सुधारसम्बन्धी नयाँ कार्यक्रमका उद्देश्य र नीति निश्चित गरी तदनुरूप कानुनको तर्जुमा गरी वर्तमान बहुदलीय प्रजातान्त्रिक व्यवस्था अनुरूप सबै प्रमुख राजनीतिक दलहरूका प्रतिनिधिहरूको समेत सङ्लग्नतामा राष्ट्रिय प्राथमिकता प्राप्त कार्यक्रमको रूपमा दृढताका साथ यसलाई कार्यान्वयन गर्न केन्द्रीयस्तरदेखि गाउँस्तरसम्म सशक्त तथा प्रभावकारीरूपमा कार्यान्वयन गर्न संयन्त्रको व्यवस्था गर्न आवश्यक हुने हुँदा देहाय बमोजिमको सिफारिस गरिएको छ ः

# १०.१ केन्द्रीयस्तर

## १०.१.१ उच्चतस्तरीय भूमि सुधार तथा कृषि विकाससम्बन्धी आयोगको गठन

भूमि सुधार तथा कृषि विकासको क्षेत्रमा खास अवधिभित्रै निश्चित काम सम्पन्न गर्ने दृष्टिले राष्ट्रियस्तरमा २ वर्षको लागि एउटा केन्द्रीयस्तरमा उच्चस्तरीय आयोगको गठन गर्नुपर्ने र सो आयोगको गठन विधि देहाय बमोजिम हुनुपर्ने देखिन्छ :-

| | | |
|---|---|---|
| १. | सम्माननीय प्रधानमन्त्रीज्यू वा उपप्रधानमन्त्रीज्यू वा उपप्रधानमन्त्री स्तरको राजनीतिक व्यक्ति | अध्यक्ष |
| २. | माननीय भूमि सुधार तथा व्यवस्था मन्त्री | सदस्य |
| ३. | माननीय कृषि मन्त्री | सदस्य |
| ४. | माननीय गृहमन्त्री | सदस्य |
| ५. | माननीय अर्थमन्त्री | सदस्य |
| ६. | राष्ट्रिय योजना आयोगका उपाध्यक्ष | सदस्य |
| ७. | राष्ट्रिय योजना आयोगका सदस्य (कृषि तथा भूमि सुधार हेर्ने) | सदस्य |
| ८. | प्राकृतिक स्रोत साधन तथा वातावरण संरक्षणसम्बन्धी प्रतिनिधि सभाको समितिका सभापति | सदस्य |
| ९. | राजनीतिक दलका प्रतिनिधिहरू | ४ जना सदस्य |
| १०. | अर्थशास्त्र, भूमि तथा कृषिसम्बन्धी विशेषज्ञहरू मध्येबाट | ४ जना सदस्य |
| ११. | कृषक प्रतिनिधि-१ | सदस्य |
| १२. | महिला प्रतिनिधि -१ | सदस्य |
| १३. | कृषि मन्त्रालयका सचिव | सदस्य |
| १४. | भूमि सुधार मन्त्रालयका सचिव | सदस्य |

यस अतिरिक्त कानुन, उद्योग, जलस्रोत तथा वन मन्त्रालयका मन्त्री वा सचिवहरूलाई आवश्यकतानुसार आमन्त्रितको रूपमा सम्मिलित गराउन सकिनेछ। आयोगको सचिवालयको काम भूमि सुधार तथा व्यवस्था मन्त्रालयले गर्नुपर्ने हुन्छ।

आयोगको सदस्य सङ्ख्या धेरै भई बैठक बस्न कठिनाई हुने अवस्थामा उक्त सदस्यहरू मध्येबाढ्न ३ देखि ५ जनाको छुट्टै कार्यकारी समिति बनाई आयोगबाट अधिकार प्रत्यायोजन गरी कार्यान्वयन व्यवस्थालाई प्रभावकारी बनाउन सकिने व्यवस्था पनि गर्न सकिनेछ।

## १०.१.२ आयोगको काम मुख्यरूपले देहाय बमोजिम हुनेछ-

१. भूमि सुधार तथा कृषि विकाससम्बन्धी श्री ५ को सरकारबाट निश्चित भएका नीति तथा कार्यक्रमअनुसार ऐन नियमको व्यवस्था बमोजिम कार्यान्वयन गर्न आवश्यक पर्ने सम्पूर्ण व्यवस्था मिलाउने ।

२. उक्त कार्यक्रमको लागि देशभरी अनुकूल राजनीतिक वातावरण तयार गर्न सकभर सबै प्रमुख राजनीतिक दलहरूका प्रतिनिधि तथा कार्यकर्ताहरूको साथै विभिन्न किसान संघहरूको प्रतिनिधिहरूको सहभागिता रहने गरी भेटघाट, अन्तक्रिया आदिद्वारा सहमतिपूर्ण वातावरणको लागि उपर्युक्त व्यवस्था गर्ने ।

३. कार्यक्रमसँग सम्बन्धित केन्द्रीय निकायहरूबीच आपसी समन्वय कायम गर्ने ।

४. केन्द्रीयस्तरबाट सञ्चालन हुने विभिन्न कार्यक्रमहरूको प्रचार-प्रसार सम्बन्धी सम्पूर्ण व्यवस्था गर्ने ।

५. भूमि सुधार कार्यक्रम, जग्गा जमिन (गुठी जग्गासमेत) सम्बन्धी व्यवस्था, कृषि विकाससम्बन्धी सम्पूर्ण कार्यक्रमका सम्बन्धमा रहेका सबै प्रकारका समस्याहरूको समाधान गर्न उपर्युक्त उपायहरू अवलम्बन गर्ने ।

६. कार्यान्वयनमा देखिएका समस्याहरूको निराकरण गरी कार्यान्वयनमा एकरूपता र प्रभावकारीता ल्याउने ।

७. विभिन्न नीतिगत विषयहरू निर्धारण गरी आवश्यक भए श्री ५ को सरकारको (मन्त्रिपरिषद्को) निर्णय गराउने व्यवस्था गर्ने ।

८. आवधिकरूपले प्रगति समीक्षा तथा मुल्याङ्कन गरी अनुगमन गर्ने प्रक्रियालाई प्रभावकारी बनाउने ।

९. जिल्लास्थित कार्यान्वयन गर्ने निकायका लागि आवश्यक प्रशासकीय तथा बजेट व्यवस्थाको साथै आवश्यक निर्देशन, सुपरीवेक्षण तथा नियन्त्रण गर्ने ।

१०. कार्यक्रमअनुसार गर्नुपर्ने कार्यहरूलाई निश्चित अवधि तोकी सो समयभित्र सम्पन्न गर्न तथा गराउन उपर्युक्त कदमहरू चाल्ने ।

११. कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा आयोगबाट भएका निर्णयहरूलाई श्री ५ को सरकारले (मन्त्रिपरिषद्को) निर्णयसरह मान्यता दिने ।

### १०.१.३ आयोगको कार्यविधि तथा सुविधा

१. आयोगको कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुने ।

२. आयोगले आवश्यकताअनुरूप विभिन्न उपसमितिहरूको गठन गरी सम्बन्धित विषयमा ज्ञान भएका व्यक्तिलाई पनि उक्त समितिमा सम्मिलित गराई निश्चित काममा लगाउने तथा राय-सल्लाह पनि लिन सक्ने र त्यस्ता व्यक्तिहरूको पारिश्रमिक आयोगले तोके बमोजिम हुने ।

३. आयोगको बैठक कम्तीमा महिनाको एक पटक बस्ने र अरू बैठक आवश्यकतानुसार बस्न सक्ने ।

४. बैठक भत्ता श्री ५ को सरकारले तोके बमोजिम हुने ।

५. पुरै समय काम गर्ने छुट्टै व्यक्त अध्यक्ष भएमा उपप्रधानमन्त्रीसरहको स्तर कायम गरी सोही अनुसारको सबै सुविधा उपलब्ध गराउनु पर्ने र अन्य सदस्यहरूमध्ये पुरै समय काम गर्ने गरी कसैलाई राखिएमा राज्यमन्त्रीसरहको स्तर कायम गरी सोहीअनुसार तलब, भत्ता, दैनिक भ्रमण भत्ता तथा अन्य सुविधा दिनुपर्ने

## १०.२ जिल्लास्तर

हाल जिल्लास्तरमा भूमि सुधार कार्यालय, भूमि सुधार अधिकारी तथा अन्य कार्यालयहरू रहे तापनि नयाँ भूमि सुधार तथा कृषि विकाससम्बन्धी कार्यक्रम प्रभावकारी तथा समन्वयतात्मकरूपले कार्यान्वयन गरी निश्चित अवधिभित्र निश्चित काम सम्पन्न गर्न सक्षम तथा कटिवद्ध व्यक्तिको नेतृत्वमा कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ। यसर्थ जिल्लास्तरमा पनि यस कार्यक्रमको लागि देहाय बमोजिमको आयोग तथा समिति गठन गर्नु उपर्युक्त हुने देखिन्छ-

### १०.२.१ जिल्लास्तरीय भूमि सुधार आयोग

जिल्लास्तरीय भूमि सुधार आयोगमा माथिल्लोस्तरको राजनीतिक व्यक्ति वा प्रशासकीय वा कानुनी अनुभव भएको व्यक्तिको अध्यक्षतामा निम्न व्यक्तिहरू रहने गरी आयोगको गठन गर्नुपर्ने हुन्छ-

| | | |
|---|---|---|
| १ | श्री ५ को सरकारले नियक्त गरेको व्यक्ति | अध्यक्ष |
| २ | मालपोत कार्यालयका प्रमुख | सदस्य |
| ३ | भूमि सुधार अधिकारी | सदस्य-सचिव |

जिल्लास्थित कृषि विकास कार्यालय, सिँचाइ कार्यालय, आवास तथा सहरी विकास कार्यालय, वन कार्यालय, सहकारी कार्यालय, कृषि सामग्री संस्थान, कृषि विकास बैंक आदिका प्रमुखहरूलाई आवश्यकतानुसार वैठकमा आमन्त्रित रूपमा राख्नक सकिने व्यवस्था गर्नपर्ने हुन्छ।

कार्यक्रमअनुसार प्रथम चरणमा गरिनुपर्ने निश्चित कार्यहरू सम्पन्न गर्न उक्त आयोग कम्तीमा ३ वर्षदेखि बढीमा ३ वर्षको अवधिको लागि रहने र त्यसपछिका चरणमा गरिने अन्य सालवसाली रूपमा सञ्चालन गर्ने काम सम्बन्धित कार्यालय प्रमुखबाट ऐनको तोके बमोजिम गर्ने व्यवस्था हुनुपर्दछ।

आयोगको अध्यक्ष राजनीतिकरूपले नियुक्त गर्नुपर्ने र निजको स्तर कामको बोझ बढी हुने जिल्लाहरू (जस्तै तराई भित्री मधेस, काठमाडौं उपत्यका) को लागि रा.प. विशिष्ट श्रेणीसरहको र कामको बोझ कम हुने अन्य पहाडी जिल्लामा रा.प. प्रथम श्रेणीसरहको स्तर कायम गर्नुपर्ने हुन्छ।

जिल्ला भूमि सुधार कार्यालयले आयोगको सचिवालयको काम गर्नुपर्ने र आयोग कार्यरत रहुन्जेल भूमि सुधार कार्यालय र मालपोत कार्यालयले आयोगका निर्णयहरूलाई कार्यान्वयन गर्नुपर्नेछ।

## १०.२.२ जिल्लास्तरीय आयोगको काम

भूमिसम्बन्धी कानुनअनुसार आयोगले गर्ने भनी तोकिएका कामहरू आयोगले गर्नुपर्नेछ। प्रस्तावित भूमिसम्बन्धी ऐन अनुसार कार्यान्वयन गर्ने निकायको रूपमा आयोग, समिति वा अधिकारीले गर्ने भन्ने कुरा उल्लेख भएमा आवश्यकतानुसार कार्यान्वयन व्यवस्था मिलाउनु सकिने हुन्छ। जिल्लास्तरमा मुख्यरूपले भूमि सुधार कार्यक्रम सम्बन्धी देहाय बमोजिम कार्यहरू उक्त निकायले गर्ने भनी तोकिनु पर्ने देखिन्छ :-

१ मोहीको लगत अद्यावधिक गर्ने क्रममा लगतमा दर्ता कायम रहेका तर वास्तवमा जोत-कमोद गर्न छोडिसकेकाहरूले लगत-कट्टा गर्ने तथा वास्तवमा जग्गा तोकिएको अवधिदेखि लगातार जोतिरहेको तर मोहीको रूपमा कायम हुन नसकेका अवस्थामा सम्बन्धित क्षेत्रमा नै विभिन्न स्रोत तथा सरजमिन टोलीमार्फत वास्तविकता बुझिएअनुसार निर्णय गरी नयाँ मोही कायम गर्ने र त्यस्ता निर्णय अन्तिम हुने व्यवस्था लाग्ने।

२ भूमिमाथिको दोहोरो नियन्त्रण (मोहियानी) व्यवस्था अन्त्य गर्ने क्रममा मोही र जग्गावालाबीच जग्गा बाँडफाँट गर्ने सम्बन्धी सम्पूर्ण कार्यविधि (निवेदन लिने,

छानवीन गर्ने, कित्ताकाट गर्ने) पुरा गरी जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने व्यवस्था गर्नुका साथै यस कार्यक्रमसम्बन्धी अन्य सबै तोकिएअनुसार कार्य गर्ने ।

३ हदबन्दीसम्बन्धी नयाँ व्यवस्थाअनुसार जग्गाको फाँटवारी लिने, छानवीन तथा जाँचबुझ गरी जग्गा प्राप्त गर्ने निर्णय गर्ने । कसैले झुठो अधुरो फाँटवारी दाखिल गरेको कुरा छानवीनबाट प्रमाणित भएमा त्यस्तो जग्गा जफत गर्ने। त्यसरी हदबन्दीबाट प्राप्त र जफत भएको जग्गाको कित्ता, क्षेत्रफल आदिको विवरण बनाई बिक्री-वितरणको व्यवस्था तोकिएको प्राथमिकताअनुसार गर्ने । बिक्री-वितरण नहुन्जेल त्यस्तो जग्गाको जोत-कमोदसम्बन्धी आवश्यक व्यवस्था गर्ने । प्राप्त गरिएको जग्गाको मुआब्जा दिने प्रक्रिया तथा अवधि निश्चित गर्ने । बिक्री-वितरणमा जग्गा पाउनेसँग मुल्य लिने सम्बन्धी व्यवस्था किस्ताबन्दी तथा अवधि निश्चित गरी सबैको रेकर्ड व्यवस्थित तथा अद्यावधिकरूपले राख्न लगाउने ।

४ जग्गाको चक्लाबन्दी गर्ने सम्बन्धमा माग भए अनुसार तोकिए बमोजिम निश्चित ठाउँमा सो कार्यक्रम सञ्चालन गर्न मालपोत कार्यालयअन्तर्गत मेन्टेननेन्स नापी शाखामा रहेका कित्ता नापीको नक्साको आधारमा जग्गाको स्वामित्वसम्बन्धी विवरण पनि तयार गराई जिल्लास्थित आवास तथा भौतिक योजना कार्यालयको प्राविधिक कर्मचारी र नापीको प्राविधिक कर्मचारीको समेत सहयोगबाट व्यवस्थितरूपले सार्वजनिक स्थल छुट्याई खेती हुने जग्गाको वर्गीकरणअनुसार ब्लक छुट्यासई जग्गाको मुल्याङ्कन गरी विभिन्न प्रकारका जग्गाको अनुपात पनि निश्चित गर्ने काम आयोगले गर्ने । तर आयोगले त्यस्तो निर्णय गर्नु पूर्व सो कार्यक्रम लागु हुने क्षेत्रका जग्गावालाका प्रतिनिधिहरूको एउटा समिति बनाई उल्लिखित कुराहरूमा उनीहरूबाट भएको सिफारिस समेतलाई ध्यानमा राखी कारवाही गर्ने ।

५ निश्चित व्यक्तिहरूले आपसी समझदारीअनुसार जग्गा सट्टपट्टा गरी चक्लाबन्दी गर्ने संयुक्त निवेदनहरू दिएमा तोकिए बमोजिमको सहुलियत दिई प्राथमिकताका साथ परस्परमा स्वामित्व हस्तान्तरण गर्ने व्यवस्था गर्ने ।

६ कानुनले तोकेअनुसारको कामहरूबाहेक आयोगले गर्नुपर्ने अन्य कार्य देहाय बमोजिम हुनेछ :-

क. तल उल्लेख भएअनुसार गठन गरिने जिल्लास्तरीय भूमि सुधार सहयोग

समितिलाई परिचालन गरी भूमि सुधार तथा कृषि विकाससम्बन्धी नयाँ कार्यक्रमबारे जिल्लास्तरमा व्यापक सभा, गोष्ठी तथा अन्य तरिकाबाट प्रचार-प्रसार गरी जनसहभागिता जुटाई कार्यान्वयनमा प्रभावकारीता ल्याउन आवश्यक व्यवस्था गर्ने ।

ख. जिल्लाका विभिन्न क्षेत्रमा पठाइने भूमि सुधार कार्यान्वयन टोलीमा जाने कर्मचारी, राजनीतिक कार्यकर्ता तथा जनप्रतिनिधिको आवश्यक व्यवस्था गर्ने । राजनीतिक कार्यकर्ताहरू लिँदा सकभर सबै राजनीतिक दल तथा किसान संघ आदिबाट यस्ता कार्यक्रमप्रति कटिवद्धता तथा झुकाव भएका व्यक्तिहरू लिने । यसरी गठन हुने टोलीका कर्मचारी तथा कार्यकर्ताहरूलाई कार्यक्रमको उद्देश्य, सोबाट हुने फाइदा, उनीहरूले गर्नुपर्ने कामहरू, समाधानका उपायहरू, हुनुपर्ने व्यवहार आदिका बारेमा समेत आवश्यक प्रशिक्षण तथा तालिम (व्यवहारिक रूपले फारम भर्ने, निवेदन लिने, सरजमिन गर्ने आदि समेत) दिई पठाउने ।

ग. आवधिकरूपले त्यस्ता टोलीहरूको सुपरीवेक्षण गरी समस्या समाधान गर्ने, क्षेत्रमा नै गई टोलीको कामको प्रगति समीक्षा पनि गर्ने व्यवस्था मिलाउने ।

घ. आफ्नो जिल्लामा कार्यक्रम कार्यान्वयनको प्रगति तथा आइ परेका समस्याहरू केन्द्रीय भूमि सुधार आयोगमा पठाउने ।

## १०.२.३ जिल्लास्तरीय भूमि सुधार तथा कृषि विकास सहयोग समिति

भूमि सुधार तथा कृषि विकाससम्बन्धी कार्यहरूलाई जनसहभागिता जुटाई समन्वयात्मक किसिमले सञ्चालन गर्ने दृष्टिले आवश्यक वातावरण सिर्जना गरी प्रचार-प्रसारबाट व्यापक जानकारी गराउने उद्देश्यले प्रत्येक जिल्लामा एउटा छुट्टै भूमि सुधार तथा कृषि विकास सहयोग समिति गठन गरिने र सो समितिमा देहायका व्यक्तिहरू रहने व्यवस्था हुनुपर्दछ-

| | |
|---|---|
| जिल्लास्तरीय भूमि सुधार आयोगको अध्यक्ष | अध्यक्ष |
| जिल्ला विकास समितिका सभापति | सदस्य |
| जिल्लास्तरीय किसान संघहरूका सभापति | सदस्य |
| जिल्लास्तरमा रहेका विभिन्ना राजनीतिक दलका प्रतिनिधिहरू | सदस्य |

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी | सदस्य |
| स्थानीय विकास अधिकारी | सदस्य |
| प्रहरी कार्यालयका प्रमुख | सदस्य |
| मालपोत कार्यालयका प्रमुख | सदस्य |
| कृषि विकास कार्यालयका प्रमुख | सदस्य |
| सहकारी कार्यालयका प्रमुख | सदस्य |
| कृषि विकास बैंकका प्रमुख | सदस्य |
| कृषि सामग्री संस्थानका प्रमुख | सदस्य |
| सिँचाइ कार्यालय प्रमुख | सदस्य |
| आवास तथा सहरी विकास कार्यालयका प्रमुख | सदस्य |
| वन कार्यालयका प्रमुख | सदस्य |
| भूमि सुधार अधिकारी | सदस्य-सचिव |
| समाजसेवी, बुद्धिजीवी, कानुन व्यवसायी, महिला शिक्षकहरू मध्येबाट (कार्यक्रमलाई योगदान दिनसक्ने) सहयोग समितिको राय सल्लाहअनुसार अध्यक्षले मनोनित गर्ने ५ जना | सदस्य |

## १०.२.४ सहयोग समितिको काम मुख्यरूपले देहाय बमोजिम हुनेछ-

१ कार्यक्रम सुरु गर्दा जिल्लास्तरीय भूमि सुधारसम्बन्धी अन्तरक्रिया कार्यक्रम गराउने। सो कार्यक्रममा संसद्का सदस्यहरू, जिल्ला विकास समितिका सदस्यहरू, नगरपालिकाका प्रमुख, उपप्रमुख तथा सदस्यहरू, गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरू, विभिन्न किसान संघहरूका जिल्ला तथा गाउँस्तरका पदाधिकारी तथा सदस्यहरू, विभिन्न राजनीतिक दलका जिल्लास्तरीय प्रतिनिधिहरू, जिल्लास्थित सामाजिक संघसंस्थाका प्रतिनिधि, बुद्धिजीवी, शिक्षक, कानुन व्यवसायी आदि सम्मिलित गराई कार्यक्रमको विविध पक्षबारे जानकारी दिई, छलफल गराई सम्बन्धित सबै क्षेत्रको सहयोग प्राप्त गर्ने व्यवस्था हुनुपर्दछ।

२ उक्त अन्तरक्रिया कार्यक्रममा जिल्लास्तरमा भेला गर्दा ठूलो हुने वा व्यवस्था

गर्न कठिनाई हुने भए निर्वाचन क्षेत्रअनुसार वा जिल्लाको इलाकास्तरमा छुट्टाछुट्टै कार्यक्रम गर्ने व्यवस्था पनि गर्न सकिनेछ ।

३ अन्तरक्रिया कार्यक्रमको समयमा भूमि सुधार कार्यक्रममा सहयोग गर्न कार्यकर्ताको रूपमा कार्य गर्न सक्ने विभिन्न राजनीतिक दलका व्यक्ति तथा विभिन्न किसान संघका व्यक्तिहरूबाट नामावली सङ्कलन गर्ने काम पनि गराउन सकिनेछ । ती कार्यकर्ताहरूले गाउँगाउँमा गई भूमि सुधार टोलीमा रही काम गर्नेछन् ।

४ उक्त समितिले कम्तीमा महिनाको एक पटक बैठक गरी कामको प्रगतिको समीक्षा तथा मुल्याङ्कन गरी समन्वय तथा कार्यान्वयनका समस्याहरूबारे छलफल गरी कार्यक्रमलाई प्रभावकारीरूपले चलाउने व्यवस्था गर्नेछ ।

५ जिल्लाको विभिन्न क्षेत्रमा गई कार्यक्रमको उद्देश्यबारे प्रसारसम्बन्धी बैठकमा भाग लिई सबैको सहयोग लिने किसिमको वातावरण सिर्जना गर्नुको साथै कार्यान्वयन व्यवस्थाको अध्ययन तथा समस्याहरू देखिएमा समाधान गर्ने वा सम्बन्धित निकायमा जानकारी दिने जस्ता कामहरू गर्नेछ ।

६ भूमि सुधार तथा कृषि विकाससम्बन्धी कार्यक्रमबारे जिल्लास्तरमा कार्यान्वयन गर्दा के कस्तो तरिका तथा कहाँ-कहाँ के-के कामलाई प्राथमिकता दिई कहिले सञ्चालन गर्ने भन्ने जस्ता कुराहरूका साथै कार्यान्वयनमा कठिनाई देखापरेमा त्यसलाई कसरी समाधान गर्ने भन्नेञ जस्ता विषयहरूमा सहयोग समिति बढी मात्रा केन्द्रीत भई कार्य गर्नेछ ।

७ सहयोग समितिका सदस्यहरूले बैठकमा भाग लिँदा प्रत्येकलाई निश्चित रकम बैठक-भत्ता दिने व्यवस्था गर्नुपर्नेछ ।

## १०.३ गाउँस्तरको कार्यान्वयन व्यवस्था

### १०.३.१ भूमि सुधार कार्यान्वयन टोलीको गठन

१ कार्यक्रम कार्यान्वयन हुने खास क्षेत्र गाउँहरू नै भएको हुँदा प्रत्येक जिल्लाको गाउँ विकास समितिको सङ्ख्या तथा कामको अनुमानित बोझको आधारमा कम्तीमा ५ गाउँ विकास समितिदेखि बढीमा १० गाउँ विकास समितिको काम हर्ने गरी भूमि सुधार कार्यान्वयन टोलीको दरले रहने गरी टोली सङ्ख्या कायम

गर्नुपर्ने हुन्छ। यस्तो कार्यान्वयन टोलीमा प्रत्येक जिल्ला वा जिल्लाको निश्चित क्षेत्रमा कामको जटिलता र बोझको आधारमा टोली गठन गर्दा नायव सुब्बा, खरदारस्तरका कर्मचारी र कार्यकर्ताहरूको सङ्ख्या निश्चित गर्नुपर्दछ। सामान्यतः बढी कार्यबोझ तथा जटिल समस्या भएको क्षेत्रको लागि ना.सु. १, खरदार १ र कार्यकर्ता २ जना र काम कम भएको र विशेष समस्या नभएका क्षेत्रको लागि १ जना खरदार र २ जना कार्यकर्ता राखी टोली गठन गर्नु उपर्युक्त हुनेछ।

२ टोलीमा काम गर्ने कर्मचारीहरूलाई नियमानुसार पाउने तलबबाहेक क्षेत्रमा रहेको अवधिको दैनिक भ्रमणभत्ता पुरै अवधिको दिने व्यवस्था गर्ने र कार्यकर्ताहरूलाई दैनिक निश्चित रकमका दरले पारिश्रमिक दिने व्यवस्था गरिनुपर्दछ।

३ कार्यान्वयन टोलीको अवधि कामको बोझअनुसार कम्तीमा ३ महिनादेखि बढीमा ५ महिनासम्मको गर्नुपर्ने देखिन्छ।

## १०.३.२ भूमि सुधार कार्यान्वयन टोलीको काम

### १. जानकारी तथा विवरण लिने

टोलीहरूले गाउँमा गई काम सुरु गर्नुभन्दा पहिले जिल्लास्तरमा हुने तालिम प्राप्त गरी जिल्लास्तरीय भूमि सुधार आयोग, भूमि सुधार कार्यालय र मालपोत कार्यालयबाट आ-आफ्नो कार्यक्षेत्रमा पर्ने गाउँ विकास समितिहरूको लिनुपर्ने कागजात, मोही लागेको जग्गाको लगत स्रेस्तासम्बन्धी सबै विवरणहरू, मोहियानीसम्बन्धी उजुरी निवेदनहरू, कित्ता नापीबाट तयार भएको वडाका नक्साका प्रतिलिपिहरू, जग्गावालाको नाम, ठेगाना र प्रत्येक जग्गावालाको स्वामित्वमा रहेको जग्गाको क्षेत्रफलसम्बन्धी गाउँ विकास समितिअनुसारको विवरण सम्बन्धित कार्यालयबाट तयार भए अनुसार लिई सोसम्बन्धी अन्य जानकारी हासिल गर्नुपर्ने कुरा समेत बुझ्नु पर्नेछ।

### २. कार्यक्रम निश्चित गर्ने

प्रत्येक टोलीले आफ्नो कार्यक्षेत्रमा पर्ने गाउँ विकास समितिहरूमा कुन-कुन मितिमा कहाँ-कहाँ पुग्ने भन्ने कार्यक्रम निश्चित गरी सोहीअनुसार सम्बन्धित गाउँ विकास समितिहरूलाई सो सूचना पठाउनुपर्ने हुन्छसो गर्दा दुईवटा तरिका अपनाउन सकिन्छ। जस्तै प्रत्येक गाउँ विकास समितिको काम १५ दिनभित्र समाप्त गरी त्यसपछि अर्को गाउँ विकास समितिमा गई काम सुरु गर्ने गरी कार्यक्रम निर्धारण गर्ने एउटा उपाय हुनसक्छ। अर्को उपायको रूपमा क्षेत्रभित्रको

सबै गाउँ विकास समितिमा सुरुमा १र२दिन बसी कार्यक्रमबारे जानकारी दिई गाउँस्तरमा भूमि सुधार सहयोग समिति गठन गरी त्यहाँ गरिनुपर्ने कार्यहरूबारे स्थानीय गाउँ विकास समितिको सचिवको समेत सहयोगबाट प्रारम्भिक कार्यहरू गर्न लगाउने व्यवस्था जस्ता काम समाप्त गरिसकेपछि पुनः पहिले गएको गाउँ विकास समितिबाट कार्यक्रमअनुसार विस्तृतरूपले वास्तविक काम गर्ने किसिमको व्यवस्था पनि मिलाउन सकिनेछ।

## ३. भेला गर्ने तथा गाउँस्तरीय सहयोग समिति गठन गर्ने

उक्त दुई तरिकामध्ये जुन तरिकाबाट भए तापनि निर्धारित गरिएको मितिमा गाउँमा टोली पुगेपछि गाउँ विकास समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्यहरूको साथै गाउँस्तरमा रहेका राजनीतिक दल तथा किसान संघहरूका इकाइका व्यक्तिहरू, शिक्षक, जान्ने-बुझ्ने व्यक्तिहरू, जग्गावाला, मोही जोताहा आदि सबैको भेला गर्न लगाई कार्यक्रमअनुसार गरिने सबै कामको जानकारी दिने व्यवस्था गर्ने।

कार्यक्रममा जन सहभागिता जुटाई कार्यान्वयनमा प्रभावकारीता ल्याउन तथा वास्तविक कुरा बुझाउन र विवादित कुराहरू सुल्झाउने काममा सहयोग प्राप्त गर्नाका साथै कार्यान्वयन टोलीलाई नचाहिँदो काम हुनबाट रोक्नेसमेत उद्देश्यले उक्त भेलामा सम्मिलित भएका गाउँका व्यक्तिहरू मध्ये बढीमा ११ जनासम्मको एउटा गाउँस्तरीय भूमि सुधार सहयोग समिति गठन गर्ने र उनीहरूबाट नै चुनिएको व्यक्तिलाई अध्यक्ष बनाउने व्यवस्था गर्ने। सहयोग समितिमा रहने व्यक्तिहरू सकभर गाउँमा नेतृत्व दिन सक्ने, निष्पक्ष किसिमका र यस्ता लक्षित कार्यक्रम तथा किसान हकहितप्रति कटिवद्ध भएको व्यक्तिलाई राख्ने व्यवस्था गर्ने।

## ४. मोहीको लगत अद्यावधिक गर्ने

टोलीले आफ्नो काम सुरु गर्ने शिलशिलामा सर्वप्रथम कार्यालयबाट लगेका कागजातहरू मध्ये मोहियानीसम्बन्धी हाल कायम भइरहेका मोहीको लगतअनुसार मोही, जग्गावाला तथा जग्गाको क्षेत्रफलसम्बन्धी स्थितिको जानकारी गराई सोमा परिवर्तन गर्नुपर्ने छ वा छैन, भए लगत कट्टा गर्नुपर्ने वा नयाँ मोही कायम गर्नुपर्ने के हो, यसको एकिन गरी सोही निवेदनहरू लिनुका साथै कार्यालयबाट लगेका निवेदन तथा उजुरीहरूको विवरणबारे पनि जानकारी गराउने। प्राप्त भएका नयाँ निवेदनको आधारमा सम्बन्धित पक्षहरू तथा अन्य सबुद प्रमाण बुझी सरजमिनसमेत गर्ने व्यवस्था गर्ने। त्यस्तो गर्दा जग्गा रहेकै ठाउँमा गई संधियारहरूसँग पनि बुझ्न आवश्यक देखिएमा सो समेत गरी वास्तविक कुरा एकिन गर्ने। त्यसपछि त्यस्ता केसहरूको सम्बन्धमा टोली निश्चित निष्कर्षमा पुगिसकेपछि प्रत्येक केसहरूको कायम हुने अवस्थामा पुगेका मोही जग्गाधनी तथा जग्गाको कि.नं. क्षेत्रफल आदि उल्लेख गरी तयार

गरिएको विवरणको सूचना प्रकाशित गरी सोमा चित्त नबुझेमा वा केही कुरा फरक परेको भए सच्याउन निवेदन दिन भनी ७ दिने सूचना प्रकाशित गरी, उजुरी परेमा छानवीन गर्ने र नपरे सोलाई अन्तिम रूप दिन सिफारिससहित जिल्लास्थित आयोगको कार्यालयमा प्रत्येक गाउँ विकास समितिअनुसार पठाउने व्यवस्था गर्ने। यदि कुनै काम त्यही गाउँ विकास समितिमा टोली रहँदासम्म टुङ्गो लगाउन नसकिएमा टोली जाने अर्को गाउँ विकास समितिमा टोली रहँदासम्म टुङ्ग्याउन सकिने व्यवस्था पनि गर्न सकिने।

मोहियानीसम्बन्धी उक्त बमोजिम कारवाही गर्दा नागरिकता प्रमाणपत्र वा सोको लागि कारवाही चलाएको प्रमाणको प्रतिलिपि पनि साथै राख्नुपर्ने व्यवस्था पनि गर्ने।

## ५. मोही र जग्गावालाबीच जग्गा बाँडफाँट गर्ने

पहिलेदेखि मोहियानी हक कायम भइरहेका र हालसम्म कुनै विवाद नरहेका केसहरूको सम्बन्धमा कुनै कुरा बुझ्नुपर्ने वा निर्णय पनि गर्नु नपर्ने भए ऐन-नियमको व्यवस्थानुसार त्यस्तो जग्गाको स्वामित्व जग्गावाला र मोहीबीच आधा-आधा कायम गर्नेसम्बन्धी कामको लागि तोकिएको निवेदनको ढाँचामा जग्गावाला र मोहीको संयुक्त निवेदन लिई जग्गाको कुन दिशातर्फ कसले लिने भनी खुलाई लिने र सो गर्दा सँधियार वा स्थानीय व्यक्तिलाई पनि साक्षीको रूपमा राख्ने व्यवस्था गरिएमा पछि विवाद नपर्ने हुन्छ। यदि जग्गावाला र मोहीबीच जग्गा छुट्याउनेबारे कुरा नमिलेमा सहयोग समितिबाट सो मिलाउने व्यवस्था गरी सकभर गाउँस्तरमा नै टुङ्गयाउने व्यवस्था गर्ने।

जग्गावाला र मोहीबीच जग्गा बाँडफाँट गर्दा जग्गाको टुक्रा वा कित्ताको क्षेत्रफल तोकिएको न्युनतम इकाइभन्दा कम हुने भएमा एउटाले जग्गा लिई अर्को पक्षलाई आधा जग्गाको मुल्य दिने सम्बन्धमा आपसमा मिली निवेदन दिएमा सोहीअनुसार टोलीले निवेदनमा सिफारिस गरी जिल्लास्थित कार्यालयमा गई लिने-दिने गरी स्वामित्व हस्तान्तरण गर्ने व्यवस्था गर्ने।

यदि दुई पक्षबीच आपसी समझदारी हुन नसकेमा सहयोग समितिबाट यस्ता केस मिलाइदिने व्यवस्था पनि गर्ने र सोबाट पनि टुङ्गो नलागेमा गोला प्रथाद्वारा समस्या समाधान गर्ने व्यवस्था गर्ने।

त्यस्तै जग्गा आधा-आधा बाँडफाँट नगरी एक पक्षले आफ्नो हक-हिस्साको जग्गाको हक छोडी अर्को पक्षलाई जग्गाको मुल्य लिई स्वामित्व दिन चाहेमा पनि संयुक्त निवेदन लिई स्वेच्छाले गरेको भनी सनाखत गराई सिफारिससहित टोलीले जिल्लास्थित कार्यालयमा कार्यान्वयनका लागि पठाउने तर मोहीले जग्गा छोडेको अवस्थामा कुनै प्रलोभन, डर त्रासबाट नगरी स्वेच्छाले गरेको र जग्गावाला त्यहिँ बसी खेती गर्ने व्यक्ति हो भन्ने कुरा पनि बुझी आवश्यक भए सहयोग समितिको राय लिएर मात्र सिफारिस गर्ने व्यवस्था गर्नु बढी उपर्युक्त

हुनेछ। त्यस्तै मुल्यको बारेमा दुईपक्ष बीच सहमति नभएमा सहयोग समितिबाट पनि मद्दत लिई सहमतिमा पुऱ्याउन सकिने हुन्छ।

उक्त बमोजिम जग्गा बाँडफाँट गर्दा नक्शा पनि हेरी कित्ताकाटको रफ स्केच छुट्टै कागजमा गरी दिशा छुट्याई निवेदन साथ सङ्लग्न राख्ने व्यवस्था पनि गर्ने।

माथि उल्लेख गरिएको सबै कामहरूको रेकर्ड राख्ने र प्रत्येक कामअनुसारको प्रगति पनि गाउँ विकास समितिअनुसार टोलीले आवधिकरूपले आयोगमा पठाउनुपर्ने।

## ६. जग्गाको हदबन्दी सम्बन्धमा

ऐन, नियमअनुसार तोकिएको जग्गाको अधिकतम हदबन्दी व्यवस्था कार्यान्वयन गर्न सबै जग्गावालाले आफ्नो स्वामित्वमा रहेको अधिराज्यभरको जग्गाको विवरण तथा आ-आफ्नो परिवारका सदस्यको नाम, उमेर, सङ्ख्या आदि समेत खुल्ने गरी तोकिएको ढाँचामा फारम भरी ३ महिनाभित्र विवरण पेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सो व्यवस्थाअनुसार त्यस्ता फारमहरू छपाई प्रत्येक जिल्लास्तरीय आयोगले सबै गाउँ विकास समितिमा सोझै वा टोलीमार्फत उपलब्ध गराउनेछ। त्यस्ता फारमहरूमा प्रत्येकमा नम्बर दिने र कति नम्बरदेखि कति नम्बरसम्म कहाँ-कहाँ पठाइयो वा दिइयो भन्नेबारेको पनि रेकर्ड राख्ने व्यवस्था गर्ने। त्यस्तो विवरण केवल हदबन्दीको प्रयोजनको लागि मात्र नभई अधिराज्यभरको जग्गा र जग्गावालाहरूको रेकर्ड एकीकृत गरी कम्प्युटराइज गर्ने काममा र एक व्यक्तिलाई एउटा जग्गाधनी प्रमाण पुर्जा दिने किसिमको कार्यक्रम अघि बढाउन पनि धेरै सहयोग हुनेछ।

उक्त बमोजिम जग्गाको विवरण लिने काम सोझै आयोगमा वा गाउँ विकास समितिमार्फत पनि लिन सकिनेछ। हदबन्दीभन्दा माथिको जग्गाको विवरण जिल्लास्थित आयोगमा र हदबन्दीभन्दा मुनिको जग्गाको विवरण गाउँ विकास समितिमार्फत बुझाउन सकिने व्यवस्था गर्दा बढी व्यवहारिक हुनेछ। विभिन्न गाउँमा भूमि सुधार कार्यान्वयन टोली गएपछि उक्त फारम भर्नेबारे जानकारी दिई भर्न लगाउने काममा गाउँस्तरीय सहयोग समितिलाई परिचालन गरी छिटो गराउन सकिने देखिन्छ।

भूमि सुधार कार्यान्वयन टोली गाउँमा खटिई जाँदा आफ्नो कार्यक्षेत्रभित्रका गाउँ विकास समितिको जग्गावाला र जग्गाको विवरण (मालपोत कार्यालयबाट तयार भई प्राप्त भए अनुसारको) पनि लिएर जाने र सो अनुसार हदबन्दीभन्दा बढी हुने जग्गावालाहरू सीमित व्यक्ति हुने हुँदा उनीहरूको छुट्टै विवरण बनाई उनीहरूको बारेमा (परिवार सङ्ख्या, अन्य गाउँ विकास समितिमा पनि जग्गा भए नभएको आदि) टोली गाउँमा रहँदा बुझ्नुपर्ने आवश्यक कुराहरू बुझी जिल्लास्थित आयोगको कार्यालयमा प्रत्येक गाउँ

विकास समितिअनुसार प्रतिवेदन पेश गर्ने व्यवस्था गरिएमा हदबन्दी व्यवस्था राम्रोसँग कार्यान्वयन हुनसक्ने हुन्छ।

हदबन्दीभन्दा बढी जग्गा प्राप्त गर्ने, बिक्री वितरण गर्ने आदि काम जिल्लास्तरीय आयोगबाट नै निर्णय हुने भए तापनि छानवीन गरी निर्णय गर्ने प्रक्रियामा आवश्यक कुरा बुझ्नुपर्ने काममा आयोगले भूमि सुधारकार्यान्वयन टोलीलाई निर्देशन दिएअनुसार बुझी पेश गर्नेछ। साथै बिक्री-वितरण गर्ने क्रममा पनि तोकिएको प्राथमिकता क्रममा कसलाई दिनुपर्ने भन्ने जस्ता कुरा पनि गाउँ विकास समितिस्तरमा सहयोग समितिको सल्लाह लिई सिफारिस पठाउने व्यवस्था पनि गर्न सकिनेछ। हदबन्दीभन्दा बढीको जग्गा प्राप्त गर्ने निर्णय नहुन्जेल पनि केही केसहरू गाउँस्तरमा नै कस-कसको बढी जग्गा छ र प्राप्त हुने अवस्था छ भन्ने जानकारी हुनसक्ने अवस्था रहने हुँदा त्यस्ता केसको बारेमा सबै आवश्यक जानकारी टोलीले आयोगलाई पहिले नै पठाइदिने गरेमा निर्णय तथा कार्यान्वयन पनि छिटो हुनसक्नेछ।

## ७. जग्गाको चक्लाबन्दी सम्बन्धमा

भूमि सुधार कार्यान्वयन टोलीले जग्गाको खण्डिकरणबाट हुने बेफाइदा तथा चक्लाबन्दीबाट हुने फाइदाबारे गाउँस्तरमा जानकारी गराई, गाउँस्तरीय भूमि सुधार सहयोग समितिको सहयोगबाट चक्लाबन्दी गर्ने काममा प्रेरित गरी आवश्यक वातावरण सिर्जना गर्ने काम पनि गर्नेछ। साथै श्री ५ को सरकारबाट कार्यक्रमकै रूपमा सञ्चालन गर्ने तथा सम्बन्धित क्षेत्रका व्यक्तिहरू वा गाउँ विकास समितिबाट माग भएमा पनि तुरुन्तै जग्गाको चक्लाबन्दी गर्ने काम सुरु गर्न सकिने र त्यस्तो गर्दा सरकारीस्तरबाट हुने अरू सहुलियतबारे पनि टोलीले जानकारी गराउने काम गर्नेछ।

गाउँस्तरमा स्वेच्छाले जग्गाको चक्लाबन्दी गर्न माग भएमा टोलीले सो सम्बन्धी आवश्यक प्रारम्भिक काम (जस्तै नापीको नक्सा अनुसारको कि.नं.,क्षेत्रफल, जग्गावालाको नाम, जम्मा जग्गाको क्षेत्रफल, जग्गाको किसिमसम्बन्धी विवरण तयार) गरी जिल्लास्थित आयोगमा पठाउनेछ। टोलीबाट प्राप्त विवरणको आधारमा २/४ जना व्यक्तिका थोरै कित्ताहरू एकीकरण गर्ने वा सट्टापट्टा गर्ने काम भए सम्बन्धित जग्गावालाको उपस्थितिमा आयोग तथा मालपोत कार्यालयले तुरुन्त कारवाही गरी सोहीअनुसार जग्गाको चक्लाबन्दी गरी स्रेस्ता तथा पुर्जासमेत बनाइदिनेछ।

तर धेरै व्यक्तिको धेरै कित्ताहरूको चक्लाबन्दी नै गर्ने अवस्था भएमा आयोगले सो बारे सबै व्यहोरा अध्ययन गरी उपर्युक्त देखिएमा नापीको प्राविधिक कर्मचारी र आवास तथा भौतिक योजनाको जिल्लास्थित प्राविधिक कर्मचारी समेतको टोली पठाई चक्लाबन्दी सम्बन्धी अरू विस्तृत कार्य जस्तै सार्वजनिक कार्यलाई जग्गा छुट्या उने, जग्गाको प्रकार अनुसार ब्लक

छुट्याउने, प्रत्येक नयाँ कित्ताको क्षेत्रफल निश्चित गर्ने आदि काम गर्नेछ। त्यस्तो चक्लाबन्दी गर्ने काममा सम्मिलित जग्गावालाहरू मध्ये नै ३ देखि ५ जनाको एउटा समिति बनाई जग्गाको मुल्याङ्कन गर्ने, साविकको जग्गाको स्वामित्वको आधारमा जग्गा आपसमा बाँडफाँट गर्ने, विभिन्न किसिमको जग्गाको अनुपात निश्चित गर्ने जस्ता कामहरू उनीहरूबाट नै सिफारिस गर्न लगाई प्राविधिक टोलीले नै नयाँ कायम हुने जग्गाको कि.नं., क्षेत्रफल तथा स्वामित्वसम्बन्धी सबै विवरण तथा नक्सासमेत तयार गरी अन्तिम निर्णयको लागि जिल्लास्तरीय आयोगमा पठाउनेछ। आयोग वा अधिकारीले सोही आधारमा नक्सा तथा जग्गाको स्वामित्व सम्बन्धमा निर्णय गर्नेछ। साथै त्यस्तो जग्गाको चक्लाबन्दी गरिएको ठाउँमा दिइने सहुलियतहरू सम्बन्धित निकायबाट यथाशीघ्र उपलब्ध गराउन आयोगले कारवाही गर्नेछ।

## ८. कृषि विकास कार्यक्रम सम्बन्धमा

१ प्रत्येक जिल्लामा सञ्चा्लन हुने कृषि विकास सम्बन्धी कार्यक्रमबारे विस्तृत रूपले जिल्लास्तरीय भूमि सुधार तथा कृषि विकास सहयोग समितिमा छलफल भए अनुसार कुन कुन गाउँ विकास समितिमा कुन कुन कार्यहरू कहिले सञ्चालन गर्ने भन्ने कुरा निश्चित भएपछि गाउँ विकास समितिअनुसारको कार्यक्रमतालिका तयार गरिनेछ। त्यस्तो कार्य तालिका गाउँ गाउँमा खटिएर जाने भूमिसुधार कार्यान्वयन टोलीलाई पनि उपलब्ध गराई सोबारे सम्बन्धित गाउँ विकास समितिमा सभा हुँदा टोलीले जानकारी गराउनेछ।

२. जिल्लास्थित कृषि विकास कार्यालय मातहत रहेका जे.टी. तथा जे.टी.ए. हरू पनि त्यस्तो समयमा सम्बन्धित गाउँ विकास समितिमा उपस्थित हुने व्यवस्था पनि गरिनेछ। गाउँस्तरीय कृषि विकास कार्यक्रमअनुसार गरिने कामहरूबारे गाउँस्तरमा गठित सहयोग समितिमा पनि विस्तृतरूपले छलफल गराई सो सम्बन्धमा उनीहरूको प्रतिक्रिया तथा गर्नुपर्ने अन्य व्यवस्थाहरूबारे जानकारी हासिल गरी जे.टी. वा जे.टी.ए. हरूद्वारा प्रतिवेदन तयार गरी जिल्ला कृषि विकास कार्यालयमा पठाइनेछ।

३. प्रत्येक गाउँबाट प्राप्त भएका त्यस्ता प्रतिवेदनहरू कृषि विकास कार्यालयले अध्ययन गरी निर्धारित कार्यक्रम अनुरूप नै भए सोहीअनुसार सम्बन्धित वस्तु वा सेवा अन्य निकायसँग पनि समन्वय गरी समयमा उपलब्ध गराउने व्यवस्था गर्नेछ।

४. निर्धारित कार्यक्रमबाहेक अन्य थप नयाँ कुरा (जस्तै कृषि सडक, स-साना सिँचाइ योजना, ट्यूबवेल बोरिङ आदि) का सम्बन्धमा भएमा गाउँस्तरमै "आफ्नो गाउँ आफै बनाऔं" कार्यक्रमबाट रकमको व्यवस्था गर्ने वा चुनाव क्षेत्रअनुसार वा सांसद्लाई उपलब्ध गराइएको रकमबाट व्यवस्था हुनसक्छ कि भन्नेबारे जिल्लास्तरीय सहयोग समितिमा छलफल गराई निर्णय भएअनुसार कार्यान्वयन समेत गर्नेछ। साथै कुनै कामको लागि कृषकलाई ऋण उपलब्ध गराउनुपर्ने भए सोहीअनुसार सम्बन्धित निकायमा सिफारिससहित पठाइनेछ। साथै सडक, सिँचाइ जस्ता कार्यक्रम भएमा सम्बन्धित कार्यालयबाट प्राविधिक कर्मचारी पनि पठाई आवश्यक कारवाही गर्ने व्यवस्था गरिनेछ।

५. प्रत्येक गाउँ विकास समितिको लागि तोकिएको कृषि विकास कार्यक्रमअनुरूप विभिन्न बाली, फलफूल, पशु विकाससम्बन्धी कामको लागि आवश्यक पर्ने उन्न बीउ, बिरुवा, रासायनिक मल, ऋण आदि मोटामोटी के कति कहिले आवश्यक पर्ला भन्ने बारे पनि गाउँस्तरीय सहयोग समितिमा छलफल गरी मोटामोटी अनुमान तयार गरी जे.टी., जे.टी.ए. ले जिल्लास्थित कार्यालयमा पठाउने व्यवस्था गर्ने। जिल्लास्थित कृषि विकास कार्यालयले त्यस्तो विवरणको आधारमा अन्य सम्बन्धित निकायहरू जस्तै कृषि विकास बैंक, कृषि सामग्री संस्थान, सहकारी संघ संस्था, सडक कार्यालय, सिँचाइ कार्यालय आदिलाई जानकारी दिई मागअनुसारको सेवा तथा साधनहरू उपलब्ध गराउने व्यवस्था गर्नुपर्नेछ।

६. निर्धारित कार्यक्रम बाहेकको कृषि विकास क्षेत्रमा अन्य कुराहरूको बढी सम्भावना भएको भनी माग भएमा सोबारे पनि कृषि विकास कार्यालयले अध्ययन गरी उपर्युक्त देखिएमा मागअनुसारको कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गर्ने।

७ यसरी भए गरेका तथा गर्न उपर्युक्त हुने कामहरूबारे कृषि विकास कार्यालयले जिल्लास्तरीय सहयोग समितिमा आवधिकरूपले प्रतिवेदन पेश गरी भएको निर्णय कार्यान्वयन गर्ने व्यवस्था पनि मिलाउनुपर्ने।

## १०.४ सुपरीवेक्षण टोली

भूमि सुधार तथा कृषि विकाससम्बन्धी नयाँ कार्यक्रम कार्यान्वयन गर्न जिल्लास्तर तथा गाउँस्तरमा विभिन्न निकायहरूको व्यवस्था गरिए तापनि यी कार्यक्रम सुचारु र व्यवस्थितरूपले तथा समस्याहरू समयमा नै समाधान गरी विना कुनै गतिरोध सञ्चालन होस् भन्ने दृष्टिले प्रत्येक जिल्लाको गाउँ विकास समितिको सङ्ख्या तथा कामको बोझको आधारमा आवश्याकतानुसार आवश्यक सङ्ख्यामा सुपरीवेक्षण टोली गठन गरी कार्यान्वयनमा बढी प्रभावकारी ल्याउने दृष्टिले सुपरीवेक्षण टोली राख्ने कुरा प्रस्तावित गरिएको छ ।

### १०.४.१ सुपरीवेक्षण टोलीको मुख्य कामहरू

१. गाउँघरमा खटिएका कार्यान्वयन टोलीहरूले गाउँमा काम सुरु गर्नुभन्दा पहिले गरिने सभा र बैठकमा भाग लिई कार्यक्रमबारे जानकारी गराई आवश्यक वातावरण तयार गरी गाउँस्तरीय सहयोग समितिको गठनमा मद्दत गर्ने ।

२. टोलीहरूले काम सुरु गरिसकेपछि के कसरी काम भइरहेको छ, कुनै समस्या वा बाधा छ छैन, जिल्लास्तरबाट कुनै सहयोग आवश्यक छ कि भन्ने कुरा बुझी आवश्यक भए उपर्युक्त निर्देशन दिने । टोलीको कामप्रति जनताको धारणा के कस्तो छ, सो समेत बुझी गर्नुपर्ने आवश्यक व्यवस्था गर्ने ।

३. आ-आफ्नो क्षेत्रभित्र पर्ने टोलीहरूको निरीक्षण रेखदेख गरी देखिएका कुराहरू जिल्लास्तरीय सहयोग समितिको बैठकमा जानकारी गराई समस्या भए समयमा नै समाधान गरी चाल्नुपर्ने उपर्युक्त कदमहरू चाल्ने व्यवस्था गर्ने ।

### १०.४.२ उक्त सुपरीवेक्षण टोलीमा रहने व्यक्तिहरू

| | | |
|---|---|---|
| १ | जिल्लास्तरीय सहयोग समितिका सदस्यहरूमध्ये १ जना | संयोजक |
| २ | आवश्यकता अनुरूप सम्बन्धित क्षेत्रको कामको बोझ तथा प्रकृतिअनुसार अन्य थप सदस्यहरू पनि राख्नुपर्ने भए समावेश गर्ने | सदस्य |
| ३ | सम्बन्धित क्षेत्रको कामको बोझ तथा प्रकृतिअनुसार शाखा अधिकृतस्तर वा ना.सु. स्तरको एक जना कर्मचारी | सदस्य-सचिव |
| ४ | सम्बन्धित क्षेत्रमा भूमि सुधार वा कृषि विकाससम्बन्धी विशेष कार्यक्रम वा समस्या भएमा सम्बन्धित कार्यालयको कर्मचारी पनि त्यस्तो टोलीमा समावेश गर्नुपर्ने । | |

# १०.५ कार्यान्वयनसम्बन्धी अन्य विविध व्यवस्था

## १०.५.१ जग्गा, जग्गावाला र मोहीहरूको लगत तथा विवरण अद्यावधिक गर्ने

नयाँ भूमि सुधार कार्यक्रमलाई प्रभावकारीरूपले कार्यान्वयन गर्न जग्गा, जग्गावाला र मोहीसम्बन्धी लगत स्रेस्ता तथा विवरणहरू अद्यावधिक र व्यवस्थित हुनु अति आवश्यक हुने हुँदा सो सम्बन्धमा भूमिसम्बन्धी ऐन, २०२१ र मालपोत ऐन २०३४ को वर्तमान व्यवस्थानुसार नै जग्गा जोत-कमोद गरी रहेकालाई मोहियानी हक दिई मोहीको लगत अद्यावधिक गर्ने तथा प्रत्येक जग्गावालाको अधिराज्यभर रहेको जग्गाको विवरण लिनेबारे आयोगले कार्यक्रम तयार गरी श्री ५ को सरकारमा सुझाव पेश गरिसकेकोमा हालसम्म सो अनुसार कारवाही भएको देखिंदैन। नयाँ भूमि सुधार कार्यक्रम ऐन बनेपछि मात्र लागु गर्न सकिने र हाल ऐन बन्न नसक्ने र अध्यादेशबाट सो कार्य गर्न उपर्युक्त नभएको भनी माननीय अर्थमन्त्रीज्यूको आ.व. ०५२/५३ को बजेट वक्तव्यमा उल्लेख भइसकेको हुँदा यो कार्यक्रम लागु गर्न अझै ६/७ महिनासम्म सकिने देखिंदैन। त्यसकारण हाल पनि यस आयोगले दिएको उक्त बमोजिमको सुझावअनुसारको काम गर्नमा कानुनीरूपले कुनै बाधा नपर्ने हुँदा श्री ५ को सरकारले चाहेमा सो कार्य अहिले पनि गर्न सकिने देखिन्छ। सो अनुसार गरिएमा पछि सुरु हुने प्रस्तावित भूमि सुधार कार्यक्रम कार्यान्वयन गर्न निकै सजिलो पनि हुनेछ। यदि कुनै कारणले उक्त काम हाल सुरु गर्न नसकिने र नयाँ कार्यक्रमसँगै मात्र सो काम गर्ने हो भने पनि जग्गा, जग्गावाला र मोहीसम्बन्धी लगत स्रेस्ता तथा विवरण जे जस्तो अवस्थामा छ, सोही आधारमा देहायको बमोजिम विवरणहरू तयार गराई राख्न पनि आवश्यक छ।

१. प्रत्येक जिल्लाको भूमि सुधार कार्यालयले प्रत्येक गाउँ विकास समितिअनुसारको मोही लागेको जग्गाको कि.नं., क्षेत्रफल तथा मोही तथा जग्गावालाको नाम, थर, वतनसमेतको व्यहोरा उल्लेख गरी अद्यावधिक विवरण तयार गर्ने।

२. त्यस्तै जिल्लाभरिको मोहियानीसम्बन्धी सबै प्रकारको निवेदन उजुरीहरू मध्ये निर्णय गर्न बाँकी जति केसहरू सबैलाई गाउँ विकास समितिअनुसार छुट्याई निवेदन तथा कारवाहीको अवस्थाको आधारमा जग्गा, जग्गावाला र मोहीको नाम ठेगाना समेतको विवरण पनि भूमि सुधार कार्यालयहरूले तयार गर्ने।उक्त बमोजिमका विवरणहरू प्रस्तावित भूमि सुधार कार्यक्रमअनुसार गठन हुने आयोग तथा कार्यान्वयन टोलीहरूलाई समयमा नै उपलब्ध गराउन सकिने हुन्छ।

३. जग्गाको अधिकतम हदबन्दी व्यवस्था कार्यान्वयन गर्न प्रत्येक जग्गावालाको स्वामित्वमा रहेको जम्मा जग्गाको क्षेत्रफल एकिन हुनुपर्ने हुन्छ। सो सम्बन्धमा हालको जग्गाको स्रेस्ता राखिने वर्तमान प्रणालीबाट एक व्यक्तिको अधिराज्यभर रहेको जग्गाको विवरण पत्ता लगाउन गाह्रो पर्ने भए तापनि प्रत्येक जिल्लामा रहेको एक व्यक्तिको जम्मा जग्गाको विवरण, मालपोत कार्यालयमा रहेको मोठ स्रेस्ताबाट मेहनत गरेमा तयार गर्न सकिने हुँदा त्यस्तो विवरण पनि मालपोत कार्यालयहरूबाट तयार गर्ने काममा प्राथमिकता दिई गर्नुपर्ने देखिन्छ।

साथै प्रत्येक गाउँ विकास समितिअनुसार प्रत्येक जग्गावाला र उसको स्वामित्वको जम्मा जग्गाको क्षेत्रफलसम्बन्धी विवरण मोठ स्रेस्ताको पजिकाको आधारमा तयार गरिएमा पछिलाई सजिलो पर्ने हुँदा सो काम पनि अहिलेदेखि नै सुरु गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।

## १०.५.२ जनसहभागिता परिचालन गर्ने

नयाँ भूमि सुधार कार्यक्रम कार्यान्वयन गर्दा केन्द्रदेखि गाउँस्तरसम्म नै सकभर बढी जनपरिचालन होस् भन्ने उद्देश्यले नै विभिन्नस्तरमा आयोग तथा अन्य विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, किसान संघका प्रतिनिधि, बुद्धिजीवी, समाजसेवीहरूलाई पनि समावेश गर्नुपर्ने सुझाव दिइएको छ। जसले गर्दा देशको आवश्यकतानुसार सञ्चालन गरिने यस्तो महत्वपूर्ण राष्ट्रिय कार्यक्रममा सबै पक्षको सहयोग र सहमति तथा सङ्लग्नताले कार्यान्वयनमा बढी प्रभावकारिता आउने विश्वास गरिएको छ।

तर कुनै व्यक्ति वा राजनीतिक दलका प्रतिनिधि आफ्नो निश्चित आस्था वा धारणाले गर्दा प्रस्तावित गरिएको स्थानमा रही सहयोग गर्न नचाहेको अवस्थामा भने कार्यक्रमअनुसारको काम अघि बढाउनु पर्ने नै हुँदा यस प्रकारको स्थितिले बाधा पारेको नठानी कार्यान्वयनमा शिथिलता आउन नदिनेतर्फ सचेष्ट रहने कुरामा ध्यान जानु आवश्यक छ साथै यस्तो कार्यक्रमप्रति आस्था राख्ने र कटिबद्ध भएका व्यक्तिहरू नै सम्बन्धित विभिन्न निकायमा राख्नेतर्फ पनि ध्यान दिनुपर्दछ।

## १०.५.३ कदर गर्ने व्यवस्था

भूमि सुधार तथा कृषि विकाससम्बन्धी प्रस्तावित कार्यक्रमले देशमा विद्यमान रहेको संस्थागत अवरोध हटाई आर्थिक विकासमा ठूलो योगदान गर्ने राष्ट्रिय कार्यक्रम भएको हुँदा यस कार्यक्रमलाई सहयोग गर्ने वा कार्यान्वयनस्तरको विभिन्न तहमा रही सेवा गर्ने व्यक्तिहरू मध्ये उत्कृष्ट सेवा गर्ने व्यक्तिहरूलाई गरेको योगदानअनुसार कदरस्वरूप तक्मा, पुरस्कार, प्रशंसापत्र, कदरपत्र आदि दिने व्यवस्था गर्न पनि आवश्यक छ।

# अनुसूची

## अनुसूची १

### (बुँदा १.८.३ सँग सम्बन्धित)

## आयोगको कार्यालयमा आई सुझाव दिने महत्वपूर्ण

### व्यक्तिहरूको नामावली

| | | |
|---|---|---|
| १. | श्री लोकेन्द्रबहादुर चन्द | भू.पू. प्रधानमन्त्री तथा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता |
| २. | अध्यक्ष श्री ऋषिराज लुम्सालीसमेतको टोली | सुकुमबासी समस्या समाधान आयोग |
| ३. | श्री जगन्नानथ आचार्य | भू.पू. भूमि सुधार तथा व्यवस्था मन्त्री, नेपाली काँग्रेस |
| ४. | श्री रामेश्वर राय | तत्कालीन नेपाल सद्भावना पार्टीका नेता तथा हाल समाजवादी जनतादलका अध्यक्ष |
| ५. | श्री नारायणमान बिजुक्छे “रोहित” | नेपाल मजदुर किसान पार्टीका अध्यक्ष |
| ६. | डा. बद्रीप्रसाद श्रेष्ठ | भू.पू. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| ७. | डा. मोहनमान सैजू | भू.पू. उपाध्यक्ष, राष्ट्रिय योजना आयोग |
| ८. | महानिर्देशक श्री रामनरेश सिंह र विभागका अन्य अधिकृतहरू | नापी विभाग |
| ९. | श्री रामबहादुर रावल | अध्यक्ष, गुठी संस्थान |
| १०. | महानिर्देशक श्री माधवप्रसाद शर्मा र विभागका अन्य अधिकृतहरू | मालपोत विभाग |
| ११. | का.मू. महानिर्देशक श्री शम्भुप्रसाद श्रेष्ठ र अन्य कर्मचारीहरू | भूमि सुधार विभाग |

| | |
|---|---|
| १२. श्री सुरेन्द्र कुमार श्रेष्ठ | महानिर्देशक, कृषि विभाग |
| १३. महानिर्देशक, श्री कल्याणबहादुर प्रधान र अन्य कर्मचारीहरू समेतको टोली | घरेलु तथा साना उद्योग विभाग |
| १४. निर्देशक, श्री नेत्रप्रसाद अधिकारी तथा अन्य कर्मचारीहरू | राष्ट्रिय सहकारी विकास बोर्ड |
| १५. श्री चार्ल्स कोलिन्स, श्री वि.राजकुमार र श्री जोनाथन डन | अन्तर्राष्ट्रिय मुद्रा कोषका प्रतिनिधिहरू |
| १६. श्री रोन पियर्सन, श्री सोफिया इतो र श्री आलोक पोखरेल समेतको टोली | एसियाली विकास बैंकका प्रतिनिधिहरू |
| १७. श्री रविदेव शर्मा | कृषि उद्यम केन्द्रका प्रमुख |
| १८. श्री रोहिणीकुमार के.सी. | श्रम मन्त्रालयका समाजशास्त्री |
| १९. श्री महेशलाल प्रधान | उद्योग वाणिज्य महासंघका भू.पू. अध्यक्ष |
| २०. महाप्रबन्धक श्री रामचन्द्र आचार्य र अन्य कर्मचारीहरू | नेपाल दुग्ध विकास संस्थान |
| २१. श्रीमती अम्बिका श्रेष्ठलगायतका प्रतिनिधि मण्डल | महिला समाजका प्रतिनिधि |
| २२. श्री सुशीला प्याकुरेल | अध्यक्ष, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) |
| २३. श्री श्याम श्रेष्ठ | प्रधान सम्पादक,“मुल्याङ्कन“ मासिक पत्रिका |
| २४. श्री गोपाल भट्टराई | धनुकूटा क्याम्पसका उप(प्राध्यापक तथा भूमिसम्बन्धी शोधकार्य गरी रहेकाहरू मध्येबाट |
| २५. अध्यक्ष श्री ओमबहादुर गुरुङ्ग, उपाध्यक्ष श्री स्नेह सायमी, महासचिव श्री शम्भुप्रसाद बडाल र सदस्य श्रीदिनेश वाग्लेसमेतको टोली | घरेलु तथा साना उद्योग संघ |
| २६. श्री त्रिलोचन ढकाल | अध्यक्ष, अखिल नेपाल किसान संघ |
| २७. श्री विष्णु रिमाल | महासचिव, नेपाल ट्रेड युनियन महासंघ |
| २८. प्रा. श्री पिताम्बर शर्मा | इसिमोड |
| २९. डा. केशवलाल महर्जन | हिरोसिमा विश्व विद्यालय, जापान |

# अनुसूची २

## (बुँदा नं. १.८.४ सँग सम्बन्धित)

### छलफल एवम् अन्तरक्रिया सम्पन्न गरिएका स्थानहरू

| | | |
|---|---|---|
| १. इलाम | २. झापा | ३. मोरङ |
| ४. सुनसरी | ५. धनकुटा | ६. संखुवासभा |
| ७. सप्तरी | ८. धनुषा | ९. दोलखा |
| १०. पर्सा | ११. बारा | १२. चितवन |
| १३. मकवानपुर | १४. काठमाडौं | १५. ललितपुर |
| १६. भक्तपुर | १७. धादिङ | १८. सिन्धुपाल्चोक |
| २०. गोरखा | २१. स्याङ्जा | २२. कास्की |
| २३. नवलपरासी | २४. रूपन्देही | २५. कपिलवस्तु |
| २६. पाल्पा | २७. मुस्ताङ | २८. बाँके |
| २९. बर्दिया | ३०. दाङ | ३१. डोटी |
| ३२. कैलाली | ३३. कञ्चनपुर | ३४. डँडेलधुरा |
| ३५. जुम्ला | | |

उपर्युक्त जिल्लाहरूमध्ये मोरङ्ग, धनुषा, कपिलवस्तु, बर्दिया र कञ्चनपुरसमेत ५ जिल्लाको अन्तरक्रिया कार्यक्रममा जग्गाको हदबन्दी, दोहोरो नियन्त्रण प्रणाली र कृषि श्रमिकसँग सम्बन्धित ३ विषयका छुट्टाछुट्टै प्रश्नावली वितरण गरी, सो भराई सुझाव लिने काम पनि गरिएको थियो।

# अनुसूची ३

## (बुँदा नं. १.८.६ सँग सम्बन्धित)

### कार्यशाला गोष्ठी एवम् अन्तरक्रिया कार्यक्रम

## १. जग्गाको हदबन्दी

आयोजक संस्था :- ग्रामीण पूनर्निर्माण संस्था, नेपाल (RRN)

स्थानः :- कृषि आयोजना सेवा केन्द्र, सभा कक्ष

मितिः :- २०५१/११/१८

| क्र.सं. | कार्यपत्र प्रस्तोता | विषय |
|---|---|---|
| १ | प्रा. ऐश्वर्यलाल प्रधानाङ्ग | जमिनको हदबन्दी र विकासशील देशका जनतामा यसको प्रभाव |
| २ | हरिवंश झा | नेपालमा जमिनको हदबन्दी र यसका आधार |
| ३ | हरिकृष्ण उपाध्याय | नेपालमा भूमि सुधारः औचित्य, आवश्यकता र उपायहरू |
| ४ | डा. किशोरकुमार गूरुघराना | नेपालमा भूमि सुधारः औचित्य र आवश्यकताः हदबन्दी भन्दा बढी जग्गाको क्षतिपूर्ति र यसको स्वरूप |
| ५ | श्रीमती निर्मला अधिकारी | महिला र भूमि व्यवस्था |

## २. दोहोरो नियन्त्रण

आयोजक सङ्ख्या :- नेपाल कानुन समाज

स्थानः :- होटल ब्ल्यू स्टार त्रिपुरेश्वर

मितिः :- २०५१/११/२५

| क्र.सं. | कार्यपत्र प्रस्तोता | विषय |
|---|---|---|
| १ | डा. जगदिशचन्द्र रेग्मी | ऐतिहासिक पृष्ठभूमिसहित विद्यमान मोहियानी व्यवस्थाः सोको समस्या र समाधानका उपायहरू |
| २ | श्री गणेशराज शर्मा | नेपालमा भूमि सुधारका कानुनी सम्भाव्यताहरू |
| ३ | श्री रामबहादुर के.सी. | मोहियानी व्यवस्था अन्त गरी भूमिमा कृषक स्वामित्व स्थापना गर्ने विकल्पहरू |
| ४ | श्री काशीराज दाहाल | भूमिमा रहेको द्वैध स्वामित्व नियन्त्रण औचित्य र सम्वैधानिक स्थिति |

## ३. खण्डिकरण र चक्लाबन्दी

आयोजक संस्था :- ईकार्डस

स्थानः :- कृषि आयोजना सेवा केन्द्र, सभा कक्ष

मितिः :- २०५१/११/२८

| क्र.सं. | कार्यपत्र प्रस्तोता | विषय |
|---|---|---|
| १. | देवेन्द्रप्रसाद चापागाँइ | भूखण्डिकरण समस्या र विकल्प |
| २. | बी. एन. पोखरेल | भूमिको खण्डिकरणः समस्या र समाधानका सम्भावनाहरू |

## ४. कृषि श्रमिकको उत्थान

आयोजक संस्थाः :- अनौपचारिक क्षेत्र सेवा केन्द्र

स्थानः :- कृषि आयोजना सेवा केन्द्र

मितिः :- २०५१/१२/५

| क्र.सं. | कार्यपत्र प्रस्तोता | विषय |
|---|---|---|
| १. | पवनकुमार ओभा | नेपालमा कमैया प्रथाः समस्या र समाधान |
| २. | दिवाकर पौडेल | कृषि श्रमिक तथा बसाइँ सराइँ |
| ३. | गणेश लामा | कृषि श्रमिकको आर्थिक तथा सामाजिक अवस्था |

यसैगरी आयोगको कार्यअवधि भित्र विभिन्न विषयमा सञ्चालन भएका गोष्ठी तथा अन्तरक्रिया कार्यक्रमहरूबाट पनि यस आयोगलाई महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए ।

केही उल्लेखनिय त्यस्ता कार्यक्रमहरूको उल्लेख तल गरिन्छ।

## १. नेपालमा भूमि सुधार किन र कसरी

आयोजक संस्थाः :- मुल्याङ्कन मासिक

स्थानः :- इञ्जिनियरिङ्ग अध्ययन संस्थान, पुल्चोक

मितिः :- २०५२/२/६

| क्र.सं. | कार्यपत्र प्रस्तोता | विषय |
|---|---|---|
| १. | डा. महेशप्रसाद रेग्मी | नेपालमा भूमि सुधार केका लागि र कसरी |
| २. | जगन्नाथ आचार्य | नेपालमा भूमि सुधार केका लागि र कसरी |
| ३. | श्री दिपेन्द्रबहादुर क्षेत्री | नेपालमा भूमि सुधार केका लागि र कसरी |
| ४. | श्री नवराज सुवेदी | भूमिसम्बन्धी सरकारी नीति र किसान समस्या |
| ५. | श्री मोहनविक्रम सिंह | अर्धसामन्ती र अर्ध औपनिवेशिक अवस्था तथा कृषि क्रान्तिको समस्या |

# अनुसूची ३

## २. नेपाल बुद्धिजीवी परिषद्

**स्थान** :- कृषि आयोजना सेवा केन्द्र सभा कक्ष एक दिने अन्तरक्रिया कार्यक्रम गरी लिखित सुझाव उपलब्ध गराएको

**सहभागी** :- माननीय उप-प्रधानमन्त्री माधवकुमार नेपाल, डा. मोहनमान सैंजू, डा. बद्रीप्रसाद श्रेष्ठ, डा. गुणनिधि शर्मा, चन्द्रराज ढूङ्गेल, डा. पिताम्बर शर्मा, माननीय केशव वडाल, अमृत बोहरा, प्रमेश हमाल, लेखनाथ गुरागाँइ, डा. युवराज खतिवडा आदि ।

यस अतिरिक्त विभिन्न समयमा भएका अन्तरक्रिया कार्यक्रमबाट पनि यस आयोगले महत्वपूण सुझावहरू प्राप्त पारेको थियो ।

### १. सिँचाइ विकाससम्बन्धी अन्तरक्रिया

**स्थान** :- जलस्रोत मन्त्रालय

**सहभागी** :- आयोगका अध्यक्ष केशव वडाल, जलस्रोत मन्त्री, जलस्रोत सचिव, सिँचाइ विभागका महानिर्देशक र सम्बन्धित अन्य अधिकृतहरू ।

### २. नेपाल कृषि अनुसन्धान परिषद्

**स्थान** :- खुमलटार

एक दिने अन्तरक्रिया कार्यक्रम

**सहभागी** :- कृषि तथा बागवानी सम्बन्धी विशेषज्ञहरू

### ३. अखिल नेपाल किसान संघ

नेकपामसालसँग सम्बद्ध अखिल नेपाल किसान संघले कृषि आयोजना सेवा केन्द्रमा गरेको भूमि सुधारसम्बन्धी अन्तरक्रिया कार्यक्रममा श्री मोहनविक्रम सिंह र श्री नवराज सुवेदीका कार्यपत्रहरू प्रस्तुत भएका थिए ।

# अनुसूची ४

## (बुँदा १.८.९ सँग सम्बन्धित)

### विदेश भ्रमणसम्बन्धी विवरण

## १. केरला र पश्चिम बङ्गाल भ्रमण गर्ने पदाधिकारी तथा सदस्यहरू

| | | | | |
|---|---|---|---|---|
| माननीय अध्यक्ष | - | केशव बडाल | - | भ्रमण दलका नेता |
| सदस्य | - | डा. शिवप्रसाद शर्मा | | |
| सदस्य | - | श्री धर्मदत्त देवकोटा | | |
| सदस्य | - | श्री मोहनबहादुर बम | | |
| सदस्य | - | श्री रेवतीप्रसाद ढकाल | | |

भारतका यी दुवै प्रान्तहरूमा भूमि सुधार लागू हुनु अघिको मोहियानी व्यवस्था, भूमि सुधार कार्यक्रम, कार्यान्वयन योजना, जग्गा प्रशासन, कृषि सहकारी आन्दोलन, भू-उपयोग नीति, कृषि उत्पादन प्रविधि, कृषि प्रचार तथा अन्य सहयोगी पद्धति, कृषि उत्पादकत्वको बजारव्यवस्था र कृषिमा आधारित उद्योगहरूको अध्ययन गर्ने क्रममा पश्चिम बङ्गालमा भूमि सुधार मन्त्री श्री विनय चौधरी र पञ्चायत तथा ग्रामीण विकास मन्त्री श्री सूर्यकान्त मिश्रसँग बङ्गालको भूमि सुधार कार्यक्रम, कार्यक्रम लागु गर्दाका राजनीतिक कठिनाईहरू, पञ्चायत तथा अन्य स्थानीय इकाइको भूमिका, अन्य विकासका कार्यक्रम र भूमि सुधारको अन्तर्सम्बन्धका बारेमा व्यापक छलफल गरी जानकारी हासिल गरिएको थियो । पश्चिम बङ्गालको मिदनापुर र हुगली जस्ता जिल्लामा भूमि सुधारको प्रभाव, भूमि सुधार लागु गर्दा ग्रामीणस्तरको जागरुकता र सहभागिता, ग्रामीण विकासका व्यवस्थाहरू, जिल्ला परिषद् र ग्रामपञ्चायतहरूको भूमिका, भूमि सुधारले जीवनस्तर उठाउन गरेको योगदान, तल्लो तहसम्म कर्मचारी तन्त्रको संरचना, ग्रामीण तथा कृषिको समग्र विकासका उपलब्धिहरू, भारतका अन्य प्रान्तमा भएका भूमि सुधारको समीक्षा, बङ्गालमा भूमि सुधार सफल हुनाका कारणहरू, भूमि सुधारको राजनीतिक पक्ष, भूमि सुधार लागु गर्दाका पूर्व तयार जस्ता विषयमा जिल्ला मजिष्ट्रेट, जिल्ला परिषद्का पदाधिकारीहरू, भूमि सुधार तथा कृषि

विकाससँग सम्बन्धित पदाधिकारीहरू, किसान प्रतिनिधिहरू, जग्गाविहीन र मोहीहरूको लागि जग्गा वितरण भएका गाउँका किसानसँग कुराकानी र अनुसन्धानकर्ता डा. रामचन्द्रन, डा. सत्यवर्त सेन, समिन देव गुप्ता, विनय कोयन र भूतपूर्व भूमि सुधार कमिसनर डा. बन्धोपाध्यायसँग छलफल गरी विचारको आदान-प्रदान भयो ।

यसैगरी केरलाको Centre for Development Studies, (CDS) को पुस्ताकलय, Integrated Rural Development Training Centre, पालघाटका Land Reform Office,स्थानीय पञ्चायत, सामाजिक संस्था र गाउँका किसान प्रतिनिधिहरूसँग अध्ययन, अवलोकन र भेटघाट गरी भूमि सुधारको पृष्ठभूमि, विकेन्द्रीकरण भूमि प्रशासनसम्बन्धी अभिलेख प्रणाली, प्रशासनको भूमिका, भूमि सुधारले पारेको प्रभाव र लागु गर्दाका कठिनाईहरू, भूमि सुधारसँग शिक्षा र स्वास्थ्यसम्बन्धी सञ्चालित कार्यक्रम, ग्रामीणस्तरको प्रविधिको छनौट र विकास विषयमा Prof. Thomos Issac, Prof. M Tharkan, Dr. Pyarelal, Prof K.N Raj, Prof. IS Gulati, भूतपूर्व मुख्यमन्त्री NMS Nambudaripad, प्रतिपक्षी दलका नेता Mr. Chandra Nair, पशु विज्ञानसम्बन्धी भूतपूर्व मन्त्री श्री एफ एम श्रीसरासन जस्ता व्यक्तित्वहरूसँग विचार विमर्श गरियो । केरलामा अध्ययनरत विभिन्न १० वटा मुलुकबाट अएका जनसङ्ख्या र ग्रामीण विकास विषयमा अध्ययनरत विद्यार्थीहरूसँग कुराकारी र अनुभवको आदान-प्रदान गरियो । मद्रासमा The Frontlineपत्रिकाका सम्पादक N. Ram, Madras Institute of Development Studiesका प्रो. नारायण र Institute of Sustainable Development का Dr. MS Swaminathanसँग भेटी तमिलनाडुको भूमि व्यवस्था र ग्रामीण विकास, साना र गरिब किसानका विकासका प्राथमिकताहरू, दीगो विकासका लागि सिप र प्रविधिको विकासजस्ता विषयमा विस्तृत छलफल गरिएको थियो।

## २. हिमाञ्चल प्रदेश र हरियाणा भ्रमण गर्ने सदस्यहरू

| | | | | |
|---|---|---|---|---|
| सदस्य | - | श्री घनेन्द्र बस्नेत | - | भ्रमणदलका नेता |
| सदस्य | - | श्री विश्वदमान श्रेष्ठ | | |
| सदस्य | - | श्री गंगादेवी कसजू | | |
| सदस्य | - | श्री शत्रुघन उपाध्याय | | |
| सदस्य | - | श्री डा. दुर्गादत्त ढकाल | | |

छिमेकी मित्रराष्ट्र भारतको हिमाञ्चल र हरियाणा प्रदेशहरूमा सञ्चालित बागबानी, पहाडी सिँचाइ प्रणाली, एग्रो-फरेष्ट्री, सघन पहाडी विकास आयोजनाहरू सम्बन्धी संस्थान, सघन

खेती प्रणाली, सहकारी संस्थाहरू र हिसारस्थित कृषि विश्वविद्यालयको अध्ययन भ्रमण गरियो । यस क्रममा अम्वालास्थित बुंगा जलाधार विकास परियोजना, वारवला को-अपरेटिभ क्रेडिट एण्ड सर्भिस लिमिटेड (मिनी बैंक) कृषि ज्ञान केन्द्र अम्वाला, सेन्ट्रल को-अपरेटिभ बैंक, कृषि तथा ग्रामीण बैंक (लैण्ड बैंक) तहसील कार्यालयसमेतको कार्यको अध्ययन एवम् अवलोकन गरिएको थियो । कृषि विश्वविद्यालयको अध्ययन भ्रमणको अवसरमा उक्त विशविद्यालयका पशुविज्ञान कलेजका डीन डा. श्री विद्यासागर अनुसन्धान निर्देशनालयका प्रोजेक्ट डाइरेक्टर डा. श्री भी.पी. सिंह, बाली विज्ञान विभागका प्रमुख डा. श्री ए.एस. अग्रवाल, जन-सम्पर्क अधिकृत डा. सुश्री आर. आर. हुँडासँग भेटघाट गरी विचारको आदान-प्रदान पनि भएको थियो । कृषि सचिव, सहकारी सचिव र अन्य विभागीय प्रमुखका साथै अवलोकन भ्रमण गरिएका संस्थाका संस्था-प्रमुख एवम् विशेषज्ञहरूसँग समेत छलफल एवम् अन्तरक्रिया गरियो । मसोब्रा (हिमाञ्चल प्रदेश) स्थित क्षेत्रीय फलफूल अनुसन्धान केन्द्रको अध्ययन गर्दा डा. श्री आर.पी. शर्मा, डा. श्री वी.के. करकरा र डा. श्री वाई डी. शर्मासँग भेटघाट तथा छलफल गर्नुका साथै सोलानास्थित (हिमाञ्चल प्रदेश) एकीकृत कृषि र नौणीस्थित डा. यशवन्त परमार हर्टिकल्चरर एण्ड फरेष्ट्रि युनिभर्सिटीको अध्ययन भ्रमण सम्पन्न गरिएको थियो ।

## हरियाणा र हिमाञ्चल प्रदेशको अध्ययन भ्रमणबाट प्राप्त जानकारी तथा अनुभव

हरियाणा हिसार कृषि विश्वविद्यालय र हिमाञ्चल प्रदेशको वन तथा बागवानी विश्वविद्यालय दुवैमा शिक्षणको साथै अनुसन्धान र कृषि-प्रसारको कामसमेत हुने गरेको र सरकारीस्तरबाट निकै ठूलो आर्थिक सहयोगसमेत प्राप्त भई कृषकहरूलाई अनुसन्धानको जानकारी दिई समस्याहरू परेमा सो समयमा नै निराकरण गर्ने जस्ता व्यवस्थाहरू राम्रोसँग सञ्चालन भएको कुरा उपयोगी देखिन्छन् ।

पहाडको Catchment areaमा वर्षात्को पानी जम्मा गरी सिँचाइ सुविधा हिउँदमा उपलब्ध गराउने व्यवस्थाले वातावरण संरक्षणमा महत्वपूर्ण योगदान पुऱ्याउने देखिन्छ । यो कार्यक्रम उपभोक्ता समितिहरूमार्फत सञ्चाालन हुने गरेको देखिन्छ । हरियाणाको वुँगा आयोजना नेपालको परिप्रेक्ष्यमा पनि उपयोगी देखिन्छ । त्यस्तै हिमाञ्चल प्रदेशका साना साना पानीका स्रोतहरूबाट सिमेन्ट ट्याङ्कीमा पानी जम्मा गरी सिँचाइ सुविधा उपलब्ध गराउने व्यवस्था पनि हाम्रो जस्तो पहाडी क्षेत्रमा कम लागतमा बनाउन सकिएमा उपयोगी हुने देखिन्छ ।

भूमि सुधार सम्बन्धमा १९५० को दशकमा उक्त दुवै राज्यमा जग्गाको अधिकतम हदबन्दीसम्बन्धी ऐन बनाइएको र त्यसपछि केही संशोधन गरिए तापनि छुट्टै

कार्यान्वयनयन्त्रको अभावमा पुरानै पटुवारी, तहसीलदारबाट गराउने व्यवस्थाले गर्दा हदबन्दीभन्दा बढी जग्गा वितरण गर्ने काम त्यति प्रभावकारी भएको नभएको तर भूमि सुधारको क्षेत्रमा चक्लाबन्दीको काम भने १९५० कै दशकमा छुट्टै ऐन बनाई राम्रोसँग कार्यन्वयन भएको हुँदा त्यस्तो व्यवस्था नेपालको लागि पनि उपयोगी देखिन्छ। जग्गाहरूलाई चक्लामा राखी जग्गाको वर्गीकरण (किसिम) अनुसार छुट्टाछुट्टै ब्लक बनाई जग्गाको छुट्टै मुल्याङ्कन गर्ने प्रथाअनुसार एक व्यक्तिको एक प्रकारको जग्गा एउटै ठाउँमा रहने व्यवस्था बढी उपयोगीसिद्ध भएको देखिन्छ।

हिमाञ्चल प्रदेशमा खेती गर्ने व्यक्तिले मात्र जग्गा किन्न पाउने कानुनी व्यवस्थाले भूमिको सदुपयोग गर्ने काममा ठूलो भूमिका खेल्ने गरेको हुँदा नेपालको लागि अनुकरणीय छ।

पहाडी क्षेत्रमा जमिनको उचाईअनुसार फलफूल खेतीको अनुसन्धान प्रसार र त्यसको सरकारी निकायबाट बजार व्यवस्थाको पनि राम्रो व्यवस्था भएको हुँदा किसानहरू बढी लाभान्वित भएका देखिन्छन्। यस्तै, ग्रामीण क्षेत्रमासमेत सडक यातायातको सुविधा भएकोले बढी मुल्य पर्ने वस्तुहरू उत्पादन गर्ने तथा मौसमअनुसारको अन्य ठाउँमा नहुने वस्तुको उत्पादनबाट किसानहरूले पनि निकै नै फाइदा लिनेगरेको देखिन्छ। त्यस्ता अनुभवहरूको नेपालको लागि पनि उपयोगी देखिन्छन्। हरियाणाको सरकारी बैंक र कृषि तथा ग्रामीण बैंक (Land Bank) राज्यस्तरमा स्थापना भई त्यसको विभिन्न शाखाहरूका साथै ग्रामीणस्तरमै सहकारी संस्थाहरूमार्फत किसानहरूलाई कृषि सामग्री जिन्सीमा र अन्य नगदी ऋण तिर्ने प्रतिशत पनि निकै बढी रहको कुराले कृषि विकासमा ठूलो योगदान गरेको देखिन्छ। उक्त कुरा नेपालको लागि पनि उपयोगी देखिन्छ।

**घ. जनवादी गणतन्त्र चीन र दक्षिण कोरियाको भ्रमण गर्ने पदाधिकारी तथा सदस्यहरू**

| | | | | |
|---|---|---|---|---|
| माननीय अध्यक्ष | - | श्री केशव वडाल | - | भ्रमणदलका नेता |
| सदस्य | - | डा. शिवप्रसाद शर्मा | | |
| सदस्य | - | श्री हेममेहर श्रेष्ठ | | |

# चीन

चीनको अध्ययन भ्रमणमा रहँदा बेइजिङ र सांघाईमा State Land Administration Authority (SLA) का निर्देशक र प्रतिनिधिहरू, SLA को प्रान्तिय (बेइजिङ र सांघाई) जिल्ला र केही ग्रामस्तरीय कार्यालयका प्रतिनिधिहरूसँग भेट गरी सन् ५० को दशकमा भूमि सुधारसुरु गरी सामूहिक खेती प्रणाली, जग्गाको उपयोगअनुसार वर्गीकरण र प्रयोग, अनुपस्थित जग्गाधनीको जग्गासम्बन्धी अपनाइएको नीति, बजारमुखी उत्पादन व्यवस्था, जमिनको समुचित प्रयोग, साना किसानको विकाससम्बन्धी रणनीति र कार्यक्रमको अध्ययन

गरियो। कृषि क्षेत्रको विकास गरी कृषिलाई उद्योगको रूपमा विकास गर्न सकेमा मात्र अन्य क्षेत्रको विकास सम्भव हुनसक्ने प्रत्यक्ष उदाहरणको रूपमा चीनलाई लिन सकिने कुरा भ्रमण दलले अनुभव गर्‍यो । अनुभव हासिल गर्ने क्रममा जनवादी गणतन्त्र चीनका Ministry of Construction का Vice Minister Mr. Zou Yuchuan र State Land Administration का Mr Liu Wenjia आदि महानुभावहरूबाट आयोगको भ्रमणदललाई प्राप्त बहुमुल्य सुझाव एवम् सहयोग अत्यन्तै महत्वपूर्ण रहेको छ ।

## दक्षिण कोरिया

दक्षिण कोरिया भ्रमणको क्रममा कृषि भूमि सुधार र ग्रामीण एवम् सहरी विकाससम्बन्धी विभिन्न संघसंस्थाको अध्ययन गरी तिनीहरूद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको स्थलगत अध्ययन र ती संस्थासँग सम्बन्धित अधिकारी एवम् विशेषज्ञहरूसँग भेटघाट गरी जानकारी हासिल गरियो । अध्ययनको क्रममा Federation of Farm Land Improvement Association, Agriculture and Fishery Marketing Corporation, National Agricultural Co-Operation Federation, Korean Rural Economic Institute, Rural Development Corporation र Korea Research Institute for Human Settlement जस्ता संस्थाहरूबाट सञ्चालित जग्गाको चक्लाबन्दी, सडक विकास, मुल्यनीति, कृषि-पैदावरको प्रशोधन र वितरणसम्बन्धी कार्य, बहुउद्देश्यीय सहकारी संस्थानहरूको व्यवस्थापन पक्ष, सहरी क्षेत्रको बसोबास र व्यवस्थापनको साथै विभिन्न अनुसन्धनात्मक क्रियाकलापको अध्ययन अवलोकन गरियो ।

भूमि सुधार र कृषि विकास नीति र कार्यक्रमको आधारमा कृषिक्षेत्रमा सुधार र विकास गरिसकेपछि मात्र आम जनताको क्रयशक्तिमा वृद्धि भएको, उद्योगमा लगानी गर्न पूँजीको निर्माण भएको र अन्य उद्योगको विकास गर्न कृषिक्षेत्रको सुधार नै पूर्वाधारको रूपमा रहेको अनुभव भ्रमणदलले प्राप्त गरेको छ । भ्रमणको सिलसिलामा गणतन्त्र कोरियोको Rural Development Corporation sf Mr. Cho Hong-Rae, Federation of Farmland Improvement Association का Mr.Yu Keun-Hak, Agricultural and Fishery Marketing Corporation का Mr. Sung-Hee Han आदि महानुभावहरूबाट भएको सहयोग र सुझाव ज्यादै प्रशंसनीय रहेको छ ।

# अनुसूची ५

## (बुँदा १.९ सँग सम्बन्धित)

### सुझाव उपलब्ध गराउने राजनीतिक पार्टी तथा संस्थाहरू

## १. राजनीतिक पार्टीहरू

नेकपा एकता राष्ट्रिय पार्टी, नेपाली समाजवादी परिषद्, नेकपा एमाले जिल्ला सङ्गठन समिति गोरखा, संयुक्त जनमोर्चा नेपाल ललितपुर, राष्ट्रिय जनता परिषद् के.का., ने.का. जिल्ला समिति भक्तपुर, स.ज.मो. समिति गोरखा, नेकपा एमाले काठमाडौं जिल्ला कमिटी क्षे.नं. ७, नेकपा एमाले कमिटी लमजुङ, नेकपा एमाले जिल्ला कायसमिति धनुषा, नेकपा एमाले सम्पर्क कार्यालय रङ्गेली, बर्दिया र स.ज.मो. दाङ्ग र आदि राजनीतिक पार्टीहरूबाट सुझाव उपलब्ध भएका छन् ।

## २. आयोग, विभाग, कार्यालय र संस्थानहरू

सुकुमबासी समस्या समाधान आयोग, भूमि सुधार विभाग, मालपोत विभाग, नापी विभाग, कृषि विभाग, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, गुठी संस्थान, महेन्द्र संस्कृत विश्वविद्यालय, प्रहरी प्रधान कार्यालय, गोरखकाली रबर उद्योग आदि निकायबाट सुझावहरू प्राप्त भएका थिए ।

## ३. किसान संघ सङ्गठन र गैर सरकारी समाजसेवी संस्थाहरू

अखिल नेपाल किसान संघ, केन्द्रीय कमिटी, अखिल नेपाल किसान संघ चौथो राष्ट्रिय सम्मेलन आयोजक समिति, नेपाल महिला संघ जिल्ला समिति भक्तपुर, अखिल नेपाल किसान संघ चितवन, नेपाल क्रान्तिकारी किसान संघ जिल्ला तदर्थ समिति काभ्रे, अखिल

नेपाल किसान संघ (विचार गोष्ठी, २००७), समाजसेवी समूह ललितपुर, शहीद आदर्श अध्ययन समिति, नेपाल बुद्धिजीवी परिषद् केन्द्रीय कार्य समिति, ज्यापु समाज ललितपुर, धर्म संस्कृति परम्परा संरक्षण समिति, नेपाल सुकुमबासी बेरोजगार कल्याण समाज काठमाडौं, श्री स्वर्गद्वारी आश्रम प्युठान, व्यापार प्रवर्द्धन केन्द्र ललितपुर, निजी तथा आवासीय विद्यालय सङ्गठन, नैकाप गाउँ विकास समितिको कार्यालय काठमाडौं, दर्वेसा गाउँ विकास समितिको कार्यालय मोरङ्ग, बनेपा नगरपालिका, ज्यामिरे गाउँ विकास समिति सिन्धुपाल्चो्क, पाण्डे कानुनी कार्यालय राजविराज, अखिल नेपाल किसान संघ जिल्ला आयोजक समिति मोरङ्ग, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, गाउँ विकास समितिको कार्यालय ठोरी पर्सा, पादुका तीर्थ धाम निर्माण सेवा काठमाडौ, नेपाल चिया उत्पादक संघ झापा, किउल गाउँ विकास समिति सिन्धुपाल्चोक आदि विविध संस्थाबाट सुझाव प्राप्त भएका छन् ।

